त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत
नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको
स्नातकोत्तर दह दोस्रो वर्षको नेपाली विषयको
दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत

# शोधपत्र

## के.पी. राई 'सिर्जन शिरीष'को
## जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन
## विश्लेषण र मूल्याङ्कन


<u>शोधार्थी</u>
गणेश खतिवडा
परीक्षा रोल नं. ३३५५, (२०६६)
नेपाली विभाग
महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

२०६८

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम स्नातकोत्तर तह, दोश्रो बर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि गणेश खतिवडाद्वारा तयार पारिएको प्रस्तुत "के.पी. राई 'सिर्जन शिरीष'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन" शीर्षकको शोधपत्रलाई नेपाली बिषयमा स्नातकोत्तर उपाधिको प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

..........................................................

**बुद्धिप्रसाद घिमिरे**

सह-प्राध्यापक

विभागीय प्रमुख

..........................................................

**बुद्धिप्रसाद घिमिरे**

सह-प्राध्यापक

शोध निर्देशक

..........................................................

**चुडामणि वाशिष्ट**

सह-प्राध्यापक

**मेची बहुमुखी क्याम्पस**

भद्रपुर, झापा

(वाह्य परीक्षक)

मितिः २०६८।०६।०३

# शोध निर्देशकको मन्तव्य

उपन्यासकार के.पी. राई 'सिर्जन शिरीष'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन शीर्षकको यो शोधपत्र शोधार्थी गणेश खतिवडाले मेरो निर्देशनमा रही तयार गरी प्रस्तुत गरेका हुन् । परिश्रमपूर्वक निरन्तर प्रयत्न गरी तयार पारिएको यस शोधपत्र प्रति म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम समक्ष सिफारिस गर्दछु ।

**शोध निर्देशक**
बुद्धिप्रसाद घिमिरे
सह-प्राध्यापक
महेन्द्ररत्न बहुमूखी क्याम्पस
नेपाली विभाग
इलाम

# कृतज्ञता ज्ञापन

आदरणीय गुरु सह प्राध्यापक श्री बुद्धिप्रसाद घिमिरे ज्यूको कुशल रेखदेखमा यो शोधपत्र तयार पार्न सफल भएको छु । कार्यव्यस्तताको वावजुध विविध व्यक्तिगत कार्यलाई समेत पर सार्दै मलाई शोधकार्यमा अभिप्रेरणा प्रदान गर्नुका साथै अमूल्य सुझाव र उचित सल्लाहका लागि वहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा मलाई विभिन्न सल्लाह दिनुहुने नेपाली विभागमा अध्ययनरत मेरा आदरणीय गुरुजनप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुहुने श्री टिका निरौला, श्री नवराज अधिकारी, श्री डवल सिं बलम्पाकी मगर श्री देवीका घिमिरे श्री छत्र श्रेष्ठ लगायत सम्पूर्ण क्याम्पस परिवार प्रति म कृतज्ञ छु । मलाई यस शैक्षिक स्थिति सम्म पुग्न बाटो देखाउनु हुने बुवा, आमा तथा घरपरिवारका सम्पूर्ण सदस्यहरु, आफन्तजन, गुरुवर्ग र सहपाठी मित्र दिलिपकुमार राई प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र लेखनका सन्दर्भमा आवश्यक कृति र सामग्री उपलब्ध गराउन सहयोग पुऱ्याउनु हुने शोधनायक के.पी. राई तथा वहाँको परिवारजन र टङ्कण कार्यमा सहयोग गर्नुहुने थेगिम कम्प्युटर सेन्टर फिदिमका प्रोप्राइटर श्री सुरेन्द्र थेगिम तथा चम्पा थेगीमका साथै शोधकार्यमा आवश्यक समय उपलब्ध गराइ दिने मेरो कर्मक्षेत्र श्री सिंहपुर पशुपति मा.वि. परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोध पत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग, इलाम समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र २०६२-०६४

मिति : २०६८/०५/०९

**गणेश खतिवडा**

महेन्द्र रत्न बहुमुखी क्याम्पस

नेपाली विभाग, इलाम

# सङ्क्षेपीकरण र चिह्न प्रयोग

**क. सङक्षिप्त रुप** | **पूर्ण रुप**

| **सङक्षिप्त रुप** | **पूर्ण रुप** |
|---|---|
| वि.सं. | विक्रम सम्वत |
| गा.वि.स. | गाउँ विकास समिति |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| सम्पा. | सम्पादक |
| डा. | डाक्टर |
| प्रा. | प्राध्यापक |
| दो.सं. | दोश्रो संस्करण |
| चौ.सं. | चौथो संस्करण |

**ख. चिह्न प्रयोग**

| **चिन्हहरु** | **अर्थ** |
|---|---|
| .... | केही अंश छाडिएको |
| ......... | क्रमश |
| / | वा, र |
| (    ) | विस्तारित रुप (अर्थ) |

# शोध सार

**शोधपत्रको शीर्षक**

के.पी. राई 'सिर्जन शिरीष'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन  विश्लेषण र मूल्याङ्कन ।

**शोधपत्रको प्रयोजन**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङकाय, नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम स्नातकोत्तर तह, दोस्रो बर्षको नेपाली बिषयको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत ।

**शोध निर्देशक**

सह-प्राध्यापक श्री बुद्धिप्रसाद घिमिरे नेपाली विभाग प्रमुख, इलाम

शोधार्थी : गणेश खतिवडा<br>
शैक्षिक सत्र : २०६३/०६५<br>
प्रस्तुत मिति : २०६८/०५/०९

के.पी. राई 'सिर्जन शिरीष'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र मूल्याङ्कन शीर्षकको शोधपत्रलाई निम्न लिखित छ परिच्छेद भित्रको मूल शीर्षकमा विभाजन गरी आवश्यक विभिन्न उप शीर्षकहरु राखेर अध्ययन र मूल्याङ्कन गरिएको छ ।

पहिलो परिच्छेद : शोधको परिचय

दोस्रो परिच्छेद : साहित्यकार के.पी. राई 'सिर्जन शिरीष'को जीवनी

तेस्रो : साहित्यकार के.पी. राई 'सिर्जन शिरीष'को व्यक्तित्वका विविध पक्षको निरुपण

चौथौ : के.पी. राई 'सिर्जन शिरीष'को साहित्य यात्रा, चरण विभाजन प्रवृत्ति र योगदान

पाँचौं : के.पी. राई 'सिर्जन शिरीष'का कृतिहरुको विश्लेषण र मूल्याङ्कन

छैटौं : उपसंहार

प्रस्तुत शोध पत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय मूल शीर्षक रहेको छ । शोधपत्रको शीर्षक, प्रयोजन, बिषय परिचय, समस्याकथन, शोधपत्रका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्व, शोधकार्यको सीमा निर्धारण, शोध विधि तथा सैद्धान्तिक आधार र शोधपत्रको रुपरेखा जस्ता शीर्षक दिएर यो परिच्छेद तयार पारिएको छ ।

दोस्रो परिच्छेदमा साहित्यकार के.पी. राई 'सिर्जन शिरीष'को जीवनी मूल शीर्षक रहेको छ । यसमा पृष्ठभूमि, वंशपरम्परा, जन्मस्थान, जन्म वाल्यकाल, शिक्षादिक्षा, पारिवारिक जीवन, आर्थिक अवस्था र पेशा आदिको चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा के.पी. राई 'सिर्जन शिरीष'को व्यक्तित्वका विविध पक्ष मूल शीर्षक रहेको छ । यसमा शारीरिक व्यक्तित्व, स्वभाव, रुचि आदि व्यक्तित्वका प्रमुख पक्षका साथै साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व लगायतका शीर्षकहरुको निरुपण गरिएको छ ।

चौंथो परिच्छेदमा के.पी. राई 'सिर्जन शिरीष'को साहित्ययात्रमा परेको प्रभाव, उनको साहित्य यात्राको चरण विभाजन र साहित्यिक प्रवृत्तिहरुको बारेमा चर्चा गरिएको छ ।

पाँचौं परिच्छेदमा उपन्यासका सैद्धान्तिक स्वरुपको निरुपण गर्दै के.पी. राई 'सिर्जन शिरीष'को प्रकाशित कृतिहको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

छैटौं परिच्छेदलाई शोधपत्रको उपसंहार खण्डका रूपमा राखेर अघिल्ला परिच्छेदहरुमा अध्ययन र विश्लेषण गरिएको विषय वस्तु र सामग्रीलाई सारांशको रूपमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्र निर्माण गर्दा प्रयोग गरिएका मुख्य-मुख्य सामग्रीलाई सन्दर्भ सूचिमा राखिएको छ ।

अन्त्यमा शोधपत्र निर्माणार्थ भेट वा कुराकानीका सन्दर्भमा लिइएका शोधनायक, उनका बुबाआमा, दाजु, दिदी, पत्नी तथा छोराछोरीका तस्वीर तथा पाँचथर जिल्लाको नक्सा परिशिष्टमा समावेश गरिएका छन् ।

# पहिलो परिच्छेद

## शोध परिचय

### १.१. शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “के.पी. राई ‘सिर्जन शिरीष’को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, मूल्याङ्कन एवम् विश्लेषण रहेको छ ।

### १.२. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभाग, अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दशौंपत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

### १.३ शोधार्थी

प्रस्तुत शोधपत्र म.र.व. क्या. इलाम, स्नातकोत्तर तह दोस्रो वर्ष परीक्षा रोल नं. ३३५५ का शोधार्थी गणेश खतिवडाबाट तयार गरिएको हो ।

### १.४. विषय परिचयः

विक्रम संम्वत २०३८ सालमाा पाँचथर जिल्लाको अमरपुर गा.वि.स. वडा न. ४ भालुचोक भन्ने ठाउँमा जन्मिएका के.पी राई ‘सिर्जन शिरीष’ले तीनवटा औपन्यासिक कृति प्रकाशन गरेर एक सफल साहित्यिक व्यक्तित्वका रूपमा स्थापित भएका छन् । आधुनिक नेपाली उपन्यास क्षेत्रलाई माथि उठाउने काम के.पी. राई ‘सिर्जन शिरिष’ले गरेका छन् । यस्ता व्यक्तित्वको समग्र कृतित्वको व्याख्या र विश्लेषण यस शोधपत्रको विषय रहेको छ ।

### १.५. समस्या कथन :

के.पी राई ‘सिर्जन शिरीष’ले तीनवटा औपन्यासिक कृति प्रकाशन गुर्नका साथै साहित्यिक ,सामाजिक विविध क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् । उनको जीवनी व्यक्तित्व र कृतित्व सम्बन्धी निम्न लिखित समस्यामाथि , केन्द्रित भएर प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

---

*क. के.पी राई सिर्जन शिरीषको जीवनी व्यक्तित्व कस्तो छ ?*

*ख. के.पी राई सिर्जन शिरीषका कृतिहरू के कस्ता छन् ?*

*ग. उनका साहित्यिक कृतिहरूको के कस्तो महत्व छ ?*

*घ. आधुनिक नेपाली उपन्यासका क्षेत्रका उनका उपन्यासहरूको स्थान के कस्तो छ ?*

## १.६. शोधपत्रका उद्देश्यहरू

प्रस्तुत शोधपत्रका उद्देश्यहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

क. के.पी. राई 'सिर्जन शिरीष'को जीवनी र व्यक्तित्व के कस्तो छ ,व्याख्या र विश्लेषण गर्न ।

ख. साहित्येत्तर व्यक्तित्वको रूपमा उनलाई चिनाउन ।

ग. उनका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

घ. के. पी.राई सिर्जन शिरीषले लेखेका उपन्यासहरूको मूल्याङ्कन गर्दै स्थान निर्धारण गर्नु ।

ङ. उनले औपन्यासिक क्षेत्रमा पुऱ्याएको योगदानको निरुपण गर्नु ।

## १.७. पूर्वकार्यको समीक्षा

के.पी.राई 'सिर्जन शिरीष'का बारेमा हालसम्म कसैले पनि पुस्तकाकार कृति लेखेका वा शोधकार्य गरेका छैनन् । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सुव्यवस्थित अनुसन्धान भएको देखिदैन । उनका प्रकाशित कृतिका भूमिकामा उनका बारेमा सामान्य समीक्षा एवम् चर्चा गरिएको पाइन्छ । उनका कृतिमा विभिन्न व्यक्तिहरूले गरेका टिप्पणीहरूलाई उनका कृतिका बारेमा गरिएका पूर्व समीक्षा मान्न सकिन्छ । यहाँ उनका कृतिका बारेमा  गरिएका टिप्पणी लाई पूर्वकार्यको रूपमा अध्ययन गरिएको छ ।

क.के.पी.राई 'सिर्जन शिरीष'को प्रथम प्रकाशित कृति आवेग (२०५९) उपन्यासका बारेमा कसैको भूमिका वा टिप्पणी प्राप्त छैन । लेखकको पहिलो प्रयासका रूपमा लोकार्पण भए पश्चात विभिन्न व्यक्तिले दिएका मौखिक प्रेरणा, सुझावका आधारमा उनको कलम पछिल्ला कृतिमा परिष्कृत रूपमा मुखरित हुँदै गएको भन्ने आशयको अभिव्यक्ति सर्जकबाट थाहा भएको छ ।

ख. दोस्रो कृति निर्दोष कैदीको रहस्य (२०६१) उपन्यासका बारेमा पनि कसैले भूमिकाका रूपमा टिप्पणी गरेको पाइदैन तर पुस्तक हातपरेपछि अमृत वान्तवाले "सामाजिक विसङ्गति र शोषणको क्रान्तिकारी निकास, निर्दोष कैदीको रहस्य भित्रको रहस्य"शीर्षक एक टिप्पणी मूलक लेख तयार गरेको पाण्डुलिपि सर्जकबाट फेलापरेको छ ।

ग. तेस्रो कृति 'युद्धले खोसेको प्रेम'(२०६४) उपन्यासको भूमिका स्वरुप "मित्र प्रति दुई शब्द" शीर्षकमा विनोद 'विनय' भण्डारीले उनलाई क्रान्तिकारी तथा प्रगतिशील लेखक, शान्तिको आह्वान गर्ने कृति तथा १० वर्षे जनयुद्धका बारेमा लेखिएका उपन्यासहरू डा. गोविन्द भट्टराई (सुकरातका पाइला), नारायण वाग्ले (पल्पसा क्याफे), पुण्यप्रसाद प्रसाई (छापामार), राजेन्द्र पराजुली (अनायिका) का दाँजोमा दाँजेका छन् ।

## १.८. शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रमा साहित्यकार के.पी.राई 'सिर्जन शिरीष'को जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सविस्तार चर्चा गरिने भएकाले उनका बारेमा जिज्ञासु व्यक्तिहरूलाई ठूलो सहयोग पुग्नेछ । यसैगरी उनका बारेमा यसभन्दा पूर्व जीवनी व्यक्तित्व र कृतित्वका बारेमा फाटफुट चर्चा भए पनि विस्तृत विश्लेषण नभएकाले उनको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गर्नु अनिवार्य र औचित्य पूर्ण रहेको देखिन्छ ।

## १.९. प्राक्कल्पनाः

प्रस्तुत शोधपत्रमा देशका दुरदरजामा रहेर साहित्य सिर्जना गर्ने साहित्यकारालई प्राज्ञिक क्षेत्रमा चिनाउनु तथा उनका कृतिको उचित मूल्याङ्कन गर्नु यस शोध कार्यको प्राक्कल्पना रहेको छ।

## १.१० अध्ययनको सीमा

प्रस्तुत शोधपत्रमा के.पी.राई सिर्जन शिरीषको जीवनीका हालसम्मका आरोह अवरोह र पुस्तककार रूपमा प्रकाशित ३ वटा कृतिहरूको अध्ययन मूल्याङ्कन र विश्लेषण गरिनेछ । उनका अन्य फुटकर र अप्रकाशित कृतिहरूको यस शोधपत्रमा विश्लेषण गरिएको छैन ।

## १.११. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि सामग्री सङ्कलन गर्दा निम्न अनुसारका विधिहरूको प्रयोग गरिएको छः-

क. पुस्तकालय विधि

ख. खोज विधि

ग. भेटवार्ता तथा सङ्कलन विधि

सङ्कलित सामग्रीको विश्लेषणका लागि परम्परागत सैद्धान्तिक पद्धतिको अनुसरण गरिएको छ ।

## १.१०. शोधपत्रको रुपरेखा

"प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद : शोधको परिचय ।

दाश्रो परिच्छद : साहित्यकार के.पी.राई 'सिर्जन शिरीष'को जीवनी

तेश्रो परिच्छेद : के.पी.राई 'सिर्जन शिरीष'को व्यक्तित्वका विविध पक्ष

चौथो परिच्छेद : के.पी.राई सिर्जन शिरीषका साहित्य यात्राको चरण विभाजन प्रवृति र योगदान

पाँचौ परिच्छेद : उपन्यासको सैद्धान्तिक चर्चा एवं के.पी.राई 'सिर्जन शिरीष'का कृतिको अध्ययन विश्लेषण र मूल्याङ्कन

छैटौ परिच्छेद : उपसंहार

परिशिष्ट क.ख.ग.

सन्दर्भसूची

# दोस्रो परिच्छेद

# साहित्यकार के.पी.राई 'सिर्जन शिरीष'को जीवनी, प्रभाव र प्रेरणा

## २.१.१ पृष्ठभूमि

यो प्राकृतिक सत्य हरेक जीव कुनै न कुनै ठाँउमा कुनै समयमा जन्म लिई बाँच्नका लागि कुन न कुनै किसिमको सङघर्ष गर्दै एक दिन यस अनित्य संसारको स्याहा स्रेस्ता बुझाउनु पर्ने हुन्छ । त्यसै गरी मानिस पनि समयको एक कालखण्डमा जन्म लिई जे जस्ता काम गरेर भए पनि जीवन रथ चलाउन पुग्छ त्यो नै जीवन हो । कुनै मानिस महान काम गरेर महान बन्छ , यही महानता, अरुका लागि उदाहरण बन्न पुग्छ र उसका महान विचार ,कर्म अदिले समाजमा दिएको देन सदासदाका लागि अमर बन्दछ । कतिपय मानिस वुहुमुखी प्रतिभाका हुन्छन् त कतिपय मानिसहले भने कुनै एक क्षेत्रमा विशिष्ट योगदान दिएर उल्लेख्य बन्न पुग्दछन् । मानिसको कार्यक्षेत्र शैक्षिक ,साहित्यिक ,राजनैतिक ,सामाजिक साँस्कृतिक , धार्मिक तथा सेवामूलक जुनसुकै भए पनि उसको वाल्यकाल , युवावस्था हुदै वृद्ध अवस्थासम्मको सम्पूर्ण रुपलाई जीवन अवधीमा लिन सकिन्छ । कुनै पनि व्यक्तिका जीवनमा घटेका घटना वा उसले गरेका कार्यहरूको वस्तुता , सत्यता, तथ्यता र त्यसले बोकेको महत्तालाई नै जीवनी व्यक्तित्व भनिन्छ । यस्तो जीवनी नै पूर्ण जीवनी मान्न सकिन्छ। मानिसले जीवनका विभिन्न कालखण्डहरूमा विभिन्न काम कर्तव्यहरू पूरा गरेको हुन्छ यसलाई नै जीवनका पाटाहरू भनिन्छ । यस जीवनीमा पनि के.पी.राई 'सिर्जन शिरीष'को जीवनका पाटाहरू सत्य तथ्यपरक ढङ्गले उल्लेख गर्ने जमर्को गरिन्छ ।

## २.२ के.पी.राई.सिर्जन शिरीषको वंश परम्परा

कुनै पनि प्राणी अनादिकालदेखि आफ्नै किसिमको पुस्ताहरू पार गर्दै आइरहेको हुन्छ । मानिसको जीवनमा उसका पुस्ताहरूको क्रियाकलाप वा परम्पराले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसैबाट मानिसले सभ्य र सुसंस्कृत बन्ने मौका पाएको हुन्छ । उपन्यासकार 'सिर्जन शिरीषको' मूलथलो पाँचथर जिल्ला अमरपुर गा.वि.स. वार्ड नं. २ भालुचोक हो । यस पूर्व उनका बराजुहरू माझ किराँत खम्वुवान ३ नं. सोलुखुम्बुको बासपानीको बागेढुङ्गाबाट नेपाल एकीकरणमा माझ किराँतसँग पृथ्वीनारायण शाहको युद्ध हुदा आफ्नो पेशा भैसीपालन (गोठ) सहित सो परिवार बसाँइ सर्दै पूर्वी लिम्बुवानमा प्रवेश गरी हालको बसोवास स्थल आफ्नो पेशाका लागि उपयुक्त र सुरक्षित ठानी बसोबास गर्न थालेको र लिम्बुवानले पृथ्वीनारायण शाहसँग युद्ध नगर्ने सन्धि गरेपछि यही स्थानमा पेशा बिस्तार गरी खेतीपाती समेत गरेर स्थाई रुपले बसोबास गरेको पाइन्छ ।

यद्यपि अरु सरह भैसी पालेपनि भैसीपाला राई भनेर चिनिन्छ । २००७ सालको क्रान्तिमा स्थानीय लिम्बुहरूले दुःख दिदा त्रासले घरबार त्यागेर ६ महिनासम्म सिक्किमको रम्फुमा गई सपरिवार बसेको पछि देउमान आङदेम्बेले क्रान्तिलाई साम्य पारेपछि फर्केर आई बसोबास गरेको पाइन्छ । 'सिर्जन शिरीषको' वंश परम्परामा राई जातिको थुलुङ थर र लासा गोत्र सायद (ल्हासाबाट आएको आधारमा) । र चलन चल्तिमा कास्यप गोत्रमा पनि भनिएको पाइन्छ गोत्रलाई राई जातिले पाछा भन्ने गर्दछन् । राई सँस्कृतिमा हुने नाम दाच्यो कुलमा पर्दछन् । [२] थुलुङ थर भित्र बिभिन्न उप थर हुन्छन् । जुन यसप्रकार छन

**थुलुङ**

हाङकेस ,ढुसा ,रिब्दुङ, दुवी ,फुर्केली ,गोरिवा , आदि

'सिर्जन शिरीष' हाङकेस थुलुङ राई हुन् उनको वंशावलीको आरेख तल दिएको छ।

धर्मसिंह

रङ्गलाल/फिफरोती (लिबाङ) थुलुङ

रामप्रसाद /पूर्णीमाया (त्याङ) थुलुङ

मदन कालीबहादुर जगत प्रदीप किशोर लक्ष्मी प्रसाद के.पी.

## २.३. जन्मस्थान

नेपालको सुदुरपूर्व मेची अञ्चल जिल्ला तिम्बु पोखरी जोरपोखरी जस्ता धार्मिक काखमा अमरपुर गा.वि.स. वडा नं. ४ भालुचोक, विहान उठ्ने वित्तिकै पाथिभरा देवीस्थल र कुम्भकर्ण हिमाल तथा अन्य हिमालको दर्शन गर्ने पाउने भाग्स्थल तथा सुन्दर प्राकृतिक वातावरणमा वि.सं. २०३८/०८/२८ पिता रामप्रसादराई थुलुङ र माता पूर्णमाया त्याङ (थुलुङ) राईको गर्भबाट यस धर्तीमा पहिलो पटक पाइला टेक्न पुगेका के.पी.ले निम्न मध्यम वर्गको परिवारमा जन्म लिएका हुन् । उनी जन्मेको यो ठाउँ मेचीराजमार्ग (चाराली-ताप्लेजुङ्ग) अन्तर्गत भालुचोक नजिकै लगभग ३०० मी. तल फुसको छानो, ढुङगा र माटोले बनेको गाह्रो र काठहरूबाट बनेको सम्म परेको टारमा पर्दछ । घँसिलो, मट्याइलो र समथरिलो जग्गा आज पिता पुर्खाको गोठको अवशेष कायमै रहेको मनोरम उक्त ठाउँको पूर्वमा नागी गा.वि.स. पश्चिममा सिंहपुर बजार उत्तरमा कावेली खोला (ताप्लेजुङ्गको

*१. सोध नायकको बुवाबाट प्राप्त जानकारी*

*२. सोध नायकको बुवाबाट प्राप्त जानकारी*

सिमाना) र दक्षिणमा पश्चीम गा.वि.स. पर्दछ । पितापुर्खा तथा घरायसी वातावरण साहित्य अनुकुल नभए पनि उनको एक्लो प्रयासले त्यही भूमि आज साहित्यको उर्वर भूमि बन्न सफल भएको छ ।

## २.४. जन्म

के.पीं राई 'सिर्जन शिरिष' प्रकृतिको रमणीय काख अमरपुर गा.वि.स. वार्ड नं. २ भालुचोक दोरुम्बामा पिता रामप्रसाद र माता पूर्णीमायाको कान्छो सुपुत्र ५ दाजुहरूको र दुई दिदीहरूको कान्छो भाइको रूपमा वि.सं. २०३८ साल मंसिर २८ गतेका दिन भएको थियो । न्वारानको वास्तविक नाम कुलप्रसाद भए पनि यसैको अंग्रेजी संक्षिप्त रुप के.पीं नाम रुचाएर साहित्य सिर्जना गर्ने शिरीषको फूल भैँ प्रशंसित बन्न चाहने भएकोले नै उनको प्रचलित नाम के.पीं राई 'सिर्जन शिरीष' रहन गएको हो ।[३] नेपाली समाजमा देखा परेका विकृति विसंगति ,तथा आवश्यक्ताको वास्तविकता आदिबाट उत्प्रेरित भएर नेपाली साहित्यका पछिल्ला पुस्ताका कृति अनुकरण गर्दै साहित्यको वगैंचामा फक्रन थालेका के.पी. भविष्यमा अभ्क उत्कृष्ट कृतिको सिर्जनामा जुटेका छन् ।

## २.५. बाल्यकालः

पिता रामप्रसाद र माता पूर्णीमाया राईका कान्छा छोरा तथा पाँचजना दाजु र दुई जना दिदीका कान्छा भाइका रूपमा एक मध्यमवर्गीय परिवारमा जन्मेका के.पी. राई 'सिर्जन शिरीष' को बाल्यकाल सबैको माया ममतामय वातावरणमा वितेको थियो तथापि स्कूल समयमा स्कूल जाने बाँकी समय घरमा आमा बुवालाई सकेको काम सघाउने, आज्ञाकारी छोरा तथा भाइ साथै आफ्नो काम बुझेर गर्ने ज्ञानी छोराका रूपमा नै वितेको पाइन्छ । घर परिवारमा कसैको भनाभन वा झगडा हुँदा सबैलाई सम्झाउने समझदार व्यक्तिका रूपमा नै उनको बाल्यकाल वितेको थियो । पिताको रिटार्यस लाहुरे जीवनकालका कान्छा छोरा के.पी.ले बाल्यकालमा त्यति अभावको सामना गर्नु परेन । पढाइका अतिरिक्त कृषि, पशुपालन जस्ता पेशामा पनि सरिक हुदै उनको बाल्यकाल सुखद वितेको पाइन्छ ।

के.पी.राई 'सिर्जन शिरीषले तीनवटा औपन्यासिक कृति प्रकाशन गरेर आफू

एक सफल साहित्यिक व्यक्तित्वका रूपमा स्थापित भएका छन् । आधुनिक नेपाली उपन्यास क्षेत्रलाई माथि उठाउने कम के.पी. राई 'सिर्जन शिरीष"ले गरेका छन् । यस्तो व्यक्तित्व र समग्र कृतित्वको व्याख्या र विश्लेषण यहाँको मुख्य बिषय हो ।

## २.६. शिक्षादीक्षा :

बालक के.पी. जुन समयमा जन्मे त्यो समय पढाइ लेखाइको लागि त्यति कठिन थिएन । नेपालका गाउँ घर सवै तिर शिक्षाको उज्यालो प्रकाश छर्नका लागि प्रत्येक वार्डमा विद्यालय खोलेको स्थितिमा उनले घर नजिकैको अमरज्योति प्रा.वि.मा कक्षा ५ सम्म पढी कक्षा ६ देखि हालको अमरपुर

३. शोध नायकको बुवा आमा र दाजुबाट

उ.मा.वि.मा  कक्षा १० सम्मको अध्ययन पश्चात सेन्ट अप टेस्ट पास गरी एस.एल.सी. परीक्षा अनुतीर्ण गरे पछि औपचारिक शिक्षाबाट अनौपचारिक तर्फ उन्मुख भएको पाइन्छ । नेपाली उखान पढीलेखी के काम हलो जोती खायो माम भन्ने चरितार्थ भएको बेला भएर हुन सक्छ । उनले पनि औपचारिक शिक्षाबाट हात झिकेर व्यावहारिक समस्या साधान गर्न  अरु नै पेशा (व्यापार) अंगालेर साहित्य साधना गरेर समाजसेवा गर्ने जस्ता कार्य तर्फ अग्रसर भएको पाइन्छ । उनको  अनौपचारिक शिक्षा भने व्यापक छ । आफूलाई मन पर्ने साहित्यिक विधा उपन्यासका विभिन्न स्रष्टाका सृष्टिलाई रसपान गर्ने, पत्र पत्रिका पढ्ने, कविता, गजल, गीत मन लगाएर सुन्ने, पढ्ने तथा आफू पनि लेख्ने राई औपचारिक शिक्षा प्रसस्त भएर पनि स्रष्टाबन्न नसक्ने व्यक्तिहरूका लागि  मात्र नभएर अन्य स्रष्टाहरूलाई सृष्टिको प्रेरक व्यक्तित्व हुन । सानैदेखि कक्षामा साथीहरूलाई गजल, मुक्तक, गीत आदिका माध्यमबाट हास परिहास गर्ने, साथीहरूको समूहका नेताका रूपमा रहने सिर्जन शिरीष आज पनि साथीभाइ इष्टभित्रहरू बीच मीठा गीत, मुक्तक, चुटकिला तथा अभिनयद्वारा हासपरिहासको कुसल पात्र बनेका छन् ।

## २.७. जागिरे जीवनः

सन १९५१ डिसेम्बर १० मा सिंहाइ  पटनी मेधा मलायामा भर्ना भई कुलाङमा गोर्खा इन्जिनियरिङ्गमा जागिरेका रूपमा रही विभिन्न विदेशी भूमिमा युद्ध लडेका पिता रामप्रसादका कान्छा छोरा के.पी. केही समय स्थानीय अमरपुर बजारको एक व्यापारिक प्रतिष्ठानमा टेलिफोन अपरेटरका रूपमा काम गरेको पाइन्छ । यसरी  केही समयको मात्र नोकरी जीवन बिताएका राई भविष्यमा आफू जागीर होइन व्यापार गर्ने लक्ष्य बोकेर अघि बढेकाछन् ।

## २.८. व्यापारिक जीवन

अमरपुरमा एक पसलमा काम गरेको अनुभव लिएर उनी आफू पनि एक व्यापारी  बन्ने सपना बोकेर काठमाडौं गई त्यहाँको सामान विभिन्न ठाउमा पुऱ्याउदै बेच्ने कार्यमा केही समय संलग्न भए पछि स्थानीय भालुचोक बजारमा तयारी पोसाकको पसल खोलेका थिए । यसै सिलशिलामा उनका तीन उपन्यासका अतिरिक्त अन्य फाटफुट गजल ,मुक्तक, कविता आदि विभिन्न माध्यम (भित्तेपत्रिका, हवाई पत्रिका तथा स्थानीय अन्य पत्रपत्रिका)बाट प्रकाशनमा आएको पाइन्छ । हँसिला र रसिला तथा मिलनसार व्यक्तित्व राई यसै अवधिमा किराँत राई यायोख्खा गाउँ कमिटी अध्यक्षका रूपमा पनि रहेर आफ्नो जातीय धर्म, संस्कृति, रीतिरिवाज आदिको उत्थानमा सक्रिय रहेका छन् । वैदेशिक रोजगारीको सट्टा देशमा बरु जस्तो सुकै काम भए पनि गर्न रुचाउने राई परिवारको अनुरोधमा वैदेशिक रोजगारमा लागेकाले भालुचोक स्थित उक्त पसल छाड्न वाध्य छन् ।[४]

## २.९. परिवारिक स्थितिः

नेपाली समाजमा दुई किसिमका परिवार रहेका छन् । एकल र संयुक्त कतिपय व्यक्ति जस्तोसुकै परिवारमा जन्मे हुर्के पनि विवाह गरे पछि वा सन्तान जन्मेपछि परिवारका अन्य सदस्य (बावुआमा दाजुभाइ) संग छुट्टिएर एकल परिवारमा वस्ने गर्छन् । यहाँ के.पी. राई पनि हालसालै २०६७ असारमा बुवाआामा दाजुभाइको संयुक्त परिवारबाट छुट्टिएर एकल परिवारमा रहेका छन् । परिवारिक स्थितिमा विवाह, सन्तान आदिको साथै  परिवारको आर्थिक ,शैक्षिक, व्यावसायिक स्थिति उल्लेख गरिन्छ ।

## २.९.१. विवाह

सामाजिक प्राणी मानिसका लागि विवाह एक संस्कार हो । जीवन भर सँगै जीउन सुखदुखमा साथ दिनका लागि विवाह गरिन्छ । आवाल ब्रहमचारी बस्ने व्यक्ति वाहेक प्रायः सवैले आ-आफ्नो संस्कार तथा विचार अनुसार विवाह गरिन्छ । तसर्थ मानिसका लागि विवाह आवश्यकता पनि हो । यही आवश्यकता पूरा गर्नका लागि के.पी.राई सिर्जन शिरीषको विवाह वि.सं.२०६१ साल फागुन २० गते पाँचथर जिल्ला भारपा गा.वि.स. निवासी पिता हर्क ब.राई र माता सजमति राईकी कान्छी छोरी जानुका राईसंग राई कुल परम्परा अनुसार मागी विवाह भएको थियो । २४ बर्षीय लक्का जवान र मुख्य पेशा व्यापार बन्दै गएको बेला उनको विवाह भएको थियो । उनले आमा बावुको सल्लाह अनुसार नै गरेका थिए । [५]

## २.९.२. सन्तान

पिता रामप्रसाद राई र माता पूर्णीमाया राई (न्याङ) का कान्छा छोरा के.पी.राई 'सिर्जन शिरीष'ले २४ वर्षको उमेरमा जानुका राईसँग विवाह बन्धनमा बाँधिए पछि सन्तानका रूपमा हालसम्म उनलाई एक छोरी र एक छोरा प्राप्त छन् । वि.सं. २०६२ सालमा जन्मेकी सुमिका राई उनकी ज्येष्ठ सन्तान हुन् । त्यसैगरी वि.सं.२०६५ सालमा जन्मेका सुरज राई उनका ज्येष्ठ पुत्ररत्न हुन् । यसरी हालसम्म उनको एकल परिवारमा १ जना श्रीमती १ छोरी र १ छोरा गरी ४ जना रहेका छन् । [६]

## २.९.३. आर्थिक अवस्था

आर्थिक अवस्था भन्नाले कुनै पनि मानिसका विभिन्न आवश्यकता परिपूर्तिको अवस्था भन्ने बुझिन्छ । मानिसका आवश्यकता अनन्त हुन्छन् तथापि आधारभूत आवश्यकता परिपूर्ति गर्न सवल हुन सकेमा त्यसलाई राम्रो आर्थिक अवस्था मानिन्छ । के.पी.राई सिर्जन शिरीषको आर्थिक अवस्था निम्न मध्यम वर्ग मान्न सकिन्छ । पितापूर्खादेखि नै पशुपालन (भैसीपालन) खेतीपाती गर्दै आएको

---

*४ शोधनायककी श्रीमतीबाट प्राप्तजानकारी*

*५. सोध नायकको बुवाबाट प्राप्त जानकारी*

पाइन्छ । भने उनका पिता मलायाको लाहुरे (पेन्सन प्राप्त ) भएकाले र अन्य दाजुहरू पनि जेठा मदन हङकङमै रहेका, माइला कालीबहादुर नेपाली सेनामा कार्यरत रहेका , साइला जगत पनि हङकङमै रहेका काइला प्रदीप किशोर व्यापार व्यवसाय गरी आएका अन्तरे लक्ष्मी प्रसाद बैदेशिक रोजगारमा लागेका हुनाले र उनी पनि अन्ततोगत्वा बैदेशिक रोजगारमा आकृष्ट भएकाले पनि निम्न मध्यम वर्ग मान्नु अनुपयुक्त देखिन्न । मानिसको जीवनका आवश्यकता अपूरणीय हुने , मानिसको जीवन गुजारा जसरी पनि हुने भएता पनि “साधा जीवन उच्च विचार”का धनी के.पी.को समाजसेवा, साहित्य प्रतिको अनुराग , तथा पारिवारिक आर्थिक र सामाजिक स्थिति वीच उचित समन्वय भएको पाइन्छ ।

## २.९.४. पेशा व्यवसाय

मानिस बाँच्नका लागि कुनै न कुनै पेशा अपनाउनु पर्दछ । प्रायः सबै मानिसको कुनै न कुनै पेशा अवश्य हुन्छ । कुनै पनि पेशा प्रति प्रतिबद्ध मानिसको आर्थिक उन्नति तथा सामाजिक मूल्यमा निश्चित स्थान रहेको हुन्छ । मानिसका चाहना पूरा गर्नमा उसको पेशा व्यवसाय नै महत्वपूर्ण हुने गर्दछ । के.पी.राई ‘सिर्जन शिरीष’ पनि परम्परागत कृषि पेशाका अतिरिक्त बैदेशिक रोजगारी अथवा बैदेशिक नोकरी पेशा अंगाल्न थालेका छन् । व्यापारमा पनि राम्रो अनुभव भएका ‘सिर्जन शिरीष’का पेशा व्यवसाय अतिरिक्त समाजसेवा तथा साहित्य र पत्रकारिता जस्ता क्षेत्रमा पनि उत्तिकै लगाव रहेको हुनाले यी एक अर्काका परिपूरक हुन सक्दछन् । मानिस एक सामाजिक, चेतनशील, प्रगतिकामी, प्राणी भएकोले आफ्ना तमाम इच्छा आवश्यकता पूरागर्नका लागि उसको पेशा वा व्यवसाय माथि भर पर्दछ । तसर्थ हरेकले आफ्नो पेशा प्रति बफादार भई त्यसैमा दत्त चित्त हुनु पर्दछ भन्ने ठम्मयाई उनको रहेको छ ।

६. शोध नायकको श्रीमती बाट प्राप्त जानकारी

# तेश्रो परिच्छेद

## के.पी.राई 'सिर्जन शिरीष'का व्यक्तित्वका विविध पक्ष

### ३.१. आमुख

व्यक्तित्व भन्नाले कुनै व्यक्तिमा निहित विशेषता वा पन भन्ने वुझिन्छ । प्रत्येक व्यक्तिका आ-आफ्नै पन हुन्छन् । अर्थात व्यक्तिको व्यक्तित्वले नै ऊ समाजमा परिचित हुन पुग्छ मानिसको व्यक्तित्वमा शारीरिक, मानसिक ,बौद्धिक, सामाजिक पारिवारिक, साहित्यिक, धार्मिक, पेशागत ,कलागत पक्षहरू पर्दछन् । कुनै पनि व्यक्तिको कुशल व्यक्तित्वकै कारण उसको जीवन सफल भएको मानिन्छ । व्यक्तिको व्यक्तित्व सफल हुनमा उसको रुचि स्वाभाव , जीवन जगत प्रतिको दृष्टिकोण ,सेवाभाव सामाजिक देन , अनुशासन, कर्तव्यबोध कर्मनिष्ठता, आर्थिक मितव्ययिता , स्वावलम्बी पना जस्ता धेरै कुराको हात रहेको हुन्छ । जसले जति मात्रमा महान कार्य गर्दछ त्यसको व्यक्तित्व त्यति नै महान हुन्छ । कुनै पनि महान कार्य गर्न वा व्यक्तित्व विकास गर्न उसको पारिवारिक ,सामाजिक ,आर्थिक ,शैक्षिक ,धार्मिक ,साँस्कृतिक वातावरणीय आदि पक्षले प्रभाव पारेको हुन्छ । के.पी.राई 'सिर्जन शिरीष' पनि यिनै कुराहरूको सेरोफेरोमा व्यक्तित्व उठान गर्ने व्यक्तित्व हुन ।[1] उनले आफ्नो सामान्य आर्थिक ,सामाजिक तथा वातावरणीय पक्षको सहयोगमा आफ्नो ,रुचि तथा चाहना ,विद्वत वर्गको प्रेरणा जीवनका आरोह अवरोह ,सामाजिक उतारचडाव प्रतिको आफ्नो दृष्टिकोण वा विचार समय सापेक्ष आभिव्यक्त गरेका छन् । उनको जीवनको मूलपाटो  यसरी साहित्य सिर्जन रहेपनि अन्य पाटाहरू उत्तिकै सवल रहेका छन् । यहाँ उनको व्यक्तित्वका तिनै पाटाहरूको चर्चा गरिएको छ ।

### ३.२. शारीरिक व्यक्तित्व

मानिसको शारीरिक व्यक्तित्व भन्नाले उसको सम्पूर्ण शारीरिक पक्षहरूको विवरण भन्ने बुझिन्छ । यसमा लम्वाई ,मोटोदुब्लो पन ,स्वास्थ्य, वर्ण ,पहिरन , हुलिया जस्ता कुराहरू पर्दछन् । के.पी.को शारीरिक व्यक्तित्वमा ५ फिट ४ इन्च उचाइ (लम्बाइ) को मझौलो कद ,सामान्य मोटाई ,गहुँगारो वर्ण ,हालसम्म कुनै रोग नलागेको स्वस्थ्य शरीर रहेको अवस्था छ । उनको पहिरनको कुरा गर्दा सर्ट ,पेन्ट, टाई पाली हालेको टोपीमा सजिएको पाइन्छ । लवाइखुवाईमा महङ्गो पन वा भडकिलो पन मन नपराउने चेप्टो आकर्षक चेहराका धनी ३० औ बसन्तमा पौडीरहेका 'सिर्जन शिरीष'को शारीरिक आकर्षणमा कुनै कमि देखिन्न । वसन्त जति फेरिए पनि प्राकृतिक वातावरण नखल्बल्लिएर कुसुमहरू उही गतिमा फकिरहने छन्  भने झै उनको अहिलेको शारीरिक व्यक्तित्वमा कुनै पक्षको प्रतिकूल प्रभाव नपरेमा उत्तरोत्तर यही आकर्षक शारीरिक व्यक्तित्व कायम रहन सक्छ भन्न सकिन्छ ।

---

*१. विनोद 'विनय' भण्डारीबाट प्राप्त जानकारी*

## ३.३. स्वभाव

व्यक्तिको स्वभाव भन्नाले उसको बानी,व्यहोरा आदत वा चालचलन आदि बुझिन्छ । यो व्यक्तिमा नित्तान्त फरक हुनसक्ने कुरा हो । के.पी.राई 'सिर्जन शिरीष'मा पनि हुने विरुवाको चिल्लो पात भने झैं सानै देखि मृदुभाषी ,मिलनसार ,मितव्ययी ,स्वावलम्बी ,जिज्ञासु स्वभाव रहेको पाइन्छ । आफूभन्दा सानालाई माया गर्ने ,आफूभन्दा ठूलालाई आदर गर्ने ,सदा हसिलो देखिने साथीभाइ बीच रसिलो व्यक्तित्वका रूपमा रहने, कथा ,कविता मुक्तक,चुटकिला सुन्ने सुनाउने उनका स्वभाव हुन् । उनी कसैले अप्रिय बचन बोल्यो भने पनि तत्काल प्रतिक्रिया नदिने सहने बरु विस्तारै सम्झाउने गर्दछन् । एकान्त प्रेमी ,कसैका पनि सानातिना कुरा याद नगर्ने तर अन्याय नसहने त्यसका विरुद्ध शोच विचार गरेर अघि बढ्ने  गरेको पाइन्छ । फुर्सदको समय विभिन्न साहित्यकारका बारेमा पढ्ने अझ साहित्यिक कृति पढ्न मन पराउने ,पत्रपत्रिका खोजी खोजी पढ्ने साथीभाइहरू सँग हासपरिहास गर्न मन पराउने ,गीत कविता लेखेर सुनाउने जस्ता उनका स्वभाव हुन् ।[३]

समाजको उन्नति चाहने ,आवश्यक परेको वेला सक्दो सहयोग गर्न मन पराउने , अरुको मर्म बुझ्ने ,विकृति विसङ्गति मन नपराउने ,मद्यपान धुम्रपानबाट अलग रहन चाहने उनका स्वभावले विहानले दिनको सङ्केत गरे झैं उनको उत्तरोत्तर प्रगतिको कल्पना गर्न सकिन्छ ।

## ३.४. रुचि तथा सोख

प्रत्येक मानिसमा भिन्न रुचि तथा सौख हुने गर्दछ । देह गुनको फर्सी मीठो भने झैं मानिसको रुचि छुट्टा छुट्टै हुन्छ । मानिसको रुचि एकै हुने भए मानिस पनि कुनै उद्योग बाट उत्पादित बस्तु जस्तै हुने थियो तर त्यसो नभएर एकै आमाका सन्तान सहोदर दाजुभाइ तथा जुम्ल्याहा सन्तानमा समेत रुचि तथा सोखको भिन्नता पाइन्छ । के.पी.राई सिर्जन शिरीषमा पनि नित्तान्त व्यक्तिगत रुचि तथा सोख पाइन्छ । विद्यार्थी जीवन देखिनै नेपाली साहित्य ,लोक साहित्य प्रति चासो राख्ने 'राई' भविष्यमा आफू पनि साहित्यकार बन्ने सपना सजाउँदै कक्षामा गुरुवर्गको अनुपस्थितीमा साथीभाइको ध्यानाकषर्ण आफ्ना कलामार्फत गर्न खप्पिस 'राई' साथीहरूलाई पेट मिचि मिची हसाउँथे लघुकथा, दन्त्यकथा ,चुटकिला कविता ,गीत गजलको कोसेली साथीभाइलाई पस्किरहने 'राई' एकान्त स्थान,सुन्दर प्राकृतिक दृष्य देख्नै वित्तिकै भावुक भइ कलम चलाउन पुग्थे[४] । विशिष्ठ विद्वान, साहित्यकार आदिको सङ्गत गर्न मन पराउने'राई' घर  वरपर सफा सुगर राख्न चाहन्छन् । गुलाफ,गुराँस, नागवेली ,सुनाखरी विशेष मन पराउने गर्दछन्[५] । घरपरिवार हासीखुसी बसेको र कसैले कसैसँग झगडा नगरेको मन पराउने उनी सबै सँग मित्रवत व्यवहार गर्दछन् । आफ्नो मौलिक संस्कृति धर्म ,भाषा,परंपराको समेत उद्धार गर्न चाहने राई रातो रङ विशेष मन पराउँछन् साधा जीवन उच्च विचारका धनी राई मासु कम र दुध दही ,दाल भात , साग सँग वढी रुचि राख्दछन् ।

---

*२. विनोद 'विनय' भण्डारीबाट प्राप्त जानकारी*

*३. शोध नायकको बुवाबाट प्राप्त जानकारी*

*४. विनोद 'विनय' भण्डारीबाट प्राप्त जानकारी*

*५. शोध नायकबाट प्राप्त जानकारी*

नेपाली साहित्य त्यसमा पनि उपन्यास खोजीखोजी पढ्न मन पराउने के.पी.अश्लीलता समाजिक विकृति विसङ्गतिका विरोधीहुने गीत गजल गुन्गुनाउन मन पराउने उनी सामाजिक न्याय, शान्ति र पवित्र प्रेमका पुजारी हुन् ।

## ३.५. साहित्यिक व्यक्तित्व

**साहित्यका भेदहरू** : लोक साहित्य वा आधुनिक साहित्यका जुनसुकै विधामा कलम चलाएर होस समाजको यथार्थ दर्पण प्रस्तुत गर्ने व्यक्तित्वलाई सहित्यिक व्यक्तित्व भानिन्छ । यस्तै व्यक्तित्वको परिधिभित्र समेटिने एक हुन् के.पी राई 'सिर्जन शिरीष' । हुने विरुवाको चिल्लो पात भने झैं उनी पनि सानै देखि स्कूलमा साहित्य सम्बन्धि कार्यक्रमा भाग लिने गर्दथे । यसका अतिरिक्त फुर्सदमा कविता ,गीत गजल गुन्गुनाउने, कथा भन्ने र मुक्तक ,चुटकिला आदि सुनाएर साथीहरूलाई मन्त्रमुग्ध बनाउथे साथीभाइहरूसँग रातै विताउन परे पनि यिनै साहित्यका खुराक पस्किएर रसिक वातावरणको सिर्जना गर्दथे[६] । एकान्तप्रेमी, भावुक व्यक्तित्व के.पी.एकान्तको मौका पर्दा केही न केही लेख्न तयार हुन्थे भने अन्य साहित्यकारका कृति फेला परेमा उत्सुकताका साथ पढ्ने भएका कारण उनको परिवेश त्यति साहित्यिक नभए पनि उनीमा साहित्यिक उर्जा बढिरहेको थियो । त्यसैले जीवनका दुई दशक वसन्त पार गर्दा गर्दै नेपाली साहित्यका विविध विधामा कलम चलाउन पुगे । छोटो समयावधिमा नै नेपाली साहित्यको कान्छो विधा उपन्यासमा तीनवटा कृति प्रकाशन गराउन सफल भएका छन् । यसका अतिरिक्त विभिन्न कविता, गीत, गजल कथा आदि विधामा पनि फाटफुट कलम चलाई नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिन सफल भएका छन् । उनको साहित्यिक व्यक्तित्वका अन्य पक्षहरूको तल वर्णन गरिएको छ ।

### ३.५.१. कवि व्यक्तित्व

जीवन जगतमा देखा परेका, भोगेका, सुनेका वा कल्पना गरेका विषय वस्तुलाई छन्द वा लयमा अभिव्यक्त गरिने साहित्यिक फाँट कविता हो यो साहित्यको पुरानो विधा हो । कविता लेख्ने व्यक्तिलाई कवि भनिन्छ प्रायश : व्यक्तिले साहित्यिक मार्ग अपनाउदा टेक्ने पहिलो खुड्किलो पनि कविता नै हो । यही पहिलो खुड्किलो नै वढी मन पराउने व्यक्ति  जीवनभर कवि वन्दछन् त कसैले यस खुडकिलाको प्रयोग गर्दै अन्य खुडकिला (विधा) पनि अपनाउने गर्दछन् । के.पी.राई 'सिर्जन शिरीष'ले पनि शुरुमा फुटकर कविता मुक्तक जस्तो विधामा कलम चलाएका थिए । उनले विभिन्न पत्रिका, हवाइपत्रिका , भित्तेपत्रिका आदिमा आफ्ना कविता छपाएका छन् ।कतिपय कविता अझ पनि लेख्दै गरेकाले अप्रकाशित छन् ।

---

*६. साथी विरेन्द्र भण्डारीबाट प्राप्त जानकारी*

## ३.५.२. गीतकार तथा गजलकार व्यक्तित्व

सुखःदुख, मिलन, विछोड जस्ता अवस्थाहरूमा मानिसको मन वहलाउन गीत तथा गजल आदिको प्रयोग गरिन्छ । के.पी.राई 'सिर्जन शिरीस'मा पनि गीत र गजलको यस्तै प्रयोग पाइन्छ । उनका विभिन्न पत्रपत्रिका, भित्तेपत्रिका , हवाइपत्रिका आदिमा विभिन्न गीत र गजल प्रकाशित छन् । यसका अतिरिक्त उनका उपन्यासका उदाहरणका लागि आवेग उपन्यासको नायिका मञ्जुले तलको गीत गाएर नै नायक नायिका वीच परिचय शुरु हुन्छ ।

छताछुल्ल पोखिदो रहेछ

विहानीकै सपना भए पनि

सवै सवै तोडिदो रहेछ

खाएको कसम बाचा पनि

सबै सबै भुल्दो रहेछ

आवेग मधुर मिलन पनि

## ३.५.३. उपन्यासकार व्यक्तित्व

उपन्यास पात्रको कार्यव्यापारद्वारा यथार्थ घटनालाई व्यवस्थित र श्रृङ्खलितरूपमा विविध संरचनात्मक एकाइहरू संङगठित गरिएको ठूलो आयाम, जीवन जगतको साङ्गोपाङ्गो चित्रण भएको ,समयानुकूल परिवर्तित र परिष्कृत विस्तृत आख्यानात्मक, महाकाव्य समकक्षी गद्य शैलीमा लेखिने साहित्यको कान्छो विधा हो । के.पी.राई 'सिर्जन शिरीष'को प्रमुख साहित्यिक व्यक्तित्व उपन्यासकार व्यक्तित्व नै हो । विश्व साहित्यमा पछिल्लो समयमा चर्चाको शिखरमा पुग्न सफल उपन्यास विधा नेपाली साहित्यमा पनि कान्छो विधा मानिन्छ । उपन्यास जीवनको समग्रतालाई समेट्ने विधा भएकाले अन्य विधातिर छिटफुट रुमल्लिए पनि मूलतः उपन्यास विधामै रमाएको पाइन्छ । "उपन्यास सरल भाषा शैलीमा भएमा यसले जुनसुकै पाठकको पनि मन जित्न सक्छ" उनले पनि सरल भाषा शैलीमा सामाजिक विषय वस्तुमा आधारित उपन्यासहरू लेखेर पाठकको मन मस्तिष्क स्पर्श गर्न सफल भएका छन् । आफ्ना तीन कृतिहरू मार्फत समाजमा घटेका र घट्न सक्ने घटनालाई समेत मध्य नजर गरी सामाजिक विकृति, अन्ध विश्वास, अत्याचार ,शोषण आदि विरुद्ध आफ्नो कलमअघि बढाएका छन् । उनलाई उपन्यासकारका रूपमा चिनाउने ती कृतिहरू आवेग (२०५९) निर्दोष कैदीको रहस्य (२०६१) र युद्धले खोसेको प्रेम (२०६४) हुन । अन्य अझ परिष्कृत र नवीन चिन्तन बोकेका उपन्यासहरूको पनि गर्भाधान भएको आभास पाइन्छ ।

## ३.६. साहित्येतर व्यक्तित्व

के.पी.राई 'सिर्जन शिरीष'लाई साहित्येतर पनि महत्वपूर्ण व्यक्तित्वका रूपमा चिन्ने गरिन्छ । उनी समाजसेवी, राजनीतिक कर्मी सँस्कृति प्रेमी, भ्रमणमा रुचि राख्ने व्यक्तित्वका रूपमा परिचित छन् । साहित्यबाट प्रभावित बनी साहित्य लेखन कार्यबाट आफ्नो व्यक्तित्व विकास शुरु गर्ने 'सिर्जन शिरीष' साहित्य बाहेक समाजसेवाका खातिर विभिन्न सङ्घ संस्थामा आवद्ध रहदै साहित्य भन्दा बाहिरको पक्षलाई समेट्ने काम गरेका छन् । समाजको विकासमा शान्ति, सह-अस्तित्व, मित्रता ,भाइचारा नीति तथा साँस्कृतिक जगेर्ना महत्वपूर्ण पक्ष ठानी अघि वढ्न रुचाउने 'सिर्जन शिरीष' यी पक्षहरूमा दत्तचित्त देखिन्छन् । आफ्नो विचारलाई साकार रुप दिन क्रियाशीलता को शुरुवातका दिनहरूमै रहे पनि सु:बिहानले सु-दिनको सङ्केत गरे झैं उनका विचारमा परिवार, इष्टमित्र, छरछिमेक सबैले साथ दिएको पाइन्छ ।[७]

## ३.६.१. राजनीति

मानिस राजनीतिक प्राणी हो । ऊ कुनै न कुनै रूपमा राजनीतिसँग सम्बन्धित हुने गर्दछ । राजनीति सिद्धान्त बुझेर राजनीतिमा प्रवेश गर्नेहरू जीवन पर्यन्त त्यसै राजनीतिमा आवद्ध हुन्छन् भने स्वार्थ सिद्धका लागि राजनीतिमा प्रवेश गर्नेहरू स्वार्थसिद्ध भए पछि त्यहाँबाट विचलन हुन सक्छन् । सानैदेखि नेपाली काँग्रेसको सिद्धान्त (प्रजातान्त्रिक समाजवाद) मन पराई आफूलाई सच्चा काँग्रेस कार्यकर्ताका रूपमा चिनाउन सफल के.पी.हाल नेपाली काँग्रेसका क्रियाशील सदस्य समेत भई सकेका छन् । यद्यपि उनी सवै राजनीतिक दलका समर्थकहरू प्रति उत्तिकै सद्भाव राख्दछन् । आफूलाई मन परेको राजनीतिक दल नै सवैलाई मन पर्नु पर्छ भन्ने सङ्कुचित दृष्टिकोणबाट टाढा रही सबैको चाहना र स्वतन्त्रतालाई सम्मान गर्ने प्रवृत्तिकै कारण उनी सबै साथीभाइका अनन्य मित्र बन्न पुगेका छन् । वरु उनी अरु सवैमा राजनीतिक परिपक्वताको तीव्र अपेक्षा राख्दछन् । उनको विचारमा मानिसले राजनीति बुझेर गर्नु पर्छ र अन्य राजनीतिक दलका पनि सकारात्मक पक्षको सम्मान गर्नु पर्छ । यसो भएमा मात्र आफ्नो राजनीतिक दलको नकारात्मक पक्ष केलाउन सकिन्छ । भन्ने मान्यता उनीमा रहेको पाइन्छ ।[८]

## ३.६.२. समाजसेवी

मानिस सामाजिक प्राणी भएकाले मानिसमा सामाजिकता हुनु पर्दछ । जुन व्यक्तिमा जति बढी सामाजिकता छ त्यति नै त्यो व्यक्ति समाजमा प्यारो, आदरणीय र अमर बन्दछ । यसका लागि

*७. सोध नायकद्वारा प्राप्त जानकारी*

*८.शोध नायकसँगको छलफल वा कुराकानीको निष्कर्ष*

समाजमा हित हुने कुनै न कुनै काम गर्न सक्नु पर्दछ । समाजमा चलेका चलन ,रीतिरिवाज, धर्म सँस्कृति आदिका राम्रा पक्षको प्रचार प्रसार र सुधार गर्नु पर्ने पक्षको आवश्यक परिवर्तनका लागि प्रत्येक व्यक्तिबाट समाजले आपेक्षा गरेको हुन्छ । आफ्नो वल वुद्धि र विवेक प्रयोग गरी समाजमा आवश्यक योगदान दिनु मानिसको कर्तव्य हो । के.पी.राई 'सिर्जन शिरीष' पनि साथीभाइ भनेपछि हुरुक्क हुने, समाजमा आइपरेका स्ःुख दःुखका क्षणमा यथासक्य सक्रिय सहभागिता जनाउनको साथै संस्थागत रूपमा किराँत राई यायोख्खाको गाउँ कमिटी अध्यक्ष समेत रही आफ्नो जातीय सँस्कृतिको रक्षा गर्न कटिबद्ध छन् ।

## ३.६.३. शिक्षा :-

शिक्षा चेतनाको द्वार हो । मानिस चेतनशील प्राणी हो । तसर्थ मानिस र शिक्षा एकै सिक्काका दुई पाटा हुन । शिक्षाको खास काम व्यक्तिमा व्यवहार परिवर्तन हो । कतिपय मानिसमा धेरै शैक्षिक प्रमाण पत्र बटुल्दा पनि कम व्यवहार परिवर्तन भएको पाइन्छ । भने कतिपय व्यक्ति थोरै प्रमाण पत्र प्राप्त गरेर नै व्यवहार परिवर्तन गर्न सफल छन् । के.पी.राई 'सिर्जन शिरीष'को औपचारिक शिक्षा कक्षा १० अध्ययन मात्रै रहेको पाइन्छ । उनले औपचारिक शिक्षा ग्रहण गर्दा उनी मध्यम स्तरका विद्यार्थी थिए । विद्यार्थी जीवन अनुशासित, नम्र, मिजासिलो तथा साथीहरू सँग हासपरिहासमा ध्यान दिएर नै विताएका थिए । गजल, मुक्तक, चुटकिला, लोककथा, कविता आदि सुनाएर कक्षामा तथा यदाकदा विद्यालयद्वारा आयोजित कार्यक्रममा मनोरञ्जन दिने प्रमुख पात्र बन्ने गर्दथे । [९]

## ३.६.४. पेशा :-

जीवन निर्वाहका लागि मानिसले विभिन्न पेशा अँगाल्नु पर्ने हुन्छ । के.पी.राईका पिता पुर्खा भैँसीपालक (पशुपालक) का रूपमा चिनिए पनि हाल सम्म उनको मुख्य पेशा खेती सहायक पेशा व्यपार रहेको छ । खेती अन्तर्गत धान, मकै ,कोदो ,दाल ,तोरी, तरकारी,अलैची ,अम्लिसो ,अदुवा, खोर्सानी आदि उत्पादन गर्ने गरेको पाइन्छ भने व्यापार अन्तर्गत उनले एक फेन्सी पसल (तयारी कपडा) सञ्चालन गरेको पाइन्छ । यसका अतिरिक्त स्वदेशमै बसेर गरि खान रुचाउने के.पी.हाल पारिवारिक आग्रहका कारण वैदेशिक रोजगारको फेसनमा रम्न वाध्य छन् ।[१०]

## ३.६.५. धर्म सँस्कृतिप्रतिको आस्था

प्रकृतिका पुजारी किराँत परिवारमा जन्मेका के.पी.आफ्नो धर्म सँस्कृति प्रति अगाध श्रद्धा राख्दछन् । उनका पिता आफ्नो जातिका पुरोहितसमेत भएकाले पनि उनलाई यो प्रेरणा मिलेको हुन पर्दछ । किराँती सँस्कृतिको एक सवल पाटो राई सँस्कृतिका इतिहास, दर्शन खोजी गर्ने के.पी.आफ्नो जातीय मौलिकता सँस्कृतिमा नै आफ्नो पहिचान केलाउन चाहन्छन् ।[११] उनी हिन्दू धार्मिक

*१०. श्रीमतीबाट प्राप्त जानकारी*

क्रियाकलाप पनि गर्दै आएका छन् साथै समाजमा प्रचलनमा भएका अन्य धर्म र सँस्कृतिलाई पनि सम्मान गर्दै त्यसमा रमाउदै आफ्नो सँस्कृतिमा सामाजिक सुधारको अपेक्षा राखेका छन् ।

## ३.६.६. पुस्तकाकार कृतिहरू

के.पी.राई 'सिर्जन शिरीष' को प्रतिभा कविता, मुक्तक ,गजल ,कथाका साथै मुख्य गरी उपन्यास विधामा मौलाएको छ । सर्व प्रथम 'आवेग' (२०५९) उपन्यास रचना गरी नेपाली उपन्यासकारका रूपमा नेपाली साहित्यको फूलवारीमा मगमगाउन पुगेका के.पी.का थुप्रै रचनाहरू भित्ते पत्रिका, हवाइ पत्रिका आदिमा छरिएका छन् भने अन्य दुई उपन्यास 'निर्दोष कैदीको रहस्य' (२०६१) र युद्धले खोसेको प्रेम (२०६४) प्रकाशित भएका छन् । उनका प्रकाशोन्मुख विभिन्न कृतिहरू निर्माणाधीन रहेका छन् । जसमा कथा सङ्ग्रह नारीवादी उपन्यास तथा अन्य उपन्यासहरू पर्दछन् ।

## ३.६.७. सङ्घ संस्थामा आवद्धता

सङ्घ संस्था भन्ने वित्तिकै सामाजमा आवश्यक देन दिन सामूहिक रूपमा खोलिएको निकाय भन्ने बुझिन्छ । सङ्घ-संस्थामा आबद्ध व्यक्ति परोपकार, समाजसेवा आदिबाट प्रभावित हुन्छ । के.पी.राई 'सिर्जन शिरीष' पनि स्थानीय भित्ते पत्रिका "स्रष्टाका थुँगाहरू"का सम्पादक, मिर्मिरे हवाइ पत्रिकाका सम्पादक किराँत राई यायोख्खा गाँउ कमिटीका अध्यक्ष ,नेपाली काँग्रेसका क्रियाशील सदस्य आदि सङ्घ संस्थामा रही गाँउ समाजमा सक्दो योगदान पुऱ्याउदै आएका छन् । साहित्यिक पत्रिका सञ्चालन मार्फत आफ्नो गाँउ घरमा साहित्यरुपी फूल फुलाएर यसको सौरभद्वारा समाजमा सुगन्ध छर्ने, जातीय सङ्गठन मार्फत आफ्नो जातिका परम्परागत मूल्य मान्यताको खोजी गरी लोप हुन लागेका जातीय सँस्कृतिको उत्थान गर्ने, तथा राजनीतिक संस्था मार्फत स्वस्थ राजनितिक वातावरण कायम गर्ने जस्ता उनका उद्देश्य रहेका छन् । भविष्यमा देश र समाजको हितका लागि विभिन्न पवित्र संस्थाहरूमा संलग्न भई उल्लेख्य योगदान दिने मनसाय उनको रहेको पाइन्छ ।

## ३.६.८. जीवन सम्बन्धी दृष्टिकोण

जन्मेदेखि नमरुन्जेल सम्मको समयावधि नै जीवन हो । मानिसको जीवन अमूल्य छ । आफ्ना चाहना वा विचार साकार पारेर सार्थक जीवन जिउन सकिन्छ । अर्को शब्दमा भन्दा जीवन सङ्घर्ष हो हरेक व्यक्तिको आ-आफ्नो जीवन हुन्छ । एउटै काम गर्दा कोही सफल कोही असफल हुन पुग्छन् । जीवन सफल बनाउन धेरै सोच विचार गरेर विभिन्न बाधा अड्चनसँग जुधी विभिन्न आरोह अवरोह पार गर्नु पर्दछ । व्यक्तिगत स्वार्थ त्यागेर परोपकार तथा मानव हितको बाटो हिड्न सक्ने व्यक्तिको

*११. दाजु लक्ष्मीप्रसाद राईबाट प्राप्त जानकारी*

जीवन सार्थक मानिन्छ । मानिस स्वभावत स्वार्थी र अनन्त चाहना भएको विवेकशील वुद्धिमानी प्राणी भएकाले आफ्ना समस्याको समाधान आफूमै निहित छ ।

जीवनको महत्व बुझ्न शिक्षा र सत्सङ्गको आवश्यकता पर्दछ । शिक्षा र सत्सङ्ग भएको व्यक्तिले बुद्धि, विवेक पुऱ्याएर कर्तव्य पथमा अघि लम्कन सकेमा मानव जीवन साकार पार्न सकिन्छ । भाग्यले पाएको यो सुन्दर मानव जीवन साकार पनि सवैले मेहनत गर्नु पर्छ । आफ्नो जीवन साकार पार्ने व्यक्तिहरूको समाज नै स्वर्ग हो ।[१२]

## ३.६.९. साहित्यिक विचार

साहित्य समाजको प्रतिकृति हो । जसरी कुनै वस्तुको प्रतिकृतिले सो वस्तुको यथार्थ केलाउँछ। त्यसै गरी साहित्यले पनि समाजको यथार्थ  चित्र उतार्दछ । समय, स्थान तथा समाज अनुरुप साहित्य सिर्जना हुने गर्दछ । साहित्य ज्ञानको भण्डार हो । यो कहिल्यै बुढो हुँदैन र मर्दैन पनि वरु भाषा बुढो हुन सक्छ र मर्न पनि सक्दछ । साहित्य समाज, प्रकृति र जीवन दर्शनको व्याख्याता हो भने अन्याय अत्याचार ,कुरीति, कुसंस्कार, शोषण, दमनको प्रति सचेतक हो । त्यसैगरी मानवीय वेदना, चिन्ता, घृणा, विरह, कुष्ठा, चित्कार आदिद्वारा आहत मनमा धैर्य, शान्ति सहास,उत्साह ,सदभाव भर्न सक्ने अचूक औषधी पनि हो । साहित्य विज्ञान पनि हो र कला पनि हो । एउटै उद्देश्य भएको दुई वटा साहित्यमा आकाश पातलको फरक हुन सक्दछ । तसर्थ साहित्यमा विज्ञानलाई कलाले डोहोऱ्याउने गर्दछ । चाहदैमा सबै सफल साहित्यकार बन्न सक्दैनन् । साहित्यकार बन्न उसमा साहित्यप्रति अनुराग, त्याग, समर्पण, निष्ठा, चिन्ता आदिका साथै अभिव्यक्ति कला प्रखर हुनु पर्दछ । कुनै साहित्यकार जन्मदै सफलता चुम्न सफल हुन्छन् भने कोही अभ्यास गर्दा गर्दै ठूलो हुन्छन् त्यसकारण साहित्य व्यक्तिमा अन्तर्निहित क्षमतामा पनि भर पर्दछ । सफल साहित्य फूल झै सुन्दर, कस्तुरीको बिना झै सुगन्धित र सूर्यझै प्रकाशवान हुन्छ ।[१३]

होनहार साहित्यकारको उचित सम्मान गर्न समाज तथा राज्य पछि पर्नु हुन्न । सामान्य साहित्यकारले पनि आफू पुरस्कार तथा सम्मानको चाहान गरिरहेकै हुन्छन् । सम्मान र पुरस्कारले स्रष्टालाई अझ राम्राकृति सिर्जना गर्न उत्प्रेरण पनि गर्दछ सम्मान तथा पुरस्कार प्रदान गर्ने विषयलाई राजनीतिकरण गरिनु हुँदैन । उत्कृष्ट साहित्य जून घाम झै छर्लङ्ग हुन्छन् । तिनले सबैको मन जितेका हुन्छन् त्यस्ता कृति र तिनका स्रष्टा सम्मानका पात्र हुनु पर्दछ । कतिपय स्रष्टा आफ्नो पाण्डुलिपि प्रकाशन गर्न असमर्थ भएर कति अमूल्य रचना नेपथ्यमा रहेका छन् । तिनलाई सरकारले आवश्यक मूल्याङ्कन गरी प्रकाशन गर्नुका साथै गाँउ गाउँमा साहित्यिक वातावरण बनाउने कार्यक्रम तय गरिनु पर्दछ । साहित्यकारले आफ्ना कृति मार्फत रोग, भोग, शोक, अन्याय , कुरीति अन्धविश्वास विरुद्ध जनचेतना जगाई मनमा आनन्द, जोश, खुसी, शान्ति र सद्भाव कायम राख्न सक्नु पर्दछ ।

*१२. शोध नायकबाट प्राप्त जानकारी*
*१३. शोध नायकबाट प्राप्त जानकारी*

## सारांश

के.पी.राई 'शिर्जन शिरीष' पाँचथर जिल्लाको अमरपुर गा.वि.स. वार्ड नं. २ भालुचोकमा जन्मेर सामान्य औपचारिक शिक्षा, स्वाध्यायन, पेशाप्रतिको इमान्दारिता, दायित्वबोध, कर्तव्य निष्ठताका कारण व्यक्तित्वविकास गर्न लागेका व्यक्ति हुन । साथीभाइ भनेपछि हुरुक्क हुने, उनीहरूसँग हास-परिहासमा रुचि राख्ने मृदुभाषी, निडर लगनशील, स्पष्टवक्ता के.पी.आफ्नो धर्म सँस्कृतिप्रति पनि उत्तिकै सचेत छन् । जीवनका विविध पाटाहरूबाट सफलता हाँसिल गर्ने स्पष्ट मार्ग खाका कोरेका स्वाभिमानी, साहित्यसेवी, समाजसेवी राई आफ्ना कर्ममा निरन्तर साधनारत छन् ।

के.पी.राई 'सिर्जन शिरीष' को साहित्यिक र साहित्येतर दुवै व्यक्तित्व प्रवल छन् । साहित्यको क्षेत्रमा कविता मुक्तक गीत, गजल, चुटकिला, कथा र मूलत : उपन्यास विधामा कलम चलाएर उदाएका 'राई' साहित्येतर क्षेत्रमा समाजसेवा,राजनीति संघसंस्थामा आवद्ध भएर सफलता उन्मुख व्यक्तित्वका रूपमा देखा पर्दछन् । के.पी.को सरल स्वभाव, सहज बानी व्यहोरा तथा मिलनसार र लगनशीलता जस्ता गुण अरुका लागि पनि ग्राह्य छन् । सबैको भलो चिताउने, महानकार्यको चिन्तन गर्ने, साधा जीवन उच्च विचारका धनी, गरिव र दुःखमा परेका मानिसहरू प्रति सहयोग र सहानुभूति प्रकट गर्दै सधैं देश र समाजको उन्नति चाहने व्यक्तित्वका रूपमा चिनिन पुगेका राई प्राकृतिक सुन्दरता मन पराउँछन् । जीवनलाई सङ्घर्षको प्रतीक मान्ने राई मानिसको समस्या र समाधानको कारक मानिस नै भएको मान्दछन् । उनी जीवन साकार पार्नेहरूको समाजलाई नै स्वर्ग ठान्दछन् । साहित्यमा विज्ञानलाई कलाले डोहोऱ्याउने विचार व्यक्त गर्ने राई सफल साहित्य फूल झै सुन्दर, कस्तुरीको बिनाझैं सुगन्धित र सूर्यझैं प्रदीप्त हुने बताउँछन् । कृति प्रकाशन गर्न असमर्थ स्रष्टाका कृति सरकारले प्रकाशन गरिदिनु पर्ने र गाँउ गाउँमा साहित्यिक वातावरण हुनु पर्ने उनको ठम्याई पाइन्छ ।

# चौथो परिच्छेद

# के.पी.राई 'सिर्जन शिरीष' को साहित्य यात्रा, चरण विभाजन, प्रवृति र योगदान

## ४.१. आमुख

कुनै पनि सर्जकहरूलाई जीवन्त बनाउने प्रमुख तत्व भनेको उसका सिर्जनाहरू हुन् । सर्जकले त्यति नै मात्रामा प्रसिद्ध प्राप्त गर्न सक्छ जति उसका कृतिहरू प्रसिद्ध छन् । कतिपय चिन्तकहरू त साहित्यकारको दृष्टि चेतलाई सूर्यको प्रकाश भन्दा पनि टाढा सम्म देख्न सक्ने ठान्दछन् । भनाई नै छ "जहाँ रवि पुग्दैनन् त्यहाँ कवि पुग्दछन्" । अर्थात मानव मनका कुण्ठित भावनाहरूलाई साहित्यकारले आफ्नो साहित्यको माध्यमबाट सजिलै उजागर गरिदिएर मल्हम लगाइ दिन सक्दछन् । समाजका राम्रा नराम्रा  पक्षको विश्लेषण गर्दै नराम्रा पक्षको पर्दाफास गरी सुधारको बाटो देखाउदै राम्रा पक्षलाई समाजमा भित्र्याउने खुवी सर्जकका कलममा निहित छ । त्यसैले साहित्यकारहरू जीवनजगतको गहिराइमा पुगेर बास्तविकता केलाएर त्यसमा निखार ल्याएर जीवन्त कृति रचना गर्न सक्दछन् र एउटा सानो वाक्यले पाठकको मन जित्न सफल हुन्छन् । यसका लागि साहित्यकारले साहित्यप्रति मोह राखेर अरुका साहित्यिक कृति अध्ययन गरेर आफू निरन्तर साधनामा तल्लिन हुनु पर्दछ । यसैलाई त्यस साहित्यकारको साहित्य यात्रा भनिन्छ । यस यात्रामा साहित्यकारले धेरै आरोह अवरोह पार गर्नु पर्ने हुन सक्छ । कहिले सानो मिहिनेतले पनि पाठकको विश्वास जित्न सफल हुन्छन त कहिले निकै परिश्रम गर्दा पनि पाठक खुसी पार्न निकै गाह्रो पर्छ । यसलाई नै साहित्यकारको साहित्य यात्राको चरण भनिन्छ ।

## ४.२. साहित्य लेखनमा प्रेरणा र प्रभाव

मानिस जन्मेपछि हरेक कुरा सिक्न कसैको प्रभाव वा प्रेरणा आवश्यक पर्दछ । सकारात्मक प्रभाव वा प्रेरणाले व्यक्तिको जीवन साकार हुन्छ भने नकारात्मक प्रभाव वा प्रेरणाले जीवन वर्वाद पनि हुन सक्छ । साहित्य क्षेत्रमा प्रवेश गर्नका लागि यस प्रति मनोकाङ्क्षा जाग्नका लागि सर्व प्रथम त लोक साहित्यले प्रमुख भूमिका खेलेको हुन्छ । घर समाजमा अघिल्लो पुस्ताबाट पछिल्लो पुस्ताले भन्ने र सुन्ने परंपराबाट लोक साहित्य  बाँचेको हुन्छ । यही लोक साहित्यको बचाइबाट नै व्यक्तिमा साहित्य प्रति अनुराग बढ्छ । अर्थात साहित्यको आधारभूमि लोक साहित्य हो । के.पी.राई सिर्जन शिरीष पनि यही लोक साहित्यको जगमा आधुनिक नेपाली साहित्यको भवन निर्माण गर्न सफल भएका छन् । फाट्टफुट्ट कविता, गीत, गजल, मुक्तक, चुट्किला, लघुकथा लेखेर हवाई पत्रिका र भित्तेपत्रिकामा छपाउने

गर्दा गर्दै १० वर्षे जनयुद्धको द्वन्द्वले पारेको प्रभाव र शोषक सामन्तहरूबाट निमुखा जनतामा थोपरिएको गरिवीको पर्दाफास गर्न अन्य विधा भन्दा उपन्यास नै प्रभावकारी ठानी पूर्वज उपन्यासकारका औपन्यासिक कृति अध्ययन विश्लेषण गरी आफू पनि त्यसैका लाईनमा उभिन पुगेको पाइन्छ । साहित्यिक भवन निर्माणका क्रममा जग लोक साहित्य रहे पनि इँटा थप्ने काम विभिन्न साहित्यकारहरूको प्रभाव र प्रेरणाले गरेको छ । तिनमा बुबाआमाबाट पहिलो प्रेरणा लिदै रुद्रराजपाण्डेको 'रुपमती', लीलबहादुर क्षेत्रीको 'बसाई', रुपनारायण सिंहको 'भ्रमर', विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती', गोविन्दबहादुर मल्ल 'गोठाले'को 'पल्लो घरको झ्याल', प्रदीप नेपालको 'देउमाइको किनार', विजयमल्लको 'अनुराधा' खगेन्द्र सङ्ग्रौलाको 'आमाको छटपटी' कृतिहरूका साथै लैनसिं वाङ्देल, इन्द्रबहादुर राई, पारिजात, प्रकाश कोबिद, कृष्ण धरावासीजस्ता सर्जकबाट प्रभावित बनी साथी विनोद 'विनय' भण्डारी, कृष्ण राई, विक्रम वाग्ले समीर, प्र.अ. ज्ञान ब.राई शिक्षक डि.वी.श्रेष्ठ, समाजसेवी चहकमान खालिङ, भीम विक्रम थिङ, दाजु कमल राई, प्रदीप राई ,अस्मिता राई ,साहित्यकार रमेश अधिकारी, सोनम राई, हेलन प्रकाश न्यौपाने ,मोहन अधिकारी ,भवानी लिङ्देन ,गोपीकृष्ण भण्डारी, केशव भण्डारी, राजेन्द्र लिङ्देन आदिको उपन्यास लेखनमा अभिप्रेरणा पाएर मनमस्तिष्कदेखि नै अब म पनि केही लेख्न सक्छु भन्ने हिम्मतका साथ उपन्यास लेख्न थालेको पाइन्छ । कक्षा १० को अध्ययन पश्चात औपचारिक शिक्षालाई थाँती राख्दै अनौपचारिक रूपमा विभिन्न औपन्यासिक कृतिको अध्ययन र अन्य, विधामा फाट्टफुट्ट लेखरचना सिर्जना गर्न थालेको पाइन्छ । आफ्नो नजिकको साथीको जीवनमा घटेको घटनाले उनको मन मस्तिष्कमा अड्डा जमाउन थालेपछि २०५८ सालतिर 'आवेग' उपन्यास लेख्न पुगेका राई सामन्ती सत्ताले खनेको धनी गरीब वीचको खाडलबाट पनि अत्यन्त प्रभावित बनेका छन् ।[१]

## ४.३. साहित्य लेखन प्रारम्भ र सिर्जन गतिविधि

कुनै पनि कार्य सम्पन्न गर्न प्रारम्भ सामान्य तर महत्वपूर्ण क्षण हो । प्रारम्भ नगरी कुनै काम सम्पन्न हुन्न र प्रारम्भ गर्दैमा त्यो सम्पन्न नहुन पनि सक्छ । यो सर्वमान्य नियम हो । के.पी.राई सिर्जन शिरीष सानैदेखि साहित्य प्रति हुरुक्क हुन्थे । उनी नेपाली साहित्यको विकासको पछिल्लो चरणका साहित्यकार भएकाले साहित्य चर्चा परिचर्चा जतातत्तै हुन थालेको थियो तर उनका छर छिमेकमा भने साहित्य खासै फस्टाएको थिएन तैपनि प्रकृति बुवाआमा, आफन्त, साथीभाइ, इष्टमित्र सबैको सद्भाव पाएर आफ्नो कला सहर्ष प्रस्तुत गर्न सकेको पाइन्छ । नेपालआमाका दुई सन्तान वीचको द्वन्द अत्यन्त चरम स्थितिमा पुग्न थालेपछि  जतातत्तै हत्या हिंसाको समाचार सुन्नु र त्यसलाई सामान्य ठान्नु पर्दा उनी भित्रको कोमल मन विह्वल भइ उनले शान्तिलाई चिठी शीर्षकमा धेरै कविता, गजल आदि लेखेका थिए रे[२] । कविता गजल र लघुकथामा पनि आफ्ना भावना

१. शोध नायकबाट प्राप्त जानकारी

२. ऐजन

नअटाए पछि उनले उपन्यास विधाको शरण लिन पुगेको पाइन्छ । यसै क्रममा २०५९ सालमा पहिलो उपन्यास 'आवेग' प्रकाशन गरेका छन् । सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा पात्रहरूको यौन मनोविश्लेषण, शोषण रहित समाजको कामना, पवित्र प्रेमको चाहना आदि भाव व्यक्त गरेका छन् । उनको पहिलो प्रयास नै सफल भए पछि उनको कलम अर्को कृति प्रकाशनका लागि हतारिएर अघि बढेका पाइन्छ । फलस्वरुप 'निर्दोष कैदीको रहस्य' (२०६१) उपन्यास देखा पर्दछ । यस कृतिमा द्वन्द्वको संकेत गर्दै खास गरी समाजमा साहु सामन्तको शोषण दमनका कारण क्षतविक्षत भएको एक गरीव परिवारको स्पष्ट चित्रण गरेका छन् । कुनै गल्ती नगरी सामन्तको घरमा जीवनभर कैदी बनी घर परिवार तहसनहस भएकाले सामाजिक न्यायको कामना गरेका छन् । यो कृति परिमाणात्मक तथा गुणात्मक रूपमा अझ सवल भएकाले अझ उत्कृष्ट कृति रचनार्थ उनी अघि बढेका थिए । जसको फलस्वरुप 'युद्धले खोसेको प्रेम' (२०६४) उपन्यास प्रकाशित गरेका छन् । यस कृतिमा मूलतः १० वर्षे द्वन्द्वले पारेको दुरगामी प्रभावलाई प्रस्तुत गरिएको छ । एकै आमाका सन्तान वीचको यो द्वन्द्वले कतिको सिउदो पुछियो, कतिका काख रितिए, कति टुहुरा, अनाथ, खाते बने, कति निर्दोष व्यक्ति गोलीका सिकार बने भन्ने विषय बस्तुलाई मर्मस्पर्शी ढङ्गले अभिव्यक्त भएकाले अन्य दुई कृतिका तुलनामा यो कृति अझ उत्कृष्ठ बनेको महसुस गरिन्छ ।

यसरी के.पी.राई 'सिर्जन शिरीष' नेपाली साहित्यका अन्य विविध विधामा कलम चलाएर आए पनि उनको उपन्यास विधामा नै सिद्धहस्तता देखिन्छ ।

## ४.४. के.पी.राई 'सिर्जन शिरीष'को जीवन यात्रा एवम् सहित्य यात्राको चरण विभाजन

मानव जीवन सधै भरी एकै किसिमको गतिमा चल्न सक्दैन । जीवनमा अनेकौ मोड पार गर्नु पर्ने हुन्छ । जीवनका यी मोडहरू कार्यशैली, विचारशैली आदिका आधारमा फरक हुन्छन् । हालसम्म के.पी.राई 'सिर्जन शिरीष' को जीवनयात्रा २ पाटोमा विभाजन गरी हेर्न सकिन्छ । हालसम्म उनले स्कूले जीवन र व्यवहारिक जीवन पार गर्दै छन् । उनको साहित्य यात्रालाई पनि २ चरणमा नै विभाजन गर्न सकिन्छ । यो विभाजनको आधार विधागत लेखन र प्रकाशित अप्रकाशित लेखनको अवस्था नै हो । यस आधारमा के.पी.को साहित्य यात्राको चरण विभाजन निम्ननुसार उल्लेख गर्न सकिन्छ ।

१. पूर्वार्द्ध चरण (वि.सं.२०५८ सम्म)

२. उत्तरार्ध चरण (वि.सं. २०५९-हालसम्म)

यो चरण विभाजनको आधार तल केलाउने प्रयास गरिएको छ ।

### ४.४.१ पूर्वार्द्ध चरण (वि.सं.२०५८ सम्म)

यस चरणमा के.पी.राई 'सिर्जन शिरीष'लाई वाल्यकालमा लोक कथा ,लोक गीत आदिबाट प्रभाव परि लोक साहित्य तर्फ आकर्षित भई लोकगीत,लोक कथा गाउने भन्ने कार्यबाट साहित्य यात्रा शुरु हुन्छ । हालको अमरज्योति नि.मा.वि. अमरपुर-४ बाट कक्षा ५ उत्तीर्ण गरी हालको अमरपुर उ.मा.वि.मा कक्षा ६ मा भर्ना भए पश्चात उनी कविता, चुट्किला, गीत लेख्ने, बाचन गर्ने, कथा भन्ने जस्ता कार्य शुरु गरेको पाइन्छ[३] । स्कूले जीवन ज्यादै रमाइलोसँग विताएका राई स्कूल छोडे पछि व्यापार व्यवसाय सञ्चालन गर्ने मनसायले केही समय झापा तथा काठ्माडौं सम्म रहन पुगे । त्यस समयमा त्यहाँ विकसित नेपाली साहित्य प्रति आकर्षित बनी उनले पनि विभिन्न हवाई पत्रिकामा कविता, गीत, गजल, मुक्तक, चुट्किला, लघुकथा छपाउन थाले । यी रचनाको शीर्षक प्रायः 'शान्तिलाई चिठी' भएको पाइन्छ । देशमा जनयुद्धको  प्रभाव वढ्दै जाँदा कैयौ अप्रिय घटना घट्दा उनले यी रचना मार्फत शान्तिको आह्वान गरेकाछन् । यसै समयमा सामाजिक विषय वस्तुमा आधारित उपन्यास 'आवेग' लेख्ने जमर्को गर्न पुगेको पाइन्छ ।

यसरी यस चरणमा विभिन्न विधामा कलम चलाएर उनको मुख्य साहित्यिक विधा उपन्यास लेखनको आधारभूमि तयार गरेका छन् । यस चरणका कृतिहरू पुस्तक कार रूपमा नआए पनि विभिन्न भित्ते पत्रिका, हवाइ पत्रिका आदिमा समेटिएका छन् ।[४]

### ४.४.२. उत्तरार्द्ध चरण (वि.सं. २०५९ देखि हाल सम्म)

यो चरण उनको मुख्य चरण अर्थात उनको मुख्य विधा उपन्यास लेखनको महत्वपूर्ण चरण हो। वि.सं. २०५९ सालमा उनको पहिलो उपन्यास 'आवेग' प्रकाशन गरेर पहिलो पल्ट आफ्नो पुस्तकाकार कृति लोकार्पण गर्न सफल भएका छन् । यस पुस्तकमा उनले आफ्नो नाम थर के.पी.राई मात्र लेखेका छन् साथै यस पछिका सम्पूर्ण कृतिमा नाम र थरको सट्टा उपनाम मात्र 'सिर्जन शिरीष' लेखिने बताएका छन् तर उनका पछिल्ला दुई कृतिमा नाम, थर र उपनाम (के.पी.राई 'सिर्जन शिरीष') सबै लेख्ने गरेका छन् । यस चरणमा उपन्यास विधातिर मात्र लागेको पाइन्छ । उपन्यासका पात्रले परिवेश अनुसार गाएका गीत वाहेक अन्य विधा ओझेलमा परेको देखिन्छ । उपन्यास प्रतिको आकर्षण वृद्धिका कारण यसो हुन पुगेको उनी स्वीकार्दछन् । अन्य धेरै उपन्यास लेख्ने जमर्को कायम राखेर अघि बढेका राईले हाल सम्मका तीन कृतिहरू 'आवेग' (२०५९) 'निर्दोष कैदीको रहस्य' (२०६२) र 'युद्धले खोसेको प्रेम' (२०६४) को प्रथम संस्करण मात्र प्रकाशित भएका छन् ।

'सिर्जन शिरीष'को साहित्य यात्रा दुई चरणमा विभाजन गरेर हेर्दा पूर्वाद्ध चरण भन्दा उत्तरार्द्ध चरण प्रकाशनका दृष्टिकोणले बढी महत्वपूर्ण चरण मात्र नभएर लेखन कार्यमा सक्रियता र खारिएको अनुभवले पनि यो चरण उल्लेख्य मानिन्छ । सामाजिक विषयवस्तु घटना दुर्घटना, विकृति विसंगति, शोषण दमन, द्वन्द्वको प्रभाव र शान्तिको कामना आदि पक्ष समेटेर कृति रचना गर्नु यस चरणका विशेषता हुन् ।

---

*३. सहपाठी साथीहरूबाट प्राप्त जानकारी*

*४. शोध नायकबाट प्राप्त जानकारी*

## ४.५. उपन्यासकार के.पी.राई 'सिर्जन शिरीष'को औपन्यासिक प्रवृत्ति

उपन्यासकार के.पी.राई 'सिर्जन शिरीष'का उपन्यासहरू अध्ययन गरेर हेर्दा उनका उपन्यासहरू मूलत:सामाजिक यथार्थवादी प्रवृत्तिमा आधारित छन् । उनका उपन्यासहरू नेपाली उपन्यास परम्पराका थप कृतिहरू मान्न सकिन्छ । उपन्यासकार सिर्जन शिरीषका प्रकाशित उपन्यासहरू 'आवेग' (२०५९) 'निर्दोष कैदीको रहस्य' (२०६२) र 'युद्धले खोसेको प्रेम' (२०६४)का आधारमा औपन्यासिक प्रवृत्तिहरू निम्नानुसार छन् :

### ४.५.१. सामाजिक यथार्थवादी प्रवृत्ति

उपन्यासकार के.पी.राई 'सिर्जन शिरीष' मूलतः सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा देखा परेका छन् । उनी आफू सामाजिक यथार्थवादी नै भएको स्वीकार्दछन् । यस अर्थमा उनका उपन्यासहरू सामाजिक यथार्थवादी उपन्यास हुन । वास्तवमा उनका उपन्यासमा नेपाली समाजको यथार्थ चित्र उतारिएको छ । अर्थात् उनका कृतिमा पात्रको जीवनको सर्वपक्षीय चित्रण गरिएको छ । पात्रको जीवन अन्तर्मुखी र वहिर्मुखी दुवै किसिमले केलाउन खप्पिस राईले पात्रको मनोभावना र त्यसको सम्भावनालाई सवल रूपमा प्रस्तुत गरेका छन् । उनका उपन्यासहरूमा जीवन र जगत प्रतिको दृष्टिकोण पात्रहरूको मनोभावको  अध्ययनमा केन्द्रित हुनाले व्यक्ति जीवनको चित्रणबाट सामाजिक जीवनको चित्रण गरिएको छ । समग्रमा उनका उपन्यासहरूमा सामाजिक जनजीवनको यथार्थ चित्रण पाइन्छ ।

उपन्यासकारले व्यक्तिको जीवन र समाजमा देखेका, सुनेका, भोगेका कुरालाई आधार बनाई उपन्यासको कथानक तयार गरी मानवीय र सामाजिक जीवनको यथार्थ केलाइएको छ । प्रकृतिप्रेमी उपन्यासकारका रूपमा उभ्याउदै के.पी.ले उपन्यासमा प्रस्तुत परिवेश पनि सामाजिक जीवनजगतसँग सम्बद्ध तुल्याएका छन् । उपन्यासमा पात्रले भोगेका सुख दु:ख, आरोह अवरोह प्रत्यक्ष रूपमा वा परोक्ष रूपमा वर्णित छ । उनका औपन्यासिक कृतिहरूमा समाजमा विभिन्न किसिमले विद्यमान विकृति विसङ्गतिहरू के कसरी मौलाएका छन् । धनीवर्ग र गरिववर्ग वीच के कस्तो अन्तर पाइन्छ, निर्दोष तर शोषित पीडित जनताको जीवनको जटिलता के कस्ता छन् र त्यसलाई के कसरी निर्मूलपारी सामाजिक जीवनमा स्वाभाविक रूपमा शान्ति कायम गर्न सकिन्छ भन्ने किसिमको सन्देश बोकेका कारण उनी सामाजिक यथार्थवादी प्रवृत्तिका उपन्यासकार हुन ।

### ४.५.२. सामाजिक विकृति र असमानताको विरोध

नेपाली समाजमा जरा गाडेर बसेको सामन्ती व्यवस्था राजनीतिक परिवर्तनसंगै परिवर्तन भएको पाइन्न । कानुनमा भएका कुरा व्यवहारमा लागु हुन सकिरहेको छैन । यसैले समाजमा सामन्ती

संस्कारको धङ्धङ्गो कायमै देखिन्छ । जसबाट सर्वसाधारण गरीव, दु:खी असहाय र पीडित छन् यो सामाजिक विकृतिका रूपमा जीवित देखिन्छ । यसलाई हटाउन प्रयास नभएका पनि होइनन् । एक प्रयास स्वरुप माओवादी जनयुद्ध देखा पऱ्यो । यसले जनयुद्धका वखत नेपाली जनतामा अर्कै किसिमको भय उत्पन्न पनि गऱ्यो । सर्वसाधाराण जनता जनयुद्धका वेला दोहोरो मारमा परेका थिए । यसले समाजमा कतिका काख रित्यायो, कतिको सिउँदो पुछियो, कति सडक वालवालिकामा परिणत भए । यो क्रान्तिले पनि जनतामा वास्तविक सुख दिन सकेन । भन्ने सन्देश दिदै शान्तिपूर्ण विरोध या क्रान्ति हुनुपर्ने, जनताको जीउ धनको सुरक्षा सबैले गर्नु पर्ने, समाजमा आमूल परिवर्तन हुनु पर्ने समाजको सर्पलाई दण्ड दिनु पर्ने जस्ता विचार उनका कृतिमा पाइन्छ । आहारिसे प्रवृति प्रति असन्तुष्ट उपन्यासकार के.पी.अरुको सु:ख देखिनसहने आहरिसे, इर्ष्यालु तथा पापीहरूद्वारा सर्वसाधारणले ज्यान समेत गुमाउनु पर्ने प्रति चिन्तित हुदै यस्ता कुप्रवृतिको विरोध गरेको छन् । समाजका मुठीभर नोकरसाही दलाल, पूजीपतिहरूले तल्लो वर्गका श्रमिक सर्वहाराहरूलाई नियन्त्रणमा लिई उनीहरूको जीवन वर्वाद पारेको प्रति उनको तिव्र विरोध रहेको पाइन्छ । यसरी उनले आफ्ना हरेक कृतिमा सामाजिक विकृति, विसङ्गति प्रति आफ्नो असहमति प्रकट गरेका छन् ।

## ४.५.३. सरल भाषाशैलीको प्रयोग

उपन्यासकार के.पी.राई 'सिर्जन शिरीष'ले आफ्ना कृतिमा सर्वसाधारण नेपाली जनताले पनि सहजै पढ्न र बुझ्न सक्ने शैलीमा आफ्ना औपन्यासिक कृति सिर्जना गरेका छन् । सर्वसाधारण जनताको बोलीचाली ,जीवनशैलीलाई जस्ताकोतस्तै उतारेर तल्लो स्तरका पाठकलाई प्रेरणा प्रदान गर्दै हौसला बढाएका छन् । कताकता लेखकको भाषिक अपरिपक्वता पो हो कि जस्तो देखिए पनि वास्तवमा त्यो सामाजको यथार्थता पनि हो । यसरी सरल शैली प्रयोग गरी सामान्य पाठकको पनि मनमा बसेका 'सिर्जन शिरीष'ले भाषा शैलीको प्रयोगमा सफलता प्राप्त गरेको छन् ।

## ४.५.४. विकट पहाडी, सुगम तराई र लाहुरे परिवेशको चित्रण :-

उपन्यासमा परिवेशको उचित चित्रण अत्यावश्यक हुन्छ । उपन्यासकार के.पी.राई 'सिर्जन शिरीष'ले पनि आफ्ना उपन्यासहरूमा आवश्यकता अनुसार विभिन्न परिवेशको चित्रण गरेका छन् । अधिकांश परिवेश उपन्यासकारको आसपास तथा विकट पहाडी परिवेशको चित्रण पाइन्छ भने 'निर्दोश कैदीको रहस्य' उपन्यासमा सुगम तराई र लाहुरे परिवेशको उचित चित्रण पाइन्छ । दार्जिलिङ, बैङ्लोर, विदेशी भूमिको नाम मात्र उल्लेख गरे पनि मूल रूपमा स्वदेशी परिवेशको चित्रण पाइन्छ । पहाडी गाँउले सामन्तले पनि एक दिन प्रतिकूल अवस्थाको सामना गर्नु परेको र बसाई सरेर जानु परेपनि उसले नचेतेको पाइन्छ ।

समय बित्दै जाँदा उसले प्रयोग गरेका उसका अरौटेभरौटबाट त्यहाँ पनि उसले सजाय पाएको, उसका कर्तुत पर्दाफास भएको उल्लेख गरिएको छ ।

## ४.५.५. पात्रको बिद्रोहीपना

मानिस विकासका लागि परिर्वतन चाहने चेतनशील प्राणी हो । ऊ परिवर्तनका लागि विद्रोह त के ज्यान उत्सर्ग गर्न पनि पछि पर्दैन भन्ने सङ्केत आफ्ना उपन्यास मार्फत दिने के.पी.राई सिर्जन शिरीष हाम्रो जस्तो मुलुकमा प्रजातन्त्रको नाममा आएको विकृति र विसङ्गतिको सजीव चित्रण गर्न सफल छन् । यसका साथै सामाजिक न्याय र समानताको लागि पात्रहरूले विद्रोहको बाटो अँगालेका छन् । गोपाल प्र. रिमालको ‘मसान्त’ नाटकका नारी पात्र झैं उनका उपन्यासमा पनि कथित् माथिल्लो वर्गले तल्लो वर्गलाई गरेको दमन, शोषण तथा उत्पीडनका कारण गरिवीको मार खेप्न विवश जनता पनि उनका कृतिमा विद्रोहमा उत्रिएको उल्लेख छ । समाजमा ठूलाठालु मानिसले मनपरी गरेका छन् । निम्न वर्गलाई मुठीमा लिएर आफ्नो स्वार्थ पूरा गर्ने दिलमान प्रवृत्ति प्रति विरोध गर्दै निर्दोश कैदीको रहस्य उपन्यासमा यसका प्रमुख पात्र सविन र अर्चनाले आफ्नो भेष बदलेर दिलमानका कर्तुत पर्दाफास गर्ने, उसको घरमा आगो लगाउने सम्मका कार्य गरेका छन् । युद्धले खोसेको प्रेम उपन्यासमा जनता सच्चा प्रजातन्त्र प्राप्तिका लागि जनयुद्धको बाटो अंगाल्न वाध्य भएको उल्लेख गरी राईले पात्रको विद्रोहीपनालाई समेटेका छन् ।

## ४.५.६. लघु आकार तर पूर्ण उपन्यासकरिता

नेपाली उपन्यास परम्परामा लघु, बृहत् र बृहत्तर उपन्यासहरू पाउन सकिन्छ । आकार बृहत् हुँदैमा त्यो पूर्ण उपन्यास बन्छ भन्न सकिन्न र लघु आकारको भए पनि त्यो उपन्यास पूर्ण हुन सक्छ। अर्थात लघु आकारको भए पनि उपन्यासका विशेषता र आवश्यक तत्व भएमा त्यो उपन्यास पूर्ण मानिन्छ । के.पी.राई ‘सिर्जन शिरीष’का तीन वटा उपन्यास क्रमशः आवेग (२०५९) ६० पृष्ठ, निर्दोष कैदीको रहस्य (२०६१) ११६ पृष्ठ र युद्धले खोसेको प्रेम (२०६४) ११० पृष्ठ लघु आकारका छन् । तर यिनममा उपन्यासका आन्तरिक पक्षको उचित समायोजनले यी उपन्यास पूर्ण मान्न सकिन्छ ।

## ४.५.७. शीर्षक सार्थकता

कृतिकारले कुनै कृतिको जन्म दिए पछि न्वारान आवश्य गर्नु पर्छ । कृतिको न्वारान भएपछि त्यो सार्थक पनि हुनु पर्दछ तव मात्र त्यो कृतिको उपादेयता रहन्छ । भलै कतिपय कृति आलंकारिक अर्थमा त कतिपय तार्किकताको भरमा सार्थक मान्नु पर्ने हुन्छ । के.पी.राई ‘सिर्जन शिरीष’का तीन वटै औपन्यासिक कृति क्रमश : आवेग, निर्दोश कैदीको रहस्य र युद्धले खोसेको प्रेम सोझो अर्थमा नै शीर्षक सार्थक छन् । आवेग उपन्यासका नायक नायिका क्रमश : दिनेश र मञ्जू आवेगमा प्रेम गर्छन्।

आवेगमै जीवनको अन्त्य गर्न पुग्दछन् । निर्दोष कैदीको रहस्य उपन्यासमा यसको नायक सविन र उसका बावाले कैदी जीवन बिताउनु परेको छ र अन्त्यमा उनीहरू निर्दोष सावित भएका छन् । यसपछि जीवनमा लामो समय कैदी बनेका सविनका बावा र छोटो समय कैदी बनेको सविन निर्दोष भई सफाइ पाउछन् र सामन्ती दिलमान काका (साहु) कानुनको कठघरामा उभिन्छ । कैदी जीवन सुरु गर्दछ । युद्धले खोसेको प्रेम उपन्यासमा १० वर्षे जनयुद्धका बेला माओवादी जनसेना र शाही सेनाको दोहोरो मारमा परी यसका नायक नायिका जलन र अमिसारिकाको प्रेमको डोरी चुडिन्छ, जीवन रथ पनि टुङ्गिन्छ । यसरी सिर्जन शिरीषका सबै औपन्यासिक कृति सोझो अर्थमा नै शीर्षक सार्थक छन् ।

## ४.५.८. जनयुद्धको चित्रण र शान्तिको कामना

के.पी.राई सिर्जन शिरीषका अन्य कृतिमा पनि जनयुद्धको झलक वा प्रभाव पाइन्छ भने युद्धले खोसेको प्रेम उपन्यास आद्योपान्त जनयुद्धकै सेरोफेरोमा सिर्जित छ । एकै परिवारका कोही जनसेना र कोही शाही सेना भएर लडिरहेको दुखद यथार्थ औल्याउदै यसको दुखद परिणाम प्रति चिन्ता व्यक्त गरेका छन् । निहत्था जनता गोलीको सिकार भएकोले अनाहकमा कति आमाको काख रित्तिएको ,कृति चेलीको सिँउदो पुछिएको कति वालवालिका अनाथ ,टुहुरा भई भविष्य बर्वाद भएको यथार्थमा केन्द्रित 'सिर्जन शिरीष'' तरबार भन्दा कलम ठूलो ' ठान्दछन् । देशमा राजनीतिक तथा सामाजिक क्रान्ति आवश्यक छ तर क्रान्ति हतियार को भरमा गर्नु हुन्न । मान्छे चेतनशील प्राणी हो चेतनाको दियो बालेर सबैमा चेतना भर्नु पर्छ र आमूल परिवर्तको दिशामा अघि बढ्नु पर्छ भन्ने राई कवि मोदनाथ प्रश्रितको-नबोके पनि खुकुरी, खुँडा ,बन्दुक ,तरबार,कलमबाटै भत्काइ दिन्छु अन्यायी संसार सँग सतप्रतिशत सहमत छन् । सच्चा प्रजातन्त्रमा आस्थावान राई आफ्ना कृति मार्फत सामाजिक शान्तिको कामना गर्दछन् ।

## ४.५.९. पवित्र प्रेमको उपासना

के.पी.राई 'सिर्जन शिरीष'ले आफ्ना उपन्यासहरूमा प्रमुख पात्रहरूमा गलत स्वार्थले भरिएको प्रेमको ढोङ रचाइ प्रेमको माध्यमबाट पात्रको जीवन बर्वाद भएको नदेखाइ पात्रहरू वीच पवित्र प्रेमको सम्बन्घ स्थापना गरेका छन् । आफ्नो प्रेमका लागि जस्तो सुकै मूल्य चुकाउन समेत पात्रहरू पछि पर्दैनन् । आवेग उपन्यासमा नायक नायिका अपरिपक्क उमेरमै प्रेमको डोरीमा बाँधिन्छन् र परिपक्वता नआइकनै गलत प्रवृतिका मान्छेको गलत कुरा सुनी वास्तविकताको ख्याल नराखी आवेगमा नायिका आत्महत्या गर्न पुग्छे भने नायक पनि अरुसँग प्रेमको सम्भावना नदेखी आवेगमा नै पागल वनी हिड्छ । निर्दोष कैदीको रहस्यमा नायक नायिक बीचको पवित्र प्रेमका कारण नायिका आफ्नो अन्यायी वाबुको घरमा आगो लगाई पीडित नायककी आमाको पीडामा मलम लगाउन पुग्छे

। पवित्र प्रेमकै माध्यमबाट नायकनायिकाको मिलन अत्याचारी बाबुलाई जेल र निर्दोष कैदीको छुटकारा हुन्छ । 'युद्धले खोसेको प्रेम' उपन्यासमा पनि प्रेमी र प्रेमीका बीचको पवित्र प्रेमकै कारण एकै ठाउँमा अनाहकमा जनसेना र शाही सेनाको गोलीको सिकार भई जीवन समेत अन्त्य हुन्छ । यसरी 'सिर्जन शिरीष'ले आफ्ना कृतिमा पवित्र प्रेमको उपासना गरेका छन् ।

## ४.५.१०. पात्रको मनोविश्लेषण:

के.पी. राई सिर्जन शिरीषले आफ्ना कृतिमार्फत मानिसहरूलाई प्रेममय वातावरणमा रमाएर बाँच्ने प्राणीका रूपमा चित्रण गरेका छन् । प्रेमको डोरी चुडिंदा जीवन पनि अन्त्य हुने ठान्ने के.पी. जीवन साथीका लागि प्रेम गर्न परिपक्वता पनि आवश्यक ठान्दछन् । अपरिपक्व अवस्थामा प्रेमको सागरमा डुबुल्की मार्न खोज्दा प्रेमको डुङ्गा पल्टन पनि सक्ने कुरा प्रति सङ्केत गर्दै परिपक्व भए पछि प्रेमको पथमा हिँडे त्यो जीवन्त बन्ने बताउँछन् । गीतसंगीत प्रेमी राई आफ्ना किशोरावस्थाका पात्रहरूलाई परिस्थिति अनुसार गीत गाउने, संगीत मन पराउने, प्रेम प्रणय प्रति लालयित हुने, आवेगमा निर्णय गर्ने चञ्चल व्यक्तिका रूपमा पात्रको मनोविश्लेषण गर्न पुग्दछन् ।

## ४.५.११, संयोगान्त भन्दा वियोगान्त मन पराउने

कतिपय स्रष्टा संयोगान्त मन पराउने हुन्छन् र सोही अनुसार साहित्य सिर्जना गर्दछन् त कतिपय स्रष्टा वियोगान्त मन पराई सोही अनुसार साहित्य सिर्जना गर्दछन् । के.पीं राई 'सिर्जन शिरीष' कम संयोगान्त र बढी वियोगान्त साहित्य सिर्जना गर्न मन पराउँछन् । उनका हालसम्म प्रकाशित कृतिहरू ३३% संयोगान्त र ६६% वियोगान्त रहेका छन् । यथार्थवादी साहित्यकार राई मानव समाज पनि संयोगान्त भन्दा वियोगान्त नै बढी भएको स्वीकार्दछन् ।

## ४.५.१२. वस्तु व्याख्या भन्दा चरित्र चित्रणमा जोड

परम्परागत बस्तुप्रधान उपन्यासलाई के.पी. राई सिर्जन शिरीषका सामाजिक उपन्यासले चुनौती दिएका छन् । आधुनिक उपन्यासमा वस्तुजगतको स्थान चरित्र चित्रणले लिएको छ । राईका उपन्यास सबै चारित्रचित्रणमा आधारित छन् । उनका सवै उपन्यास चरित्र प्रधान छन् । पात्रको मनोवाद तथा संवाद प्रयोग गरेर यर्थाथ घटनामा आधारित झिनो कथ्यमा उपन्यासको विकास हुन्छ । उपन्यासमा पात्र सिर्जना गरी तिनको चरित्र चित्रण गर्नु के.पीं राई 'सिर्जन शिरीष'को औपन्यासिक उद्देश्य देखिन्छ । उनी उपन्यासमा पात्रहरूको चरित्र चित्रण गर्ने कार्यमा नै केन्द्रित रहेका छन् । उनका उपन्यासमा बौद्धिक संवाद, पीडा, कुण्ठा, जिजीविसाको सफल प्रयोग पाइन्छ । घटना तथा कथावस्तुका तुलनामा चरित्र चित्रणमा जोड दिनु उनको औपन्यासिक प्रवृत्ति हो ।

### ४.५.१३, प्रकृति चित्रण

प्रकृति प्रेमी स्रष्टा के.पीं राई ‘सिर्जन शिरीष’ प्रकृतिबाटै प्रभाव ग्रहण गरी साहित्यसेवी बनेका बताउँछन् । उनका कृतिमा पनि ठाउँ ठाउँमा प्रकृति चित्रण गरेको पाइन्छ । प्राकृतिक सुन्दरताका पारखी भएकाले कृति सिर्जनामा यसको प्रत्यक्ष प्रभाव पर्नु स्वभाविकै हो । अश्लीलता मन नपराउने राई आफ्ना कृतिमा प्रमुख पात्रहरू श्लील ढङ्गले प्रकृतिमा मन वहलाएको चित्रण गर्न सफल देखिन्छन् ।

## ४.६, नेपाली साहित्यमा के.पी. राई ‘सिर्जन शिरीष’को योगदान

नेपाली साहित्यका कविता, कथा, गजल, मुक्तक चुटकिला तथा उपन्यास जस्ता विविध विधामा कलम चलाई साहित्यको श्रीवृद्धिमा अथक प्रयासरत के.पी. राई ‘सिर्जन शिरीष’ को मुख्य विधा उपन्यास हो । सामाजिक यथार्थवादमा आधारित भई चरित्र प्रधान उपन्यास लेख्नु उनको मुख्य विशेषता मानिन्छ । भित्ते पत्रिका तथा हवाई पत्रिका सञ्चालन गरी अन्य सहित्यानुरागी व्यक्तिलाई समेत साहित्यसेवी बन्न अभिप्रेरणा दिने राईमा एक सफल पत्रकारिताको झलक पनि देखिन्छ । साहित्य सेवाका लागि पत्रकारितामा पनि देखा परेका ‘सिर्जन शिरीष’ एक होनहार युवा साहित्यकार हुन् । भविष्यमा पनि यी र यस्तै तथा अझ उत्कृष्ट साहित्य सिर्जना गर्न सक्ने प्रशस्त सम्भावना रहेका राई नेपाली उपन्यास परम्परामा ‘आवेग’ (२०५९), ‘निर्दोष कैंदीको रहस्य’ (२०६१) र ‘युद्धले खोसेको प्रेम’ (२०६४) जस्ता कृति समर्पण गर्दै प्रजातन्त्र, सामाजिक न्याय, शान्ति र मित्रताको अपेक्षा राख्छन् । तसर्थ नेपाली साहित्यमा उनको योगदान प्रशंसनीय छ ।

# पाँचौ परिच्छेद

## उपन्यासको सैद्धान्तिक चर्चा एवं के.पी. राई 'सिर्जन शिरीष'का कृतिको अध्ययन विश्लेषण र मूल्याङ्कन

### ५.१. उपन्यास विधाको उद्‌भव

उपन्यास शब्दले आधुनिक नेपाली साहित्यका विविध विधाहरू मध्ये एउटा नयाँ विधालाई चिनाउँछ । उपन्यासको इतिहास साहित्यका अन्य विधाहरूको जति पुरानो नभएता पनि विश्व साहित्यमा मात्र होइन नेपाली साहित्यमा पनि स्थापित लोकप्रिय विधाको रूपमा गनिएको छ । नेपाली साहित्यको उपन्यास विधाको विकास अङग्रेजी साहित्यको नोवेल शब्दबाट भएको मानिन्छ । नोवेल शब्द इटालेलीभाषाको नावेले शब्दबाट लिइएको हो । इटालेली भाषामा नोवेले शब्दले छोटो आख्यान अर्थात बोलीचालीका भाषामा साहसिक तथा अलौकिक प्रेमका कथाहरूको अर्थ बहन गर्दछ । इटालेली नोवेले शब्द चाँहि ल्याटिन भाषाको नोवस तथा नोवलस शब्दबाट लिइएको हो । फ्रान्सेली भाषाको नोवेल शब्द इटालेली नोवेलेबाटै लिइएको हो । इटालेली भाषामा समाचारलाई जनाउने 'नोवेल' ले फ्रान्सेली भाषामा पुगेर कुनै नयाँ कृतिलाई बोध गराउन पुग्छ । यसरी नयाँ घटनालाई समाचार टिपोटका रूपमा  प्रस्तुत गरिने कार्यको सङ्केत गर्ने 'नोवेल' शब्दले केवल घटना चक्रको सम्प्रेषण गर्दथ्यो । यसरी आजको घटना, वस्तु पात्र परिवेश कौतूहल, द्वन्द्व, उद्देश्य प्रस्तुति गर्ने आख्यानात्मक साहित्यिक विधा उपन्यास हो ।

नेपाली साहित्यमा प्रचलित उपन्यास तत्सम शब्द हो । 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'घञ्' प्रत्यय लागेर उपन्यास शब्दको ब्युत्पत्ति हुन्छ । संस्कृतमा उपन्यासको अर्थ कुनै कुसलता पूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रकृिया बिशेष नै उपन्यास हो भनेर उपन्यास शब्दको प्रयोजन परक अर्थ पनि लगाइएको छ । जीवनजगतका यथार्थ पक्षलाई समेटेर हेर्ने हो भने जीवन जगतको साङ्गोपाङ्ग प्रस्तुति नै उपन्यास हो भन्ने कुरा सिद्ध हुन्छ ।

### ५.२. महत्व

साहित्यका अनेक विधाहरू मध्ये उपन्यास पनि एक हो । यो आधुनिक साहित्यमा महत्वपूर्ण ठाउँ ओगटेर सार्वधिक लोकप्रिय बनेको छ । "यसको मुख्य कारण हो उपन्यासको रोचकता, वृहत् जीवनको परिचय र सत्याभास । यसले गर्दा उपन्यासको सर्वतोमुखी औचित्य मात्र स्वीकृत भएको होइन जीवन तथा समाजलाई नजिकवाट हेर्ने, विश्लेषण गर्ने र सर्वाङ्गीण चित्र अङ्कित गर्ने भावाभिव्यक्तिको बाटोमा यो अपेक्षाकृत सशक्त र सक्षम सिद्ध भएको छ । यसको स्वरुप बारे मतभेद देखिए पनि साहित्यको प्रतिपाद्य विषय त अनन्त जीवन अथवा समाज नै हो । "

---

*१. रोजेन्द्र सुवेदी नेपाली उपन्यास परम्परा र प्रवृत्ति नाराणसी भूमिका प्रकाशन  २०५३ पृ-१*

*२. कृष्ण वस्नेत आधुनिक नेपाली उपन्यास, काठमाडौं दीक्षन्त पुस्तक प्रकाशन पुस्तक प्रकाशन २०६६ पृ२*

उपन्यासले आन्तरिक र वाहृय प्रवृत्तिहरूको चित्रण गरेर जीवनलाई नाप्छ र त्ससको मूल्य खोज्छ, समाजलाई ठम्याउँछ र मोड्ने प्रयत्न गर्छ ,गतिलाई समाउँछ र दिशा दिने सङ्केत गर्छ । यसरी प्रेरणा दिइरहन्छ कि विज्ञान तथा दर्शनद्वारा प्रतिपादित सत्य नै सम्पूर्ण होइन । वैज्ञानिक तथ्य भन्दा परको सत्यलाई उपन्यासले टिप्छ र त्यस्तै प्रेरणा दिन्छ । झन् झन् श्रेष्ठतर स्थितिको खोजमा निरन्तर सक्रिय रहनु मनुष्यको स्वभाव हो । यस काममा अरु ज्ञान विज्ञानहरू निश्चय नै सहायक हुन्छन् । यस कारण उपन्यास स्वयं मनुष्यको जीवित बिम्ब झैं लाग्दछ । यो इतिहास हो बदलिदै जाने मानव समाज सोहोरिएर कथामा संग्रहित भए जस्तो, यो वर्तमान समसामयिक गतिविधि सामुन्ने नै आन्दोलित अवस्थामा घटिरहे जस्तो, यो भविष्य हो कुनै उज्यालो भोलीलाई आँखामा बुनेर सम्भावना इङ्गित गरिरहे जस्तो, यो संस्कृति हो युग विशेषको सामाजिक जीवनमा अन्तर्निर्हित साँस्कृतिक वैभव प्रदर्शित भइ रहे जस्तो । मनोरञ्जनका साथै चेतना छर्ने र सिद्धान्त निरुपण गर्ने उपन्यासको महत्व अतुलनीय छ ।

## ५.३. उपन्यासको परिभाषा

आधुनिक साहित्यको कान्छो विधा उपन्यास हो । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, किस्सा, टिप्पणीमूलकसमाचार जे अर्थ लागे पनि आधुनिक साहित्यमा उपन्यासको आफ्नो छुट्टै अर्थ छ । उपन्यासलाई पश्चिमका तथा पूर्वीय साहित्यका विद्वानहरूले आ-आफ्ना ढङ्गले परिभाषा गरेका छन् विभिन्न शब्दकोशहरूमा उपन्यासको परिभाषा यस प्रकार गरिएको पाइन्छ :

१. "उपन्यास यस्तो विशाल गद्याख्यान हो, जसमा एउटै कथानक अर्न्तगत यथार्थ जनजीवनको निरुपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ ।" [४]

- न्यु इन्टर नेसलन डिक्सनरी

२. "उपन्यास त्यो हो जसमा काल्पनिक तथा धरै लामो कथ्य धेरै पात्रहरू र जीवनको विविध पक्षको चित्रण हुन्छ । " [५] - हिन्दी शब्दकोष

३. वृहत र वृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यास हो । [६]

४. उपन्यास साहित्यको अठारौ शतक पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानव जीवन जगत्को सर्वाङ्गणि पक्ष समेटिएको हुन्छ । " [७]

- विश्व युनिभर्सीटी इन्साइक्लोपेडिया

५. "उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक तथा चरित्र प्रधान गद्य महाकाव्य हो ।" [८] - वृहत् शब्दकोष

६. " उपन्यास गद्यमा लेखिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यिक रुप हो । " [९]
- नेपाली साहित्य कोष

७. "उपन्यास काल्पनिक पात्रको जीवन हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो । " [१०] - नेपाली शब्द सागर

---

*३. कृष्णचन्द्र सिंह प्रधान ,नेपाली उपन्यास र उपन्यासकारहरू ललितपुर साझा प्रकाशन २०६१*
*४. कृष्ण व. वस्नेत आधुनिक नेपाली उपन्यास काठमाडौं दीक्षान्त पुस्तक प्रकाशन २०६१*
*५. द्वारिका प्रसाद र एस चन्द्र हिन्दी शब्दकोश (भारत : नयाँ दिल्ली सन् १९८७)*
*६. कृष्ण चन्द्र सिंह प्रधान पूर्ववत (क्याम्ब्रिज इन्साइक्लोपेडिया )*
*७. ऐजन (विश्व युनिभसिर्टी क्लोपेडिया )*
*८. बसन्त शर्म्मा नेपाली शब्द सागर (काठ्माडौं भाभा पुस्तक भण्डार २०५८ )*
*९. ईश्वर बराल र अन्य (सम्पा ) नेपाली साहित्य कोष काठ. नेपाली राजकीय प्रशाप्रतिपदान २०५५*
*१०. कृष्णबहादुर बस्नेत नेपाली उपन्यास पूर्ववत्*

प्राचीन कालमा छोटा-छोटा खिस्सा पनि उपन्यासको कोटीमा पर्ने भए तापनि आधुनिक कालमा भने यसले महाकाव्य समकक्षी कृति नै उपन्यास हो भन्ने निष्कर्ष माथि उल्लेखित शब्दकोषीय परिभाषाबाट स्पष्ट हुन्छ । पूर्वीय तथा पाश्चात्य साहित्यका विद्वानहरूले उपन्यासको परिभाषा यसप्रकार गरेका छन् :

१. "उपन्यास सुखान्त गद्य महाकाव्य हो ।"[११] 'हेनरी फिल्डिङ '

२. "उपन्यास कला नै त्यो साहित्यिक कला हो जसले मानव जीवनको सम्पूर्ण अङ्गको अभिव्यक्ति गर्ने प्रयास गर्छ "[१२] 'राल्फ फक्स'

३."म उपन्यासलाई मानवचरित्रको चित्रण मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु उपन्यासको मूल उद्देश्य हो ।"[१३] 'आख्यानकार 'प्रेमचन्द्र'

४. "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"[१४] 'समिक्षक-राजेन्द्र सुवेदी'

५. उपन्यास जीवन र जगत प्रतिको एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । " [१५] कृष्णचन्द्र सिंह प्रधान

६. " बहुविध रचनात्मक एकाइहरूद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधि भरिको समय र स्थान भित्र भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ । " [१६] 'दयाराम श्रेष्ठ'

उपन्यास काल्पनिक पात्रको कार्य व्यापारद्वारा यथार्थ घटनालाई व्यवस्थित र शृङ्खलित रूपमा विविध संरचनात्मक एकाइहरू संगठित गरिएको ठूलो आयाम विस्तृत आख्यान समेटिएको जीवन जगतको सङ्गोपाङ्ग चित्रण भएको समय सान्दर्भिक रूपमा परिवर्तित र परिष्कृत महाकाव्य समकक्षी गद्यभाषामा लेखिने आख्यानात्मक साहित्यिक विधा हो ।

---

११. प्रोफाइल्स इन लिटरेचर र रियागव्ज (दिल्ली सन् १९६९)

१२. राल्फ पक्स, द नोवेल एण्ड द पिपुल लण्डन

१३. कृष्ण ब. बस्नेत र कृष्ण प्र. आचार्य आधुनिक नेपाली उपन्यास कीर्तिपुर दीक्षान्त पु. प्र.

१४. राजेन्द्र सुवेदी नेपाली उपन्यास परम्परा र प्रवृति (वाराणसी, भूमिका प्रकाशन २०५३) (२०६३)

१५. कृष्ण चन्द्र सिंह प्रधान नेपाली उपन्यास र उपन्यासकार (पूर्ववत)

१६. कृष्ण प्र. आचार्य र कृष्ण ब. बस्नेत, आधुनिक नेपाली उपन्यास र कथा पूर्ववत्

## ५.४. उपन्यासको विधागत स्वरुप

उपन्यास आधुनिक साहित्यको कान्छो विधा भएर पनि यो एउटा छुट्टै र नवीन विधा हो । भन्ने कुरामा यसको साहित्यका अन्य विधा संगको समानता र असमानताबाटै स्पष्ट हुन्छ । "आधुनिक साहित्यका अन्य विधामा जस्तै उपन्यासको आफ्नो अलग्गै विधागत स्वरुप अर्थात रुप विधान छ । उपन्यास समय सान्दर्भिक परिवर्तन वा विकास हुदै आएको एक लचिलो साहित्यिक विधा हो । उपन्यासमा एउटा मूल आख्यानलाई अघि बढाउन सहायक आख्यानको समावेश गरिएको हुन्छ । उपन्यासको रुप विधानमा विधागत मौलिकता पाउन सकिन्छ । विधातत्वको आधारमा महाकाव्य र उपन्यास वृहत आयामका साहित्यिक विधा हुन । यी दुई विधा वीचमा धेरै समानता भएतापनि महाकाव्य पद्यमय विधा हो । यो सम्भ्रात वर्गको साहित्य हो । यसको विपरीत उपन्यासको भाषा गद्यमय हुन्छ । महाकाव्य बूढो र पुरानो साहित्यिक विधा हो । भने उपन्यास नयाँ र कान्छो विधा हो । उपन्यासलाई विद्वानहरू आधुनिक गद्य महाकाव्य भन्न थालेका छन् ।[१७]

उपन्यास लचिलो र विकासशील साहित्यिक विधा भएकोले यसमा समय सान्दर्भिक नयाँ-नयाँ प्रयोग गरेको पाइन्छ । तर पनि यो रुपहिन भने हुँदैन । यसर्थ "उपन्यास निश्चित सिद्धान्त र मान्यतलाई अस्वीकार गर्दै खुला आकासमा स्वतन्त्र रूपमा अघिबढ्न चाहने साहित्यक विधाको रूपमा देखा पर्दछ । निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित परिवेशलाई घटना वर्णनात्मक तथा उपन्यासकारको निजीशैलीमा घटना तथा काल्पनिक पात्रको रोचक आख्यानात्मक प्रस्तुती नै उपन्यासको खास विधागत स्वरुप देखिन आउँछ ।"[१८]

## ५.५. उपन्यासका आधारभूत तत्वहरू

उपन्यासमा अनकौं स्वरुप र बिषयगत विविधता र विभिन्नता रहे पनि विद्वानहरूले गरेका परिभाषाहरूमा एकमत देखिदैन तथापि कुनै तत्वहरूले घटिबढी हुनु वा नहुनु जस्ता असमानता भित्र केही समान वस्तुको अपेक्षा गरिन्छ । त्यहाँ कुनै न कुनै कथा अवश्य हुन्छ । कथानकको बनोटमा कल्पनाको निश्चय नै सहायता लिइन्छ । साना-ठूला, सम्भव-असम्भव घटनाहरूको केही न केही शृङ्खला हुन्छन् । मनुष्य हो वा मुनष्यत्तेर प्राणी पात्रहरू हिंडडुल गर्दछन् । पारस्पारिक विद्वेषवाट सृष्टि भएको हो वा मानसिक द्वन्द्वबाट अथवा असमान वर्गवीच सङघर्ष विद्यमान हुन्छ । उपन्यासको अनेकौं स्वरुप र विषयगत विभिन्नता पाइन्छ । उपन्यास रचनामा आधारभूत तत्वका बारेमा सवै विद्वानहरू एकमत छैनन् । यसरी हेर्दा कृष्णचन्द्र सिंह प्रधानले उपन्यास संरचनाका आधारभूत तत्वका रूपमा निम्न तत्वहरू औल्याएका छन् ।

| | | | |
|---|---|---|---|
| १. कथानक | २. पात्र/चरित्र | ३. कथोपकथनत्र | ४. शैली |
| ५. भाषा | ६. वातावरण | ७. उद्देश्य | |

---

१७. कृष्णहरि बराल, नेत्र एटम, उपन्यास उपन्यास सिद्धान्त र नेपाली उपन्यास ललितपुर साझा प्रकाशन २०५२)

१८. कृष्णबहादुर बस्नेत आधुनिक नेपाली उपन्यास, पूवर्वत्

त्यसैगरी उपन्यास संरचनाका आधारभूत तत्वका रूपमा ऋषि बरालले निम्न तत्वहरू समावेश गरेका छन् ।

१. कथानक २. चरित्र ३. दृष्टिविन्दु ४. विचार ५. भाषाशैली ६. परिवेश

त्यसै गरी समीक्षक राजेन्द्र सुवेदीले उपन्यास संरचनाका आधारभूत तत्व निम्न ठहऱ्याएका छन् :-

१) वस्तु २) चिरत्र ३) कथोपकथन ४) द्वन्द ५) परिवेश ६) विचार

उपन्यास परम्पारामा प्रायः सबै अध्येताहरूको कथावस्तु, पात्र तथा चरित्र, संवाद, परिवेश, भाषा, शैली र उद्देश्यलाई विधातत्वका रूपमा लिइएको पाइन्छ । यहाँ विभिन्न विद्वानहरूको विचारलाई मनन गर्दा उपन्यास संरचनाका लागि आवश्यक तत्व निम्नानुसार रहेका छन् :

१, कथावस्तु २, चरित्र चित्रण ३, परिवेश ४, भाषशैली ५, उद्देश्य वा जीवन दर्शन

यी पाँचवटा मूल तत्व र अन्य तलका सहायक तत्वको रूपमा लिन सकिन्छ ।

६, कौतहल ७, द्वन्द्व ८. कथोपकथन वा संवाद ९. दृष्टिविन्दु

यहाँ उपन्यासका सम्पूर्ण तत्वहरूका बारेमा छोटकरीमा चर्चा गरिन्छ ।

## ५.५.१, कथावस्तु

उपन्यासमा कथावस्तु व्यक्ति तथा समाजमा घटेका वा घट्नसक्ने घटनाहरूको संगठित रुप हो । यसमा चरित्रले घटाएका घटना, उपन्यासकारका चिन्तन् वा कल्पना समाविष्ट हुन्छन् । कथावस्तु उपन्यासको एक प्रमुख कच्चा सामग्री हो । यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यास रचनाको योजना बनाइन्छ । सामान्यतः कथावस्तुको विकास आदि मध्य र अन्त्यको ढाँचामा हुन्छ तर आधुनिक उपन्यासमा यसको विकास सरल, रैखिक र वृत्तकारीय ढाँचमा हुन्छ । बदलिँदो चिन्तनसँग घटना प्रधान र चरित्र प्रधान गरी २ समूहमा विभाजन भएको पाइन्छ ।

## ५.५.२. चरित्र चित्रण

उपन्यासमा देखिने मानवीय वा मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ । उपन्यासमा चरित्रको भूमिका देखाउने ढङ्गलाई चरित्र चित्रण भनिन्छ । अर्को शब्दमा पात्रको संवाद तथा कार्यव्यापारलाई चरित्र चित्रण भनिन्छ । चरित्र आख्यानको प्रतिनिधि व्यक्ति हो । आधुनिक उपन्यासमा कथावस्तुको भन्दा चरित्रको महत्व सर्वोपरी ठानिन्छ । समान्यतः पात्रहरूलाई प्रमुख सहायक र गौणापात्रमा विभाजन गरिन्छ । त्यस्तै गोला तथा च्याप्टा पात्र, अन्तर्मुखी तथा बहुर्मखी पात्र दृष्य तथा अदृष्य पात्र यथार्थ तथा आदर्श पात्र, सार्वभौम तथा आञ्चलिक पात्र पारस्परिक तथा मौलिक पात्रमा पनि वर्गीकरण गरिएको पाइन्छ । यतिमात्र होइन । लिङ्गका

आधारमा स्त्री र पुरुष पात्र प्रवृत्तिका आधारमा सत् र असत् पात्र स्वभावका आधारमा स्थिर र गतिशील चरित्रको रूपमा पनि वर्गीकरण गरिन्छ ।

## ५.५.३ परिवेशः

उपन्यासमा पात्र वा चरित्रले कार्य व्यापार गर्ने स्थान समय र वातावरण अथवा घटना घटित हुने वस्तुजगतलाई परिवेश भनिन्छ । परिवेश, देशकाल, वातावरण, समय र स्थान सीमा हुन । यसै अन्तर्गत उपन्यासले आफ्नो आधारभूमि सिर्जना गर्दछ । परिवेशलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिन्छ । आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत पर्दछ र बाह्य परिवेशमा सामाजिक, राजनीतिक, भौगोलिक, प्राकृतिक परिवेश पर्दछन् ।

## ५.५.४. भाषाशैली

भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषामा यही कारणले बाङ्मय र अन्यकलाहरू छुट्टिन्छन् । भाषाले उपन्यासका अन्य सवै तत्वहरूलाई सङ्गठित गर्दछ । शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी तरिका हो । आधुनिक उपन्यासको भाषामा नयाँ नयाँ शैलीहरूको प्रयोग भएको पाइन्छ । वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय, दैनिकी, चेतन प्रवाह शैली आदिको प्रयोग हुनु आधुनिक उपन्यासको भाषा शैलीगत पहिचान हो ।

## ५.५.५. उद्देश्यः

बिना उद्देश्य उपन्यास मात्र नभई कुनै पनि साहित्यको रचना हुदैन । उपन्यासमा प्रत्यक्ष आरोपित होस वा नहोस् उपन्यासकारको उपन्यासलेखनको कुनै न कुनै उद्देश्य हुन्छ । उपन्यासको बिषय अनुसार पाठकहरूलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु आर्थिक लाभ गर्नु, समाजलाई चेतनशील बनाई परिवर्तनको बाटोमा डोऱ्याउनु उपन्यास लेखनको उद्देश्य हो ।

## ५.५.६. कौतूहल

कौतूहल उपन्यासको एक सहायक तत्व मानिन्छ । यसले कथानकलाई प्रभावकारी मात्र नबनाई कृति पढ्न पाठकलाई रुचि पनि प्रदान गर्दछ । अथवा कृति पढ्न पाठकलाई बाध्य तुल्याउँछ। उपन्यास लेखनको सफलता, असफलता यसमा पाइने कौतूहलमा निर्भर रहन्छ ।

## ५.५.७. द्वन्द्व

द्वन्द्व पनि उपन्यासको एक सहायक तत्व मानिन्छ । यसले कथानकलाई अघि बढाउन पात्रहरूबीच महत्वपूर्ण भूमिका खेल्दछ । द्वन्द्व पनि दुई किसिमका हुन्छन् । ती अर्न्तद्वन्द्व र वाह्यद्वन्द्व

हुन् । पात्र भित्रको यो वा त्योको स्थिति अर्न्तद्वन्द्व हो भने पात्रपात्रा बीच यो वा त्योको स्थिति वाह्य द्वन्द्व हो ।

### ५.५.८.कथोकपथन

कथोपकथन उपन्यासको महत्वपूर्ण सहायक तत्व हो । यसले उपन्यसलाई शुरुदेखि अन्त्यसम्म सक्रिय बनाउँछ । यसले उपन्यासलाई रोचक तथा मञ्चीय बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

### ५.५.९. दृष्टिविन्दु

दुष्टिविन्दु पनि उपन्यासको महत्वपूर्ण सहायक तत्व हो । आधुनिक दार्शनिक उपन्यासमा यसको महत्वपूर्ण स्थान छ । उपन्यासमा कथावाचकको स्थानलाई नै दृष्टिविन्दु भनिन्छ । उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयं आख्यान प्रस्तुत गर्दछ । उपन्यासमा दृष्टि विन्दु दुई प्रकारको हुन्छ । आन्तरिक तथा प्रथम पुरुष दृष्टि विन्दु र वाह्य तथा तृतीयपुरुष दृष्टि विन्दु । उपन्यासकार ‘म’का माध्यमबाट कथाबस्तु प्रदर्शन गर्दछ भने त्यो आन्तारिक वा प्रथम पुरुष दृष्टि विन्दु र उपन्यासकार घटना भन्दा पृथक रहेर पात्रको माध्यमले आख्यान प्रस्तुत गर्दछ भने त्यो तृतीय पुरुष वा वाह्य दृष्टि विन्दु हो । यसै आधारमा उपन्यासको दृष्टि विन्दु छुट्टयाइन्छ ।

यी सम्पूर्ण तत्वहरूको संयोजनबाट नै उपन्यास तयार हुन्छ । यही आधारमा उपन्यासको विश्लेषण गरिन्छ ।

## ५.६. उपन्यासको प्रकारगत वर्गीकरण

उपन्यास आधुनिक साहित्यको नयाँ विधा हो । यसको इतिहास छोटो भएर पनि बहुलता पाइन्छ । विभिन्न तत्वहरूले उपन्यासलाई विभिन्न स्वरुप र पहिचान प्रदान गर्दछन् । यिनै आधारमा उपन्यासको वर्गीकरण गरिएको पाइन्छ । प्रथमतः उपन्यासलाई साहित्यिक परम्परामा मूल्य राख्ने र सस्ता मनोरञ्जनका गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । साहित्यिक मूल्य मान्यता र प्रवृत्तिका आधारमा उपन्यासलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । ती आधारहरू कथानक, भाषाशैली, बिषयवस्तुको स्रोत आदि हुन ।”[१९]

### ५.६.१ कथानकको आधारमा उपन्यासको वर्गीकरणः

कथानक उपन्यासको महत्वपूर्ण तत्व मात्र होइन प्राण नै हो । यसको योजना र प्रधानताको आधारमा उपन्यासलाई निम्नानुसार उपवर्गमा वर्गीकरण गरिएको छ ।

---

१९. कृष्णचन्द सिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार (ललितपुर साझा प्रकाशन २०५५ गरिएको छ ।)

### ५.६.१.१ घटना प्रधान उपन्यास

घटना प्रधान उपन्यासमा व्यक्ति तथा सामाजिक जीवनमा घट्ने घटनाहरूको वर्णन र विवरणलाई बढी जोड दिइएको हुन्छ । घटनाहरूका श्रृङखलित र व्यवस्थित संयोजन र विस्तार हुने यी उपन्यासमा चरित्र चित्रण भन्दा कथानक सवल शसक्त रहन्छ । रुपनारायण सिंहको भ्रमर यसको उदाहरण हो ।

### ५.६.१.२. चरित्र प्रधान उपन्यासः

उपन्यासमा घटनाको संगठित वर्णन र विस्तार भन्दा चरित्रको चित्रणमा बढी जोड दिने उपन्यासलाई चरित्र प्रधान उपन्यास भनिन्छ । यस्ता उपन्यासमा कथानक मुख्य पात्रको सरोफेरोमा घुम्छ । विजयमल्लको 'अनुराधा' यसको उदाहरण हो ।

### ५.६.१.३. घटना र चरित्र मिश्रित उपन्यास

एउटै उपन्यासमा कतै घटनाको प्रधानता र कतै चरित्रको प्रधानता रहन्छ भने त्यस्ता उपन्यासलाई मिश्रित प्रकारको उपन्यासमा राख्न सकिन्छ । यस्ता उपन्यासमा कथानक सबल भएर पनि नायकको नेतृत्वमा अघिवढेको हुन्छ ।

### ५.६.१.४. प्रणय प्रधान उपन्यास

उपन्यासमा घटना र चरित्र उत्तिकै सबल भएर पनि प्रेम प्रणय सन्दर्भ र प्रणयजन्य भावकेन्द्रियता  रहन्छ । भने त्यस्ता  उपन्यासलाई प्रणयप्रधान उपन्यास भनिन्छ । यस्ता उपन्यासमा भौतिक पक्ष भन्दा हार्दिक पक्षमा जोडदिई रोमाञ्चक ढङ्गमा प्रस्तुत गरिएको हुन्छ। लैनसिंह बाङ्देलको माइतघर उपन्यास यसको उदाहरण हो ।

## ५.६.२. शैलीका आधारमा उपन्यासको  वर्गीकरणः

शैली उपन्यासको निजी पहिचान हो । आधुनिक उपन्यासको वर्गीकरण सँगै नयाँ नयाँ शैलीका उपन्यास लेखिन थालेका छन् । शैलीका आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ । [२०]

### ५.६.२.१. वर्णनात्मक उपन्यास

उपन्यासमा उपन्यासकारले घटना पात्र र परिवेशलाई सिलशिलावद्ध रूपमा वर्णन गर्दछ भने त्यस्तो उपन्यासलाई वर्णनात्मक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा घटनाहरू इतिहासमाजस्तै

सरल रूपमा प्रस्तुत गरिन्छ । इन्द्रबहादुर राईको ‘आज रमिता छ ! उपन्यास यस्तो प्रकारको उपन्यास हो ।

## ५.६.२.२. आत्मकथात्मक उपन्यास

आत्मकथात्मक शैलीमा लेखिएको उपन्यासमा यसको समाख्याता पात्रले उपन्यासमा समेटिएका घटनालाई म सर्वनामको माध्यमबाट आफ्नै जीवनमा घटेका घटना जस्तो गरी प्रथम पुरुष दृष्टि विन्दुमा भन्दै गएको हुन्छ । यस्ता उपन्यासमा संस्मरणात्मक शैलीमा घटनाको भन्दा चरित्रको बढी प्रस्तुति हुन्छ । पारिजातको अर्न्तमुखी यस प्रकारको उपन्यास हो ।

## ५.६.२.३. पत्रात्मक शैलीका उपन्यास

पत्रात्मक शैलीका उपन्यासमा पात्रले पत्र मार्फत कथानकलाई अघि बढाउँछ । यस्तो शैलीका उपन्यासमा सम्पूर्ण औपन्यासिक घटना बढाउँछ । यस्तो शैलीका उपन्यासमा सम्पुर्ण औपन्यासिक घटना कार्यव्यपार र चरित्र चित्रण पात्रकै आधारमा निर्धारित हुन्छन् । यस्तो उपन्यासमा पत्र भित्र सम्पूर्ण औपन्यासिक तत्व समेटेर लेखिएको हुन्छ । असित राईको पहिरो जाने पहाड यस्तो शैलीको उपन्यास हो ।

## ५.६.२.४. दैनिकी शैलीको उपन्यास

उपन्यासमा प्रमुख पात्रका माध्यमबाट यसमा संगठित घटनालाई दिन दिनको रिपोर्टका रूपमा प्रस्तुत गरिएको हुन्छ भने यस्तो उपन्यासनै दैनिकी शैलीको उपन्यास हो । यसमा दैनिकीकार मात्र मञ्चीय पात्र हुन्छ र अरु नेपथ्य पात्रका रूपमा आउँछन् । पारिजातको अन्तर्मुर्खी यस्तो प्रकारको उपन्यास हो ।

## ५.६.२.५.नाटकीय उपन्यास

घटना र चरित्र एकअर्कामा निर्भर रहेर उपन्यासमा चरित्रले संवादका माध्यमबाट कथानकलाई अघि वढाएको छ भने यस्तो उपन्यासलाई नाटकीय उपन्यास भनिन्छ । यसमा घटना, चरित्र चित्रण र औपन्यासिक कार्यव्यापार, कथोपकथन शैलीमा अघि बढ्दछन् । लीलवहादुर क्षेत्रीको बसाइ’ यसको उदाहरण हो ।

## ५.६.२.६. चेतना प्रवाह शैलीका उपन्यास

पात्रको असङ्गत कल्पनामा चेतनाको सोझो प्रस्तुततिद्धारा उसको स्वभावको विश्लेष्ण गरी लेखिएको उपन्यासलाई चेतना प्रवाह शैलीको उपन्यास भनिन्छ । यसमा उपन्यासकारका विचारलाई

स्वतन्त्र मन र चिन्तनद्वारा व्यक्तिको आन्तरिक जीवनको पाटोलाई प्रस्तुत गरिएको हुन्छ । ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो  अन्त्य ' उपन्यास यस्तो शैलीको उपन्यास हो ।

### ५.६.३. विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

विषयवस्तु उपन्यासको कच्चा सामग्री हो । यसको संगठित रुप नै उपन्यासको कथानक हो । उपन्यासमा वर्णित विषय वस्तुको स्रोतका आधारमा उपन्यासलाई निम्न वर्गमा वर्गीकरण गर्न सकिन्छ :

#### ५.६.३.१. साहसिक तथा जासुसी उपन्यास

स्वैरकल्पनात्मक विषय वस्तुमा साहसिक तथा जासूसी उपन्यास लेखिन्छन् । रहस्य, रोमाञ्च, दैवी चमत्कार, साहसिक कार्य जादु, तिलस्मी आदि घटनाको प्राधान्य रहेको उपन्यास साहसिक उपन्यासको वर्गमा पर्दछ । उपन्यासमा रहस्यमय घटनाको सिर्जना गर्नु त्यसको वहादुरी पूर्वक समान गरेर पाठकलाई आनन्द दिनु यस्ता उपन्यासको लक्ष्य हुन्छ । गिरीश बल्लभ जोशीको 'वीर चरित्र' यसको नमूना हो ।

#### ५.६.३.२. पौराणिक तथा मिथकीय उपन्यास

परापूर्वकालमा मानवीय स्वभाव तथा कार्यहरूको वर्णन गरिएका उपन्यास पौराणिक तथा मिथकीय उपन्यास हुन । पुराण तथा प्राचीन परम्पराबाट घटना लिएर वर्तमानको उद्घाटन गर्नु यस्ता उपन्यासको उद्देश्य हो । राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान' यस प्रकारको उपन्यास हो ।

#### ५.६.३.३. ऐतिहासिक उपन्यास

इतिहासको कुनै कालखण्डमा घटित घटनालाई बिषयवस्तु बनाएर लेखिएको आधुनिक उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । इतिहासमा स्थापित व्यक्ति विशेषको नेतृत्व र तत्कालीन परिवेशलाई यस्ता उपन्यासमा विशेष स्थान दिइन्छ । डायमण्ड शम्सेर राणाको 'बसन्ती' यस कोटीको उपन्यास हो ।

#### ५.६.३.४. सामाजिक उपन्यास

समाजका साँस्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक यथार्थ घटनालाई बिषयवस्तु बनाएर लेखिएको उपन्यास सामाजिक उपन्यास हो । यसमा समाजको परिवेश, वर्ग, व्यवहार अवस्था समस्या

---

*२१, कृष्णहरि बराल र नेत्र एटम, उपन्यास र उपन्यास सिद्धान्त र ललित, साझा प्रकाशन २०५६*

आदिलाई यथार्थ रूपमा प्रस्तुत गर्दै आदर्श समाजको परिकल्पना समेत गरिन्छ । रुद्रराज पाण्डेको 'रुपमती' यसको उदाहरण हो ।

### ५.६.३.५. आञ्चलिक उपन्यास

स्थानीय परिवेशलाई समेटेर लेखिएको उपन्यास आञ्चलिक उपन्यास हो । सानो क्षेत्रमा वर्णित भू-बनोट, परम्परा संस्कार जीविकोपार्जन आदिले यस्ता उपन्यासमा महत्व पाउँछन् । शंकर कोइरालाको 'खैरेनी घाट' यस प्रकारको उपन्यास हो ।

### ५.६.३.६.विज्ञानमूलक उपन्यास

आधुनिक युगमा विज्ञानले गरेको उन्नति प्रगति तथा चमत्काररिक घटनालाई बिषय वस्तुका रूपमा समेटेर लेखिएको उपन्यास विज्ञानमूलक उपन्यास हो । सरुभक्तको एउटा अभिनवको आत्मकथा यस्तै प्रकारको उपन्यास हो ।

### ५.६.३.७. जीवनीमूलक उपन्यास

जीवनी मूलक उपन्यासमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तित्वका जीवनमा घटेका घटनालाई बिषयवस्तु बनाइएको हुन्छ । लैनसिंह बाङ्देलको रेम्ब्रान्ट यसको उदाहरण हो ।

## ५.७. नेपाली उपन्यासको विकास प्रक्रिया

### ५.७.१. प्राथमिक काल ( वि.सं. १८२७-१९४५) सम्म

नेपाली उपन्यासको इतिहास खोज्दै जाँदा शक्तिवल्भम अर्यालको महाभारत विराट पर्व गद्याख्यानसम्म पुग्ने चलन छ । यहाँबाट शुरु भएको इतिहासको प्राथमिक काल वीर सिक्काको प्रकाशन (१९४६) सम्म तन्किएको छ । नेपाल एकीकरणको अभियान सँगै विकास भएको नेपाली भाषा र साहित्यको यही अवधीमा प्रथम थुङ्गा फक्ने अवसर प्राप्त गऱ्यो । यसपछिका दिनहरूमा नेपाली गद्य तथा पद्य दुवै विधामा सिर्जना गर्ने कार्य तीब्र रूपमा अघि बढ्यो । यस कालखण्डमा मौलिक आख्यान सिर्जनाकोकमी देखिए पनि गद्यलेखन र टीका लेखनमा भने समय सापेक्ष उल्लेख्य प्रगति भएको छ । नेपाली उपन्यास परम्पराको पृष्ठभूमिकालको अन्त्य गर्ने शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्व र 'हास्यकदम्ब', भानुदत्तको 'हितोपदेश मित्रलाभ', रामचन्द्र पाध्याको 'लक्ष्मी धर्म सम्वाद' आदि यस कालका प्रमुख कृति हुन ।

२१. कृष्णबहादुर बस्नेत, आधुनिक नेपाली उपन्यासकार कीर्तिपुर दीक्षान्त पुस्तक प्रकाशन २०५९)

## ५.७.२. माध्यमिक काल (वि.सं. १९४६-१९९० सम्म)

नेपाली गद्याख्यान परम्परामा माध्यमिककालको आरम्भ शिवदत्त शर्माकृत वीरसिक्का (१९४६) बाट शुरु भएको हो । संस्कृतबाट अनुवाद गरिएको भए पनि यसमा नेपाली जनजीवनका व्यवहारिक वस्तु समेटिएकाले यसले माध्यमिक कालको सूत्रपात गरेको मानिन्छ । यो साहसिक रोमाञ्चक, वीरतापूर्ण, जासुसी, तिलस्मी प्रकृतिको कथामाला हो । नेपाली माध्यमिक गद्य आख्यानहरू दुई प्रकारका मानिन्छन् । पहिलो प्रकारका रचनामा धार्मिक तथा वैदिक पौराणिक सङ्केतका ग्रन्थबाट गद्यानुवाद गरिएका र नैतिक शिक्षा तथा उपदेश दिने गद्याख्यान र दोस्रोप्रकारका रचनामा विभिन्न भाषाका स्रोतवाट अनुवाद गरिएका रमाख्यान र प्रेमाख्यान गद्याख्यान पर्दछन् । माध्यमिक कालीन गद्याख्यानलाई देश तथा विदेशमा प्रकाशित गोरखापत्र (१९५८) उपन्यास तरङ्गिणी (१९५ ९) सुन्दरी (१९६३) गोर्खाली (१९७२), चन्द्र (१९७४) आदि साहित्यिक पत्रिकाहरूले मलजल गरी फलाउने फुलाउने काम गरेका छन् । यस कालका प्रमुख औपन्यासिक कृतिहरू गिरीशवल्लभ जोशीको 'वीरचरित्र' (१९६०) सदाशिव शर्माको महेन्द्र प्रभा (१९५९) आदि हुन् भने विष्णुचरण श्रेष्ठको सुमतिले यस कालको चरमउत्कर्ष रुप प्राप्त गरको छ ।

## ५.७.३. आधुनिक नेपाली उपन्यासको विकास प्रक्रिया (वि.सं. १९९१ देखि हालसम्म)

आधुनिक भनेको नवीनता हो । वर्तमान समयलाई पनि आधुनिक भनिन्छ । उपन्यास आधुनिक साहित्यको नविनतम विधा हो नेपाली उपन्यासको आधुनिककाल रुद्रराज पाण्डेको रुपमती १९९१ बाट शुरु भएको मानिन्छ । यसपूर्वका तमाम प्रयासहरू आधुनिक उपन्यासका पृष्ठभूमि बनेका छन् । नेपाली उपन्यासले आधुनितकताका यी दिनसम्म विभिन्न मोड उपमोड, चरण उपचरण, प्रवृत्ति र धाराहरू विकास गरिसकेको छ । यहाँ केही प्रमुख धाराहरूको चर्चा गरिन्छ ।

## ५.७.३.१ आदर्शवादी धारा:

आधुनिक नेपाली उपन्यासको श्रीगणेश आदर्शवादी धारावाटै भएको हो । सामाजिक बिषयवस्तुको चयन गरिएका भए पनि काल्पनिक आदर्शको बढी प्रयोग भएको पाइन्छ । आदर्शवादी धारा रुद्रराजपाण्डेको रुपमती (१९९१) बिष्णुचरण श्रेष्ठको समुती (१९९२) दुवै उपन्यासमा नैतिक तथा सतपात्रको विजय र अनैतिक तथा असत् पात्रको पराजय र सत्यको बाटो अनुशरण गरिएका कृति हुन् । समाजलाई दैवी नियतमा निर्भर राख्नु अनुकरणीय तथा अनुपम चरित्रको सिर्जना गरि पथभ्रष्ट पात्रहरूलाई सफल तथा अनुकरणीय पात्रको अनुकरण गर्न बाध्य बनाउन आदि यस धाराका प्रवृत्तिहरू रहेका छन् ।

## ५.७.३.२. स्वच्छन्दतावादी धाराः

स्वच्छन्दतावादी धारा आधुनिक नेपाली उपन्यासको दोस्रो उपलब्धी हो । विश्व साहित्यमा स्वच्छन्दतावादी चिन्तन पहिले काव्यमा आए पनि यसले आख्यान विधामा प्रवेश गऱ्यो । यसमा कथ्यको वस्तुपक्षलाई वेवास्ता गरी मानवपक्षलाई बढी जोड दिएर लेखेको पाइन्छ । आधुनिक नेपाली उपन्यास परम्परामा वि.सं. १९९३ मा रुपनारायण सिंहको भ्रमर उपन्यास प्रकाशन भएपछि स्वच्छन्दतावादले प्रवेश पाएको हो । कथ्यको वस्तुपक्षलाई वेवास्ता गरी भावपक्षलाई जोड दिनु वैयक्तिक वस्तुपक्षलाई सँगै सामाजिक पक्षलाई  बढी जोड दिनु, सहज र स्वच्छन्द रूपमा प्राकृतिक सौन्दर्यको वर्णन गर्नु र मानवीय  रहस्यमलाई स्थापित  गर्नु, स्वतन्त्रताको चाहना, सुन्दर प्रकृतिमा रम्दै स्वतः स्फूर्त प्रेम र हार्दिक संवेगलाई विशेष जोड दिनु आदि यस धाराका प्रवृत्ति रहेका छन् ।

## ५.७.३.३. सामाजिक यथार्थवादी धाराः

आधुनिक नेपाली उपन्यासको विकासक्रमलाई हेर्दा यसले समाजको यथार्थ विषय वस्तुलाई समेटेर सामाजिक यथार्थवादको  रूपमा आधुनिक उपन्यास विकासको तेस्रो खुड्किलो भएर आएको छ । समाजमा घटेका र घट्ने यथार्थ घटना र परिस्थितिको चित्रणमा जोड दिदै लेखिएको उपन्यास सामाजिक यथार्थवादी धारामा पर्दछ । सामाजिक  यथार्थवादको उद्घाटन आधुनिक नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको 'मुलुकवाहिर' उपन्यासले गरेको छ । समाजमा घटेका र घट्ने यथार्थ घटना र परिस्थितिको चित्रणमा जोड दिनु समकालीन स्थानीय समाजको दृश्यको संयोजन गर्नु, सामान्यतः महत्वहीन ठानिएका घटना पात्र र स्थानको सूक्ष्म प्रस्तुति र व्याख्या विश्लेषणमा  जोड दिनु, स्थानीय भाषिक अर्थात कथ्यभाषाको दुरुस्त प्रस्तुत गर्नु, ऐनाका रूपमा समाजलाई  हु-वहु प्रस्तुत गर्नु आदि यस धाराका प्रवृत्ति मानिन्छन् ।

## ५.७.३.४. मनोविश्लेषणवादी धाराः

सामाजिक वस्तुजगतलाई अस्वीकार गरी मनोजगत्को चित्रण गर्नु यस धाराको प्रमुख विशेषता हो । सामान्य मनोविज्ञान र यौन मनोविज्ञान दुवैलाई प्राथमिकिता दिंदै चेतन र अचेत् मनका वीचमा द्वन्द्व देखाउनु नै प्रमुख विशेषता हुन । मनोविश्लेषणवादी सिद्धान्तका आधारमा वैयक्तिक चरित्रको चित्रण गरी लेखिएको गोविन्द वहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल उपन्याससँग आधुनिक नेपाली उपन्यासको दोस्रो मोड शुरु हुन्छ । सामान्य मनोविज्ञान र यौन मनोविज्ञानलाई प्राथमिकता दिनु चेतन र अचेतन मनका बीच द्वन्द्व देखाउनु, मानवीय प्रवृत्तिलाई भन्दा पाशविक प्रवृत्तिलाई प्राथमिकता दिनु, व्यक्तिको मनोदशा चित्रण गर्दै, मानसिक कुण्ठा, अतृप्ति,

दमित कामवासनाको खुलेर चित्रण गर्नु, सामाजिक वातावरणले व्यक्तिमा पार्ने प्रभावको चित्रण गर्नु यस धाराका विशेषता हुन् ।

## ५.७.३.५. विसङ्गतिवादी अस्तित्ववादीधारा

मनोविश्लेषणवादी धाराका उपन्यासमा जस्तै सामाजिक कथ्यलाई अस्वीकार गरी वैयक्तिक मनोजगतका कुष्ठा र जीजीविषालाई आत्मसात गरेका उपन्यास विसङ्गतिवादी अस्तित्वादी धाराभित्र पर्दछन् । जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति व्यक्त गर्नु नै यस धाराको मुख्य विशेषता हो । इन्द्रवहादुर राईको 'आज रमिता छ' (२०२१) बाट उदय भएको विसङ्गतिवादीधारा र पारिजातको 'शिरीषको फूल' (२०२२) बाट उदय भएको अस्तित्ववादी धाराका प्रवृत्तिहरू सामाजिक बिषवस्तुलाई वेवास्ता गर्दै वैयक्तिक बिषयवस्तुलाई स्वीकार्नु, जीवनको निरन्तरता र शून्यताको अभिव्यक्ति व्यक्त गर्नु, सामाजिक संस्कार नैतिक मूल्य र मान्यतालाई अस्वीकार गर्दै व्यक्ति सत्तालाई सर्वेसर्वा ठान्नु, जीवनजगत मानवीय इच्छाआकांक्षा जीवनमरण केही कुराबीच संगति नदेख्नु, निस्सार ठान्नु विश्रृङ्खलित भाषा र शैलीको प्रयोग गर्नु आदि यस धाराका प्रवृत्ति रहेका छन् ।

## ५.७.३.६ आलोचनात्मक यथार्थवादी र सामाजवादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धारालाई प्रगतिवादी धारा अर्थात समाजवादी यथार्थवादी धाराको पृष्ठभूमिका रूपमा लिन सकिन्छ । सामाजिक विकृति र विसंगतिको चित्रण गर्दै त्यसप्रति आलोचना गर्नु, जातीय, आर्थिक सामाजिक भेदभावको विरोध गर्दै समाजसुधारको सन्देश दिनु यस धाराको मुख्य विशेषता हो । नेपाली उपन्यास परम्परामा समाजवादी यथार्थवादी धाराको प्रवर्तन गर्ने कृति हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नी मान्छे' (२०११) नै हो । सामाजिक बिकृति र विसङ्गतिको चित्रण गर्दै त्यस प्रति आलोचना गर्नु समाजलाई पतनको वाटोमा लैजाने कारकतत्व पत्ता लगाउनु, जातीय आर्थिक सामाजिक भेदभावको विरोध गर्नु, स्वतन्त्रताको चाहना राख्दै यसका तगाराहरू भत्काउन जनतालाई प्रेरित गर्नु, मार्क्सवादका आधारभूत सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादलाई साहित्यको आधार मान्नु यस धाराका प्रवृत्ति रहेका छन् ।

## ५.७.३.७ प्रयोगवादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा पनि विश्व औपन्यासिक परम्परामा जस्तै नयाँ नयाँ प्रयोगहरू देखिएका छन् । नेपाली उपन्यासको आधुनिकताको दोस्रो चरण वा मोडसंगै प्रयोगवादी धाराको अस्तित्व देखा परेको हो । परम्परागत भन्दा भिन्न नवीन कथ्य संरचना आदिको प्रयोग गर्ने परम्परा नै प्रयोगवाद हो ।

प्राचीन आख्यान परम्परा युरोपबाट विकास भई आधुनिक उपन्यास जापानमा जन्मियो, वेलायतमा हुर्कियो र संसारभरी प्रचलित भयो । नेपाली साहितयमा आधुनिकतातर्फ यसले विदेशी आख्यानको पूरै भर पर्नु परे पनि आधुनिककालमा यसले आफ्नै मौलिक स्वरुप तथा संरचनाका साथ फल्ने, फुल्ने मौका पायो । नेपाली उपन्यास परम्परामा इन्द्रवहादुर राई 'आज रमिता छ' (२०२१) पारिजातको 'शिरीषको फूल' (२०२२) ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात चौथो अन्त्य' आदि उपन्यासकारहरूबाट प्रयोगवादी उपन्यास परम्पराको प्रवर्द्धन भई आएको देखिन्छ ।

## ५.८. के.पी. राई "सिर्जन शिरीषको" उपन्यासगत सामान्य परिचय

के.पी. राई 'सिर्जन शिरीष' नेपाली साहित्यका एक प्रतिभा हुन । पाँचथर जिल्ला अमरपुर गा.वि.स. वडा नं. २ भालुचोकमा जन्मेर जागिर, व्यापार, समाजसेवा राजनीतिमा केही समय विताउदै २०५३ सालमा कविता 'मेरो जीवन र बाटोहरू' कथा 'प्रेमको परिवेश' लेखेर साहित्यमा उदाएका के.पी. २०५८ सालदेखि उपन्यास लेखनमा लागेका छन् । सामाजिक विकृति विसङगति सामाजिक समस्या केलाउदै सामाजिक समानता, न्याय र शान्तिको सन्देश बोकेर केही प्रगति तर्फ उन्मुख 'सिर्जन शिरीष' भविष्यमा नारीवादी उपन्यास लेख्न प्रयत्नशील छन् । उनको प्रथम औपन्यासिक कृति 'आवेग' (२०५९) सालमा पाठक सामु देखा पऱ्यो । त्यसपछि २०६१ सालमा दोस्रो औपन्यासिक कृति 'निर्दोष कैदीको रहस्य' प्रकाशन गरी उपन्यास विधामा सशक्त बन्दै गएका राई २०६४ सालमा तेस्रो कृति 'युद्धले खोसेको प्रेम' मार्फत तत्कालीन समाजको चित्राङ्कन गर्न पुग्दछन् । विशुद्ध सामाजिक यथार्थतामा आधारित उनका यी उपन्यासको विश्लेषण र मूल्याङ्कन क्रमशः तल गरिन्छ ।

### ५.८.१ 'आवेग' उपन्यासको संरचना

संरचनाका दृष्टिबाट 'आवेग' उपन्यास ९ अङ्कमा विभाजन गरिएको छ । नवौं अङ्क अरु भन्दा लामो छ । कता-कता अङक विभाजन गर्न भुलेको आभाष यस अङ्कमा पाइन्छ । अङ्क विभाजन गर्न नभुल्ने हो भने १० अङ्कसम्म लम्ब्याउन सकिने सम्भावना देखिन्छ । जम्मा ५८ पृष्ठमा निर्मित यो लघु उपन्यासमा उपन्यासकारको पहिलो प्रयासका संकेत यदा कदा पाउन सकिन्छ । कथा वस्तुको प्रसङ्ग बदलेर अङ्क वा भाग परिवर्तन गरिएको वाह्य तथा आन्तरिक संरचना सामान्यत सवल नै देखिन्छ ।

कथा वस्तु सिलसिलेवार रैखिक ढाँचामा र कहीं-कहीं वृत्तकारीय ढाँचामा विस्तारित भएको छ । उपन्यासको आवरण पृष्ठमा सेतो पृष्ठभूमिमा नीलो रङ्को अक्षरमा उपन्यास र उपन्यासकारको नाम समावेश छ । लेखक के.पी. राई

लेखिएको र यस पछिको कृतिहरू उनको प्यारो उपनाम 'सिर्जन शिरीष' मात्र लेख्ने  उल्लेख भए पनि पूर्णरूपमा त्यसो हुन सकेको छैन । न्यू पाथिभरा छापाखाना विर्तामोड झापामा मुद्रित यो कृतिका प्रकाशक लेखक स्वयं उल्लेख गरिएको छ । वृत्तकारीय ढाँचामा शुरु भएको प्रस्तुत उपन्यास पढ्दा कौतूहलताको समावेश सवल देखिन्छ । चरित्रप्रधान उपान्यास 'आवेग' उद्देश्यगत संरचनामा र भावगत् संरचनामा सक्षम सावित हुन्छ ।

## ५.८.२ विधात्वका आधारमा 'आवेग' उपन्यासको विश्लेषण र मूल्याङकन

उपन्यासकार के.पी. राई 'सिर्जन शिरीष'द्वारा लिखित आवेग (२०५९) उपन्यास सामाजिक यथार्थवादी धाराको सिद्धान्तमा आधारित  चरित्र प्रधान उपन्यास हो । यस उपन्यासको सिर्जनामा के कस्ता औपन्यासिक तत्व समावेश भएका छन् । सोको विश्लेषण मूल्याङ्कन तल गरिन्छ ।

### ५.८.२.१ कथानक

### आरम्भ

"दिनेश आफ्नो कोठाबाट बाहिर निस्कन्छ " भन्ने वाक्यबाट शुरु भएर प्रमुख पात्र दिनेशको नयाँ ठाउँमा विद्यार्थी जीवनको शुरुवात घरभेटी र उनका परिवारसँग परिचय नाता कायम गर्दै पहिले सडकमा काम गर्दाको मन मिल्ने साथी रामको सम्झना गर्दै हुन्छ । ऊ नेपत्थ्यको सुमुधुर गीतमा मन लगाएर सुन्छ र रामसँगको भेट (रञ्जन) (घरभेटी), रन्जना (घरभेटीकी पत्नी), उनीसँग दिदीभाइको साइनो गाँस्दै, दिलसा (घरभेटीकी छोरी) सँग परिचय गर्छ ।

छताछुल्ल पोखिदो रहेछ

विहानीकै सपना भए पनि

सबै सबै तोडिदो रहेछ

खाएको कसम वाचा पनि

सबै सबै भुल्दो रहेछ

आवेग मधुर मिलन पनि ............... (पृष्ठ ३)

भन्ने गीत गुञ्जिदा दिनेश मग्न भई लुकेर सुन्न थाल्छ । ऊ गीत गाउने केटी साधारण पहिरन, ठिक्कको सलक्क कालो केश अनि छरितो शरीर भएकीले मन पराउदै परिचय गर्छ । वीचमा लीला नामको अर्को व्यक्तिसँग परिचय पछि छुट्छन् । युवती यस उपन्यासकी नायिका मन्जु हुन्छे । दिदी रञ्जना मन्जु र दिनेशको कुवामा पानी भर्दा भेट हुन्छ । दिनेश र मन्जु एकापसमा आकर्षित र समर्पित भएको आभाष पाइन्छ ।

## संघर्ष विकास

दिनेशलाई प्रेमको अनौठो अनुभूति बढ्न थाल्छ, दिदीले "भाइ तिमी अहिले कलिलै छौ" भनेको कुरा मनमा पुनरावृत्त हुँदा ऐना हेर्न लजाउने सर्माउने गर्दछ । अनि अतित पनि सम्भन्छ, राम, शोभा सम्भदै उनीहरू कहाँ के गर्दै होलान् भनी रुन्छ । आफ्नो जीवनमा ठूलो गुन लगाउने तिनीहरूले आफूलाई कृतध्न नसोचून् भन्दै आफू उनीहरूप्रति ऋणी भएको ठान्दछ । उनीहरूकै सम्भनामा गीत लेख्छ, गीत पनि पूरा नगरी आँसुको पर्दाले छेकी दिन्छ । उनीहरूले आफूलाई जीवनदान दिएकाले उनीहरूका पुराना फोटा, शोभाले गाएका गीत सम्भदै गर्दा अचानक तलामुनी घरभेटी दाजु दिदीको मिठो हाँसो र उसको हृदयमा वासवस्न थालेकी मन्जुले ढोका ढकढक्याउदा भस्कन्छ र सम्हालिन्छ ।

आफ्नै वाजे बजुको घरमा बस्ने दिनेशलाई मन्जु अतुलनीय माया गर्न थाल्छे । दिदीलाई पनि मन्जु अधेरीरातको चन्द्रमा भैं लाग्न थाल्छ । केटाकेटीपनकी मन्जु फिदिम गएर बाजे बजु घर फर्कदा लाडे स्वरले बाजेबजु आउनु भयो भन्दै होहल्ला गर्दछे । दिनेशको कोठामा जाने, जिस्काउने चियो दिने जस्ता कार्य सामान्य हुन थाल्छन् । सँगै स्कूल जाने आउने गर्छन् । मन्जुलाई बुढाबुढी असाध्यै माया गर्छन् । खाना खान आग्रह गर्दा पनि मन्जु दिनेशले खाएपछि मात्र खान्छे अनि बाजेवजु "हाम्रो छोरीले ज्वाँई छानी सकेकी जस्तो छ " भन्दै मुखामुख गर्छन् । मन्जुका क्रियाकलाप हेर्दा दिनेशलाई सोभाको सम्भना हुन्छ । सोभा पनि दिनेशलाई माया गर्थी । एक दिन अमरपुर डाँडामा लाग्ने हटिया (बजार) मा गाँउका युवायुवती (मन्जु ,तुलसा ,दिलसा ,दिनेश ) जान्छन् । लीला बजारमा भेटिन्छ तर ऊ उनीहरूलाई इर्श्यालु भाव राख्छ । यद्यपि लीला दिनेशसँग मिल्छ । मन्जु लीलाको फुपु पर्ने भएकोले दिनेशलाई फुपाजु भन्छ । सबै एकै ठाँउमा बसी चिया पिउछन् तर लीला पिउन मान्दैन । मन्जु राम्ररी हुर्कदै गएकामा बाजेबजु खुसी थिए तर उसको अतीत सम्भेर बजुको आँखा रसाउँछन् । मन्जुलाई दिनेशको अनुपस्थितिमा खाना रुच्दैन, निन्द्रा लाग्दैन छट्पटाउछे उता दिनेश पनि राम्ररी निन्द्रा पाउँदैन । उज्यालो भएपछि मन्जुको चिठी तुलसा मार्फत दिनेशले प्राप्त गर्छ । पहिलो पटक

चिठी प्राप्त गरेकोमा ऊ अल्मलिन्छ भस्किन्छ । तुलसा कोठाबाट बाहिरिएपछि चिठी पढ्छ तलामुनि मन्जु हासेको सुन्दै ।

उक्त पत्र प्रथम प्रेमप्रस्ताव थियो । उक्त प्रस्ताव स्वीकार नगरे आत्महत्या गर्ने,स्वीकार गरे जन्म जन्म साथ दिने कुरा लेखिएको हुन्छ । बाजेले मन्जुलाई दिनेश जस्तै असल बन्न प्रेरणा दिएको कुरा दिनेश सुन्छ फेरि आफू एउटा दुःखी अदना भएकाले मन्जुसँगको प्रेम कतै 'पासो ' त हुदैन भन्दै शंका गर्छ । मन्जु, तुलसा र दिनेशको फोटो खिच्न जाने दिन लीला पनि टुप्लुक्क आइपुग्छ तर अरुको खुसीमा ऊ खुसी साट्न सक्तैन र एउटा रमाइलो चौउरमा गई विभिन्न किसिमका फोटा खिच्छन् खाजा खान्छन् रमाइलो गर्छन् र फिर्छन् ।

आफू निम्नवर्ग तर मन्जु उच्च वर्ग ठानी वर्गीय भेदका कारण मन्जु प्राप्तिमा अवरोध हुनसक्ने ठानी दिनेश ईश्वरलाई सृष्टि गरेर मानवता किन पैसामा विकाएको भनी प्रश्न गर्छ । कहालीलाग्दो अतीत तर आश लाग्दो भविश्य दाँज्दै मन्जुको अनुपस्थितिमा भारी मन लिएर ऊ घरमै बस्छ । मन्जुसँगको भेट पश्चात उसको अनुहारको रोगन फेरिन्छ । ऊ मन्जुलाई आफ्नो वास्तविकता बताउँछ । मन्जु आफूलाई दिनेशको उपासक बताउँदै बाजेबजुले मन पराएको बताउँछे । गाउँमा अलिअलि हल्ला चल्न थालेकाले अव यो प्रेमयात्रा नटुक्र्याउन अनुरोध गर्छे । दिनेश कसैले मलाई कसको छोरा भनी प्रश्न गरेमा आफू निरुत्तर हुने दुखद स्थिति देखाई मन्जुलाई अँगालेर रुन्छ ।

गाँउमा बैकुण्ठे साहुको छोराले खसी, कुखुरा चोर्दा हल्ला फिजिन्छ । उक्त बैकुण्ठे साहू घरमा आई बाबु आमालाई कुटपिट, दिदीलाई बलात्कार गरी खोलेफँडो खाएर बाँच्ने गरीवलाई काम गरी खान नसक्ने बनाइ दिएको र केही वर्षपछि पैरोमा परी सबै परिवार गुमाई आफू रुखको जरामा अड्केर बाँचेको अरु वेपत्ता भएको बताउँछ । मन्जु दिनेशको करुण कहानी सुन्दा विक्षिप्त बन्छे । दिनेश मन्जुलाई भकभक्याएर उठाउँछ । त्यसपछि आफूले साहुलाई जग्गा जिम्मा लगाएर हिडेको बताउँछ उता मन्जुको परिवार पनि त्यही वाढी पैरोमा परी ऊ एक्ली बाँचेको समान कारुणिक जीवन वृत्तान्त बिताएको पनि बताउँछे । दुबै भावविह्वल भई रुदारुदाँ सुन्निएका आँखा पुच्दै उठ्छन्।

मन्जु स्कूल नगइकन अस्ति ठूलीटारमा खिचेका फोटा हेर्दै दिनेश र आफूलाई दाँज्छे । दिनेशलाई बोलाउँछे । दिनेशको फोटो चुम्छे । डायरीको पानामा र दिनेशको तस्विर टाँस्छे अनि तल लेख्छे ।

हृदय सुकाउने घाम होइन तिमी

शरदको चाँदनी वनी देऊ तिमी

प्रेमको शिशिर होइन तिमी

घाँटी रसाउने अमृत बनी देऊ तिमी............पृष्ठ २९

तुलसाको प्रवेश (दिनेशको चिठी दिनलाई) मन्जु आवेगमा चिठी पाउन खोज्छे । चिठी पढ्छे । चिठीमा आफ्नो प्रेम प्रष्ट पार्दै आफू मन्जुलाई वास्तविक माया गर्ने ,हृदयको सिंहासनमा बसाउने, धनसम्पतिले ढाक्न नसकेपनि चोखो प्रेमले सिगार्ने तर मन्जुले विछोडको रेखा कोरेमा आफ्नो जीवन उजाड बन्ने कुरामा शंका गर्छ । चिठी पढी सकेर अश्रुपूर्ण नयन पुच्छ्दै विधार्थी जीवन साह्रै रमाइलो तर चाराना पैसामा पनि अरुको मुख ताक्नु पर्ने भन्दै दिक्क मान्छे र गीत गुनगुनाउन थाल्छे उता दिनेश तिहारको रमझम बढ्न थालेपछि एक्लो, नरमाइलो, खल्लो महसुस गर्छ । विगतको तिक्तता झलझली हुँदा फुलेका फूल ,बजेका बाजा र मच्चिएका पिङहरू उसकालागि निरस बन्छ । उसको यस्तो अवस्थामा साथ दिने रञ्जना दिदीको हातबाट भाइटीका लगाई औपचारिकता पूरा गर्छ । पहिले आफ्नो गाउँमा देउसी भैलो खेल्दा यो केटी दिनेशको यो केटी रामुको भनेर साँस्कृतिक कार्यक्रममा सहभागी हुँदा समेत विकृतिको भाग लगाइएको तर यहाँ त्यस्तो नहोला भन्ने धारणा राख्छ दिनेश ।

मन्जु पनि चाडबाडमा आफ्ना गुमाएका बुवाआमालाई सम्झेर भकानिन्छे । दिनेश सम्झाउँछ यस्तैमा तलबाट रञ्जना दिदीबाट भैली खेल्न बोलावट हुन्छ । दिलसा ,तुलसा ,दिनेश ,मन्जु ,रञ्जना भैली खेल्ने सल्लाह गर्छन एकान्त चउरमा मञ्जु विवाहको प्रस्ताव राख्छे । दिनेश स्वीकार गर्छ तर मञ्जु दिनेश र रञ्जनाको सम्बन्धमा शंका गर्छे । दिनेश मञ्जुको शंका निवारण गर्ने प्रयास गर्छ । साँच्ची दिदी मानेको भनेर । मञ्जुको ध्यानाकर्षण दिनेशको खतमा हुन्छ । ऊ आत्तिन्छे भने दिनेश क्याँक्याँ नसुहाउने गरी रुन थाल्छ ऊ पहिले ल्याङ्वा ताप्लेजुङ्गमा बाटो खन्दा पिलर लढेर किचेको, रामु र शोभाले बचाएको (जीवनदान दिएकोले) उनीहरूलाई भुल्न नसकेको बताउँछ । र पाउँन पनि नसकेको बताउँछ । पुनः पैसाको मूल्य अनावश्यक बढेर विकृति फैलेको प्रति दुःख प्रकट गर्छ । मञ्जु ४/५ दिनमा मावल जाने कुरा गर्छे । फर्कन साँझ पर्न लागेकाले घर फर्कि भैलो खेल्न थाल्छ रातभर भैलो खेली एकछिन सुतेर उठी मञ्जु मावल हिड्नु पहिले निदेशको कोठामा गई रु ५००।- तिहार खर्च दिन्छे दिनेश दाजु दिदीलाई काम सघाउँदै पहिले देउसी खेल्दाका अनुभव र विकृतिको बारेमा छलफल गर्छन् । दिनेश भाइटीकामा दिदीलाई रु ५००।- दिई ढोग्छ यसरी तिहारको रमझम सिदिन्छ । दिनेश कक्षा १० मा बढ्छ । स्कूलमा कविता, कथा, गीत, नृत्य र मुक्तक प्रतियोगिता हुन्छ निदेश कविता, गीत र नृत्यमा भाग लिन्छ । उत्कृष्टकला प्रदर्शन गर्छ सवैले खुसी व्यक्त ताली र हँसिलो मुहारले गर्छन तर लीला खुल्न सक्दैन दिनेश र मञ्जु दुवैले युगल नृत्यमा भाग लिएका हुन्छन । कार्यक्रम सकिएपछि पुरस्कार वितरणको कार्यक्रम चल्छ । कवितामा मञ्जु प्रथम, दिनेश द्वितीय मुक्तक, गीत र नृत्यमा दिनेश प्रथम हुन्छ उनीहरूलाई सवैले सफलताको शुभकामना दिनछन् । उनीहरूलाई त्यो दिनको नायक नायिका नै सम्झन्छन् ।

दिनेश र मञ्जु एक ठाउँमा वसी सरल जीवन जीउन प्रण गर्छन् शोभालाई सम्झदै उनीहरूले बेला-बेलामा गाउँने गरेका गीतहरू पालो पालो गाउँदै रमाउँछन् । वातावरणको सुन्दरतालाई

भालुचोकमा बेला बेला गुड्ने गाडीले चिर्छन भने बाँकि समय उनीहरूलेनै उपभोग गरिहेका हुन्छन् । यस्तैमा माथिबाट अमरपुर विलिभर्स चर्चबाट आएको सँगतीले प्रेमवार्ता भङग भई घरतिर लाग्छन् दिनेश, रामु र शोभालाई सम्झदै अघि बढ्छ । बाटोमा एउटा फोहोरी मानिस कराउँदै डिहेको, गाडीको मनमोहक गीतको आवाज । यस्तैमा मञ्जुको नयन अश्रपूर्ण देखेर दिनेश सोध्छ । मञ्जु पुनः दिनेश र रञ्जनाको सम्बन्धमा शंका गर्छे । दिनेश सम्झन्छ कोठामा यी सव कुराका बारेमा सोध्छ मञ्जुको बोलावट पछि दिनेश बाजे बजुको कोठामा झर्छ । बाजेबाट दिनेश र मञ्जुको विवाहको वारेमा कुराको उठान हुन्छ । यही मंसिरमा विवाह हुने कुरामा सवै हर्षित छन् । पढाईको 'प' सम्मै हुदैन । डायरीमा प्रेमका मुक्तक, सायरी, दिनेश-मञ्जु आदि भने बढी कोरिन्छन ।

दिनेश र मञ्जुका विवाहको दिन नजिकिन थाले । भावि जीवनको रुपरेखा कोर्दै खुसीसाथ उनीहरू दिन बिताउँदैछन् । एकदिन चौतारमा बसेर गफ गर्दा गर्दै एउटा भरियाका रूपमा रामको प्रवेश हुन्छ । दिनेशले उस्लाई शुरुमै चिनेर अँगाल्छ भने राम नचिनेर डराउँछ । जब चिनजान हुन्छ तब हर्षाश्रुले दुबै रुझ्छन । मञ्जु चुपचाप हेरीरहन्छे । रामु दिनेशलाई प्रश्नबर्षा गर्छ । दिनेश पनि रामु र शोभासँग छुट्टिएपछि कावेलीमा बालुवा वोकेको, च्याङथापुमा अलैंचीबारीमा काम गरेको र कालीखोला गएर वसेको अन्त्यमा जीवनको उन्नतिको लागि पढ्न भनेर यहाँ वसेको बताउँदै शोभा र रामुको आद्योपान्त खबर सोध्छ । रामु भन्छ निदेशसँग छुट्टिको एक महिना पछि शोभा र ऊ पनि छुट्टिछन । आ-आफ्नो घर जान्छन् । शोभालाई माग्न कन्यार्थी आउँछन् र शोभाको विवाह एउटा हङकङ आईडिवाला केटासँग हुन्छ । शोभा अहिले हङकङमा छ । उसले मलाई पनि घरखर्च पठाएर पहिलेको जग्गा साहुले खाए पनि साहुले शोभाको इच्छा बमोजिम त्यही पैसाले जग्गा किनेर फावाखोलामा वसेको, आफ्नो साहुको छोरा घाँस काट्दा भिरबाट लडेर मरेको । त्यसको मृत्युको कारण रामुलाई लगाएर दुःख दिएकाले अर्को गाउँमा बस्न थालेको सुनाउँछ । रामुले आफूले विवाह गरि दुई छोरी र एक छोरा भएको शोभाले दिनेशको सम्झना गरी ३/४ वटा चिठी पठाएको बताउँछ दिनेश पनि रामुलाई आफू बसेको ठाउँ देखाउँदै अब शोभालाई पत्र लेख्न कुरा गर्छ र मञ्जुको पनि परिचय गराएर कुराकानी अघि बढ्छ । मंसिर १५ मा विवाह हुने भएकाले निम्तो पनि दिन्छ बिडम्बनाबश उक्त विवाह २८ गतेसम्म सारिन्छ । मञ्जु र दिनेश न्यास्रो मुख पार्छन् । रामु १५ गते नै आउला तर ऊ छिटै आएर के विग्रन्छ र भन्दै मंसिर २८ गतेदेखि सुखद औपचारिक जीवनको शुरुवात हुने कुरामा विश्वस्त हुन्छन् ।

तुलसा र दिलसा स्याँस्याँ र फ्याँफ्याँ गर्दै प्रवेश गर्छन् र बताउँछन् कि रञ्जन सडकमा काम गर्दा माथिदेखि ढुंगा खसेर टाउकोमा लागि क्षतिविक्षत भएको अरु घाइतेलाई उपचारार्थ लगिएको र उहाँ वेहोस भएको खवरले दिनेश आवेगमा आउँछ । ईश्वर पुकार्दै भालुचोकतिर दुवै लाग्छन् । भिडका बीच रञ्जनको शव रगतको पोखरी, देख्दा रञ्जना दिदी मुर्छा पर्छिन र रञ्जना होसमा आएर

रुदा कराउँदा पनि उनको प्राणपखेरु पर्कदैन । अब उनका आफन्त बाजे, बजु, दिलसा, मन्जु, तुलसा र दिनेश मात्र थिए । दिनेशले दिदीको हेरचाह गर्नु आफ्नो कर्तव्य सम्झन्छ । उसलाई  अत्यन्त पीडा हुन्छ । जतिरोए पनि रञ्जन नफर्कदा गरीवले दुःससँग खाएको २ गाँस ईश्वरलाई डाह भएको महसु गरी दुखद दाहसंस्कार गरिन्छ । अन्येष्ठि पछि रञ्जना सरसामान लिई आइन् । रामु आउने दिनमा कसैगरी आउँछु भनी मञ्जु मावल गएको तीन दिन भयो । यता रञ्जना दिदी रञ्जनको घर नगई माइतिघर तावाखोला जाने भएकी छिन् । दिदीको आग्रहमा दिनेश पुऱ्याउन जाने भयो । बाजे बजुसँग विदा माग्दा र मन्जुको विवाहमा आउने निम्तो दिएर विदा पाउँछिन् ।

## चरम उत्कर्ष

मंसिर १५ गते मन्जु मावलबाट फर्कन्छे । दिदीको कोठा खुला, दिनेशको कोठा बन्द, बाजे बजु सौदा गर्न गएको बुझ्छे । ऊ  दिनेशलाई खोज्छे, ऊ बिनाको संसार शून्य ठानी धारा कुवातिर जान्छे । शनिवार भएकाले स्कूल जाने कुरै थिएन । पँधेरोमा लीलासँग भेट हुन्छ । मञ्जुका लागि घृणित पात्र लीला निन्याउरो मुख लगाएर उसको सामु प्रस्तुत भई केही कुरा गर्ने भन्छ । विभिन्न सिलशिला मिलाएर  दिनेशले त्यो तिम्रो घरमा बस्ने विधवा लिएर हिड्यो । तिमीलाई धोका दियो । २८ गतेको निम्तो गरेको वेकार भयो । कलिहेकाँही दिदीभाइको सम्बन्धमा शंका गर्ने मन्जुको लागि वेखवर त्यसरी लापत्ता हुनु शंकास्पद नै ठहर्छ । आवेगमा सामर्थ्यहीन भई रुन घृणा गर्न थाल्छे । लीला खुसी हुन्छ र घर फिर्छ । तुलसा मञ्जुलाई  भेट्छे । मञ्जु दिनेशले आफूलाई धोका दिएको कुरा सुनाउँछे । तुलसा मन्जुले सुनेका कुरा नकार्दै वास्तविकता वताउँछे । रञ्जना यस्तो अवस्थामा आफूले भाइमानेको व्यक्तिसँग कसरी पोइला जानुहुन्छ र भनी सम्झाउछे मञ्जु तर पत्याउदिन । मेरो चित्त बुझाउन मात्र यसो भनेकी हौं । मलाई लीलाले वास्तविकता बताइ सक्यो । तिमी घर जाऊ भनी पठाउछे । बाजे बजुले भनेको पनि पत्याउदिन । कोठा बन्द गर्छे । रामु दिनेश र मन्जु (हितैषी) को विवाह धुमधामकासाथ मनाउन आइपुग्छ । कोठा बन्द गरेको २/३ घण्टा भएकाले मनमा चिसो पसेर बाजे जवर्जस्ती ढोका तोड्छन् त मन्जु आफ्नै सलमा झुण्डिएर आत्महत्या गरिसकेकी हुन्छे । बूढाबूढीलाई हुनसम्मको चोट पर्छ ।

## उपकर्ष

उता दिनेश सुखद दाम्पत्य जीवनको स्वर्णिम सपना  बोकेर, मन्जु र रामुलाई सम्झदै रमाउदै डेरा फर्कन्छ । डेरावरपर ठूलो जमघट देख्दा छक्क पर्छ । एकैछिनमा उसको सपना हुरीले उडाइदिएको थाहा पाउँछ । उसलाई यो सव  कथा जस्तो लाग्छ । अर्कोतिर रामु "हे ईश्वर जब जब यस संसारमा मानव सृष्टि गरिस तर गरीव र निमुखा, सत्य र इमान्दारको निम्ति अभिशापको जाल बुनिस । थाहा छैन तँलाई दिनेशको  जीवन यात्रा....भन्दै रुदै थियो । यता लीलाले बुनेको जालमा

मन्जु परेको थाहा पाएर गाउँलेले उसलाई पक्रेका थिए भने यता दिनेश मन्जु मन्जु भन्दै थियो । विक्षिप्त भई कहिले हाँस्छ, दौडन्छ । लडेर छियाछिया भएको छ । मन्जुले भनेको शब्द-शब्द उसको कानमा गुन्जिन्छ टाउको ठोक्छ । रामु दिनेशलाई सम्झाउछ , अँगाल्छ तर दिनेश थाहा पाउदैन । दिनेश लीलालाई किक हान्छ, लीला धरखरिन्दै उठ्छ पुनः बक्सिङ प्रहार गर्छ । रामु ............शोभा ...........भन्दै कोठातिर दगुर्छ, लड्छ टीनको बाकस बोकेर वरण्डाबाट फालहान्छ खुट्टा छियाछिया हुन्छ, मन्जुलाई माया गरेर प्याट्ट कुट्छ तर रामुको नाकमा लागेर नाथ्री फुट्छ । ऊ कहिले बाजे बजुलाई ढोग्छ के गर्छ, के भन्छ सबै विक्षिप्ततामा सीमित हुन्छ । एकै छिनमा जसरी आवेगमा मन्जुले आत्महत्या गरी त्यसै गरी दिनेश पनि आवेगमै त्यो घर छाडेर जान्छ, दौडन्छ छिनमैडाँडा काट्छ छेलिन्छ ।

## ५.८. २.२ पात्र वा चरित्र चित्रण

के.पी. राई सिर्जन शिरीषको पहिलो उपन्यास 'आवेगमा' विभिन्न पात्रहरू उभ्याइएको छ । यस उपन्यासमा लिङ्गका आधारमा पुरुष पात्रका रूपमा रञ्जन, रामु, बाजे, लीला, वैकुण्ठे साहु वैकुण्ठे साहुको छोरो, वैकुण्ठेका मतियार रहेको छन् भने स्त्री पात्रका रूपमा मन्जु, दिलसा, रञ्जना, बजु, शोभा, तुलास रहेका छन् । प्रवृत्तिका आधारमा दिनेश, मञ्जु, तुलसा, दिलसा रामु, शोभा रञ्जन रन्जना बाजे, बजु सत पात्रको रूपमा देखिएका छन् । भने लीला, वैकुण्ठे साहु उसको छोरो र उसका मतियार असत् पात्रको रूपमा देखा परेका छन् । यस उपन्यासका प्रमुख पात्रहरू दिनेश र मञ्जु हुन । जाने, बज्यू, रञ्जन, रञ्जना, रामु, तुलसा, दिलसा लीला, सहायक पात्रहरू हुन । यसका अतिरिक्त यस उपन्यासमा केही गौण पात्रहरू पनि छन् । जसमा शोभा बैकुण्ठे साहु, बैकुण्ठेको छोरा, वैकुण्ठेका मातियारहरू बावु, आमा दिदी छिमेकी आदि रहेका छन् । उपन्यासमा पात्रहरूको उपस्थिति, भूमिका, महत्वको विश्लेषण निम्नानुसार गरिनछ ।

### दिनेश

दिनेश यस उपन्यासको प्रमुख पात्र (नायक) हो । उपन्यासको सम्पूर्ण कथावस्तु दिनेशकै सरोफेरोमा घुम्दछ । ऊ ताप्लेजुङ फावाखोलामा एक गरीव परिवारमा जन्मेको व्यक्ति हो । गाउँमा सामन्ती व्यवस्थाका पक्षपातीका कारण जो होचो उसकै मुखमा घोचो भनेझैं उसका बावु आमा र दिदीले घोर अन्याय सहनुपरेको थियो भने प्राकृतिक विपत्ति पनि उसकै परिवारमा आइपर्दा ऊ वाल्यकालमै एक्लो, टुहुरो अनाथ भई बाँच्नुका लागि बाटो खन्ने जस्ता कठिन काम गरी खाएको व्यक्ति हो । आफ्नो भविष्य उज्जवल बनाउन पढ्न चाहने दिनेश बाजे बज्यूको घरमा डेरा बसी अमरपुर मा.वि.मा कक्षा ८ मा भर्ना हुन्छ । एकै घरमा बस्दा मञ्जुसँग चिनजान हुन्छ । उनीहरूलाई मायाको डोरीले कस्न थाल्छ र अन्त्यमा विवाह गर्ने सम्म हुन्छन् । गाउँघर इष्टभित्र, मेलापात

हाटबजार आदिमा संरिक हुन चाहने दिनेश अरु सवैको विश्वास पात्र तर लीलाको इर्ष्यापात्र हुन्छ । बाटो खन्दा (ल्याङ्वामा) अविश्मरणीय सहयोग गर्ने रामु र शोभा मध्ये रामुसँग भेट हुँदा अपार हर्ष व्यक्त गर्ने दिनेश एक कृतज्ञ पात्र हो । कविता, गीत मन पराउने दिनेश चिठीमा गीत, कविता प्रयोग गर्छ । साहित्यिक तथा साँस्कृतिक कार्यक्रममा भाग लिन्छ । परिस्थितिवश विवाहको साइत सार्नुपर्दा चिन्तित दिनेश भेना मानेको रञ्जन सडकमा काम गर्दा ढुङ्गाले किचेर दुघर्टनामा परी मर्दा विह्वल हुन्छ, सम्पूर्ण कार्यमा सहयोग गर्छ, रञ्जनालाई बचाउँछ । १५ गतेको विवाह २८ गते सरेपछि मञ्जु मावल गएका वेला रञ्जनालाई उनको माइत तावाखोला पुऱ्याउने साथी कोही नुहँदा उनलाई साथ दिन्छ तर ऊ आउनु भन्दा पहिले मञ्जु मावलबाट फर्किन्छे, घरमा कोही नभेट्दा अचानक लीलासँग भेट भई लीला आफ्ना ईर्ष्याको फाइदा उठाएर उसले रञ्जनालाई बिहे गरी गएको कुरा सुनाइ विश्वस्त बनाइ सकेकाले मञ्जु आवेगमा आइ अरु केही नसोची कसैका कुरा नसुनी कोठामा सलको पासो लागेर आत्महत्या गरी सबै भेला भएको बेला अकस्मात बाटोमा खवर सुनी पागल भैकराउँदै आएछ । लीलाको चर्तिकला बुझ्छ तर आफूलाई सम्हाल्न सक्दैन । लीलालाई सवका सामु किक हान्छ मञ्जु को मायामा विक्षिप्त भई जताजतै दगुर्ने, बोल्ने हामफाल्दै घाइते बनी आवेगमै  घरछोडी डाँडाकाटी ओझेल पर्छ ।

यसरी यस उपन्यासमा दिनेश एक प्रमुख पात्र हो । वाल्यकालदेखि आफू अनेक दुःख कष्ट सहेर, सङ्घर्ष गरी बाँचेको पात्र हो । जीवन सफल पार्न शिक्षाको आवश्यकतादेखि अध्ययन गर्न थालेको दिनेश अपरिपक्क अवस्थामा प्रेमको बाटो समाल्छ । किशोरावस्था मानिसको एक जटिल अवस्था हो । यसवेला मानिस सही निर्णय गर्न सक्दैन । आवेगमा आएर काम गर्छ यस्तो बेला अभिभावकको सही निर्देश आवश्यक हुन्छ तर अभिभावकत्वबाट बञ्चित दिनेशको जीवन आवेगमै समाप्त हुन्छ ।

## मन्जु

मञ्जु यस उपन्यासकी एक प्रमुख पात्र (नायिका) हो ।  आमाबुवा तथा तथा सम्पूर्ण घर परिवारलाई पहिरोले लगेर ऊ मात्र बाँच्न सफल भएकी मञ्जु बाजे बज्यूको घरमा उनीहरूको एकमात्र उत्तराधिकारीका रूपमा बसेको अवस्थामा दिनेश सँग भेट, चिनजान र माया प्रीति शुरु हुन्छ। किशोरावस्थामा प्रेमको बन्धनमा बाँधिएकी मन्जु एक आकर्षक शारिरिक व्यक्तित्व भएकी पात्र हो । हरेक कुरामा आफूसँग मिल्दो पाएकोमा ईश्वरलाई धन्यवाद दिन चाहने मञ्जु दिलसा तुलसाको सहयोगमा प्रेमपूर्ण  जीवन बिताउँदै आएकी छ । विवाहकै साइत परसार्नु पर्दा दुखित मञ्जु, विवाहका दिन गन्दै मावल जान्छे र फर्कन्छे । मावलबाट फर्किदा घरमा बाजे बज्यू नभएको र दिनेश पनि रञ्जादिदीलाई तावाखोला (माइत) सम्म पुऱ्याउन गएको बेला अरुबेला मन नपर्ने लीला त्यसदिन

सवैभन्दा नजिकको दाजु बन्न सफल हुन्छ र उसकै जालमा परी तुलसा, बाजे र बज्युले सम्झाउदा पनि नसम्झी कोठामा गई आवेगमा सलको पासो लगाई आत्महत्या गर्न पुग्छे ।

यसरी यस उपन्यासमा नायिकाको रूपमा रहेकी मञ्जु टुहरी, अनाथ, तर सम्पन्न, सुन्दर नारी पात्र हो । आकर्षक चेहरा जीउडाल भएकी सामान्य लेखपढ भएकी साक्षर अरुका कुरा सुन्ने, शङ्कालु, धैर्य गर्न नसक्ने सही निर्णय गर्न नसक्ने एक किशोरी हो ।

## बाजे बज्यू:

बाजे बज्यू यस उपन्यासका सत् पात्र हुन् । सेवा निवृत्त लाहुरे बाजे र उनकी जीवन संगिनी बज्यू एक अनाथ टुहुरी मन्जुलाई शरण दिई आफ्नो उत्तराधिकारी सम्झने एक उदार परोपकारी पात्र हुन् । मन्जु र दिनेशको सुन्दर जोडीको स्वागत गरी ती दुवैका नाथ पात्र वाजे वज्यू हस्यौली ठट्यौलीमा पनि कम छैनन् । अरुलाई सही मार्गदर्शन गर्ने उनीहरू यस उपन्यासका सहयोगी सहायक पात्र हुन ।

## तुलसा-

तुलसा यस उपन्यासकी एक सहयोगी नारी सत् पात्र हो । मञ्जुकी साथी तुलसा मञ्जु र दिनेशको प्रेम जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने, चिठी आदान प्रदान गर्न सहयोग गर्ने निर्दोष उदार पात्र हो । नायक नायिकाका सुख दुःखको एक भरपर्दो साथी पनि हो ।

## दिलसाः-

दिलसा यस उपन्यासकी एक सत् पात्र हो । रञ्जन र रञ्जनाकी छोरी दिलसा एक वाल पात्र पनि हो । मन्जुसँगै आउने जाने, खेल्ने ऊ यस उपन्यासकी नायिकाकी साथी पनि हो । निर्दोष चञ्चल प्रकृतिकी दिलसा यस उपन्यासकी एक स्त्री सत् पात्र हो ।

## रञ्जनः-

रञ्जन यस उपन्यासको एक सत् पुरुष पात्र हो । यस उपन्यासको कथानकसँग सकारात्मक नायक नायिकाको हित चिताउने सडकमा काम गर्ने कामदार, निर्दोष सहयोगी पात्र हो । नायक दिनेशले भिनाजु मानेका रञ्जन अकालमा सडकमा काम गर्दा ढुङ्गा लडेर किचेर दुःखद मृत्युवरण गर्ने, उपन्यासलाई दुःखान्त बनाउने एक कारक पनि हुन् ।

## रञ्जनाः

रञ्जना यस उपन्यासकी एक सत् स्त्री पात्र हो । रञ्जनकी श्रीमती, दिलसाकी आमा तथा नायक निदेशलाई भाइटीका लगाई भाइवरण गरी उसलाई दिदीको माया ममता दिने एक सकारात्मक पात्र हो । रञ्जनको मृत्यु पछि भाइ मानेको दिनेशबाट धेरै सहयोग पाउन सफल रञ्जना लीलाको षडयन्त्रको सिकार मञ्जु बनेपछि उनकै कारण दिनेश र मन्जुको सुन्दर सपना भताभुङ्ग भई दुःखद अन्त्य हुन्छ । यसरी यस उपन्यासमा रञ्जना एक निर्दोष पात्रलाई असत् पात्रले दोषी बनाई उपन्यास दुखान्तमा टुङ्ग्याईएको छ ।

## रामुः

रामु यस उपन्यासको एक सत्पात्र हो । ऊ दिनेशको सुखदुःको साथी हो । दिनेशको परिवारलाई  पहिरोले पुरेपछि  एक्लो अनाथ दिनेशसंग ल्याङवा (दोखु-ताप्लेजुङमा) बाटो  खन्दा भेट भई एकैठाउँ बसेका दिनेशलाई चोटपकट लाग्दा साथ दिने रामु दिनेशको जीवनमा एक अविस्मरणीय पात्र हो । लामो समय छुट्टिंदा दुवैलाई असहज भएको पाइन्छ । लामो समय पश्चात भेट हुँदा टुक्रिएको अङ्ग जोडिएझै भएको बुझिन्छ ।  तसर्थ रामु निश्वार्थी, परोपकारी एक तल्लो  वर्गको शोषित पीडित नेपाली ग्रामीण  जनताको प्रतिनिधि पात्र हो ।

## लीलाः

लीला यस उपन्यासको एक सहायक पात्र हो । असत् प्रवृत्तिको लीला यस उपन्यासको गुप्त खलनायक हो । मुखमा राम राम वगालीमा छुरा झैं बाहिर खासै रोष प्रकट गर्ने, कुराले ठीक पार्ने दिनेशको साथीको रूपमा देखापर्ने लीला भित्र भित्र मुर्मुरिएर बस्ने दिनेश मञ्जुको प्रेम कथा असह्य भएर जल्ने लीला इर्ष्यालु, स्वार्थी अरुको वरवादीमा रमाउने दुष्ट पात्र हो । साथीहरूसंग हिड्ने तर राम्ररी नखुल्ने विचार आदान प्रदान नगर्ने भित्र भित्र अरुको कुभलो चाहने लीला गल्ती नगर्ने वा गल्ती नै नगरीकन दण्ड दिन चाहने एक कुख्यात वदमास पात्र हो । उसकै कारण दिनेश र मञ्जुको सुन्दर जीवन भताभुङग र लथालिङ्ग हुन्छ । आफन्त मञ्जुलाई मरणका लागि उक्साउने र दिनेशको जीवन वरवाद पार्ने उसको कार्यका आधारमा ऊ अपराधी पात्रका रूपमा रहेको छ ।

## आवेग उपन्यसाका गौण पात्रहरूको चित्रणः

आवेग उपन्यास वहुपात्रीय उपन्यास हो । यसमा प्रमुख पात्र सहायक पात्र र गौण पात्रपहरूको उपस्थिति रहेको छ । कथावस्तुसंग सोझो सम्बन्ध भएका प्रमुख पात्र, र कथानकलाई विकसित गर्न सहयोग गर्ने सहयोगी पात्र र उपन्यासमा चर्चामा आएका तर प्रत्यक्ष रूपमा देखा नपर्ने पात्रलाई गौण पात्रका रूपमा लिइएको छ । यस उपन्यासमा गौणपात्रहरू पनि सशक्त  छन् । नाकय दिनेशका बुवा, आमा दिदी, शोभा र छिमेकीहरू सत् पात्र हुन । निर्दोष, सोभा तथा निमुखा दिनेशका वावा, आमा र दिदी, बैकुण्ठे साहुको मनपरी सहन वाध्य छन् । आफ्ना कुखुरा, बाखा

हराएर चोर पत्ता लगाउदा पनि न्याय नपाई मरणासन्न हुने गरी कुटाइ र बलत्कारको सिकार बन्न विवस बन्छन् । जो होचो उसकै मुखमा घोचो भनेझै आफ्नो चोरी, डकैती हुनु न्याय खोज्दा उल्टै मरणासन्न हुने गरी कुटाइ खानु, प्रकृतिले पनि ठग्नु त्यही निरीह प्राणीलाई पहिरोले पुर्नु जस्ता विडम्बनाको सिकार बनेका छन् । छिमेकीहरू पनि अन्याय सहन प्रेरित गर्ने कमजोर पात्र हुन् ।

शोभा उपन्यासमा वारंवार चर्चामा आउने दिनेशलाई माया गर्ने बाटोखन्दा हरेक कुरामा साथ दिने शोभालाई दिनेश भुल्न सक्दैन भने रामुका लागि ऊ भाग्य निर्माता नै हो । रामुको जग्गा जमिन साहुले कब्जा गरेको स्थितिमा हङकङ आइ डि वाला केटासंग विहे गरी हङकङ गएर रामुलाई पैसा पठाई रामु  जग्गा किनेर बसेका छ । यसर्थ शोभा एक सत् पात्र हो । निश्वार्थी समाजसेवी भावनाकी आदर्श पात्र भन्न सकिन्छ ।

वैकुण्ठे साहु, उसको छोरा र उसका मतियार यस उपन्यासका गौण असत पात्र हुन । अरुलाई थिचोमिचो गर्ने जो चोर उसकै ठूलो स्वर भने झै  गर्ने अनुरुको मर्म नबुझ्ने शोषण सामन्ती दलाल पात्र हुन् ।

## ५.८.२.३. परिवेशः

परिवेश भन्नाले उपन्यासमा देश काल र वातावरण भन्ने बुझिन्छ । आवेग उपन्यासमा पाँचथर र ताप्लेजुङ जिल्लाका विभिन्न स्थानलाई कथानकले छोएको छ । कथानकले छोएको  स्थान,ा कथानकले सङ्केत गरेको वातावरण नै परिवेश हो । यहाँ उल्लेख गरिएका विभिन्न स्थानगत परिवेशमा ताप्लेजुङका फावाखोला, तावाखोला, तिरिङगे नाङ्खोल्याङ, दाखु ल्याङ्वा थेचम्बु, पाँचथरका खास गरी अमरपुर, फिदिम अमरपुरका नवमीबजार, अमरपुर मा.वि. भालुचोक, कावेलीखोला सतिघाट विलिमर्सचर्च आदि रहेका छन् । पिकनिक गएको स्थान ठूलीटार, वसन्त ऋुतु, एकान्त स्थल आदि पनि परिवेशका रूपमा आएका छन् । उपन्यसमा पात्रहरूको आर्थिक सामाजिक धार्मिक परिवेश पनि उल्लेख  गरिएको छ । सांस्कृतिक परिवेशमा मृत्यु संस्कार, तिहारको देउसी भैलोको पक्ष उल्लेख गरिएको छ । राम्रा र सुधार गर्नु पर्ने पक्षको सङ्केत पनि गरिएको छ । आर्थिक परिवेशमा पात्रहरू रामु दिनेश पनि उल्लेख गरिएको छ भने बाजे बजु सम्पन्न छन् । सामाजिक परिवेश सामन्ती शोषणको बोलवाला उनीहरूले जे चाहान्छन् त्यही हुने गरीव निमुखाको जीवन अन्यायपूर्ण छ । धार्मिक परिवेशमा हिन्दु धार्मिक परम्परा र इसाई धार्मिक परंपरको चित्रण छ । एकातिर रामु, शोभा, दिनेश, वाजे वज्यू रञ्जन र रञ्जना तुलसा आदिको उदार हृदय सहयोगी भावनाको सकारात्मक परिवेश उल्लेख गरिएको छ । भने अर्को तिर वैकुण्ठे साहु उसको छोरो र उसका मतियार र लीला जस्ता शोषक, अन्यायी अत्याचारी स्वार्थी इर्ष्याल, घमण्डी पात्रहरूको नकारत्मक परिवेश पनि उल्लेख छ ।

यस उपन्यासमा समाजमा भएको सकारात्मक परिवेश र नकारात्मक परिवेशको चित्रण गर्दै सकारात्मक परिवेश कमजोर भएको र नकारात्मक परिवेश नै मजवुत भएको यथार्थ उल्लेख गरिएको छ । सकारात्मक परिवेश भित्र नकारात्मक परिवेशको प्रवेश चामलमा घुन, आकाशमा वादल, फलफूलमा किरा जस्ता स्वभाविक रूपमा रहने र त्यसैले अन्ततः सकारात्मकता नष्ट गर्न सक्ने तथ्यमाथि प्रकाश पारिएको छ ।

## ५.८.२.४. भाषाशैलीः-

भाषा उपन्यासको कथ्य प्रस्तुत गर्ने वा अभिव्यक्त गर्ने माध्यम हो । र शैली चाहि यसलाई प्रस्तुत गर्ने तौरतरिका हो । भाषा र शैलीको संयुक्त रुप नै भाषाशैली हो । यो उपन्यासको अर्को अपरिहार्य तत्व हो । यस उपन्यासमा भाषा शैली सरल सहज स्थानीय गाउँघरका बोलीचालीका, झर्राशब्द अनुकरणात्मक शब्द, पारिभाषिक र यदा कदा आलङ्कारिक शब्दको पनि प्रयोग भएको छ । मूलतः ठेट नेपाली भाषामा केही आगन्तुक शब्द पनि समेटिएको दुर्वोध्यता नपाईने हुनु यस उपन्यासको भाषा शैलीगत विशेषता हो । यसका साथै ठाउँ ठाउँमा पात्रहरूले गीत गाएको एउटाको गीत अर्कोलाई अत्यन्त मनपर्ने र सम्झिरहने जस्तो क्रियाकलापले उपन्यसमा प्रयोग भएका गाउँघरको  बोली चालीका शब्द, आगन्तुक शब्द झर्राशब्द , अनुकरणात्मक शब्द, परिभाषिक शब्द, आलाङ्कारिक शब्द उखान टुक्का, गीत, कविता निम्नानुसार हेर्न सकिन्छ ।

नाना, पापा, सोल्टी, खोरिया, फाल्सा, विस्कुट, पिल्लर हङ्कङ लक आइडी  जङगलको रुवाई, एकै रथका दुई पाङग्रा, हिमपात र असिनाले लतारेको, उजाडेको सिउदो, गोलावारुदले कटाएको पहाडझैं मुटु, पालेको चराले एकदिन अवश्य ठुङ्छ ?

"छताछुल्ल पोखिदो रहेछ, विहानीको सपना भए पनि

सवै सवै  टााडिंदो रहेछ, खाएको वाचा कमस पनि"

"लहरा झै यो जिन्दगीलाई  सहारा  बनी डोऱ्याइ दियौ

फल्ने थिएँ होला कुनै दिन सागर वीचमा छाडी दियौ ।

यस उपन्यसमा यस्ता विविध प्रयोगले भाषाशैलीगत गरिमा उच्च देखिन्छ । यो उपन्यास श्रुति मधुर बनेको छ र सरल भाषा शैली भएर पनि उल्लेख्य छ ।

## ५.८.२.५. जीवन दर्शन वा उद्देश्य

उद्देश्य उपन्यास लेखनको कारण वा प्रयोजन हो । उपन्यासमा स्थान पाएका हरेक पात्रका माध्यमबाट  जीवनका कुनै न कुनै पक्षलाई देखाउनु उपन्यास लेखनको उद्देश्य हो । एउटा व्यक्ति बाँचेको समाजमा धेरै घटना घट्दछन् उपन्यास जीवनको दर्शन हो । व्यक्तिले भोगेको शैक्षिक, राजनैतिक सामाजिक, साँस्कृतिक, धार्मिक, नैतिक आदि सम्पूर्ण पक्षलाई प्रस्तुत गर्नु उपन्यास लेखनको उद्देश्य हो । कुनै पनि साहित्यकारले केही उद्देश्य लिएर नै साहित्य रचना गरेको हुन्छ । त्यस कृति मार्फत उसले समाजलाई केही भन्न वा सन्देश दिन खोजेको हुन्छ । यसरी हेर्दा उपन्यासकार के.पी. राई  सिर्जन शिरिषले यस उपन्यास मार्फत भन्न खोजेको खास कुरा "मानिसले सवैमा निस्वार्थ प्रेमको भावना राख्नुपर्छ, आवेगमा कुनै पनि निर्णय गर्नु हुँदैन । व्यवहारिक जीवन जिउन मानिस परिपक्क हुन पर्दछ । कसैले कसैलाई अन्याय गर्नु हुँदैन अरु प्रति रिस, राँग, द्वेश, ईर्ष्या भाव राख्नु हुदैन । मानिसको जीवनमा आपत् विपत् अवश्य आउँछन तर त्यसमा आत्तिनु हुँदैन धैर्यको सहारा लिनु पर्छ । उच्च आत्मबल लिएर इमान्दारिताका साथ कुनै कार्यमा परिश्रम गरेमा सफलता अवश्य हात लाग्दछ ।"

यस उपन्यासमा दिनेशको रामु शोभा तथा मञ्जु वीच पवित्र प्रेमको  सम्बन्ध छ । उनीहरू इमान्दार छन्, श्रममा विश्वास राख्छन् । उनीहरूले वाजे बज्यू, आमा बुवा साथीभाइ, रञ्जन, रञ्जना आदिवाट यही इमान्दारिताले गर्दा साथ पाएका छन् । तर दिनेश, मञ्जु अपरिपक्क किशोर किशोरी हुन । उनीहरूलाई व्यावहारिक जीवनका कतिपय पक्षहरू थाहा छैनन् । प्रेम शुरु भए पछि नै विवाहका कुरा निकाल्छन् । अरुलाई सहयोग गर्न त पछि पर्दैनन् तर आफूलाई समस्या पर्ने शंकामा नै जीवन त्याग गर्छन् धैर्यताको कमीको कारण जीवन वर्वाद भएको छ । अर्कातिर वैकुण्ठेसाहु उसको छोरो (कुखुरा चोर) र उसका मतियार तथा लीला अरुमाथि दमन शोषण अन्याय अत्याचार  रिस हाड इर्ष्या आदि गर्न रुचाउँछन् । अरुलाई दु:ख दिएर बाँच्छन् । अरुको दु:खमा हाँस्छन् । त्यस्ता पात्रलाई कसैले राम्रो भन्दैनन् । त्यसरी बाँच्नु मानवता होइन् । उनीहरू दु:खमा पर्दा अरुले सहयोग नगर्न पनि सक्छन् भन्ने नै यस उपन्यासको जीवन दर्शन वा उद्देश्य हो ।

## ५.८.२.६. कौतूहल

कौतूहल उपन्यासको सफलता जाँच्ने कसी हो । उपन्यासमा घटित पछि कुन घटना आउँछ भन्ने जिज्ञासा वा चासो पाठकमा उब्जनलाई नै कौतूहल भनिन्छ । एउटा सफल उपन्यासमा एउटा घटना घटेपछि वा कथानकको अग्रगमनमा पाठकमा कौतूहलता छाँउछ । कुन परिवेशमा कहाँ  कस्तो अवस्थाबाट उपन्यासको गति अघि बढ्यो, कुन घटना कस्तो अवस्थाबाट घट्यो, भन्ने कौतूहलता यस आवेग उपन्यासको कथानकमा विभिन्न किसिमले सिर्जना भएको छ । उपन्यासको शुरु "दिनेश आफ्नो कोठाबाट वाहिर निस्कन्छ" । बाट शुरु भएको छ । यहाँ दिनेश को हो ? ऊ कहाँबाट आएको हो ? ऊ के गर्छ ? ऊ कस्तो चरित्रको मानिस हो? उपन्यासमा किन देखा पऱ्यो ? जस्ता अनेक कौतूहलको फोहरा फुट्छन् । उसले दिएको परिचय र उसको व्यवहारबाट ऊप्रतिको कौतूहल घट्दैजान्छन् । दिनेशलाई पनि आफू डेरा बस्ने घर तथा परिवेशको बारेमा धेरै जिज्ञासा हुन्छन् ।

दिनेश कोठमा राति बसेको बेला एउटा गीत नयाँ स्वरमा  सुन्छ । त्यसले पनि उसमा कौतूहलता ल्याइदिन्छ । यो गीत गाउने को हो? त्यसै गरी ठूलीटारमा वनभोज जाँदा के के गर्लान? वनभोज के होला?  मञ्जु र दिनेशको भेट परिचय पश्चात एक अर्कालाई प्रेम त गर्छन् तर के होला? कस्तो प्रेमी/प्रेमीका होला? कसरी जीवनरथ अगाडि बनाउने जस्ता कौंतूहलले उनीहरू मनोवादनमा गोता मार्छन, रातभर निदाउदैन् भने पाठकमा पनि उनीहरूको प्रेम जीवन कौतूहलमय नै छ । गरीब परिवारको नायक र सम्पन्न परिवारमा नायिका रहेकाले उनीहरूको जीवनरथ कौतूहलमय छ । नायक नायिकाको अतित पनि कौतुहलमय छ । रञ्जनको मृत्यु पश्चात रञ्जनाको वारेमा पनि पाठक कौतूहलमा डुब्दछन् भने रञ्जनालाई माइतघर तावाखोला पुऱ्याउन दिनेश गएको बेला मावलबाट विवाहको सुनौलो सपना बोकी आउने मन्जु विदाको दिन पनि दिनेश कोठामा नहुँदा उसमा कौतूहल नै छाउँछ । लीलाले दिनेश र रञ्जनाको वारेमा छरेको भ्रमबाट निस्केको कौतूहलको परिणति मन्जुको आत्महत्या र मञ्जुको आत्महत्याको कौतूहलको परिमाणति दिनेशको अर्धपागल अवस्थामा यो समाजबाट छुट्टी भएको छ र उपन्यास नै कौतूहलतामा अन्त्य भएको छ । पाठकले यो उपन्यास पढी सक्दा पनि कौतूहल नै कोसेली लिई पुस्तक वन्द गर्नु पर्ने भएकाले यस उपन्यासमा कौतूहल अत्याधिक नै पाइन्छ ।

## ५.८.२.७. द्वन्द्व

द्वन्द्व उपन्यासको कथावस्तुलाई गति दिने तत्व हो । चरित्रप्रधान उपन्यासमा पात्रपात्रावीचको वाह्य द्वन्द्व र पात्रका अन्तर्मन भित्रका आन्तरिक द्वन्द्व सवल हुन्छ । द्वन्द्वका दृष्टिले यो आवेग उपन्यास सफल छ । यसमा आन्तरिक र वाह्य दुबै द्वन्द्वको सङ्केत पाइन्छ । यस उपन्यासमा धनी वर्ग तथा सामन्तीवर्ग र निम्न तथा गरिब वर्ग बीचमा स्पष्ट वाह्य द्वन्द्व देखिन्छ भने पात्रपात्राहरूमा के गर्ने वा यो काम गर्ने कि नगर्ने जस्ता आन्तरिक द्वन्द्व पनि देखिन्छ । यस उपन्यासका गौण पात्र बैकुण्ठे साहु प्रवृत्ति र दिनेशका बुवाआमा तथा छिमेकी वीचमा द्वन्द्व देखिन्छ । वैकुण्ठेको छोराले कुखुरा खसी चोरेको हो भन्ने दिनेशका वुवा आमा र होइन भन्ने वैकुण्ठे त्यसैगरी न्याय खोज्नु पर्छ भन्ने दिनेशका बुवा र चुपचाप सहनुपर्छ, उनीहरूसँग जुध्न सकिदैन भन्ने छिमेकीमा यो वाह्यद्वन्द्व देखिन्छ । शोभाले रामुलाई हङकङबाट पैसा पठाएपछि जग्गा कहाँ किन्ने भनी रामूमा आन्तरिक द्वन्द्व देखिन्छ । यसरी नै उपन्यासको अन्त्यमा मञ्जुलाई हो कि होइन भन्ने विषयमा द्वन्द्व सिर्जना भएको र अन्त्यमा हो वा (पत्याएको) भन्ने बिचारको जीत हुँदा मञ्जुको आत्महत्या भएको, लीलाले गलत कुरा सुनाएको बुझेपछि मन्जुप्रतिको भाव विह्वलता र लीला प्रतिको रोष बीच आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । दिनेश त्यहीं बस्ने कि त्यो ठाउँ छाडी जाने आफूपनि आत्महत्या गर्ने कि धैर्य गर्ने कुरामा स्पष्ट आन्तरिक द्वन्द्व उसमा देखिन्छ । यसकारण यो उपन्यास द्वन्द्व व्यवस्थापनमा पनि सबल देखिन्छ।

## ५.८.२.८. कथोपकथन वा संवाद

उपन्यासका पात्रहरू बीचको कुराकानीलाई कथोपकथन वा संवाद पनि भनिन्छ । यो चरित्र चित्रणको सहायक तत्व हो । पात्रहरूको संवादबाटै उपन्यासमा चरित्रको महत्व झल्किन्छ । यस 'आवेग' उपन्यासमा विभिन्न किसिमका संवाद प्रयोग गरिएको पाइन्छ । शोषक शोषित, स्वार्थी निस्वार्थी धनी-गरीव सबै किसिमका पात्रको प्रयोग यस कृतिमा भएकाले ठाँउ-ठाउमा आवश्यकता नुसार संवाद प्रयोग भएको पाइन्छ । पात्रहरू सामान्य ग्रामीण परिवेशका भएकोले संवादको भाषा शैली पनि सरल रहेको छ । उपन्यासको शुरु मै दिनेश नौलो ठाँउमा पढ्न गएकाले डेरा बसेको घरमानै संवाद शुरु भएको पाइन्छ जस्तै

रञ्जना : नयाँ भाइ भनेको तपाई नै हुनुहुन्छ ?

दिनेश : (अरु कसैलाई भनेको हो कि भनी यता उता हेर्छ )

रञ्जना : हैन तपाईलाई नै सोधेको

दिनेश : ए हजुर म नै हुँ (हाँस्दै)

रञ्जना : भाइ कहाँबाट पो ?

दिनेश : म ताप्लेजुङ देखि

रञ्जना : अनि के काम गर्नु हुन्छ ?

दिनेश : (अन्कनिदै) मेरो .................काम त ...........पढ्ने ।

.........................................................................

दिनेश र लीलाको कुवामा पानी भर्न जाँदा भेट हुँदा

लीला : हेल्लो ,सोल्टी चिन्न सकिएन नि ।

दिनेश : मैले पनि चिन्न सकिन ।

(आपसमा चिनापर्ची हुन्छ )

मञ्जुसंगको प्रथम औपचारिक भेटमा भएको संवाद

मञ्जू : तपाईलाई अस्ति ......................देखे जस्तो लाग्यो होइन र ?

दिनेश : कहाँ देख्यौ ?

मन्जू : अस्ति हाम्रो घरमा कोठा खोज्दै आउनु भएको होइन् ?

दिनेश : मैले यो याद गरिन तिमीलाई ।

...............................(लीलाको प्रवेश)

लीला : गफ मिठो जाँदैछ कि क्या हो दिनेश 'जी' ल ल हाम्रो चेलीहरूसँग यसो परिचय गर्नुहोस् । दुवैको परिचय पछि

दिनेश : तिमी त साहित्यकार हौ कि क्या हो ?

मन्जु : म तिम्रो लागि जे पनि हुँ ?

**रञ्जनाको प्रवेश**

रञ्जना : पानी भर्न आयौ भाइ ?

भाइको गाउँमा त धारा होला

मञ्जू : मलाई पनि सोध्नु न नाना ?

रञ्जना : (हाँस्दै ) भन न त ।

मञ्जू : मेरो गाउँमा त गीत गाउने कुवा छ (दिनेशले कुवामा गीत गाएको प्रति व्यङग्य गर्छे सबै हाँस्छन गलल )

दिनेश र रामुको भेट हुँदा

दिनेश : रामु ! तिमी के गर्दैछौ ? कहाँ छौ ? शोभा कहाँ छे ? तिमी र शोभा अझ सँगै काम गर्दैछौ ? आदि

यसरी यस उपन्यासमा विभिन्न किसिमका संवादहरू प्रयोग गरेर चरित्र चित्रणमा प्रभावकारिता ल्यइएको छ । उपन्यासमा गतिशील र रोचक पनि भएको छ । उपन्यासमा कही छोटो संवाद र कही लामो संवाद पनि समावेश भएकाले यहाँ संवाद वास्तविकताको नजिक देखिन्छ । यसर्थ यस आवेग उपन्यासमा कथोपकथन वा संवाद सशक्त र सबल छ भन्न सकिन्छ ।

## ५.८.२.९. दृष्टिविन्दु

दृष्टिविन्दु उपन्यासकारको दृष्टिकोणको प्रतिनिधि तत्व हो । उपन्यासकार कुन ठाँउमा बसेर उपन्यासको कथानक अघि बढेको छ वा उपन्यास लेखिएको छ त्यसका आधारमा दृष्टि विन्दुको

वर्गीकरण गरिन्छ । लेखकले आफू नै सहभागी भई म पात्रका रूपमा रहेर उपन्यास लेखेमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु र पात्रपात्रहरू आ-आफूले संवादलाई अघि बढाएमा, उपन्यासकार देख्ने, सुन्ने व्यक्तिका रूपमा रहेमा तृतीय पुरुष बाह्य दृष्टि विन्दु मानिन्छ । यस उपन्यासका प्रमुख तथा सहायक पात्रहरू आफू-आफूले नै घटनाहरूमा सहभागी हुँदै 'म' को रूपमा संवादमा सहभागी भएकाले यो उपन्यासमा वाह्य तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दु प्रयोग भएको छ । उपन्यासमा सबै ठाँउमा लेखक प्रत्यक्ष सहभागी नभएको र पात्रहरूले प्रत्यक्ष रूपमानै आफ्नो कथानक अघि बढाएकाले सबैमा सर्वदर्शी रूपमा प्रस्त भएको छ । दिनेश, मञ्जु, रञ्जना, रामु, लीला बाजे बज्यू आदि पात्रहरू आफै स्वयं संवादमा भाग लिदै उपन्यासलाई गतिशील बनाउने काम भएको छ । यहाँ भएका सबै पात्रहरू 'म' को रूपमा प्रस्तुत हुदैं संवादलाई स्पष्ट रुप दिन सफल भएकाले सर्वदर्शी दृष्टि विन्दु मानिन्छ ।

## ५.८.२.१०. कथाका आधारमा 'आवेग' उपन्यासको विश्लेषण:

आवेग उपन्यास एक सामाजिक घटनामा आधारित चरित्र प्रधान उपन्यास हो । उपन्यासमा घटनाको संगठित वर्णन विस्तार भन्दा चरित्रको चित्रणमा वढी  जोड दिएको पाइन्छ । पात्रको सक्रिय उपस्थिति र उसको मानसिक विश्लेषण भएका उपन्यासलाई चरित्र प्रधान उपन्यास भनिन्छ । यस किसिमका उपन्यासमा कथानक पात्रको सेरोफोरोमा घुम्दछ । आधुनिक उपन्यासमा कथालाई भन्दा चरित्रको चित्रण वा वर्णनलाई बढी जोड दिइन्छ । यस आधारमा 'आवेग' उपन्यास पात्रहरूको चरित्र चित्रणमा नै केन्द्रित भएको पाइन्छ । मानिसका विभिन्न चारित्रिक घटनाहरू प्रस्तुत गर्ने क्रममा पात्रहरूलाई सबल रूपमा देखाएर पात्रले गर्ने क्रियाकलाप एक पछि अर्को घटना प्रस्तुत  गर्न लगाई पात्रहरू प्रत्यक्ष सहभागी भएका छन् । यसका  प्रमुखपात्रहरू दिनेश र मञ्जु तथा सहयाक पात्रहरू, तुलसा, दिलासा लीला, रञ्जना, रञ्जन, बाजे बज्यूको सक्रिय रूपमा उपन्यास भरी देखिन्छन् भने अन्य पात्रहरू कम मात्रामा  सहभागी छन् । एउटा  किशोर दिनेश नियतिले ठगे पनि भाग्यले उपेक्षा गरेपनि आफ्नो कर्मको रेखा आफै कोर्नु पर्छ भन्ने मान्यताका साथ बुवा आमा र दिदी प्राकृतिका प्रकोप (पहिरो) लाई सुम्पेर पैत्रिक धन सम्पति जो रालकाढेर बसेको थियोलाई जिम्मा लाएर आफू अर्को ठाउँमा श्रम गरी जीवन निर्वाह गर्छ । त्यतिमात्र नभई आफ्नो भविष्य निर्माण आफै गर्न अन्यन्त्र गई डेरा बसेर पढ्न थाल्छ उस्तै पीडा बोकेकी मञ्जुलाई जीवन साथी बनाउने योजनामा अघि लम्कन्छ सफलताको नजिक नजिक पुग्दा आवेगमा अपरिपक्क स्थितिमा प्रेमको डोरी आवेगमै ( अपरिपक्कतामै) चुडिन्छ । नायिका मञ्जुको आत्महत्याले लीलाको कुत्सित् लीला सफल हुन्छ र आवेशको प्रेमलीला असफल भई उपन्यास टुङ्गिन्छ । यसरी यस उपन्यासका सम्पूर्ण पात्रहरू कथावस्तुलाई गतिदिन आ-आफ्नो भूमिकामा आवद्ध छन् । यस आधारमा यो उपन्यासचरित्र प्रधान कथानकको प्रधानतामा भएको उपन्यासका रूपमा मान्न सकिन्छ ।

## ५.८.२.११. शैलीका आधारमा आवेग उपन्यासको स्थान

शैली उपन्यासकारको निजी पहिचान हो । आधुनिक उपन्यासको थालनी सँगसँगै विभिन्न शैलीहरूको पनि प्रयोग हुन थालेको छ । यस आधारमा घटना र चरित्र एक अर्कामा निर्भर रहेर चरित्रले संवादका माध्यमबाट कथानकलाई अघि बढाइएको उपन्यासको शैलीलाई नाटकीय शैली भनिन्छ । यो उपन्यास कही-कही वर्णनात्मक र धेरै जसो नाटकीय शैलीमा घटना एकपछि अर्को प्रस्तुत भई अघि बढेको छ । चरित्रले गर्ने क्रियाकलाप पनि त्यस्तै गतिमा एक पछि अर्को सिलशिला मिलाएर संवादको माध्यमबाट चर्चामा आएको छ । विभिन्न कथानकले कुनै घटनामा बढी समय र कुनै घटनामा कम समय लिएको छ । संवादमा कुनै सरलशैली, कतै आलङ्कारिक र कतै व्यङ्गात्मक शैली पनि पाइन्छ । यस आधारमा आवेग उपन्यास बढी नाटकीय शैलीमा लेखिएको उपन्यास हो । वियोगान्त नाटक झैं नायिकाको मृत्यु नायकको अर्धपागलपनमा विलुप्त भएर उपन्यास टुङगिएको पाइन्छ ।

## ५.८.२.१२. विषयवस्तुको स्रोतको आधारमा 'आवेग' उपन्यास

के.पी. राई सिर्जन शिरीषको प्रथम औपन्यासिक कृति 'आवेग' सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा समाजका विभिन्न गतिविधि, राम्रा नराम्रा घटना समावेश गर्नुका साथै समाजका विभिन्न, वर्ग, लिङ्ग, उमेर, पेशाका पात्रहरू यस उपन्यासमा सहजरूपमा प्रस्तुत गरिएको छ । नेपाली समाजमा रहेको मानवीय प्रवृत्तिहरू ईर्श्या, द्वेश, प्रेम, घृणा, सेवा सहयोग आदिको समायोजन गरी गतिविधि उल्लेख गर्नु नै सामाजिक यथार्थ हो ।

आवेग उपन्यासमा विषयवस्तुको स्रोत हाम्रो ग्रामीण समाजको सामाजिक परिवेशलाई लिएर त्यहाँ भएका विकृति, विसङगति प्रेम घृणा ईर्ष्या आदिको चित्रण गरिएको छ । सामन्ती संस्कारका अवशेष वैकुण्ठे साहु जस्ता व्यक्तिबाट समाजका सोझा सिधा निमुखा, गरीब तथा सज्जन मानिसले पाएको दुःख अन्याय, दमन शोषण उल्लेखका साथै समाजका विकसित प्रेमको फेसन, अपरिपक्क किशोरकिशोरीहरू यौवनको उन्मादसँगै जीवन साथीको खोजी गर्ने, विहे गर्ने, आफूले भनेजस्तो नभए आवेगमा आएर आत्महत्या गर्ने, विद्यार्थीजीवन पनि यही उमेरमा भएकाले विद्यार्थीलाई पढाइको चिन्ता भन्दा प्रेमको चिन्ता बढेको र पढाइएको गुणस्तर कम हुँदै गएको तर्फ पनि यसको विषयवस्तु गाँसिएको छ । यो उपन्यासलाई सामाजिक यथार्थवादी औपन्यासिकधारामा आधारित उपन्यासका रूपमा लिइन्छ ।

## ५.८.२.१३. 'आवेग' उपन्यासको शीर्षकसार्थकता

शीर्षक उपन्यासको टाउको हो । यसलाई हेरेर उपन्यासको पहिचान गर्नु आवश्यक हुन्छ। 'आवेग' उपन्यासको शीर्षक एक शब्दबाट निर्माण छ । जुन शब्द वेग भन्ने मूलशब्दमा आ उपसर्ग लागेर बनेको छ । जसको अर्थ मनमा अकस्मात उठ्ने खल्बली मानसिक उत्तेजना, मनोविकार आदि लाग्दछ । उपन्यासको शीर्षक काल्पनिक भए पनि यथार्थ जस्तो आभाष हुन्छ । उपन्यासको प्रमुख चरित्र दिनेश असहाय किशोर पढ्नका लागि डेरा बस्छ तर एउटी युवती (मञ्जुको) रुप यौवन

वोलीचालीबाट प्रभावित भई आफ्नो पढाई भन्दा मञ्जु पट्टि ध्यान दिन थाल्छ । पढाइ औपचारिक मात्र हुन्छ । अपरिपक्क अल्लारे ठिटो र ठिटी प्रेमको बन्धनमा बाँधिएको झै गर्छन् । अर्थात आवेगमा प्रेम शुरु गर्छन । विवाहको तिथि तोकी सुखद दाम्पत्य जीवनको सुन्दर सपना सजाउँछन् तर एउटा असत् पात्र लीलाले आफ्नो प्रेमीका बारेमा गलत कुरा सुनाउँदा विश्वास गरी प्रेमिप्रति शंका गर्ने र अन्य बाटो वा उपाय नदेखी धैर्य नलिई आवेगमा आत्महत्या गर्न पुग्ने अपरिपक्क युवती मञ्जू जस्ता कैयौं मञ्जू हाम्रो समाजमा छन् । ती मञ्जु झै सानो तिनो कुरामा आकर्षित हुने र सानो निहुमा जीवन त्याग्न पनि पछि नपर्ने हुन्छन् र प्रेमिकाको कमजोर निर्णयमा विक्षिप्त बन्ने कमजोर मानसिकताका नेपाली किशोर तथा युवा पनि हाम्रो नेपाली समाजमा यत्रतत्र पाइने भएकाले र यस उपन्यासमा घटेका घटना नेपाली समाजमा पहिले पनि घटेका र अव पनि घट्न सक्ने भएकाले उपन्यास यथार्थमा आधारित र शीर्षक पनि  सार्थक छ ।

## ५.८.२.१४. 'आवेग' उपन्यासको समग्र मूल्याङ्कन

के.पी. राई 'सिर्जन शिरीष' (२०३८) द्वारा लिखित 'आवेग' उपन्यास उनको प्रथम औपन्यासिक प्रयास हो । ९ अङ्क र ५८ पृष्ठमा संरचित लघु आकारको यो उपन्यासको कथावस्तु कही रैखिक ढाँचामा र कही वृत्तकारीय ढाँचामा विस्तारित भएको छ । सामाजिक यथार्थवादी धारामा आधारित यो उपन्यासमा पात्रको उमेर र परिवेश अनुसार गीतको प्रयोग गरी मनोविश्लेषण पनि गरेको पाइन्छ । वाल्यकालमा आमाबुवाको वियोगको सिकार बनेका पात्रको करुण कहानीमा आधारित यो कृतिमा वाल्यवस्था तथा किशोरवस्थाका केटाकेहीहरूको आवेगको काम गराइ वा निर्णय गराइबाट उनीहरूको जीवन सफल हुन नसकेको, पवित्र प्रेमको बाचा बन्धन पनि तोडिएको यथार्थ पाइन्छ । सत् असत् बाल, वृद्ध, महिला, पुरुष सवै किसिमका पात्रको प्रयोग गरिएको यस उपन्यासमा ग्रामिण परिवेशका सामाजिक, आर्थिक, साँस्कृतिक धार्मिक आदि पक्षको सकारात्मक र नकारात्मक स्थितिको चित्रण गरिएको छ । प्रमुख, सहायक तथा गौण पात्र गरी १ दर्जन भन्दा बढी समेटिएको यस उपन्यासमा सरल भाषाशैलीमा गीत, कविता उखान, टुक्का, पारिभाषिक शब्द, झर्राशब्द, अनुरकणात्मक शब्द आदिको प्रयोगले आलङ्कारिकता थपेको अनुभूत हुन्छ । उपन्यास विधाका प्रायः सवै तत्व समेटिएको र शीर्षक पनि सार्थक भएकाले यो उपन्यास सफल र प्रभावकारी भएको पाइन्छ ।

# ५.९. निर्दोष कैदीको रहस्य (२०६१) को विश्लेषण

## ५.९.१. उपन्यासको बाह्य संरचना

पाँचथर जिल्ला अमरपुर गा.वि.स. वार्ड नं. २ भालुचोक निवासी के.पी. राई 'सिर्जन शिरीष' को दोस्रो औपन्यासिक कृति निर्दोष कैदीको रहस्य (२०६१) हो । ११६ पृष्ठ र १७ भागमा संरचित यो उपन्यासको बाहिरी आवरण शीर्षभागमा उपन्यासको नाम त्यस भन्दा तल एउटा ठूलो ताल्चा, त्यस

ताल्चा भित्र घुँडा खुम्च्याई हातले बेरेको र टुक्रुक्क बसेको एउटा मान्छेको चित्र र उपन्यास लेखकको नाम लेखिएको छ । शुरु आवरण पृष्ठको भित्रपट्टि लेखकको नाम, ठेगाना प्रकाशक संस्करण, डिजाईन, मुद्रण आदि उल्लेख गरिएको छ । आवरण पृष्ठको पछिल्लो पानामा उनका प्रकाशित कृति प्रकाशोन्मुख कृति आदि उल्लेख गरिएको छ । पूजनीय पापा, आमाप्रति समर्पित प्रस्तुत उपन्यासमा लेखकका दुई शब्द शीर्षकमा आज भन्दा धेरै बर्ष पहिले त्यस समाजमा घटेको घटना सुनेको आधारमा यो उपन्यास लेखेको स्वीकारेका छन् । देशमा हत्याहिंसा मच्चिएका बेला नव बर्ष २०६१ सालको शुभकामना स्वरुप नेपालीको स्पन्धनमा शान्तिको कामना गरेका छन् । अवोध वालिका अर्चनाले आफ्नो वेपत्ता बुवाको फोटो नचिनेर यो कस्को फोटो हो ममी भनी प्रश्न गरेबाट प्रारम्भ भएको यो उपन्यासको प्रकाशक लेखक स्वयम् हुन् भने मुद्रण शुशील स्क्रीन प्रिन्टीङ्ग प्रेस चारपाने १ विर्तामोडमा भएको पाइन्छ । यस पुस्तकको आवरण पृष्ठमा ताल्चाभित्र टुक्रुक्क बसेको व्यक्ति कैदी हो भन्न सकिन्छ । तर उसको निर्दोषपना उपन्यास अध्ययन पश्चात मात्र थाहा लाग्दछ ।

## ५.९.२. विधातत्वको आधारमा 'निर्दोष कैदीको रहस्य' उपन्यासको विश्लेषण

के.पि.राई 'सिर्जन शिरीष' द्वारा लिखित दोस्रो उपन्यास 'निर्दोष कैदीको रहस्य' (२०६१) नेपाली समाजको लगभग दुई दशक अघि सम्मको यथार्थ घटनामा आधारित चरित्र प्रधान उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले पूर्वदिप्ती शैलीको प्रयोग पनि गरेका छन् । चरित्रको मनोदशाबारे समेत चित्रण गरिएको यस उपन्यासमा नेपालका पहाडी र तराई प्रदेशका केही स्थानको चित्रण गरेका छन् । यस  उपन्यासमा प्रयुक्त औपन्यासिक तत्वहरूको निम्न अनुसार चर्चा गरिन्छ ।

## ५.९.२.१. "निर्दोष कैदीको रहस्य" उपन्यासको कथानक

### परिचय

कथानक व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनावद्ध तथा सङ्गठित रुपान्तरण हो । यसमा चरित्रले घटाएका घटना उपन्यासकारको भावना समाविष्ट हुन्छन् । कथानकको परिष्कृत रुप नै उपन्यास हो ।

यस उपन्यासमा कथानकको उठान अवोध बालिका अर्चनाले आफ्नै धुनमा चामल केलाई रहेकी आमा (निता) लाई यो कस्को फोटो हो भनी उसका वेपत्ता भएका बुवाको फोटो देखाउँदा केही भन्न नचाहदा छोरीले ढिपी गरेपछि मेरो देवताको भनी उत्तर दिने सम्वादबाट हुन्छ । अर्चना पुनः प्रश्न गर्छे कि कैदी अनि देवता भनेको के हो ? यसको उत्तर पनि बाध्यताले दिनु पर्दा निता भन्छिन् 'निर्दोष कैदी' नै देवता हो । यसरी उपन्यासको शीर्षक उपन्यासको शुरुमा उच्चारित हुन्छ । जिज्ञासु चञ्चल अर्चनाको अन्य प्रश्नको उत्तर पनि विछोडको पीडाको कारण बताउन असमर्थ हुन्छिन् । अर्चना आमासँग रिसाउछे भने आमा आफ्नो काममा लाग्छिन् । छोरीले आफ्नो बाबा चिन्न नपाउँदै

अकस्माक बेपता भएका (रिटायर्ड लाहुरे) आफ्नो पतिको वियोग वा वेपताले उनलाई हुनसम्मको चोट पर्दै त्यसमाथि कान्छो छोरा वीरमानले पनि "अब म भागेर मधेश जान्छु भनी जिस्कदा एका-एक हराउँछ जेठा छोरा सविन कतै डुल्न (भाइ खोज्नु) गएर आमाको छेउमा आएर बस्छ । आमा उसलाई कतै नहिड्न भन्छिन् र ऊ पनि आफू भाइ खोज्दै काममा नै गएको बताउँछ । पीडा वेदना भयले ग्रस्त आमालाई सविन सान्त्वना दिदै पक्कै भाइ मधेश गएको हुनुपर्छ कुनै दिन आउने बताउँछ । आमा बाबुछोराको क्रमशः बेपत्तामा शंका गर्दै यो गाउँमा सज्जन सोझा सिधा मानिस मात्र नभएर बिष समान शोषक सामन्ती पनि भएको प्रति लक्षित गर्दै उस्लाई कहिले कसैको शोषण नगर्ने अन्याय नसहन र उच्च मनोबल राखेर काम गर्न आग्रह गर्छिन । सविन गाउँमा छलकपट नहुने कुरामा विश्वास गर्छ निता भने आफूले गाउँमा धेरै हण्डर र ठक्कर खाएको बताउँदै गाउँमा थोरै मानिस मात्र विश्वास गर्न योग्य भएको वताउँछिन । गाउँमा थरी मुखियाले गरिब निमुखा शोषित पीडित जनतालाई आफ्नो इशारामा नचाउँछन् तसर्थ उनीहरू गाउँका राहु हुन भन्दै वीरमान मधेश गएको सम्झना गर्छन । यस्तैमा निदाएकी अर्चना एक्कासी "बावा आइपुनु भो" भन्दै उठ्छे र वावा यही बस्नु भएको थियो । उहाँ फोटाको निर्दोष कैदी जस्तै हुनुहुन्थ्यो । छोरीका कुराले आमाको गहभरी आँशु भएकाले सविन वहिनीलाई लालुपाते फूल देखाई भुल्याउँछ । अर्चना पनि दाजुलाई विविध बाल्यकालीन जिज्ञासा राख्छे र धेरै प्रहरीहरू आएकोतर्फ संकेत गर्छे । सविन र आमा दुवै सम्हालिन्छन र लुक्छन । उनीहरू झ्यालबाट चिहाउँछन् । बाटोमा प्रहरीले एउटा मुखमा पट्टी बाँधेको मानिसलाई होस हराउने गरी कुट्दै लैजान्छन् । अर्चना त्यस व्यक्तिप्रति जिज्ञासा राख्छे । ऊ अपराधी हो भनी जवाफ दिन्छ । अर्चना आफ्ना खेलौना ढुङ्गालाई तँ अपराधी होस् भनी प्रश्न गर्छे र होइन होइन भन्दै गोजीमा लगाउँछे । सविन र नीता हाँस्छन् यस्तैमा छिमेकी मनराज वाजे कराउँदै आउँछन् र उक्त मानिसलाई जङ्गलबाट प्रहरीले पक्रेको बताउँछन् । एकैछिनमा दिलराज (सविनको गाउले साथी) दिलमान काका (गाउँको मुखिया) मनराजबाजे र सविन उक्त अपरिचित व्यक्ति अपराधीभएकाले प्रहरीले प्रक्रेको, ठीक कुरामा असहत हुन्छन् । अरु आ-आफ्ना बाटो लाग्छन् । सविन पनि घरमा केही दाउराको बन्दोवस्त गरी भोटु (सविनाको साथी) गोठमा एक्लै भएकाले सामलतुम बोकी गोठतिर लाग्छ ।

**विकास सङ्घर्ष**

आज सविन र भोटुले दिलमान काका कहाँ काम गर्न जानु पर्ने दिन तर मावल माखुजामा मामाले पैसा दिनु पर्ने भएकाले पैसा लिन त्यता जान्छन् । काम ढिलो हुने भए भोटुलाई पठाई दिइ हाल्ने र ऊ चाँहि पैसा लिएर मात्र फर्कने गरी जान्छन् तर नीता भने मुखियाको घरमा काम गर्न नजाँदा मुखिया (दिलमान काका) रिसाउँछन् भनी कराउँछिन् । सविन भने आफ्नो काम छाडेर मुखियालाई सघाउनु हुदैन भन्छ तर आमा चाहि उसले मान्छे लगाएर दुःख दिने वा धोका दिने कुरामा शंका गर्छिन । सविन र भोटु आमा र अर्चनालाई विदा माग्दै माखुजातिर लाग्छन् । यतिकैमा

कान्छी  (छिमेकी) को प्रवेश हुन्छ । कान्छी परिवारका अन्य सदस्यको वारेमा जिज्ञासा राख्छिन् । उत्तरमा गहभरी आँसु पारी आफ्ना पति र कान्छो छोरा अचानक गायव भएको दुखेसो पोख्दै सविन र भोटु माखुजा गएको बताउछिन । कान्छीसँग दुखेसो पोखेपछि कान्छी पनि घर तिर लाग्ने वित्तिकै साँझको समयमा दिलमान काका र उसका अगौटे पछौटे राँको बाली लट्ठीसँग निताको आँगनमा आउँछन् । उनी आत्तिएर चोरडाँका घरमा पसे, गुहार! गुहार!! भन्न थाल्छिन । उनी कराउँदै गोठबाट घरमा पुग्दा उनले गल्ती गरेको महसुस गरिन् । त्यहाँ चोर नभएर मुखिया थिए । मुखिया सविनले ढाँटेको नटेरेको भनी उसलाई तह लगाउन वा कार्यवाही गर्न दलबल कसेर आएको रहेछ । नीताले घरमा नभएको र आफूले गल्ती गरेकोमा माफ माग्छिन तर शोषक दुष्ट दिलमानले माफी दिएन भोलिपल्टको भाका दिएर हिड्यो । भोलिपल्ट पैसा तिर्न नसक्दा कागजमा सही गराई उनको जग्गा हडप्यो । गाउँका मानिसले केही भन्न सकेनन् । सधैं काम गर्न लगाए पनि एक दिन भने जस्तो नहुँदा उसले यस्तो कठोर निर्णय गरेकोमा नीता अत्यन्त दुःखी बनिन्, रोइन्, कराइन त्यो सबै जंगलको रुवाई भयो ।

माखुजा गएको ९/१० दिन पछि भोटुलाई  घर फर्काएर सविन ४ दिन पछि पैसा लिएर आउन त्यही बस्छ । सविनलाई मामाकी छोरी बहिनीले एउटी अपरिचित किशोरीसंग परिचय गराउछिन । सविन र त्यस अपरिचित युवती वीच परिचय हुन्छ । उसको नाम पनि अर्चना नै हुन्छ । सविन अचम्ममा पर्छ । आफ्नी बहिनी अर्चनाले अवोध अवस्थामा त्यो गाउँमा पनि अर्चना होला । मलाई त्यहाँको अर्चना ल्याइदिनु ल भनेको कुरा सम्झन्छ । सविनलाई अर्चनाको आकर्षणले लट्ठ बनाइ दिन्छ । मामाले पनि उनीहरू वीच केही साइनो लाग्दैन, कुटुम्ब चल्छ भनेपछि उनीहरू आपसमा प्रेम गर्न थाल्छन् । दिनहुँ भेट्ने गफ गर्ने, घुम्न जाने क्रममा वृद्धि हुन्छ । प्राकृतिक सुन्दरतामा रमाउने गर्छन् । अर्चना प्रेम प्रस्ताव राख्छे तर सविन आफू गरीव भएकाले प्रेमिका पनि आर्थिकरूपमा गरीव र मनकी मात्र धनी चाहन्छ । अर्चनाले आफ्नो वास्तविकता आमाबुवा दुवै गुमाएकी असहाय र गरीब पनि भएको बताउछे । 'तिमी' शब्दमा गाउँको झलक, पहाडी पाखाको परिभाषा कुम्भकर्ण र कञ्चनजङ्घाको उचाइ, स्वच्छता, सत्यता भएकाले  सामान्य आदरार्थी 'तिमी' शब्द मन पर्छ भनी बताउँछे । सविनसँग प्रेम गर्न थालेको बताउँदा सनिव अर्चनालाई सानै वा अपरिपक्क भएकाले प्रेमको फन्दामा नपर्न आग्रह गर्दछ तर अर्चनाको अनुनयविनयले ऊ निरुत्तर भई अर्चनालाई अँगाल्छ । सदासदाका लागि अजम्बरी माया गर्ने वाचा गर्दछन् । तिर्खामेट्न धाराको पानी पिउदै, छ्यापाछ्याप खेल्दै, धाराको पानी, भञ्ज्याङको देवी स्थान र देउरालीलाई साक्षी राखी धोका नदिने कसम खान्छन् । यसै खुसीयालीमा अर्चना एउटा कविता  भन्छे ।

"प्रेम  गर्न डर लाग्दो छ,
सयौ प्रेमजोडी अभिसाप

किन यतिसाह्रो सस्तो वन्छ

निष्ठुरी मानवको दिलमा

भगवान साक्षी राखेको विश्वास । (पृष्ठ.........२१)

केही पैसा लिएर सविन घर फर्कन्छ चिठी लेख्दै गर्ने सर्तमा ठूलो साँझमा ऊ घर आइ पुग्छ । घरमा आमा श्रद्धाका साथ राखिएको बुबाको फोटो च्यातेर टुक्राटुक्रा बनाई, पुर्पुरोमा हात राखी बसेकी देखी त्यसको कारण सोध्छ । आमा जस्को कारणले सत्यानाश हुनु गईरहेको छ । त्यसलाई किन श्रद्धा गर्ने भनी च्यातेको बताउछिन् । ऊ पैसा आमालाई जिम्मा दिदैं सानी बहिनी अर्चना जस्तै नाम गरेकी अर्की अर्चना छे, कुनै दिन तिम्रो अगाडि ल्याई दिनेछु भन्छ । अबेर रातसम्म आमाछोरा कुराकानी गरी सुत्न गएको सविनलाई पटक्कै निन्द्रा लाग्दैन । विहान उठेर गोठमा जान्छ र घाँस काट्न जङ्गल तिर लाग्छ । प्रेमीका अर्चनाको यादले जङ्गल अत्यन्तै रमाइलो लाग्छ । ऊ कल्पनाको संसारमा हराएर घाँस काट्न बिर्सिन्छ । झसङ्ग भएर घाँस काटी गोठमा आउँदा इण्डिया लाहुर लाग्नका लागि धेरै मानिसको भीड देख्छ । ऊ र भोटु दुबै लाहुर जाने इच्छा आमालाई सुनाउँछन् । लाहुरे वनी साहुको रिन तिर्ने, लाहुर लाग्न भोटुसँग नागरिकता नभएकोले वीरमानको नागरिकता उसलाई दिने उपाय रच्छ । यो उपाय आमालाई पनि ठीक लाग्छ । त्यसका लागि तीन महिना म्याद भएकाले आवश्यक कसरत गर्न थाल्छन् । घरको काम घाँस दाउरा गर्दा पनि कसरत गरेझै गर्दछन् । नीता त्यो देखेर खुसी हुन्छिन फेरि आफ्नो भाग्य, आफ्ना दुःख पीर सविनलाई सवै सुनाउन हुँदैन । पछि कुरा बुझेर उसले अवश्य पैचो तिर्नेछ भन्ने सम्झिन्छिन् ।

एकदिन छोरी अर्चना आमालाई आजभोलि दिलमानकाका किन काम गर्न बोलाउदैनन् भनी प्रश्न गर्छे । आमा त्यस्ता पापीले नवोलाएकै वेश भन्छिन् । सविन आमाले किन यसो भन्नु भयो भनी प्रश्न गर्छ । आमा गोलबोलीमा उसका गलत कार्य भन्छिन् तर कागजमा सही छाप गराएको कुरा उनी भन्दिनन् र भोटु पनि सुनाउँदैन ।

आज नवमीबजारको दिन सविन भोटु र सानी बहिनी अर्चना हुलाक (अमरपुर बजार) तिरबाट हटिया जान्छन् । हुलाकमा सविनको चिठी आएको हुन्छ । सविन सो बुझेर लैजान्छ । चिठी अर्चनाले पठाएको हुन्छ । सरासर घर गई कोठामा चुकुल लाएर पढ्छ त्यसमा चिठी लेख्न आग्रह गरिएको थियो । सविन पनि चिठीको प्रत्युत्तर लेखीपठाउँछ । सविन र भोटु उठ्यो कसरत, बस्यो कसरत, सपना कसरत विपना कसरत गरी परिपक्क भएका छन् । उनीहरू गाउँघरमा लाहुरमा छानिदा भोटुलाई समस्या हुने भएकाले इण्डिया नै गएर गोर्खाली भर्ती केन्द्रमा सम्पर्क राखी लाहुर भिड्ने विचारले घरबाट विदा भई बाटो लाग्छन् । तर घरबाट छुट्ने बित्तिकै भोटु र एक युवती वीच अनैतिक सम्बन्ध रहेको र गर्भ रहेकाले उसलाई जिम्मा लगाउन केटी पक्ष आइपुग्छन अन्त्यमा केटी जिम्मा लिई सविन र भोटु आफ्नो गन्त्व्यतिर लाग्छन् ।

.रातको समयमा एक अपरिचित मान्छेले ढोका ढक्ढक्याउदा सशंकित बन्दै नीता ढोका खोल्छिन । एक चिन्तित युवतीको प्रवेश हुन्छ उनी बास माग्छिन । राती आउने मानिस देवी सरह हुन आऊ भित्रै बस भनेपछि उनी भित्र बस्छिन । नीता ती अपरिचित युवतीलाई सम्झाउदै रातविरात छोरीमान्छे हिड्न विभिन्न राक्षसी प्रवृत्तिका मानिसको डर देखाउँछिन् । उक्त युवती छोरी पनि मान्छे हो । आज म यस गाउँको राक्षसलाई मार्न हिडेको हुँ भनी छुरी निकाल्दै आमालाई आर्शीवाद माग्छिन । आमा त्यस्तो कुरा नगर्न सम्झाउँदै आफ्नो ज्यान एकदम खतरामा भएको जनाउँछिन् । युवतीले ढिपी गर्दा त्यहाँबाट गइहाल्न आग्रह गर्दै कुनामा बसेर रुन थाल्छिन् भने युवती पनि आफ्नो परिचय नदिई हतियार देखाउँदा आमा दुःखी बन्नु भएकोले म तपाईकै आफन्त हुँ, मलाई गलत मान्छे नठान्नु मनका कुरा व्यक्त गर्न आग्रह गर्छे । आमाको पनि मनमा ममता अङ्कुरित भई जीवनका दुःखद क्षणहरू आद्योपान्त छोटकरीमा सुनाउँछिन । कलिलै उमेरमा एउटा लाहुरेसँग विहे गरेको, सन्तानको रूपमा २ छोरा १ छोरी जन्मेको दुःख सुख जीवन यापन गरेको, पतिको पेन्सनमा रिटायर्ड पछि खुसीको जीवन बिताएको, झापामा बसोबास गर्दा गर्दै त्यहाँबाट यहाँ पहाडमा भएको राम्रो तथा जग्गा जमिन स्याहार्न आएको, पैसाको समस्या हुँदा दिलमानकाकालाई सहयोग मागेको सहयोग गर्दा देवता जस्तो भएको दिलमानले एक दुई महिनामै आफ्नो वास्तविक राक्षसी प्रवृत्ति देखाउन थालेको, ऊ एक सामन्ती भएको, उसले आफ्नो सबै सम्पत्ति हडपेको, आफ्नो पति अचानक हराएको, वास्तवमा लोग्ने मानिस कठोर भएका, बाबु बेपता भएको केही सयपछि कान्छो छोरा वीरमान पनि वेपत्ता भएको, राक्षस दिलमानले पति र छोराहरू नभएको (सविन माखुजा गएको) बेला लुटेको पहिलेको घर औंल्याउदै ,अहिले यस झुपडीमा छोरीसँग बसिरहेको कथा वृत्तान्त सुनेर आमासंग विदा माग्छे । आमा राम्रोसंग नचिनेकाले कतै मनचोर्न आएकी त होइनौं भनी शंका व्यक्त गर्छिन् । युवती तपाई मेरी आमा , भन्दै सिउदोको कसम खाएर बाहिरिन्छिन् । आमालाई सपना जस्तो लाग्छ ।, मनमा कुरा खेल्छ, यस्तैमा भालेले प्रभात फेरी लगाउँछ ।

वाहिर गुहार! गुहार!! दिलमानकाकाको घरडढ्यो आओ न आओ गाउलेहरू हो भन्ने सुनिन्छ। नीता र अर्चना पनि राक्षसको घरमा आगो लागेछ । “जो लाउछ चुक्ली ऊ जान्छ फुक्ली” भने झैं तीन तले सात धुरे सखुवा र चाँपले बनेको चौघेरा, बरन्डा सब खरानी भयो भन्दै आगो निभाउन जाँदा उसका भरौटेहरूले बोक्सीको आरोप र झापड लगाई जान दिएनन् । उता दिलमान काका मुर्छा परे, पानी भन्दै माने आइपुग्यो । नीताले फाल्दै गरेको पानी लगेर मानेले छ्यापिदियो । अर्चना र नीता राती आउने केटीले यसो गरेको हुनु पर्छ भनी डराउदै बिहान उज्यालो भइसकेकाले घर फिर्छन्।

अर्चना आमालाई आफ्नो उमेर र उसका आमावुवाको वास्तविक नाम स्कूलमा लैजानु पर्ने रे भन्छे । अरु सबै ठिकै छ खै के गर्नु र ! यति लामो समयसम्म पनि घर नसम्झने तेरा वावु छोरीलाई धेरै पढाउन चाहान्थे । त्यसैले सबै कक्षामा प्रथम भएर पढ्दै जानु पर्छ भन्छिन । भोलि दिलमान

काका बसाइ जाने कुरा मनराज बाजे सुनाउछन् । समाजको काँडा पन्सने कुरामा सबै खुसी हुन्छन् नीतालाई पनि दिलमानकोमा बोलावट हुन्छ । अनिवार्य लिएर आउनु भनी  मान्छे पठाउदा अर्चना पनि जान्छे । दिलमान हिड्ने बेलामा उसका अहौटे ,मोही, तथा अन्य मानिसलाई बक्सस बाड्दै हुन्छ । नीतालाई  पनि त्यो वक्सिस दिन खोजिन्छ तर अर्चना मान्दिन । साहु सामन्तको बक्सिस दासताको प्रतीक हो । गरिब निमुखालाई आफ्नो पञ्जामा राख्ने वा पाइतालामुनि दबाउन बाँड्ने बक्सिस नलिई उनीहरू घर फिर्न चाहन्छन् तर दिलमानको छोराहरूको अनुरोधमा केही वेर अडिन्छन् । हिजोको त्यो सामन्त आज पाल टाँगेर बसेको छ । त्यही व्यक्ति थोत्राटीन र गुम्टा कसेर बसाइ जाँदै छ । दैवको लीलाप्रति उनीहरू आश्चर्य मान्छन् । बसाइ सार्ने काम भइरहेको हुन्छ । आमाछोरी घर फिर्छन । यता नीता पनि हिजोको लाहुरे परिवार आज अर्धानो लुगा र झुपडीको बास,सबै यत्रतत्र घरमा २ आमाछोरीमात्र यस्तै कुरा मनमा लिइरहँदा राती उनको घरको ढोका ढक्ढकिन्छ । अर्चना पढिरहेकी हुन्छे । नीताले ढोका खोल्नासाथ एक अधवैंसे लोग्ने मानिस हातमा खुकुरी र मुखमा पट्टिबाँधी प्रवेश गर्छ, अर्चनाको मुख थुनिदिन्छ र वत्ती निभाइ बलत्कार गर्न कोशिश गर्छ । नीता अगुल्टाले प्रतिकार गर्छिन । ऊ नीतालाई खुकुरी हान्ने विचारले भुइमा लडाउँछ । यस्तैमा एक अपरिचित युवती टर्चलाइट बालेर घर भित्र पस्छे । लोग्ने मान्छे भाग्ने प्रयास गर्छ । देव्रे हात भुईमा झर्छ । अपराधी फरार हुन्छ । उक्त युवती देखी आमाछोरी पनि डराउँछन् तर ऊ नडराउन आग्रह गर्दै यो मेरो कर्तव्य हो भन्छे । यो हात तपाईलाई नासो हो सुरक्षित राख्नु र आवश्यक परेको वेला देखाउनु पर्छ । पृथ्वी गोलो छ । अपराधी एकदिन अवश्य पत्ता लाग्छ भन्दै त्यहाँबाट बाहिरिन्छे । आमाछोरी भने भय र त्रासले रातभर जाग्राम बस्छन् ।

सविन र भोटु एक तिहाइ जवान मात्र छानिदा पर्छन् अर्थात लाहुर लाग्छन् । उनीहरूको ट्रेनिङ तीन महिनासम्म लखनउमा र त्यसपछि ब्याङ्गलोरमा हुने सूचना निस्कन्छ । राती सविन र भोटु आमा र बहिनी अर्चनालाई तथा प्रेमिका अर्चनालाई छुट्टाछुट्टै पत्र मार्फत आफ्नो सफलताको जानकारी पठाउँछन् ।

समाजमा इज्जतले बस्न पैसा कमाउनु पर्छ । पैसा कमाउन लाहुरेनै हुनुपर्छ भन्ने मान्यताले ५ बर्ष अघि इण्डिया लाहुर गएका सविन र भोटु पैसा धेरै जम्मा गरेर फर्कन कैयौ छुट्टी र चाडबाडमा पनि घर आएनन् । अब केही पैसा जम्मा भएकाले, घर सम्झी फर्कने सल्लाह गर्छन् । यसपाली सविन र अर्को साल भोटु घर फर्कने कुरा गर्दै भोटु घरमा दिलमानले पहिले जबरजस्ती कागज गराएको कुरा सुनाउँछ ऊ घर गएर जग्गा उकास्नु पर्ने बताउँछ । सविन यस्तो कुरा पहिलेनै नभनेकोमा भोटुसंग रिसाउँछ र अब गएर बदला लिएरै छाड्ने अठोट गर्छ । भोटु पनि तत्कालिन परिस्थिति र आमाको आग्रहका कारण नभनेको बताउँछ । अब तपाई घर गएर फर्कन पाउनु हुन्न

तपाईले आफ्नो अस्तित्व बचाउन त केही गर्ने पर्छ । पहिले हामी कमजोर थियौं र अब सक्षम बन्दै गएका छौ भन्छ भोटु ।

नयाँ जोस चुनौति सामना गर्ने हिम्मतका साथ सविन घरतिर लाग्छ । एकरातो रेलबाट सिलिगुडी , त्यहाँबाट काँकड्भिट्टा र बिर्तामोडमा बास बस्न आइपुग्नु पहिले रिक्साबाट लजमा जान लाग्दा केही झ्याम्ले, कुण्डलेहरूले बाटो छेकी पैसा माग्छन् । पैसा नदिदा उसलाई हातपात गर्न थाल्छन् । ऊ आफ्नो परिचय दिन्छ तर पनि उनीहरू पछि नपरेकाले चारैजनालई घुमाइ घुमाई झकुर्छ । यसै वेला प्रहरीको गस्ती आइपुग्छ । गस्तीले खोजीरहेको मानिस नै सविनसंग झगडा गरिहरहेकोले प्रहरी उसलाई गिरफ्तार गर्छ । सविनसंग परिचय गरी धन्यवाद दिन्छन् । सविन लजमा पुगेर झोला बिसाउँछ । त्यहाँ उसको जुत्तामा एउटा चाँदीको सिकी अल्झेर पुगेको ऊ पाउछ । जुन अघिको झगडाको चिनो हुन सक्ने ठानी ऊ सुरक्षित राख्छ । त्यहाँ वीरमान लेखेको देखिन्छ सानो अक्षरमा । यो देख्दा उसलाई भाइको याद आयो । सविन (विर्तामोड-कावेली) वसको टिकट लिएर गाडीमा बस्छ । ऊ कल्पनामा आमा, बहिनी, प्रेमिकासंग बहलाएर फिदिम पुग्छ । खाना पछि कुनै वेला निदाउदै, ठोक्किदै पत्तै नभई ऊ भालुचोक पुगेर बसबाट उत्रन्छ । गाडीको बाटो, भालुचोक बजारको प्रगति देखेर प्रसन्न हुँदै घर तिर लाग्छ । घर पुग्दा पनि मान्छेको चालचुल हुँदैन । झमक्क रात परेकोले टर्च लाइट बालेर हेर्दा घर भत्किसकेको, अस्त व्यस्त पाउँछ । आफू जन्मे हुर्केको घरको यस्तो हालतका वारेमा केही थाहा नपाउँदा ऊ रुन थाल्छ । र विक्षिप्त जस्तो बनी कराउँछ छिमेकी केटाकेटीहरू निता मरिछ क्यारे । ऊ भूत कराउदै छ भन्न थाले । सविन एउटालाई पक्रन्छ त्यो वेहोस भई लडछ । सविन आफूलाई भूत नभन मेरो नाम सविन हो भन्छ । यति सुनेर ती केटाकेटी ओहो सविन दादा भनी माफ माग्छन् । ऊ आमा र वहिनी त्यहाँबाट पहिले हिडेर माथिको डाँडामा सानो झुपडी बनाइ केही समय बसी त्यहाँबाट गएको चाँही कसैलाई पत्ता नभएको कुरा थाहा पाउँछ । ऊ त्यो डाँडाँको झुपडीमा पुग्छ । सवै कुरा यथास्थानमा पाउँछ । भूईंमा रगतको टाटा र भित्तामा चकले त्यहाँबाट धेरै टाढा गएको लेखिएको पाउँछ । उसको मानसपटलमा यी दुखदक्षण ओहोदोहोर गरिरहन्छन् ।

सविन अब आफ्नो लक्ष्य (दिलमानको बदला लिन) पट्टि केन्द्रित हुन्छ । ऊ झापाका बजार बजारमा सडकका पेटीमा एउटा खातेको जीवन बिताउन थाल्छ । लाखौंको मालिक लाहुरे सविन भेष बदलेर यसरी नचिनिने गरी हिड्न लाग्यो । यहाँको सम्पूर्ण कुरा समाविष्ट गरी सविन भोटुलाई पत्र लेख्छ । पत्रमा भोटुकी पत्नी झगडा गरेर छोरी सहित माइत बसेकी घरमा कोही नभएको, आफूलाई भेट्दा पनि नचिनिने भएको तथा आफ्नो सत्रु आफ्नो भाइ नै पाएकोले भोटु पनि आफ्नो योजना अनुसार अघि बढ्नु भन्छ । एउटा चिठी अन्त्य गरी पुनः अर्को चिठी लेख्छ । आफ्नो घरका सम्पूर्ण गाई बाख्रा दिलमानकोमा दिइ सकेको जनाउँछ । अब सविन संघर्षमा उत्रेकोले सविनको खोजी नगर्नु

भन्छ । सविन सडकको पेटीमा बसिरहेको बेला एउटा प्रहरी इन्सपेक्टर नजिक आई उसलाई राम्ररी नियाल्छ । उसको बारेमा सोध्छ । लाहुरे जस्तो छौ किन सडकमा ? हिड, मसँग भन्दै बुवा आमा घर सम्पूर्ण विवरण सोध्छ । सविन पनि उसलाई नाम परिवर्तन गरी रकम हो मेरो नाम भन्छ । बुवा आमा काठ्माडौ जानुभएको घर सतासीधाम ७ आइतवारे बताउछ । इस्पेक्टर उसलाई पैसा कमाउने वारेमा सोध्छ ।ऊ नकारात्मक उत्तर दिन्छ तर उसको घरमा जाने, बस्ने, सामान्य काम गर्ने कुरामा भने सहमत हुन्छ र उसको पछि लाग्छ । एउटा ठूलो घर वरिपरि पर्खाल र एउटा गाडी पास हुने गेट, भुँइमा ऐना बरावर । इन्स्पेक्टरको नाम सन्देश हुन्छ । सन्देश उसको बाबालाई बोलाउँछ । उसको बाबा एउटा हात गुमाएको दिलमानकाका नै हुन्छ । बूढोमान्छे रकमलाई राम्ररी नियाल्दै केही प्रश्न सोध्छ ऊ सोधेका प्रश्नको बनावटी उत्तर दिन्छ । ऊ त्यही काम गर्न थाल्यो अब ऊ सन्देशको ट्याक्सी ड्राइभर बनेको छ ।

एकदिन रकम दिलमानलाई हस्पिटल लैजाने आज्ञा पाउँछ । ट्याक्सी लिएर सुरुङ्गा पुगी बाबालाई नाम सोध्छ । बाबा आफ्नो नाम दिलमान काका बताउँछ । सन्देशले दिएको मोवाइलमा वीरमानले दिलमानकाकालाई खोज्छ र भोलि चाँडै आउनु पऱ्यो माल आइपुग्छ भन्छ । रकम (नाम परिवर्तन) लाई "के खोज्छस् काना आँखो" भने झैं भयो । उसले खोजेको बस्तु पाउँदा एक किसिमले ऊ खुसी पनि भयो । ऊ अझ उसका कर्तुत पहिल्याउने विचार गर्छ । ऊ कन्काइ पुलमा गाडी रोकी भेटी चढाउँछ र मनमनै दिलमानको अन्त्यका लागि शक्ति माग गर्छ । दिलमान उसलाई ट्याक्सी रोक्न लगाउँछ र सोध्छ, सर्त गराउँछ । जसअनुसार रकम अव दिलमान सँग बस्ने , पेस्तोल बोक्नु पर्ने, तीसहजार रुपैया पाइने , इस्पेक्टर सन्देशलाई मार्नुपर्ने हुन्छ । सो रकम स्वीकार्दै मनमनै उसको पनि पखेटा पलाएको ठान्छ । दिलमान बताउँछ कि अहिले बसेको घर सन्देशको हो । ऊ उसको झड्केलो छोरो हो । सन्देश कानुन, ऐनका कुरा गर्ने भएकाले उसको धन्दामा सहयोग नगर्ने बरु आवश्यक परे थुनामा अपराधी भनी थुन्न लान सक्ने डर उसलाई छ । दिलमानको अर्को घर विर्तामोडमा छ । जुन घर देखाउन ऊ लैजादैछ । उसका २ भाइ छोरा त्यहाँ भएको बताउँछ । रकम दिलमानका सवै कुरा स्वीकार्छ ऊ उसको मनको धमिलोबाडी सबै देखाउँछ । द्रव्यपिसाच दिलमान उसकै छोरो मार्न लागेको ठान्दै उसकै आज्ञा बमोजिम विर्तामोडको वरिपरि घेरा, एउटा गेट नजिकै जङ्गल रातो तीन तले घर महंगा निर्माण वस्तु प्रयोग गरी बनाएको घर देखी ऊ छक्क पर्छ। त्यहाँ उसको छोराले रकमलाई सविन दाइ भन्दा दिलमान ऊ रकम हो भन्छ । सविन जस्तै रहेछ तर सविनको देव्रे पट्टि कोठी भएको र रकमको दाहिने पट्टि भनी बुझाउँछ । पाजी सविन त पल्टनमा गोली हान्दै छ कि हानी माग्यो भनी सविन प्रति घृणा प्रकट गर्छ । रकम चुपचाप सुन्छ । मतलव नभए झै गर्छ ।

रकम घरमा एक्लै छ । मनमनै सन्देशलाई मार्नुको मतलव केलाउँछ । गाउँको सामान्य हुने खाने मनिस अधैव धन्दा मार्फत करोडको सपना देखेको बुझ्छ । त्यसदिन दिलमान माल पास गराउन सिलिगुडी गएको हुन्छ । एघार बजे आइपुग्ने माल आउँदैन । एउटा मान्छे आई माल चार बजे आउने जानकारी दिन्छ । रकम  पहिले यही  ठाउँमा झगडा गर्दा विरमान लेखिएको सिक्री पाएको सम्झन्छ जुन उसले सुरक्षित राखेको हुन्छ । ऊ आफ्नो भाइ संसार भुलेर कैदी  बनेको ठान्छ । त्यस्तैमा वीरमानको प्रवेश हुन्छ । दुवै आत्तिन्छन् । सविनलाई भाइ अचानक धेरै वर्षपछि  एक्कासी प्रवेश गर्दा अचम्म लागेको हो  तर भाइ  वीरमानलाई भने दाजु उसले ठानेको सुरक्षित स्थानमा कसरी प्रवेश गर्‍यो भन्ने कुरामा शंका गर्दछ । सविनलाई भाइको आवस्थाको बारेमा केही  समय पहिले जानकारी भएको तर कुरा गर्न नपाएकाले आज प्रत्यक्ष कुरा गर्न खुसी देखिन्छ । भाइ वीरमानलाई भने घरवाट छुटेपछि खोजी  नै नगर्ने, माया मार्ने, निर्मोही दाजु र आमासंग रिस उठेको थियो तसर्थ दाजुलाई तुरुन्त  त्यहाँबाट हट्न भन्छ । सविनको मुख्य उद्देश्य नै वुवा र भाइको खोजी गर्ने हो । ऊ ज्यानको बाजी थापेर, नाम, थर, वतन ढाँटेर दिलमानको मन जितेर त्यहाँ आइपुगेको भाइलाई भेटेको र अव कुराकानी गर्ने बताउँछ  । उसको नासो सिक्री उसलाई सुम्पन्छ । वीरमान छक्क पर्छ । ऊ दाजुलाई चोरको रूपमा हेर्छ र एक बक्सिङ हान्छ । दाजु उसलाई अतीतका अविस्मरणीय क्षण सम्झाउँछ र नभुल्न आग्रह गर्छ । वीरमान अतीत ख्याल नगरी आफू दाजुभन्दा धेरै माथि पुगेको, नेता बनेको बताउँछ । दाजुभाइ वीच धेरै वादविवाद हुन्छ । मेरो नागरिकता खोइ भनी दाजुलाई लट्ठीले प्रहार गर्छ । सविनको टाउकोमा चोट लागी रगत बग्छ । ऊ बेहोस हुन्छ । होसमा आएर भाइलाई आफ्नो औकात् सम्झाउँछ । वीरमानको विचारमा परिवर्तन आउँछ ऊ दाजुसँग माफ माग्छ । दाजुलाई पनि भक्कानो छुट्छ दुवै अँगालिन्छन् । ऊ दाजु त्यहाँ प्रवेश गरेको कुरा बुझ्छ र त्यहाँ खतरा भएको बताउँछ । दिलमानले गरेको अत्याचार भाइलाई सुनाउदै अव उसको हत्या गर्नुपर्ने कुरा सम्झाउँछ । सविन टाउकोको पीडाले मरे झैं हुन्छ । एउटा पातलो दुब्लो दुब्लो मान्छे भित्रिन्छ । ऊ वीरमानलाई त्यसबारेमा सोध्छ र आज राती साधुकुटी कञ्चनगढमा एउटी सुन्दरीको सिकारमा जाने प्रस्ताव राख्छ । वीरमान पनि यो काललले कुत् कुत्याएको मान्छे हो यसलाई पनि त्यहीँ वोरामा हालेर लाने, आफ्नो काम गर्ने र यसलाई त्यहाँ छोड्ने अनि प्रहरीले यसलाई पक्रन्छ । हामी बचिहाल्छौ भनी ट्याक्सी त्यतातिर हुईक्याउँछन् । परापूर्वकालमा साधुहरू हालको कञ्चनगढ (जुन बाह्रदशीको बिहिबारे बजार छेउमा पर्छ) तिर सानो दियोबल्ने झुपडीतिर लक्षित वीरमान गन्तव्यमा पुगी बोरामा प्याक गरी गाडीको सिटमुनि राखेर ल्याएको सविनलाई निकाल्छ । मरणासन्न सविनलाई त्यही झुपडीको आँगनमा फाली भित्र पस्छन त त्यहाँ कोही पाउदैनन् । "चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी" भनेझैं उनीहरू खिन्न हुन्छन् , रिसाउँछन् र रिसाढोका, भित्ता आदिमा पोखेर आफूलाई अभागी सम्झी फर्कन्छन् ।

मृत्युको मुखबाट फर्केर सविन झुपडीभित्र पस्छ । ऊ रगताम्ये शरीर लिएर कतै जान चाहदैन । उज्यालो भएपछि सुरिलो स्वरमा गीत गाउँदै एउटी युवती र एउटी वृद्धा आउँछन् । शुरुमा कसैले पनि झ्वाट्ट चिन्न सक्दैनन् तर सोध र खोज गर्दा नीता, अर्चना र सविन नै हुन्छन् । सविन लाहुर लाग्न गए पछाडिका पल्टनका र घरका यावत कुरा गर्छ । सबै हर्षाश्रुमा डुब्छन् । सविन भाइ र बाबा दिलमानसँगै रहेको बताउँछ । बीरमान गुण्डा जस्तो बनेको र बाबा कैद अवस्थामा नै रहेको पनि सुनाउँछ । सविनको जिज्ञासामा आमा पहाडको घरमा यता आउने दिन दिलमानलाई यसै गरी मार्ने भनी कुखुरा काटी रगतै रगत छर्केर आएको बताउँछिन आमाले कुरा बङ्ग्याएको अर्चना बुझ्छे तर अहिले नभन्ने सङ्केत पाए पछि ऊ चुप लाग्छे । सविन पनि आमा र वहिनीलाई त्यहाँबाट केही नलिई अन्तै जान आग्रह गर्छ । अर्चना त्यहाँको प्रकृतिप्रति आकृष्ट हुर्दै कतै नजान खोज्छे तर सुरक्षाको कारण तीनै जना त्यहाँबाट बिदा लिन्छन्

**चरम उत्कर्ष**

दिलमान रकम भन्ने व्यक्ति साँच्चिनै नीताको छोरा सविन हो भन्ने कुरामा विश्वस्त हुन्छ । परिवार नै एकै ठाउँमा जम्मा भएको अवस्थामा यी सवैलाई ठेगान लगाउनु पर्छ नत्र यिनीहरू एक भएभने आफ्नो व्यापार चौपट बनाइ दिन्छन् भन्ने ठानी वीरमानलाई सविन खोइ भनी सोध्छ । वीरमान आफूले मारी दिएको बताउँछ । तर यो कुरा ऊ पत्याउदैन र उसलाई पनि जीवनभर कैदी बनाई अन्यत्र राख्ने तड्पाइ तड्पाई राख्ने कुरा सुनाउँछ । वीरमान आफूले आफ्नो घर परिवार त्यागी उसैको हितमा काम गर्दै आएको, जस्तो सुकै खतरा पनि मोलेको, उसैको छोरा सन्देशको आँखा छली मानव खप्पर, चरेश, हिरोइन आदिको कारोवार सफल बनाएको र अझ पनि सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्छ तर दिलनमानको मन पलाउदैन । केही लाठेको सहयोगमा उसलाई गाडीमा हालिदिन्छ र उस्को बुवालाई अर्को गाडीमा हाली दमकतिर लाने काम शुरु हुन्छ । बीरमानको बुवा आजसम्म सम्पूर्ण पेन्सन दिई सहयोग गरेको , कैदी जीवन भोगेको तर अव स्वतन्त्र जीवन जीउन पाऊँ भनी विन्ति गर्छ । ढुङ्गाको मन भएको दिलमान त्यो स्वीकार्दैन र गाडी हुँइक्याइन्छ । कन्काइमाइको पुलमा पुग्दा उताबाट सविन आमा र अर्चना आउदै हुन्छन् । दिलमानका २ वटा गाडी र सविनको गाडी त्यही रोकिन्छ । आफ्ना लठैतहरूलाई रकम भनेको यही हो यसलाई बजाओ भन्छ । वीरमान र उसको बुवाको कानमा एयरफोन हुन्छ । उनीहरूलाई वास्तै हुन्न । सविन झगडा नगर्न आग्रह गर्छ । तर दिलमानका केटाहरू उसलाई मुक्का प्रहार गर्न थाल्छन् सविन पनि आफ्नो इतिहास बताउदै आफू कमजोर नभएको बताउँछ । ऊ पनि मुक्का, किक प्रहार गर्छ । सबैलाई सोत्तर बनाउँछ भने ऊ पनि घाइते हुन्छ । दिलमान सविनलाई खुकुरी प्रहार गर्न खोज्छ एक युवती (अर्चना) मोटरसाइकलमा उनीहरूको बीचमा संयोगले आइपुग्छे । खुकुरीको प्रहार अर्चनाको हेलमेटमा लाग्छ । एकछिनमा सन्देशको गाडी आइपुग्छ । यो कुनै कुरा उसलाई थाहा हुन्न तसर्थ ऊ अनुसन्धान गर्न

थाल्छ र बहिनीलाई घर जान आग्रह गर्छ । घटनास्थलमा अर्चना एउटा डायरी भेट्टाउँछे त्यसमा सविनले अर्चनालाई गरेको प्रेमका संकेतहरू थिए । सविन त्यहाँबाट फरार भई सकेको थियो त्यसैले सविनलाई दोषी ठानी खोजी गर्दछन् । उता आफ्नै बुवा दिलमानलाई पनि हिरासतमा राखी अनुसन्धान अघि बढाउछ ।

सविन हरवखत दिलमानसँग बदला लिने र निर्दोष कैदीका रूपमा रहेका आफ्ना बाबु र भाइ वीरमानलाई उसको पञ्जाबाट छुट्याई घर फर्काउने कुरा सोच्न थाल्छ । आमा छोडेर जानेलाई नसम्झ भन्छिन् । तर ऊ उसको बाचा वा कर्तव्य पूरा गरेरै छाड्ने उद्देश्यले एकोहोरिन्छ । आमा बहिनी अर्चनाको र उसको विवाहको प्रसङ्ग निकाल्छिन । ऊ चाँही यसलाई दोस्रो प्राथमिकतामा राखेको बताउँछ । नीता आफ्नो अपहरित श्रीमान र छोराको विगतका सुख दुःखका क्षणमा सम्झी विह्वल बन्छिन् । सविन घर छाडी विर्तामोडमा अल्लारिन्छ । ऊसँग भएको पैसा आमालाई जिम्मा दिएर खाली हात घरबाट हिडेर ऊ आफ्नै गन्तव्य कसरी पुग्ने भनेर सोच्छ । दुनिया संगठन गरेर हात हतियार बोकेर युद्ध लडिरहेको बेला आफू एक्लो निशस्त्र युद्ध लड्ने चेष्टा गर्छ । उसको मनमा धैर्य र साहसको प्रतिद्वन्द्विता चल्छ जसमा साहसकै जीत हुन्छ । बरु असत्य र पापको मार्गबाट नै भए पनि लक्ष्यमा पुग्ने कुराले उसको मनोवाद टुङिगन्छ । ऊ पसिनाले भिजेको हुन्छ । अब ऊ दिलमानलाई विर्तामोडमा नभेटे पनि सिलगुडीमै अवश्य भेट्ने उद्देश्यले एम्बुलेन्स प्रयोग गरी सिलगुडि पुग्छ त्यहाँ कतै नभेटेपछि ऊ फर्कन्छ । विरामी फर्काउन भनी लगेको एम्बुलेसन्स अस्पताल नै नपुगी धम्कीको भरमा चलेको अवस्थामा काकडभिट्टामा इस्पेक्टर सन्देशको प्रहरी गस्तीले ऊ चढेको एम्बुलेन्स रोक्छन । ड्राइभरले सवै कुरा खोज्छ । सविनलाई उहाँबाट उतारेर झापड लगाई हिरासतमा लगाईन्छ । ऊ पटके बदमास तथा ज्यान मार्ने व्यक्तिका रूपमा थुनिन्छ ।

नेपालमा १० बर्ष जनयुद्धको परिवेश अत्यन्त भयावहछ । नेपालीको पहिचान परिवर्तन हुन खोजिरहेको छ । कसैको ज्यानको सुरक्षा छैन । यस्तो बेला घरबाट हिडेको सविनको थाहा पत्तो छैन। घरमा आमा र बहिनी सविनको आगमनको बाटो अश्रुपूर्ण आँखाले कुरिरहेको छन् यता एम्वुलेन्सको ड्राइभरलाई ज्यान मार्ने धम्की दिएको मुख्य आरोपमा सविन जेलमा छ । ऊ जेलबाटै घरमा चिठी पठाउँछ । चिठी पढ्दा बेहोस भएकी आमालाई बहिनी सम्झाउँछे एक दिन छुटेर आउनुहोला भनी सम्झाउँदै । दुई बाबुछोरा दिलमानको घरमा निर्दोष कैदी भएकाले छुटाउन गएको सविन प्रहरीको जेलमा सुन्दा उनी व्यथित हुन्छिन् । यस्तैमा एक अधावैंसे युवतीको प्रवेश हुन्छ । आमा चिन्दिनन् तर अर्चना पहाडको घरमा ज्यान बचाइ दिने युवती भनी अड्कल गर्छे । वास्तवमा उही हुन्छे । आमा खुसी भइन । उक्त युवती आमालाई राख्नदिएको नासो लिएर प्रहरी कार्यालयमा पर्सि आउनु भनी त्यहाँबाट बिदा हुन्छे । अब आमाछोरी डराउँछन् तर “कायरता नै अपराध हो” भनी नडराई उसले भनेको समयमा प्रहरी चौकी पुग्छन् ।

**उपकर्ष**

चौकीमा सन्देश हुन्छ । ऊ ती आमा छोरीलाई चिन्दैन तर अर्चना चिन्छे र चिनाउँछे । ऊ सविनलाई हेर्न आउनु भएको भनी सोध्छ । आमा सन्देशलाई वर्दीमात्र पहिरेर हुदैन कैदीको रहस्य पनि बुझ्नु पर्छ भन्छिन । यतिखेरै ती युवतीको पनि प्रवेश हुन्छ । उनी आमालाई इपेक्टर सन्देश मेरो दाजु भनी चिनाउँछिन । आमा शंका गर्छिन कि यी सवै दिलमानका सन्तानका सन्तान रहेछन् । यिनीहरूले हाम्रो सन्तानै कैद गर्ने पो हुन कि भन्ने ठान्छिन । तर युवतीको नाम 'अर्चना' जो सविनकी प्रेमिका हुन्छे । उसले सन्देशलाई हत्कडी सहित बाबु दिलमानलाई ल्याउन आग्रह गर्छे र भन्छे कि आमा म एउटा रहस्य उद्घाटन गर्न गइरहेछु । साथै वीरमान र उसका बुवालाई पनि त्यहाँ ल्याउन आग्रह गर्दछे । कुरा नबुझी भए पनि वहिनीको आग्रह स्वीकार गर्छ । हत्कडी सहित दिलमानको प्रवेश हुन्छ । बीरमान र उसको बुवाको पनि प्रवेश हुन्छ । आफ्नो प्रमुख शत्रु र आफ्ना अर्धाङ्ग पति र पुत्रको दर्शन एकै चोटी हुँदा रिस, क्रोध, माया र खुसी मिश्रित भाव नीतामा देखिन्छ तर वीरमान त्यहाँ आमा, बहिनी देख्दा खुसी नभइ भाव प्रदर्शन गर्छ । छोरी बुवालाई सपनामा देखेजस्तै फोटोमा देखेजस्तै भनी पहिलो पल्ट दर्शन गर्दछे, चिन्छे । बीरमानको नकारात्मक भावदेखी आमा विह्वल हुन्छिन । ऊ भोटुलाई जग्गा जमिन पास गरेको, नागरिकता दिएको कुरामा चित्त दुखाउँछ । सविन, दिलमानले सन्देश प्रति गरेको व्यवहार प्रष्ट्याउँछ । सन्देश बाबुप्रति क्रुद्ध हुन्छ । सविन अझ थप्छ कि दिलमानको हाल पेशा तस्करी हो जुन कुरा घर खानतलासीबाट पुष्टी हुन्छ । उसको घरबाट मानव खप्पर, चरेश, हिरोइन ड्रग्स आदि बरामत गरी उसकै अगाडि थुपारिन्छ । दिलमानकी छोरी अर्चना पनि बाबाले यी आमाछोरीलाई बलत्कार गर्न जाँदा उहाँको हात आफैबाट काटिएको सप्रमाण (सुकेको हात सहित) बताउँछे र दाजुको पेस्तोल बाबुको छातीमा ताकेर हान्छे तर गोली सन्देश तर्काउँछ । दिलमान लगलग काम्न थाल्छ । सविन जेलमै रिसले चुर भइ भुत्भुताउँछ । दिलमान पागलजस्तो बनी मुर्छा पर्छ । सन्देश दिलमानलाई जेलचलान गर्ने निर्णय गर्छ । वीरमान रुदै दाजु, आमा र बहिनीसँग माफ माग्छ । ऊ घरबाट भागेको होइन दिलमानको डर त्रास देखाई अपहरण गरी उसको घरमा राखेको, तर्साइ तर्साइ काममा लगाएको बताउँछ । उसले गरेको गल्ती पनि प्रस्तुत गर्छ । दिलमानको बुवा पनि सबै पेन्सनको पैसा नदिए मार्ने धम्की दिएकाले पेन्सनको पैसा दिएको पैसा दिंदा अपहरण गरी उसकै घरमा कैद गरेको खुलासा गर्छ ।

अब सविनको ठाउँमा दिलमान बस्यो । सविन निर्दोष कैदी सावित भयो । वीरमान र उनीहरूका पिता पनि निर्दोष सावित भए र जेलबाट छुटकारा पाए । सन्देशले निर्दोषलाई सजाय दिएकोमा माफ मागी सिन्दुर लगाई विदा दियो । स परिवार धेरै बर्ष पछि एकैठाउँमा भेला भए । हर्षाश्रुको कोलाहल मच्चियो । अर्चना सविनलाई म तिम्री प्रेमिका अर्चना हुँ भन्छे तर ऊ यस्तो दुष्टकी छोरीसँग सम्बन्ध जोड्दिन भनी उसको प्रेम इन्कार गर्छ तर आमाको आग्रहमा पुनः स्वीकार्छ।

उसैले आमा र वहिनीको ज्यान र इज्जत बचाएको र उसको दाजुले आज सही न्याय दिलाएकोमा उनीहरू प्रति कृतज्ञ बन्दै माखुजामा खाएको कसम सम्झदै 'आइ लभ यु' भनी अर्चनालाई अँगाल्छ। त्यहीं सिन्दुरले उसको सिउँदो सजाउँछ। सन्देश वहिनीज्वाइँलाई आर्शीवाद दिन्छ। सवैमा ढोगभेट चल्छ। स-परिवार विर्तामोडमा अमरपुरका लागि टिकट लिई भारीतारी मिलाउँदा मिलाउँदै भोटु सविनदाइ भनी आउँछ अनि सबै एउटै गाडीमा पहाड घरतिर प्रस्थान गर्छन् र उपन्यासको कथानक अन्त्य हुन्छ।

## ५.९.२२. चरित्र वा पात्र

यस 'निर्दोष कैदीको रहस्य' उपन्यासको प्रमुख पात्र वा नायक सविन हो। सविनकै केन्द्रीयतामा उपन्यासको कथानक अघि बढेको छ। यस उपन्यासको अर्को प्रमुख पात्र वा नायिका अर्चना हो। उसैले उपन्यासमा निर्णायक मोड दिएकी छ। यस उपन्यासमा नीता, वीरमान उसको बुवा, अर्चना (बहिनी), दिलमान, सन्देश भोटु सक्रिय सहयोगी पात्र हुन। यस उपन्यासमा सविन, सविनको बाबा, आमा बहिनी, प्रेमिका (अर्चना), सन्देश, भोटु, मनराज बाजे, दिलमान, कान्छी आदि अनुकूल पात्र हुन भने दिलमान उसका मतियार गुइठे माने आदि प्रतिकूल पात्र हुन। वीरमान गतिशील पात्र हो भने अन्य सवै स्थिर पात्र हुन। नीता, अर्चना (छोरी), अर्चना (नायिका), भोटुकी श्रीमती, कान्छी आदि स्त्री पात्र हुन भने सविन उसको बाबा, वीरमान, दिलमान, सन्देश, भोटु, माने, गुइठे, मनराज बाजे, दिलराज आदि पुरुष पात्र हुन। भूमिकाका आधारमा प्रमुख पात्रहरूको चर्चा यस प्रकार गरिन्छ :

### सविन

सविन यस उपन्यासको प्रमुख र अनुकूल पात्र हो। उसकै केन्द्रीयतामा यस उपन्यासको शुरु र अन्त्य भएको छ। सविन एक वर्गीय पात्र हो। बाबु रिटायर्ड लाहुरे, ५ जनाको सानो सुखी परिवार भएर पनि उसले यस उपन्यासभरि गरिबी, दुःख, अन्याय शोषण, मानसिक कुण्ठा, बदलाको भावना आदिवाट नै बढी पिरोलिनु परेको छ। ऊ स्वयं लाहुरे भएर पनि समाजमा लाहुरेको जुन स्थान छ त्यहाँ कहिल्यै पुग्न सकेको छैन। पेन्सन प्राप्त बाबु बेपत्ता भएपछि आर्थिक मुख्य श्रोत नै वेपत्ता हुन्छ। एक मात्र भाइ पनि वेपत्ता भएपछि साथ पनि वेपत्ता हुन्छ। मानसिक रूपमा शिथिल बन्छ। वेपत्ता बाबा र भाइको खोजी गर्ने दायित्व उसको काँधमा आउँछ। साहुको ऋण तिर्न नसक्दा घर जग्गा नै साहुको पञ्जामा पर्दछ। ऋण तिर्ने उपाय नभएपछि एकमात्र सहयोगी भोटु र ऊ दुवै जना लाहुर लागेर जग्गा निखन्ने अनि बाबा र भाइको खोजी गर्ने योजना बनाई बिदेशिएको सविन लाहुरबाट केही रकम लिएर घर फर्कदा घर अस्तव्यस्त पाउँछ। अर्को घरमा आमा र बहिनी बसाइँ सरेको थाहा पाए पछि त्यहाँ पुग्दा पनि रहस्यमय संकेतहरू मात्र पाउँछ। अब उसका आमा र बहिनी

पनि बेपत्ता हुन्छन् । यो खेल दिलमानको भएको ठानी दिलमानको खोजीमा निस्केका सविन आफ्नो नाम रकममा परिवर्तन गरी हरेक आरोह अवरोह पार गर्दछ । सडकमा खाते जस्तो बनेदेखि लिएर इस्पेक्टरको विश्वास पात्र गाडी चालक समेत बनी दिलमान, बाबा र वीरमानको पत्ता लगाउँछ । उनीहरूको अवस्थाबाट मुक्त गर्न सक्दैन । मान्छे जहाँ गए पनि आफ्नो विचार आहार व्यवहारसँग मिल्ने मानिसको साथ उसले पाउनु पर्ने हो तर सविन सधै एक्लो देखिन्छ । उसकी प्रेमीका अर्चनाले भने अप्रत्यक्ष रूपमा सधै साथ दिइरहेकी हुन्छे तर ऊ पनि सधै एक्लो 'वृहस्पति झुट्टा' 'एक थुकी सुकी' जस्ता उखानलाई चुनौती दिदै अन्त्यमा ऊ पनि जेलमा परेपछि अर्चनाको एक्लो प्रयास साकार भएको छ । सविनका सवै उद्देश्य एकै साथमा पूरा भएर उपन्यासको बिट मारिएको छ । यसरी सविन यस उपन्यासमा एक वर्गीय, बदलाको भावनाले ग्रसित र मञ्चीय प्रमुख पुरुष पात्र हो ।

## अर्चना

यस उपन्यासको प्रमुख स्त्री पात्र अर्चना अनुकूल स्त्री चरित्र हो । सविनका मामाकी छोरीले मामाघर माखुजामा सविनसंग परिचय गराए पछि सविन प्रति आकृष्ट भई प्रेमको वन्धमा वाँधिएर यस उपन्यासमा देखापरेकी अचर्ना दिलमानकी जेठी श्रीमती पट्टिकी छोरी हो । जेठी श्रीमती प्रतिको अपहेलनाका कारण अनाथ जस्तो बनेकी अर्चना मावलमै हुर्कन्छे । यसै समयमा सविनसँग प्रेममा फसेकी अर्चना सानैदेखि अन्याय, अत्याचार, शोषण, दमनको विरुद्धमा लाग्छे । विद्रोही स्वाभावकी अर्चना सोझा, सज्जन, गरिब, निमुखा, जनताप्रति सहानुभुति राखी सक्दो सहयोग पुऱ्याउँछे । नेपाली जन विद्रोह वा जनयुद्ध चर्किरहेको बेला राजनीतिक पार्टीको कार्यकर्ता नभए पनि सशक्त कार्य कर्ताले गरेको सामाजिक न्यायपूर्ण क्रियाकलापझै ऊ आफ्नो बाबुलाई समेत भौतिक कार्यवाही गर्न पछि पर्दिन । निमुखा नीता र उनकी छोरी अर्चनाको अस्मिता लुटिरहेको पिपासु बाबुलाई पछाडि पट्टिबाट हात काटी दिने पीडित पक्षलाई आश्वासन दिने अर्चना तराइमा दाजु सन्देशको घरमा तिनै बाबुसँग बसेकी हुन्छे । नीता र उनकी छोरी अर्चना साधुकुटीमा बसेको पत्तालगाई त्यहाँ गएर उनीहरूलाई न्याय दिलाउनका लागि प्रहरी चौकीमा दिलमानको काटिएको हात सहित उपस्थित हुन आग्रह गर्दछे । सविनलाई अन्तर्हृदयदेखि प्रेम गर्ने अर्चना उसको लामो समयसम्मको विछोडमा पनि कति विचलित नभई सधै एकनासको भूमिका निर्वाह गर्ने एक स्थिर चरित्र हो । जो आफ्नो बुबाको शोषक सामन्ती चरित्रको विरुद्धमा शुरुदेखि अन्तिमसम्म सक्रिय रही शोषित, पीडित नीताको परिवारलाई न्याय दिलाई आफ्नो प्रेमी सविनलाई प्राप्त गरेर छाडेकी छ । तसर्थ ऊ यस उपन्यासकी प्रमुख नारी पात्र वा नायिका हो ।

## नीता

नीता यस उपन्यासकी एक सक्रिय सहायक पात्र हुन । यस उपन्यासका नायक सविनकी आमा हुन् । सत्य र न्यायमा विश्वास गर्ने, छोरा सविनलाई अन्याय नगर्न र नसहन प्रेरणा दिने एक सत्पात्र हुन । पति लाहुर जाँदा दुःखसुख गरी छोराछोरी हुर्काएकी नीता पनि पेन्सनमा छुट्टि आए पछि केही समय सुखसँग बाँचेकी पाइन्छ । चाडै नै सामन्त दिलमान साहुको कुदृष्टि परी उनका श्रीमान अपहरणमा पर्छन् । श्रीमान मात्र अपहरण नपरी उनको पेन्सन पनि अपहरण भएकाले उनले धेरै दुःख कष्ट सहनु परेको देखिन्छ । पति वेपत्ताको चोट हुँदा हुँदै उनले छोरा (वीरमान)को बेपत्ता पनि सहनै परेको छ । व्यवहारिक कारणले सविन र भोटुलाई मावल पठाएको वेला दिलमान (सामन्त) को चाकडी पुग्दैन । यसै निहुँमा उनले हरेक गाली बेइज्जत मात्र नभई जग्गा जमिन नै साहुको नाममा बुझाउनु पर्ने बाध्यता पर्दछ । आफ्नो हैसियत सानो भएकाले ठूलाबडासँग सिगौंरी खेल्नु हुन्न भनी सविनलाई यो अत्याचार सुनाउदिनन् । अत्यन्त दुःख सहेर छोराछोरी हुर्काएकी, छोराहरूलाई धनकमाउन लाहुर पठाएकी नीता दिलमानको वलात्कारको सिकार बन्न पुग्छिन तर यस घटनामा भने एक अपरिचित युवती (अर्चना) को सहयोग पाई आफ्नो अस्मिता बचाउन सफल देखिन्छिन आफूले जति दुःखकष्ट सहेर पनि अनाथ भोटुप्रति आमाको माया, ममता दर्शाउने नीता भोटुकी श्रीमतीलाई समेत बुहारीका रूपमा भित्र्याई उसलाई आफ्नो छोरा वीरमानको नागरिकता दिई लाहुर पठाउँछिन । यस प्रकार यस उपन्यासमा नीता सहनशील, धैर्य, आत्मविश्वासी, दृढ, दयामायाकी खानी, भएकी एक असल आमा पात्र हुन ।

## बाबा

बाबा यस उपन्यासको कम सक्रिय, सहायक पात्र हुन् । नायक सविनको वावा, पेन्सन प्राप्त लाहुरे भइकन पनि दिलमानको पञ्जाबाट उनी आफैं उम्कन नसक्ने एक निरीह पात्र हुन् । अरुको वहकाउमा लागि पेन्सनै अरुलाई बुझाउने, घरपरिवार बिर्सने, आफू माथिको अन्यायविरुद्ध आवाज उठाउन नसक्ने जीवनभर निर्दोष कैदीका रूपमा रहेका एक कमजोर स्थिर चरित्र हुन ।

## दिलमान

दिलमान यस उपन्यासको एक प्रमुख असत् पात्र हो । उपन्यासको शुरुदेखि अन्तिमसम्म एकनास अन्याय अत्याचार शोषण, दमन, अवैध कारोवार, हत्याहिंसा, बलत्कारजस्ता जघन्य आपराधिक क्रियाकलापमा दलवल सहित देखा परेको दिलमान प्रमुख खलनायक हो । आफ्नो धन सम्पत्तिको मातले मात्तिएर गाउलेलाई आफ्नो इसारामा नचाउने छिमेकी लाहुरे (नीताको पति) लाई शुरुमा सहयोगको भावना राख्ने र पछि उसको सर्वश्व लुट्ने, एउटा लाहुरे र उसको जवान छोरालाई समेत घरमै जीवनभर कैद गर्न सक्ने, उसका छोरी र श्रीमतीलाई भेष बदलेर राती अस्तित्व लुट्न जाने, खरानी हुँदा पनि विचलित नभइ बसाईं जाँदा समेत गाउँमा दासत्व कायम राख्न उसका थोत्रा चिज बस्तु बाड्ने, आफ्नो छोरा कानुनको बाटोमा हिड्ने एक सच्चा प्रहरी र इन्सपेक्टर भए पनि ऊबाट जोगिएर अवैध धन्दा सञ्चालन गर्ने, स्वयं छोरा मानेको सन्देशलाई मार्न षड्यन्त्र गर्ने

दिलमान एक कठोर हृदय भएको नीच, अधम, पिपासु व्यक्ति पात्र हो । यस उपन्यासको दुःख, पीडाको कारक दिलमान जस्तासुकै हण्डर ठक्कर खाँदा पनि अविचलित भई नियमित रूपमा आफ्ना कुत्सित योजना अघि बढाउने एक स्थिर चरित्र हो ।

## वीरमान

वीरमान यस उपन्यासको नायक सविनको सहोदर भाइ हो । घर हुँदा म मदेश जान्छु भनी आमा दाजुलाई भुक्याउने ऊ दिलमानको लहैलहैमा लागी मधेश जान्छ र आफ्नो घर आमा, दाजुको मतलवै नराखी दिलमानको भरौटेका रूपमा जस्ता सुकै कुकार्यमा संलग्न भइ रहन्छ । डकैती, गुण्डागर्दी हत्या, बलत्कार, अवैध कारोवार जस्ता कार्यमा मग्न वीरमान बर्षौपछि भेट भएको आफ्नो दाजुलाई मरणासन्न हुनेगरी कुट्न पनि पछि पर्दैन । जब दिलमानले उसलाई जीवनभर कैद गर्ने, दुःख दिने जस्ता कुरा गर्छ तब छाँगाबाट खसेझै हुन्छ । अनेक अनुनय विनय गरी उसको सच्चा भक्त भएको दर्शाउँछ । उसको विन्ति जङ्गलको रुवाइ भए पछि ऊ निस्तेज बनेको देखिन्छ । उपन्यासको अन्त्यतिर ऊ पनि निर्दोष कैदीका रूपमा रहेको पाइन्छ । अन्त्यमा नायिका अर्चनाले दिलमानको कर्तुतको रहस्योद्घाटन वा पर्दाफास गरे पछि उसले मुक्ति पाँउछ । त्यसपछि भने उसको परिवार प्रतिको दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ । तसर्थ यस उपन्यासको वीरमान एक गतिशील पात्र हो ।

## सन्देश

सन्देश यस उपन्यसको उत्तरार्द्धतिर देखापरेको एक सच्चा देशभक्त, न्यायप्रेमी प्रहरी इन्सपेक्टर हो । कानुनलाई सही रूपमा पालन गर्न रुचाउने सन्देश असहाय, वेसहारा जीवन विताएको जस्तो देख्दा सविनलाई घरमा लगी उचित काम दिन्छ । सबै प्रति सकारात्मक घारणा राख्ने ऊ आफ्ना बाबुको मनको धमिलो बाडी बुझ्न सक्तैन । प्रहरी अफिसर भएर पनि आफ्नो कार्य क्षेत्रमा भएको तस्कारी र आफ्नै घरमा बसेका तस्करका बारेमा अनविज्ञ रहनु उसका कमजोरी देखिन्छन् तर उसले आफ्नो बावुको कालो धन्दाका बारेमा जानकारी प्रष्टिन आउँदा परिवन्दले जेलमा परेको सविनको बारेमा राम्ररी बुझेपछि उसलाई छुटकारा दिई बाबुलाई कैद गर्ने र सविनलाई आफ्नी एकमात्र बहिनी सुम्पेर ज्वाइँ मानेको पाइन्छ । यसरी सन्देश यस उपन्यासको एक अनुकूल, स्थिर चरित्र हो ।

## अर्चना

यस उपन्यासमा देखा परेका दुईजना अर्चना पात्रहरू मध्ये नायक सविनकी बहिनी अर्चना एक बालपात्र हो । अबोध अवस्थामै बाबा वेपत्ता भए पछि उसमा बाबा प्रतिको तीव्र जिज्ञासा देखिन्छ

। आमाले पूजा गरिराखेको फोटो जस्तै व्यक्तिलाई सपनामा बाबा भनी चिनेको बताउने बालपात्र अर्चना सविनलाई त्यो पारि गाउँमा पनि अर्चना भएको र त्यो अर्चना  मलाई ल्याइ दिनु भन्छे । साँच्चीनै सविन पछि माखुजा जाँदा अर्की अर्चनालाई भेट्छ । चिनजान र उसैसँग मायाप्रिति बस्छ । साँच्चिनै उसलाई सविनले भाउजूका रूपमा ल्याइदिन्छ पनि । यसरी यस उपन्यासमा बालकको बोलीमा सत्यता हुन्छ भन्ने देखाउन खोजिएको छ । अर्चना दाजु सविन लाहुर गएपछि आमासँगै रही हरेक दुःख, कष्ट खपेर बसेकी एक सामान्य, स्थिर तथा अनुकूल चरित्र हो ।

## भोटु

यस उपन्यासमा भोटु एक सहायक पात्र हो । भोटुलाई सविनको साथीका रूपमा राखिएको छ । ऊ त्यस घरमा एक सन्तानकै रूपमा रहेको देखिन्छ । ऊ सविनसंग गोठमा काम गर्ने गरेको, ऊसँगै डुल्ने र उसँगै लाहुर गएको सविन जत्तिकै घरको माया गर्ने तर पाहुना गएको बेला माखुजामा एक नवयुवतीसँग अनैतिक सम्बन्ध राखेर उक्त युवती जिम्मा लिन पुगेकोले एक सामान्य पात्र हो । नीताको विश्वासपात्र भोटु निकै धैर्य पनि देखिन्छ । दिलमानले नीतालाई जर्वस्ती कागजमा सही गराएको कुरा भोटुले थाहा पाउँछ तर सविन यसबाट अछुतो रहन्छ ।  नीता यो कुरा भोटुलाई सुनाउँछिन तर सविनलाई नसुनाउने बताउँछिन् । नागरिकताको आधार नपाएको भोटुलाई नीताबाट आफ्नै छोरा वीरमानको नागरिकता दिइन्छ । ऊ इण्डिया लाहुर लाग्छ । यसर्थ भोटु यस उपन्यासमा सबैको विश्वासका पात्र हो । ऊ उपन्यासमा अनुकूल चरित्रका रूपमा नै देखिन्छ ।

## अन्य पात्रहरू

यस उपन्यासमा अन्य विभिन्न पात्रहरू गौणपात्रका रूपमा रहेका छन् । जसमा मनराज बाजे एक सरल स्वभावका ब्राह्मण हुन् । उनी कसैको निन्दा चर्चा गर्दैनन् । अरुले सुनाएको कुरा सुन्छन् । आफ्नो काम गर्छन् । उनी कसैलाई भनी विफाउँदैनन् । दिलराज सविनको साथी हो । ऊ सविनप्रति सकारात्मक छ र दिलमान काका प्रति नकारात्मक पनि छैन । उपन्यासमा त्यति धेरै भूमिका नभएको पाइन्छ । कान्छी पनि नीताको एक असल छिमेकी हुन् भए पनि नीतालाई समस्या पर्दा आवाज उठाउन नसक्ने निरीह नै देखिन्छ । उपन्यासमा एक पटक देखा परेकी कान्छीको भूमिका गौण ठानिन्छ । गुइठे र माने आफू गरीव भए र पनि धनीमानी, सामन्तको मतियार भई गरीवहरू प्रति सद्भाव नराख्ने प्रतिकूल चरित्र हुन । दिलमान बसाँइ गए पछि उनीहरूको भूमिका पनि देखिदैन । तसर्थ माने र गुइठे आफ्नो हैसियत नबुझ्ने, अरुको लहैलहैमा लाग्ने धनीमनीको जुठोपुरो खान पल्केका गतिशील चरित्र हुन ।

## ५.९.२.३ परिवेश

प्रस्तुत उपन्यासको शुरुवात नेपालको पूर्वी पहाडी ग्रामीण परिवेशबाट भएको छ । सानी नानी अर्चनाको "आफ्ना अपहरित वावाको फोटो नचिनेर आमासंग सोध्छे" बाट सुरु भएको यस उपन्यासमा ग्रामीण गरीब, निमुखा सोझा सिधा जनताका चाहना, वाध्यता, विवशताका साथै धनीमानी, साहु सामन्तहरूको हैकमवादी प्रवृत्ति कानुनलाई हातमा लिई, अवैध धन्दा अपहरण प्रतिशोध हत्या हिंसा लुटपाट, वलत्कार आगजनीजस्ता सामाजिक अपराधिक क्रियाकलापको परिवेश समाविष्ट पाइन्छ । धनका गरीवले प्रेमिका पनि धनकी गरीब र मनकी धनी चाहेको माया प्रेमको परिवेश उल्लेख गरिएको छ । आफ्नै बाबुको अन्याय अत्याचार विरुद्ध भूमिगत रूपमा लागेकी अर्चना अपराधी वावुलाई वलत्कार गर्न लागेको ठाउँमा पुगी हातकाटी भौतिक कारवाही गर्न पुग्छे । गरीवीका मारले थलिएका सविन र भोटु लाहुर जान वाध्य हुन्छन् । तर पनि लाहुरे परिवेशको चर्चा भने न्यून छ । उपन्यासको अन्त्यतिर पूर्वी नेपालको शहरिया तथा ग्रामीण परिवेश पनि उल्लेख गरिएको पाइन्छ ।

जीवनको लामो अवधि मोजमस्ती गर्ने दिलमान अन्ततः कानुनको फन्दामा पर्दछ । मानिस एकै घरमा बस्ने उही वावुआमाका सन्तान भएर पनि बाबुको क्रियाकलापमा सहमत नभई वावुको विचारमा कटट्र विरोधी हुन सक्ने कुराको उदाहरण अर्चना (नायिका) र सन्देश भएको छन् । अर्चना आफ्नो वावुको हात वलत्कार काण्डमा रङगेहात फेलापारी काटिदिन्छे । भने सन्देश बाबुको कर्तुतहरू स-प्रमाण खुलासा हुँदा हातमा हत्कडी लगाई थुनाउँछ । अथवा मानिस आफ्नो आफ्नो कर्म गर्न जन्मन्छन् । एउटै जलासयमा तुच्छप्राणी भ्यागुतो मात्र बस्दैन त्यहाँ त सुन्दरताको खानी कमलको फूल पनि फूल्छ भन्ने उदाहरण उपन्यासमा पाईन्छ ।

अहिले दुःख गरे पछि सुख पाइन्छ । भनी राइफल सिरानी लगाई विदेशी भूमिमा सवै आफन्तबाट टाढा भएर बाँच्ने लाहुरेले पनि एउटा दुष्ट, कामुक अपराधीका फेला पर्दा आफू आजीवन निर्दोष कैदी बन्नु परेको, आफ्नो पेन्सन पनि उसैलाई बुझाउनु पर्ने, आफ्नो छोरा पनि उसैको सेवा गर्नु पर्ने जहान परिवारबाट वेपत्ता हुनुपर्ने जस्ता दुःखद कारुणिक र दर्दनाक परिवेशको सफल चित्रण यस उपन्यासमा पाइन्छ ।

## ५.९.२.४ भाषाशैली

सामान्य नेपाली भाषीहरूले पनि सजिलै बुझ्न सक्ने सरल र सहज भाषाशैली अपनाइएको यो उपन्यासमा सहज संवादको प्रयोग गरिएको छ । कम मात्र अङग्रेजी तथा अन्य आगन्तुक शब्द र बढी मात्रामा सरल नेपाली तथा झर्रा शब्दको प्रयोग गरिएको छ । यदाकदा पात्रहरूले गीत गाउने

गरेको पनि पाइन्छ । अस्लील शब्द पटक्क प्रयोग नगरिएको यो उपन्यास नैतिक रूपमा पनि उच्च छ । जवकि आजभोलि उपन्यास र अश्लीलताको नजिकको सम्बन्ध देख्ने लेखक पनि कम छैनन् ।

यस उपन्यासमा रिटायर्ड, इण्डिया, टर्चलाइट, इस्पेक्टर, 'आइ लभ य" जस्ता अङ्ग्रेजी शब्द र वाक्य प्रयोग भएको पाइन्छ । यसै गरी यस उपन्यासमा कविता गीत आदिको प्रयोग गरी उपन्यासकार निकै भावुक पनि देखिन्छन् ।

**जस्तैः** रोदी घरको मादल के हो र

विलासिताको साधन त ह्रो

मन्दिरमा बज्ने घण्टी के हो र

त्यो पनि त अध्यात्मवादको आकाश हो ।

त्यसैले आफ्नै ढुकढुकी सुनी हेर ।

त्यो पो साँचो ईश्वर हो । (पृष्ठ ...८३)

जुन गीत सविनलाई वीरमान र उसको साथीले गाडीमा कोचेर साधुकुटीमा लगी एक झुपडीमा पुऱ्याई आफ्नो कामुकता सफल नहुँदा रिस फेरेर मरणासन्न हुने गरी कुटेर अब मऱ्यो भनी छाडेका अवस्थामा विहान अर्चना आमासँग छिमेकीको घरमा सुतेर आउँदा गुन्गुनाएको हो । यसले सविनको मनमा बाच्ने आशा पलाएको छ । सरसहयोगको सम्भावना बढाएको छ ।

के.पी. राई 'सिर्जन शिरीष' को प्रस्तुत निर्दोष कैदीको रहस्य उपन्यास ग्रामीण जनजीवनको सरल भाषा शैली प्रयोग गरिएको उपन्यास हो । गीत तथा अन्य आगन्तुक शब्दको समुचित प्रयोग गर्न खोजिएको यस उपन्यासमा पुरानो कुराको स्मरण र अहिलेको समयको चित्रणबाट कथानक अघिवढेको पाइन्छ । यसलाई फिल्मी शैलीको उपन्यास पनि मान्न सकिन्छ ।

## ५.९.२.५ उद्देश्य तथा जीवन दर्शन

समाजमा शोषक र शोषित दुई वर्ग छन् । शोषकहरू यो वा त्यो उपायहरूद्वारा तल्लो वर्गलाई सताइ रहन्छन् । तल्लो वर्गले दुई छाक खाएको र एक आङ ढाकेको कुरा शोषकवर्गलाई अपाच्य हुन्छ तर आधुनिक युगमा असल शिक्षाका माध्यमबाट शोषकका घरमा पनि सत्पात्रको जन्म हुन सक्छ । यस उपन्यासमा शोषकको रूपमा देखिएको दिलमान गाउलेहरूलाई सताएर बाँचेको छ । उसको खेतमा काम गर्न नजाँदा नीताको घर जग्गा नै हडपेको छ । त्यतिमात्र होइन भेष बदलेर अवला आमाछोरी। मात्र भएका ठाउँमा आई बलत्कार गर्न खोज्ने, नीताका पति र छोरा वीरमानलाई अपहरण गरी कैद गर्ने, मात्र नभई आफ्नो इसारामा ननाच्ने छोरा सन्देशलाई मार्ने षड्यन्त्रको योजना

बनाउने जस्ता कुकृत्यमा संलग्न भएको पाइन्छ । त्यस्ता अपराधीलाई बदला लिएर छोड्ने सविनको सङकल्प, आफ्ना बाबुको नरपिशाच कार्यप्रति रुष्ट अर्चनाको भेष बदलेर भौतिक कार्वाही गर्ने कार्य, स-प्रमाण आफ्ना बाबुको आपराधिक कार्य बुझेपछि बाबुलाई कैद गर्ने र उसले निर्दोष व्यक्तिहरूलाई दिइएको दण्ड फुकुवा गर्ने छोरा सन्देशको प्रशंसनीयकार्य यसका उदाहरण हुन् ।

अन्याय गर्नु हुँदैन र अन्याय सहनु पनि हुदैन । अन्याय गर्ने भन्दा सहने दोषी हुन । अन्यायको फर्दाफास गरी अन्यायीलाई कानुनको दायरामा ल्याउनु पर्छ । 'पाप धुरीबाट कराउँछ' भने झै अपराधी व्यक्ति कुनै न कुनै दिन अवश्य कानूनको फन्दामा पर्छन् भन्ने सन्देश दिनु नै यस उपन्यासको जीवन दर्शन हो ।

## ५.९.२.६ कौतूहल

उपन्यासकार के.पी. राई 'सिर्जन शिरीष'द्वारा लिखित यस उपन्यासलाई एउटा फिल्मी उपन्यासका रूपमा लिन सकिन्छ । नेपाली समाजमा दासत्व परापूर्वकालदेखिनै मौलाएको पाइन्छ । यसैको आडमा हत्या, हिंसा, बलत्कार, अपहरण गुण्डागर्दी, चोरी, डकैती, आदिको बलमा सामाजिक न्याय कुण्ठित भएको परिवेशमा संरचित यो उपन्यासमा कथानक शुरुबाट अन्तिमसम्म  रैखिक र पूर्व दिप्ती पद्धति अपनाइ लेखिएको अव के होला को स्थिति दोहोरिरहँदा रोचक रहेको छ । सामन्ती संस्कारको वर्णन, अवैध व्यापार र खलनायक प्रति नायकको प्रतिशोधको भावनाको उचित समायोजन भएकाले यो औपन्यासिक कृति कौतूहलमय र पुढूँ पढूँ लाग्ने खालको छ ।

## ५.९.२.७ द्वन्द्व

'सिर्जन शिरीष' को यो उपन्यास सामन्ती शोषणको अवशेषमा आधारित छ । सोझा सिधा गरीब वर्गले कठोर तपस्या गरी केही धन आर्जन गरी दुई छाक खाएको र एक आङ लाएको देखिनसहने  समाजका शोषकहरूको षड्यन्त्रको जालोमा यी निमुखा वर्ग कैद भएका छन् । यहाँ परंपरागत सामन्ती संस्कार बोक्ने बाबु र आधुनिक प्रजातान्त्रिक मूल्य मान्यता बोक्ने छोराछोरीवीच घरायसी द्वन्द्व यहाँ व्याप्त छ भने अन्याय गर्ने दिलमान र अन्याय नसहने सविनवीच  बाह्यद्वन्द्वले यो उपन्यासको कथानक सजिएको छ । कुनै वेला दाजु सविनसँग माफ माग्ने वीरमान केही समय पछि टाउको फोर्न पुगेकाले उसमा आन्तरिक द्वन्द्व व्याप्त भएको पाइन्छ । उपन्यासको अन्त्यतिर अर्चना दिलमानकी छोरी इन्सपेक्टर सन्देश दिलमानको छोरा भन्दा उनीहरूप्रति शंका गर्ने नीता उनीहरूले नै न्याय दिलाए पछि विश्वास गर्न पुग्छिन् तसर्थ उनमा पनि आन्तरिक द्वन्द्व व्याप्त भएको पाइन्छ । अज्ञानतावश दिलमानको भक्त र आफ्नै परिवारका आमा र दाजुप्रति व्यग्र वीरमान, दिलमानले उसलाई झन शङ्का गर्दा, अझ कठोर यातना दिने कुरा सुनाउँदा ऊ प्रति वैरभाव र

परिवारप्रतिको सकारात्मकताले आन्तरिक द्वन्द्व चरम स्थितिमा पुगेको पाइन्छ । जीवनभर मानसिक रूपमा सविन र दिलमानमा द्वन्द्व देखा परे पनि अन्त्यमा यो द्वन्द्वले युद्धनै निम्त्याएकोले यस उपन्यासमा द्वन्द्व चरम रूपमा देखा पर्दछ ।

### ५.९.२.८ संवाद

यो 'निर्दोष कैदीको रहस्य' उपन्यासमा उपन्यासकार सर्वद्रष्टा भएर प्रस्तुत भए पनि पात्रहरूवीच सहज नाटकीय संवाद प्रस्तुत गरेका छन् । "ममी ! यो फोटा कस्को हो ?"

"नकराइ बसन छोरी, किन ? मेरो हो' बाट शुरु भएको यो उपन्यासमा पात्रहरूको प्रत्यक्ष कुराकानीको चर्चा गरिएको छ । उपन्यासको संवादात्मक प्रस्तुतिलाई हेर्दा नाटकीय संवादात्मक शैली रहेको भान हुन्छ । छोटाछोटा वाक्यात्मक संवादको प्रयोगले उपन्यास पठनीय र रसिलो लाग्दछ । सामन्तको हैकमवादी स्वर र बालपात्रको कलीलो अवोधपना तथा युवावर्गको जोसिलो भाका संवादमा झल्किनाले उपन्यास जीवन्त बनेको पाइन्छ ।

### ५.९.२.९ दृष्टिविन्दु

'सिर्जन शिरीष'को लेखन शैलीलाई हेर्दा उपन्यासमा सम्पूर्ण कुराको व्याख्या लेखक स्वयंले नै गरेका छन् । यद्यपि पात्रहरू स्वतन्त्र रूपले कुराकानी गर्न पनि सफल छन् । उपन्यासकारले प्राय : तटस्थ रही विश्‍वसनीय रूपमा घट्नावलीलाई प्रस्तुत गर्दै ठाउँ ठाउँमा मुख पात्र आर्फत आफ्ना विचार व्यक्त गरेका छन् । खास गरी समाजमा व्याप्त सामन्ती प्रथा र त्यसले सर्वसाधारणलाई पारेको प्रभाव तथा त्यसको प्रतिक्रिया कै सेरोफेरोमा यो उपन्यास रचना गरिएको छ । पात्रहरूको प्रत्यक्ष कुराकानीलाई द्रष्टाका रूपमा उपन्यासमा व्यक्त गरिएकाले उपन्यास तृतीय पुरुष वाह्य दृष्टिविन्दुमा संरचित छ ।

### ५.९.२.१०. कथानकको आधारमा 'निर्दोष कैदीको रहस्य' उपन्यासको विश्लेषण

के.पी राई **'**सिर्जन शिरीष**'** को दोस्रो औपन्यासिक कृतिका रूपमा देखा परेको प्रस्तुत निर्दोष कैदीको रहस्य उपन्यास **'**हिरोइजम**'** वा पात्र प्रमुख दृष्टिवाट निर्माण भएको छ । यस उपन्यासमा पात्रहरू नै मुख्य छन् । घटना  गौण रहेको छ । उपन्यासको कथानक पात्रमा आश्रित रहेको छ । प्रायःजसो मुख्य पात्र सहायक पात्रहरू मञ्चीय रहेका छन् । सविन, अर्चना, नीता र दिलमानको परिधिमा उपन्यास संरचित छ । यद्यपि कथानकको शुरुवात एउटा नचिनेको व्यक्तिको फोटो प्रतिको जिज्ञासाबाट भए पनि उपन्यास मुख्यतया चरित्र प्रधान नै भएको पाइन्छ । मानिसका विभिन्न चारित्रिक स्वभाव र त्यसले घटाएका घटनाहरू प्रस्तुत गर्ने क्रममा पात्रहरूलाई सक्रिय रूपमा

उभ्याएर एक पछि अर्को घटनालाई प्रस्तुत गरी कथानक अघि वढेको पाइन्छ । सविन, अर्चना नीता, दिलमान, भोटु, गुइठे जस्ता पात्रहरूको घनीभूत रूपमा स्थापना भएको यो उपन्यासमा अन्य पात्रहरूको केही कम उपस्थिति देखाएको छ । सविन, भोटु, नीता, अर्चना (वहिनी) अर्चना (नायिका) मा सविनको बुबाको अपहरणको चिन्ता शुरुदेखि नै व्याप्त छ तर उनीहरूको सार्वजनिकीकरण अन्त्यमा मात्र भएको छ । गुइठे, माने, मनराज वाजे दिलराज कान्छी, नीता र दिलमान पहाडमा र सन्देश, प्रहरी जवान र एम्बूलेन्सको ड्राइभर तराइमा देखा परेका पात्र हुन् ।

## ५ ९ २ ११ शैलीका आधारमा 'निर्दोष कैदीको रहस्य' उपन्यासको विश्लेषण

प्रस्तुत उपन्यास एक चलचित्र झैं लाग्ने उपन्यास हो । एक पूर्ण उपन्यासले जीवनका सवै पाटा समेटेको हुन्छ । त्यसै अनुरुप यो उपन्यासले पनि जीवनका विभिन्न पाटाहरू समेटेको पाइन्छ । कथानक प्रस्तुति गर्दा पूर्वदिप्ति शैली अपनाइएको पाइन्छ । सविनको बाबा र आमाको विवाह, बावा लाहुर गएको पेन्सन रिटायर्ड भएको, उनको रिटायर्ड पूर्व नीताले दुःखले छोरा छोरी तराइमा बसी पालेको, रिटायर्डपछि अमरपुर भालुचोकमा आफ्नो पैत्रिक सम्पत्ति स्याहारी आनन्दपूर्वक बसेको, केही समयका लागि दिलमान साहुसँग पैसा सापटी ऋण लिएको त्यसपछि दिलमानले सविनको बाबालाई अपहरण गरी विर्तामोडमा कैदी झैं राखेको जस्ता घटना पहिले नै घटिसकेको अवस्थामा अचानक सानी अवोध छोरी अर्चनाले आफ्नो बाबाको फोटो नचिनेर यो कस्को फोटो भनी आमालाई सोधेको प्रसङ्गबाट कथानक अघि बढेको पाइन्छ । कथानक अघि बढ्दा पहिलेको कुरा तथा घटनाको स्मरण दोहोरोएिको पाइनुले यसको शैली पूर्वदीप्ति नै रहेको मान्न सकिन्छ ।

## ५.९.२.१२ विषयवस्तुको श्रोतका आधारमा 'निर्दोष कैदीको रहस्य' शीर्षक उपन्यासको विश्लेषण

प्रस्तुत उपन्यासमा के.पी. राई 'सिर्जन शिरीष' ले एउटा लाहुरे (सविनको बाबा) अनाहकमा अपहरण परी कैद हुँदा उसको परिवारमा आएका समस्याहरू र ती समस्या समाधानका लागि भएका प्रयास स्वरुप अत्याचारी, दुराचारी शोषक (दिलमान) ले पाएको सजाँयको चित्रण गरेका छन् । यस उपन्यासमा नेपाली समाजका समस्याहरूको कलापूर्ण प्रस्तुति समाजका पात्रहरूको चरित्र चित्रण, समाजका कमिकमजोरी जस्ता कुराहरू नै यस उपन्यासको मुख्य श्रोत भएकाले यसको बिषय वस्तु सामाजिक रहेको छ ।

## ५.९.२.१३ उपन्यासको वर्गीकरणका आधारमा 'निर्दोष कैदीको रहस्य' उपन्यासको विश्लेषण

उपन्यासको वर्गीकरण गर्दा यसको मोड, धारा र प्रवृत्तिलाई नियालिन्छ । प्रस्तुत उपन्यास उपन्यास लेखनको दोस्रो मोडमा देखा पर्दछ । बढी आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराको नजिक रहेको प्रस्तुत उपन्यासका सत् पात्रहरूको माध्यमबाट उपन्यासकारले आफ्ना विचार पोखेका छन् । शुरुमा जे जस्तो दुःख कष्ट खपे पनि अन्त्यमा सत् पात्रको  जीत र शुरुमा जे जस्तो सुख मोज मस्ती हैकम  आदि जमाए पनि अन्त्यमा असत् पात्रको हार भएको छ । सत् पात्र कहिल्यै गल्ती नगर्ने आदर्श पात्र छन् भने असत्पात्र कहिल्यै राम्रो काम गर्दैनन् । अन्त्यमा असत् पात्रले गल्ती महसुस गरेको पाइन्छ । सत् पात्रको अन्त्यमा मिलन भएर सुखान्त भएको छ ।

कुनै गल्ती नगरी अपहरणमा पर्ने वावा निसर्त रिहाइ हुनु, सामन्तवादी प्रवृत्ति अँगाली सविनको परिवारलाई अनेक दुःख कष्ट दिलाउने दिलमानको भेष बदली आएकी  उसैकी छोरी अर्चनाद्वारा हात काटिनु, उसकै छोरा सन्देशले कैदगर्नु, उसको गोदाम खानतलास हुनु र धन्दा नै च्वाट हुनु, तथा सधैं अन्यायको विरोधमा उत्रने, स्वतन्त्रतापूर्वक बाँच्न चाहने सविन, पहिले आफ्नो खुट्टामा उभिई दिलमानसँग बदला लिने कुरामा दृढ छ । ऊ लाहुर गई घर फर्कन्छ । आफूले छोडेको घर भत्किसकेको हुन्छ । एक छिमेकीको सहायताले आमा र बहिनी बसेको ठाउँ पत्ता लगाउँछ तर त्यहाँ पनि रहस्यमय सङ्केत मात्र पाउँछ । त्यसपछि सविनलाई घाउमा नुनचुक छर्केको जस्तो हुन्छ । ऊ दिलमान प्रति व्यग्र भई विर्तामोड गई खाते जस्तो बनी सडकमै सुत्ने र नपत्याउँदो पाराले दिलमानको खोजी गर्न थाल्छ । एकदिन इन्सपेक्टर सन्देशसँग भेट भए पछि ऊ दिलमान कहाँ पुग्छ । नाम बदलेर रकम बनेको सविन आफ्नो लक्ष्य नजिक पुगेको ठानी खुसी हुन्छ । ऊ दिलमानका काला कर्तुतहरू केलाउँदै जान्छ, उसका कामधन्दा पत्ता लगाउँछ । भाइ र बाबाको समेत सुईको पाउँछ । भाइ वीरमानसँग भेट हुँदा भाइले गरेको दुर्व्यवहार सहेर पुनः आमा र बहिनी पनि पत्ता लगाई ऊ लक्ष्य नजिक पुग्दछ । त्यसैगरी दिलमानकी छोरी अर्चना पनि जुनसुकै क्षणमा पनि सत्य र न्यायको पक्षमा दृढ देखिन्छे । उपन्यासको अन्त्यमा उसैले आफ्नो  बाबुलाई कानुनको कठघरामा उभ्याई शोषित पीडित सविन र उसका परिवारलाई मुक्त गराउन सफल भई त्यही सविनसँग  नयाँ जीवन ( दाम्पत्य जीवन) को शुरुवात गर्छे । तसर्थ यो उपन्यास आदर्शोन्मुख सामाजिक यथार्थवाद नजिक भएको मान्न सकिन्छ ।

### ५.९.२.१४ शीर्षक सार्थकताका आधारमा 'निर्दोष कैदीको रहस्य' उपन्यासको विश्लेषण

प्रस्तुत उपन्यास एउटा पेन्सनवाला  लाहुरे अचानक वेपत्ता भए पछि शुरु हुन्छ । ऊ वेपत्ता भएको केही समय पछि उसको कान्छो छोरो पनि विपत्ता हुन्छ । यिनै बाबु छोराको खोजी तथा तिनको अपहरणले निम्त्याएका समस्याहरू र एक सामन्तले गरेको अन्यायको बदला लिन नायकले विभिन्न प्रयास गर्दा ऊ उसको बाबुलाई उसकै गाउँको सामन्तले कैद गरी राखेको पाउँछ । उक्त सामन्तलाई बदला लिन ऊ एम्बुलेन्स अपहरण गर्न पुग्छ । यसै निहुँमा ऊ पनि जेलमा कैद  हुन्छ ।

बाबु पनि लामो समय निर्दोष कैदी बनेको र छोरा पनि अत्याचारीलाई सजाय दिने वा बदला लिने निहुमा कैदी बनेको रहस्य नायिकाले सप्रमाण प्रस्तुत गरेपछि ती दुवै कैदी बाबु छोरा मुक्त हुन्छन् र उक्त सामन्त जुन समाजको सर्प थियो उसले सजाय पाउँछ । ऊ कैद हुन्छ ।

यसरी दुवै बाबु छोरा एकजना सामन्तको घरमा र अर्को जना प्रहरी हिरासतमा कैद भए पनि निर्दोष भएको प्रमाण रहस्योउदघाटन भए पछि ती अन्याय, अत्याचारमा परेको सोझा, निमुखा व्यक्तिहरूले न्याय पाउँछन् र उक्त अत्याचारी व्यक्तिलाई सजाय दिलाइन्छ  तसर्थ यो उपन्यासको शीर्षक 'निर्दोष कैदीको रहस्य' सार्थक भएको छ ।

नायक सविन र उसको बाबा निर्दोष भएको कुरा नायिका अर्चनाले सविनकी बहिनी अर्चनालाई दिलमानले बलात्कार गर्न खोज्दा हात काटिदिएको र उसको सुकेको हात प्रमाण स्वरुप देखाए पछि सविनको नेल खोली दिलमानलाई लगाई जेलमा कैद गरिन्छ । सविन र उसको वावा कैद मुक्त हुनु र दिलमानको गोदाम खानतलास गरी सम्पूर्ण गैह्र कानुनी बस्तु वरामद गरी उसलाई जेलचलान गर्नु नै यस उपन्यासको मुख्य  विषयवस्तु बनेको छ । 'निर्दोष कैदीको रहस्य' खुल्दा दोषीले सजाय पाएको अर्थमा यस उपन्यासको शीर्षक सार्थक भएको छ ।

## ५.१० 'युद्धले खोसेको प्रेम' (२०६४) उपन्यासको विश्लेषण

### ५.१०.१. उपन्यासको संरचना

प्रस्तुत युद्धले खोसेको प्रेम उपन्यास उपन्यासकार के.पी. राई सिर्जन शिरीषद्वारा २०६४ सालमा प्रकाशित तेस्रो औपन्यासिक कृति हो । जम्मा २० अङ्क वा भाग र ११० पृष्ठमा  संरचित यस उपन्यासको सर्वाधिकार लेखकमा सिमित रहेको छ । सुन्दर, शान्त र विशाल नेपाल आमाको कामना र नेपाल र नेपाली जनतामा समर्पित प्रस्तुत उपन्यास १० बर्षे जनयुद्धको पृष्ठभूमिमा तयार गरिएको छ । जनयुद्धताका पड्किएको वमको विशाल धुँवाले व्याप्त वायुमण्डलको चित्रले आवरण पृष्ठ सजिएको  प्रस्तुत उपन्यास शुरुको क नम्बर पन्नामा

"प्राणेश्वरी शान्ति चाँडै आऊ
हिंस्रक जन्तुले लखेटी रहेछ
चाहे क्षितिजमा होऊ, चाँडै आऊ
राल्फा शान्ति कलम चलिरहे छ ।"

भन्ने कविता कलमको चित्रमाथि लेखिएको छ । घ नम्बर पन्नामा लेखकका दुई शब्द शीर्षकमा आफूलाई स्मरणीय योगदान पुऱ्याउनु हुने महानुभावहरू प्रति कृतज्ञ बन्दै फेरि अर्को उपन्यास चाँडै लिइआउने भन्दै विदा मागेका छन् । यसै गरी ङ नम्बर पानामा मित्र प्रति दुई शब्द शीर्षकमा विनोद 'विनय' भण्डारीले लेखकका विचार र उनका कृतिहरूको समिक्षा गर्दै यस उपन्यासलाई  १० बर्षे  जनयुद्धका बारेमा लेखिएका अन्य उपन्यास र उपन्यासकारहरू डा.गोविन्दराज भट्टराईको 'सुकरातका पाईला' नारायण वाग्लेको 'पल्पसा क्याफे', पुण्यप्रसाद प्रसाईको

‘छापामार’ राजेन्द्र पराजुलीको अनायिकासँग समकक्षमा राखी प्रशंशा गदै शुभकामना दिएका छन् । प्रस्तुत उपन्यास सामाजिक विषयवस्तुमा आधारित छ । यसको कथानकमा द्वन्द्वकालको कथाव्यथा समेटिएकाले कारुणिक र दुःखान्त बन्न पुगेको छ । यो ग्रामिण परिवेशकै वाहुल्यता र पात्र वा चरित्रको केन्द्रीयतामा संरचित उपन्यास हो ।

## ५.१०.२. तत्वका आधारमा “युद्धले खोसेको प्रेम” उपन्यासको विश्लेषण

### ५.१०.२.१ कथानक

कथानक व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनावद्ध तथा सङ्गठित रुपान्तरण हो । यसमा चरित्रले घटाएका उपन्यासकारका भावना समाविष्ट हुन्छन् । कथानकको परिष्कृत रुप नै उपन्यास हो ।

**आरम्भ**

यस उपन्यासको कथानक जलन र विरेन घरबाट विभिन्न झारपात जडिबुटी खोज्न ताप्लेजुङको थुकिमा जाने कार्यबाट शुरु हुन्छ । बाटोमा जलन वर्तमान समय र भविष्यप्रति भावुक बन्छ भने विरेन क्षितिजपारि आँखा हुत्याउदै नागवेली पहाड, सेताम्ये ढकमक्क फुलेका हिमाल र आकाशमा कुहुरोका बदलिदा विभिन्न चित्रकृतिहरू प्रति भावुक बन्छ । दुवै आ-आफ्नो भावनाबाट विचलित हुन चाहदैनन् । घरि ठट्टा गर्दै घरि बाझेझैं गर्दै घरि आराम गर्दै गन्तव्यतिर लम्कन्छन् । जलन आफ्नो व्याग हेर्दा सानो भएको उचाल्दा हलुका भएको तर बोक्दै जाँदा गह्रुँगोपन पनि बढ्दै गए झैं काँधै झार्ला जस्तो गर्छ भन्छ । विरेन त्यो भाउजू ल्याउनु भन्ने सङ्केत हो भनी ठट्टा गर्छ ।

पुनः चुपचाप जङगलको बाटो अघि बढ्दा साँझ परेकाले एउटा घरमा गई बास माग्छन् । यो ताप्लेजुङ बजार आउनेजाने बाटोको घर भएकाले शनिवार तोक्मेबजार भरेर फर्केका परदेशी गोसवाला महावाला, चुरौटे आदि आ-आफ्नो समूहको खाना बनाई खाने र ग्वाली, सिकुवा मतानतिर सुत्ने गर्दछन् । आ-आफ्ना व्यापारको रमाइला प्रसँग झिकेर हास परिहास चलिरहको हुन्छ । जलन र विरेन पनि खाना खाइ सिकुवामा आराम गर्छन् ।

ओच्छ्यान भेट्ना साथ विरेन निदाउँछ भने जलनलाई अवेरसम्म निन्द्रा लाग्दैन । ऊ सुती सुती अन्य परदेशीका गफ, बाँसुरीको धुन सुन्छ र कल्पना गर्छ ती बुढाहरू डण्डी-वियो, चाकाचुली युगका र हामी फुटवल युगका । उनीहरू देशका इतिहास हुन् । अब ऊ निदाउन खोज्छ । उसलाई ऐंठन हुन्छ । ऊ अमिसारिका-अमिसारिका भनी निंद्रामा चिच्याउँछ । विरेन उसलाई व्युँझाउँछ । ऊ

डरलाग्दो सपना देखेको बताउँछ । औंसीको निस्पट्ट रात, स्याल फ्याउरा स्वतन्त्ररूपमा कराइ रहेकोले कुनै अपसकुन हुन्छ कि भनी डराउँछ । वारंवार त्यही सपना दोहोरिंदा त्यो रात ऊ राम्रो सँग सुत्न पाउँदैन । ऊ आफ्नी प्रेमिका अमिसारिकालाई सम्झन्छ । कलेजमा सँगै पढेको, खाएको, हाँसखेल भ्रमण र कुराकानी गरेकाले भुल्न सक्तैन । अमिसारिकाले गरेको नेपालको सवभन्दा अग्लो झरना ह्यात्रुङको वर्णन, कवि गोष्ठीको कविता वाचन, साँस्कृतिक कार्यक्रममा नाचेकाजस्ता कुरा उसको मानसपटलमा पुनरावृत्त भइरहन्छन् । विहान उज्यालो हुँदा अरु परदेशीले आ-आफ्नो बाटो तताइसकेका हुन्छन् । उनीहरू पनि घरभेटी बाजेसँग बिदा मागी ताप्लेजुङ सदरमुकाम हाङदेवा हुँदै तमोर नदीको झेलुङगे पुलमा पुग्छन् । बाटोमा भरियाले पसिना पुच्दै भारी बोकेको, लेकमा लालीगुराँस बेंसीको हराभरा बाली तथा विविध सुगन्धी फूलको वास्ना अँगाल्दै जाँदा बिरेन राती सपनामा बोलाएकी अमिसारिका को हो भनी सोध्छ । जलन आफ्नी प्रेमिका हो भनी बताउँछ । उनीहरू हान्द्रुङ पुगी चौवाटोको चौतारामा बसी स्थानीय व्यक्ति एक भरियालाई यी बाटाहरू कहाँ कहाँ जाने हुन भनी सोध्छ जलन । भरिया स्पष्ट भाषामा विस्तारै थुकिम, साँवा, नाल्वो र खोक्लिङ जाने बताउँछ । भरियाको उत्तरमा पवित्रता झल्किन्छ । ऊ सोच्छ किन, यस्तो अनकन्टार ठाउँमा यस्तो महान व्यक्ति यहीको पवित्र प्रकृतिको देन हुनु पर्दछ । अनि त्यही प्रकृतिमा हुर्किएर नेपालको कम्युनिष्ट राजनीतिमा सुशीला श्रेष्ठले दिएको योगदान स्मरण गर्दै बाटो लागी थुकिमा पुग्छन् ।

पाँचदिन पछि जडीबुटी सङ्कलन गरी घर फर्कन्छन् । बुवा आमाबाट स्याबासी पाउँछन् । खाना खाएर सिकुवाको डिलमा हात पखाल्दै गर्दा छिमेकी रातमाटे कान्छी दिदी जलनलाई एउटा चिठी दिन्छे । ऊ खुसी भई कोठातिर लाग्छ र विरेन पनि आफ्नो घरतिर । चिठी अमिसारिकाले पठाएकी हुन्छे । ऊ खुसी साथ पढ्छ । चिठीमा अभिसारिका जलनको भावुक प्रेममा डुबेकी हुन्छे साथै आफ्नो प्यारो ह्यात्रुङ झरनाको गाउँ छोडेर कञ्चनजंघा र कुम्भकर्णको काखमा जागिरको सिलसिलामा जलनकै घरछेउबाट जान लागेकोले त्यो दिन ठीक चार वजे मूलबाटोमा निस्कन आग्रह गरेकी हुन्छे । फेरि उसले पनि त्यही औंसीको रातमा डरलाग्दो सपना 'कालो सर्पले डसेको' देखेको हुन्छ । चिठी पढि सके पछि ऊ सोच्छ, सपना अन्धविश्वास मानिन्छ तर अन्धविश्वास पनि कस्तो ठयाक्कै एउटै भएको कति मिलेको सपना । ऊ कोठा वाहिर निस्कन्छ रात परि सकेकाले नजिकको चौरमा गई स्वच्छन्द आकाश नियाली खुसी मनले फर्कन्छ ।

**सङ्घर्ष विकास**

गाउँघरमा झाडा पखाला र ज्वरोको प्रकोप फैलन्छ । यसबाट कतिले मृत्युवरण गरिसकेका छन् । कतिका काख रितिएका छन्, कतिका सिउदो पुछिएका छन् त कति बेसहारा बनेका छन् । मतानघरे बाजे पनि चारछोरा, दुई छोरी र श्रीमती सहित् ८ परिवारका मालिक थिए । यस्तै प्रकोपका कारण उनी एक्लो, निराश, उदास जीवन विताइरहेका छन् । उनैको घरमा आज जलन र विरेनले

गाउँका मान्छे भेला गरी झाडा पखाला र ज्वरोको प्रकोपबारे जनचेतना जगाउँदै यसको व्यवस्थापनका लागि फोहोरबाट बच्ने, चर्पीमा दिसापिसा गर्ने, नानीहरूलई सफासुग्घर राखी स्कूल पठाउँने कुरा बताउँछन् । उनीहरू यसपालिदेखि गाउँमा स्वास्थ्य चौकी बस्ने कुरा सुनाउँदै अहिले प्रकोप न्यूनीकरणका लागि प्रयोग गर्ने तरिका सहित आफूले सङ्कलन गरेको जुडीबुटी गाउलेलाई बाँड्छन । मानसिङ (एकछिमेकी) भने उठेर हाँस्दै हिड्छ । गाउँलेहरू उनीहरूलाई देवता समान ठान्छन् । मतानघरे बाजे उनीहरूलाई माननसिंङ गाउँको गद्दार व्यक्ति भएकाले ऊसँग जोगिन आग्रह गर्दछन् । उनलाई पनि यही प्रकोममा परी श्रीमती मर्दा प्रहरीलाई पक्राउन पठाएको बताउँछन्। कुरा गर्दागर्दै प्रहरीसहित मानसिं त्यही आइ पुग्छ । सिभिल ड्रेसमा पुगेको प्रहरी जलनको बारेमा सोध्दै उसको नाममा उजुरी परेकाले पक्रन आएको बताउँछ । विरेन डराउँछ तर जलन नडराई आफ्नो परिचय दिन्छ । मतानघरे बाजे मानसिंङप्रति आक्रोश व्यक्त गर्दछन् । मानसिं त्यहाँबाट गईसकेको हुन्छ । एक प्रहरी मतानघरे बाजेलाई चुप लाग्न भन्छन्। बाजे अहिलेसम्म सहेर गल्ति गरेकोले अव नसहने बताउदै जलन र उसको परिवार यो गाउँका लागि देवता सरह भएको बताउँछन् । प्रहरी जलनलाई होइन उसको बुवालाई पक्रने बताउँछ । जलनको बुवा पक्राउ पर्न डराउँदैनन्। उनी झाडापखालाबाट आफ्ना सन्तान बचाउन मात्र होइन समाजमा केही राहत पुऱ्याउन आफूले छोराहरूलाई जडीबुटी सङ्कलनमा पठाएको स्वीकार्दै कही नबेचेको र केही विगार नभएकाले उनी दृढ छन् । उनी प्रहरीलाई आफ्नो कर्तव्य सम्झाउदै गाउँमा प्रकोपको असरबारे बताउँछन् ।

यत्तिकैमा अमिसारिका जलन.........भन्दै आइपुग्छे । अमिसारिकाले प्रहरी हवल्दारलाई एक गोष्ठीमा सहभागी हुँदा चिनेकी हुन्छे । ऊ प्रहरीलाई सत्य र न्याय पहिल्याउन आग्रह गर्छे । प्रहरी पनि आफूलाई वास्तविकता थाहा हुँदै गएको, उजुर गर्ने मानिस साँच्ची बदमानस रहेको ठहर गरी जलनको बुवालाई नपक्री फर्कन्छन् । अमिसारिकाका सहयोगले प्रहरी त्यहाँबाट फर्केकोले त्यहाँ अमिसारिकाको परिचय हुन्छ । उनी एक शिक्षिका हुन । तिरिङ्गे प्रा.वि.मा नियुक्ति लिन हिडेकी भन्ने बुझिन्छ । अमिसारिका त्यस रात जलनकै घरमा बास बसी सवै परिवारमा परिचय हुन्छ । जलन पनि गाउँमा सानासाना केटाकेटी जम्मा गरी पढाउदै गरेको हुन्छ । भोलिपल्ट जलन अमिसारिकालाई तिरिङगे पुऱ्याउन जान्छ । थुम्मेडाँडा काटेर तिरिङगे पुगी विद्यालय जाने बाटो सोध्छन् । त्यहाँका वस्ती सफा सुग्घर विद्यालय पनि चिटिक्क हुन्छ । अमिसारिका जलनले मन पराएको ठाउँमा डेरा वस्ने वताउँछे । त्यही घरकी सानी फुच्चीको साथमा त्यो घरमा पुग्छन् । त्यो घर पनि त्यही विद्यालयका एक शिक्षक ‘इन्द्र’ को हुन्छ । परिचय पश्चात् चियापान र त्यसपछि एक सुन्दरकोठा देखाउछन् इन्द्र सर । त्यो घर तीन जनाको इन्द्रसर, गुरुमा र सानी छोरी ज्योति । अब अमिसारका त्यही डेरा लिइ बस्छे ।

विरनेको एस.एल.सी. परीक्षा नजिकिन्छ । जलन विरेनको हरेक विषयको गाइड हुन्छ । दुवै गरिवीको मार खेप्न विवश भए पनि आफ्नै मनको गितार र मादलको चालमा खुसीसाथ बाँचेका थिए। एस.एल.सी पछि पढाइ स्थगीत गरी नेपाली सेनामा काम गर्ने लक्ष्य लिएको विरेन एस.एल.सी. परीक्षा सकेर घर आई जलनलाइ सबै प्रश्नपत्र देखाउँछ । जलन विरेनले राम्ररी परीक्षा दिएको थाहा पाउँछ ।

मतानघरे बाजे र जलन नेपालको पश्चिममा जनयुद्धका कारण दिनानुदिन मान्छे मरेको प्रति चिन्तित हुन्छन् नागरिक सुरक्षा कमजोर भएको र भाइभाइ युद्ध गरिरहेको कारण मतानघरे बाजे बुझ्दैनन् । जलन माओवादी पार्टीले नेपालमा जनवाद ल्याउन क्रान्ति गरेको बताउछ र घरतिर लाग्छ । घरमा गई फूल गोड्न लाग्दा आमा अस्ति आउने अमिसारिकको बारेमा सोध्छिन् । ऊ आमालाई कुरा छल्न सक्दैन र सत्य बताउँछ ।ऊ प्रेमिका हो भन्ने बुझेर आमा खुसी हुन्छिन्। ऊ पुनः प्रेमको भावनामा डुवी फूल गोड्न थाल्छ । क्याम्पसमा आफूले अमिसारिकालाई प्रेम गर्ने तर गरीवीका कारण ऐश आराम दिन नसक्ने बताउँदा उसले गालामा सप्रेम प्याट हानेको सम्झन्छ । गरिवी भनेको समाजका महाजनहरूले अर्काको पसिना चुसेर आएको हो । मानिसले कर्म गर्नुपर्छ । विचार उच्च हुनुपर्छ अथवा मनको धनी हुनु पर्छ भनेको सम्झन्छ । यतिकैमा एउटा फुच्चे उसलाई फोनमा जान एउटा कागत दिन्छ । ऊ फुच्चेलाई रु ५ दिई फोन तिर लाग्छ । फोनमा अमिसारिकासित कुरकानी हुन्छ । जलन घर फर्कदा घरमा एक अज्ञात व्यक्ति मुखमा पट्टी बाँधी सहयोगको आग्रह गर्छ । जलन सकारात्मक कार्यमा सधैँ सहयोग गर्ने बताउँछ अनि त्यो अपरिचित व्यक्ति बाटो लाछ ।

द्वन्द्वको आतंकले गाउँ बस्ती ढाकेको छ। युवायुवती स्वतन्त्ररूपमा हाट बजार मोलपात गर्न छाडेका छन् । आज यतिजना दोहोरो भिडन्तमा मारिए, यतिजनालाई गिरफ्तार गरियो, अपहरणमा परे जस्ता सामाचार मात्र सुनिन्छ । जलनको घरमा बुवा आमा उसलाई विहे गरेर जोगिएर बस्ने कतै नहिड्ने सल्लाह दिन्छन् । जलन आफूले केही गल्ती नगरेकाले डराउनु पर्दैन भन्छ । तर ऊ पनि माओवादीको सर्च गाउँमा हुँदा तीन चार दिन बाँसघारीमा, दुईतीन दिन काभ्राको रुखमा लुकेको थियो । चोक बजार र पसलमा दिउसो सुनसान हुने र राती नाराबाजी लाउदै हुलका हुल मान्छे हिड्न थालेका छन् । देशको पश्चिममा गाउँबाट प्रहरी चौकी सदरमुकाम सार्न थालेका छन् । यतिकैमा मतानघरे बाजे आएर ढोका ढक्ढक्याछन् । सवैको सातो जान्छ । बाजे र घर परिवारका सदस्य माओवादीको व्यक्ति अपहरणको कुरा गर्छन् । वाहिरबाट ढोका ढकढक्याउदै एक अपरिचित स्वर जलनलाई बोलाउँछ । मुखमा कालो पट्टी र कम्ब्याट ड्रेस लगाएको बन्दुक र खुकुरी भिरेको पहिलेको जस्तो व्यक्ति प्रवेश गर्छ। उनीहरू उसलाई चिल, वाज वा यमराजका रूपमा हेर्दछन् । ऊ सवैलाई नमस्कार गर्छ । र भन्छ कि, म देखि नडराउनुहोस म अपराधी होइन म अन्याय विरुद्ध लड्ने

पौरखी नेपाली हुँ  साथै जलनको इमान्दारिताको कदर गर्दै सहयोग माग्छ । आमा रुदै बुढेसकालको एउटै सहारा भएकाले नलैजाने आग्रह गर्छिन । ऊ पनि साथीहरूले छिटो छिटो भनेकाले नस्किेर जान्छ। घरमा रुवाबासी चल्छ । जलन आफू समाज सेवामा लाग्ने, राजनीति नगर्ने, भएकाले नडराउन आग्रह गर्दै सुत्छ । वुवा ईश्वर पुकार्नु हुन्छ । निदाउन लाग्दा वाहिर ढोका ढक्ढकिन्छ । सवै घोर निन्द्राको अभिनय गरी सुत्छन् ।

आज राती बजारमा माओवादीको भाषण, होटल खानतलासी थियो । जाँड, रक्सी, रम, वियर खोल्सामा लगी फाली दिएको, सवै होटलवाला निराश  देखिन्थे । सुकमती आमै बाडीपहिरोमा सवै परिवार परेपछि जाँड रक्सी बेचेर बाँचेकी थिइन् । उनको रक्सी र जाँडका ड्रम नष्ट गरिदिएको भाँडा, कुडा, थाल, बटुका फालेको फुटाएको सुनेर जलन त्यता लाग्छ । सुकमती आमै रुँदै बसेकी थिइन् । उनले जलनलाई आद्योपान्त कुरा सुनाइन् ।  ऊ फोनमा जान्छ । फोन अमिसारिकको हुन्छ । एकै मुटुका दुई टुक्रा समान प्रेमीप्रेमिका अलग्गिएर बाँच्नु पर्दाको कथा व्यथा ओकल्दा हाँस खेल र ठट्यौली गर्दा घण्टौ वित्छ । फोनवाला पुष्पाञ्जलीकाकी पेट मिचिमिची हाँस्नु हुन्छ । उहाँ पनि उमेरमा अन्तर्जातीय विवाह गर्ने उनीहरूभन्दा कम नभएको कुरा उसले बुझेको थियो । फोन राख्ने वेलामा अमिसारिका भन्छे, यहाँ त आज भोलि २/४ जना नयाँ पार्टीका मानिस ओहोरदोहोर गर्नाले त्रास फैलिएको छ । विद्यार्थी स्कूल आउन पनि घटेका छन् । जलन पनि आफ्नो ठाउँमा झन कार्वाही समेत गर्न थालेको बताउँछ । अमिसारिका जलनलाई भन्छे कि, यो समयको माग हो, हामी सतर्क बन्नु पर्छ, जथाभावी हिड्नु हुन्न र आफ्ना पवित्र विचारलाई कुहाउनु पनि हुँदैन भन्दै फोन राख्छन् । जलन घर फर्कन्छ राती वाल पेन्टिङ गर्दा लतपतिएका क्रान्तिको पक्ष र सरकारको विपक्षमा लेखिएका नाराहरू देखिन्छन् ।

एकदिन साँझपछि लाटोकोसेरो कराइरहेको वेला जलनको ढोकामा ढकढ्क आवाज  आउँछ । ऊ भरखर सुतेको हुन्छ । बल्लबल्ल ब्यूँझदा टेम्केले भुस निन्द्रामा होला बोला न भनेको सुन्छ । ढोका खोली बाहिर निस्कदा मुखमा पट्टी बाँधेका सशस्त्र माओवादी सेना बन्दुक तेर्स्याउदै चुपचाप हिड्न लगाउँछन् । मतानघरे बाजेकोमा पुगेपछि  एउटा दाह्रीवाल नेता आज गाउँका जुवाडे, जँड्याहा तथा सामाजिक विकृतिका कारक, दादा झ्याम्ले, कुण्डले आदिलाई भाटे कारवाही गर्ने जानकारी दिन्छ । त्यहाँ सवै गाउँले उपस्थित भई सकेका हुन्छन् । उपस्थित कोही नभाग्न आदेश दिइन्छ । भाग्नेलाई भोलि पुनः भाटे कारबाही गर्ने जानकारी दिइन्छ । भेलाभएका गाँउले डर त्रासले थरथर काम्दै हुन्छन् । खुकुरी, पेस्तोल, बन्दुक तथा लट्ठी बोकेका जनसेनाहरू आफ्नो काममा व्यस्त हुन्छन् । कोही सुरक्षामा कोही बाँस ल्याउने त कोही भाटा फुटाउने काममा लागेका छन् । लट्ठी तयार भए । कारबाही शुरु हुन्छ । एक नकावधारीलाई केशमा समाती सबैको सामु ल्याई नकाव खोलिन्छ । ऊ त खोलाघरे जेठाको छोरो पो रहेछ । उसलाई गाउँमा दादा भएकाले कारवाही गरिने रहेछ । एउटा आर्मीको जङ्गली लुगा लगाएको

जनसेना आकाशतिर फायारिङ गरी अन्य चार जना नकावधारीको नकाव खोली घुमाइ निर्दयताका साथ चुट्न थाल्छन् । अन्य चुटाइ खाने पनि जलनका छिमेकीहरू मिनेको भाइ, औंसेको कान्छा छोरा बहादुर दाइको भाइ र भक्तिप्रसादको भतिजो थिए । भाटा फुटेर चोइटा चोइटा भए कोही भूइमा ढले, कोही धरखरिदै थिए र एक जना चाहिँ अडिग थियो । अब पचास भाटा हान भन्ने व्यक्तिको रुमाल फुस्किन्छ । हेर्दा त ऊ मानसि रहेछ । अर्को टेम्के रहेछ । जलनलाई असह्य भयो । ऊ साहस बटुलेर विनम्र भावमा अव छाडी दिन अनुरोध गर्छ । उसको अनुरोध स्वीकार्दै अव गल्ती नगर्ने सर्तमा घर पठाइन्छ । एक छिनमा पचास साठी जनाको एउटै आवाज सुनिन्छ कि, सवै जना आओ मान्छे हरायो, माओवादी कहाँ छन् ? आओ । जलन डराई चुपचाप सुत्छ ।

खोलाघरे जेठाको छोरा वाहेक अन्य केटाहरूको केही गल्ती नभएको उनीहरूले दशै तिहारको खुसीयालीमा तास खेलेको देखी तासे जुवाडे भनी मरणासन्न कुटेको कुनै गाउलेलाई मन परेन । त्यसमा पनि गाउकै मानसिं र टेम्के संलग्न भएकोले उनीहरू विरुद्धमा गाउँ नै खनिन थाल्यो । प्रत्येक दिन गाउका प्रत्येक घरका मानिस जम्मा भई २/३ सयले गाउँ गस्ती गर्न थाले । पश्चिमतिर माओवादी गतिविधि बढेकाले यो गाउँका मानिस झन् सङ्कित छन् । कतिपय ठाउँमा विष्पोटक पदार्थ बोकेका माओवादी उक्त पदार्थ विष्फोट भएर मरेको, घाइते भएको, सर्वसाधारण जनता अपहरणमा परेको, विद्यालयबाट शिक्षक विद्यार्थी नै अपरहण भएका समाचार दिनहुँ थपिन्छन् ।

### चरम उत्कर्ष

एकदिन बेलुका खाना खाई सुत्न लागेको बेला तल्लो गाउँबाट एक हुल मानिस जलनको घरमा आऊ है दाजुभाइ हो मानसिङ र टेम्केको घरमा भन्दै उकालो लाग्छन् । जलनलाई पनि जान कर गर्छन । बुवा आमाले रोक्न खोज्दा पनि सवै जना जाँदा म किन बस्ने बरु गएर अनावश्यक तोडफोड मारपिट हुनु नदिन सवैसँग उकालो लाग्छ । सवै खुकुरी लट्ठीसँग थिए भने ऊ भने खाली र केही प्रहरी सहित मानसिं र टेम्केको घर घेरिन्छ र खानतलास गरिन्छ । मानसिं घरमा हुदैन । भीडले उसको वृद्ध बाबलाई समेत निकाल भनी ठेल्न थाले । जलनले रोक्यो । टेम्के चाहिँ एउटा कोठामा पेस्तोल तयारी अवस्थामा राखी बसेको पाइयो । उसलाई पक्रन खोज्दा पेस्तोल ताक्दै थियो । त्यती नै बेला जलनले पेस्तोल बोकेको हात समाई बटारिदियो । पेस्तोल छानातिर पड्कियो त्यो हुलले टेम्केलाई हात बाँधेर बाहिर निकाल्यो उसका बुवाआमा छोराको मायाले रोएर बेहोस भए । जलनले पानी छ्यापेर उठाएर म केही हुन दिन्न अंकल भनी सम्झायो । कमिलाले सिकार तानैझै त्यो हुलले टेम्केलाई लछार पछार गर्दै लगे र कुट्नसम्म कुटी प्रहरीलाई बुझाइ दिए । प्रहरी र माओवादीको सहमतिमा ६ दिन पछि खोलाघरे जेठाको छोरा र टेम्के मुक्त भए नत्र जलन पनि अपहरणमा पर्नेवाला थियो ।

दशैं पनि खल्लो महसुस हुन्छ । आफन्तकहाँ आवतजावत पनि धरै कम भएको पाइन्छ । हजारौं भेला हुने निशान मेलामा पनि एकडेढ सयमात्र बुढापाका भेला भएका थिए । दशैं मनाउन घर गएकी अमिसारिकालाई टीकाको दोस्रो दिन दशै मनाउन जलनले बोलाएकाले घरमा दशै मनाई ऊ चुहानडाँडाको भञ्ज्याङबाट ओह्रालो लाग्छे । तल एउटा चौतारमा थकाइ मार्न बसिरहेको बेला दुईजना सशस्त्र माओवादी लडाकु महिला सँग भेट हुन्छ । परिचय आदान प्रदान हुन्छ । ओखलढुङ्गा तिर घर बताउते ती बदला र विजुली नामका ती महिला माओवादी पार्टी प्रति अमिसारिकाको विचार बुझ्छन् । अमिसारिका दुनियाँका बालबालिकाको भविष्य उज्जवल बनाउने शिक्षण काम छोडेर दुनियाँ बरवाद बनाउन बन्दुक बोक्न नसक्ने कुरा बताउँछे । ती पार्टी कार्यकर्ता एउटा फोटो बोकेर एक साहित्यकारलाई आफ्नो पार्टीको हित विपरीत कलम चलाएकोमा गिरफ्तार गर्न हिडेको बताउँछन् । अमिसारिसका साहित्यकारको महत्व बताउँछे । उनीहरू आफ्नो पार्टीको टीका टिप्पणी गर्नेलाई आराम साथ बाँच्न नदिने बताउँछन् । उनीहरू अमिसारिकालाई सहयोग माग्दै चन्दाबुकमा नाम लेख्नकालागि नाम सोध्छन् । ऊ पनि आफूलाई असर पर्ला कि भनी कल्पित नाम चम्पाचमेली बताउँछे र रु ५०।- सहयोग दिई ऊ उनीहरूसँग छुट्टिन्छे ।

केही बेर पछि पच्चीस तीस जना माओवादी छापामारसँग जम्काभेट हुन्छ । उनीहरू रोक्न खोज्छन् । अमिसारिका नबुझे झै गरी अघि बढ्छे । उनीहरू सुराकी हो कि भनी बन्दुक तेर्स्याई रोक्छन् । र नाम, ठाँम गाम र काम सोध्छन ऊ आफन्त कहाँ टीका लगाउन हिंडेको बताउँछे । उनीहरू उसलाई आफ्नो भोलिको कार्यक्रममा लाने बताउँछन । ऊ मान्दिन तर हतियारको अघि केही जोर नचली रुँदै दिनभर र आधा रातसम्म हिंडेर उनीहरूले भनेको ठाउँमा भोकै तिर्खै पुग्छे । वरिपरि घना जङ्गल वीचमा खुला चउर त्यस ठाउँमा अन्यत्रबाट पनि २/३ सय मानिस भेला भएका थिए । उनीहरू कोही बाँसुरी बजाउने कोही गीत गाउने र कोही नाच्न थाले । ऊ भने डङ्रङ्ग भुँइमा लडी ।

उता जलनको गाउँमा पनि माओवादी सक्रियता बढेको छ । गाउँघरमा रुवावासी चल्दैछ । जलनको ट्युसन पढाउने ठाउँमा टेम्के भाषण गर्दैछ । माओवादी कार्यक्रम सफल पार्न सवैजना अनिवार्य जानु पर्छ । जो जादैन त्यसले वीस हजार जरिवाना तिर्नु पर्छ । यो सुन्नासाथ जलन गाउँको सोझा सिधा व्यक्तिलाई जवर्जस्ती गरेर राजनीति हुँदैन । शहरका धनीमानी तथा पढे लेखेका विद्वानहरूलाई सम्झाइ बुझाई अघि बढ्न आग्रह गर्दछ । त्यहाँ उपस्थित एक ठूलो नेताले जलनलाई धन्यावाद दिई सहयोग गर्न अपील गऱ्यो । अव गाउँका सारा बाल, युवा र बृद्ध उक्त कार्यक्रममा जानै पर्ने भयो । जलन पनि आफ्ना विद्यार्थी सहित गयो । भोकै तिर्खै चार पाँच घण्टा हिड्दा मतानघरे बाजे बेहोस भै ढले । उनलाई व्युँझाई सम्झाइबुझाई जलनले घर पठाई दियो । कार्यक्रम स्थल पुग्दा नारी समानता र हकहितको बारेमा भाषण चल्दै थियो । “अब हाम्रो सत्ता आउँदैछ, त्यसले

देशको मुहार फर्नेछ । २/४ वटा भरुवा बन्दुकको साथमा स्थापना भएको यो सशस्त्र आन्दोलनले समाजका शोषक, सामन्त, तस्कर, कुण्डले, मण्डले, दादा आदि सव ठेगान लगाउने र राजसंस्था अन्त्य गरी समानतामूलक र समावेशी समाज स्थापनाका साथ गणतन्त्र स्थापना गर्नेछ । त्यसका लागि महिला आन्दोलनमा उत्रन आवश्यक छ । नत्र महिला मुक्ति कहिल्यै हुने छैन" त्यस कार्यक्रमको प्रमुख व्यक्तित्व 'चिरफार' भन्ने हुन्छ, जो निकै शालिन व्यक्तित्व भएको, मृदुभाषी, अरुको मन जित्न सक्ने व्यक्ति रहेछ । ऊ जलनको घरमा पहिले पनि आएको थियो । ऊ गाउँका ठुटेनेता मानसिं, टेम्के भन्दा धेरै महान विचार भएको व्यक्तिका रूपमा त्यस कार्यक्रममा प्रस्तुत भएको थियो । टेम्के त गाउँको चोर हो ऊ माओवादीको करवाहीबाट बच्न माओवादी भएको गाउँमा सबैलाई थाहा छ । मानसिं भन्ने स्वार्थी चाप्लुसी हो । चिरफारको भाषणबाट त्यहाँ उपस्थित सबै खुसी भए । उसले गरेको स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक भाषणले सवैको मन छोएको थियो । बेला बेलाको साँस्कृतिक कार्यक्रम पनि रोचक थियो । यस्तैमा जलन र अमिसारिकाको भेट हुन्छ । दुवै आश्चर्यमा पर्दछन् । त्यहाँ गएको बारे कुराकानी हुन्छ । अमिसारिका त्यहाँ आउँदाको डर त्रास सम्झेर सुकसुकाउँछे । भाषणपछि कार्यक्रममा सहभागी भएको जलनलाई धन्यवाद दिइन्छ । कार्यक्रमको वारेमा पछि भेटमा कुराकानी गर्ने पार्टीको कमि कमजोरी हटाउदै लैजाने जानकारी कार्यक्रमको अन्त्य पछि सवै आ-आफ्नो घर तिर लाग्छन् ।

गाउँबाट प्रहरी चौकी, सहकारी बैंक आदि सरदमुकामतिर सरिसकेका छन् । सेना वा माओवादीको आगमनमा गाउँमा आतङक फैलदैछ । मानसिं र टेम्के गाउँमाा बाज बनेका छन् । टेम्के चन्दा असुलेर निकै मोटो घाटो हुने खाने जस्तो भएको छ । पार्टीमा उसको नाम पनि क. बज्र रहेको छ । उसले गाउँमा जग्गा कब्जा गरी झण्डा गाडेर आफ्नै गाउले दाजुभाइलाई शरणार्थी बनाएको छ । हातमा अटोरिवल्भर जापानिज वाकमेन बोकेर हिड्छ । देशभित्रै दाजुभाइ वीचमा मारामार गरिहेको छ । रगतको खोलो बगिरहेको देशको अस्मिता जोखिममा परेका जस्ता कुराले जलनको मनमा पीडा हुन्छ । एकदिन ऊ केटाकेटी पढाइ रहेको वेला ठोकी दे ! ठोकी दे !! भन्दै आएका सशस्त्र प्रहरी र सेनाहरू देख्छ । उनीहरू आएर हामी माओवादी हौं । हाम्रा साथीहरू कहाँ छन् भनी सोध्छन् म चिन्दिन भन्दा पेस्तोल तेर्स्याउँछन्, छिमेकी माओवादीहरूलाई नचिन्दा । ऊ नडराई भन्छ कि, माओवादीहरू साविकको नाम परिवर्तन गरी बज्र, छाल, बादल जस्ता नयाँ नाम राख्छन् र मुखमा पनि पट्टि बाँधेर हिड्छन् त्यसैले चिन्न गाह्रो हुन्छ । कहिले माओवादीहरू हामी सेना हौं भन्दै आउँछन् । सवै उस्तै छन् । उस्तै भाषा बोल्छन् । चिन्न गाह्रो छ । बोल्न जानिएन भने ज्यानै जान पनि सक्छ । कोही आएर धन्यवाद दिन्छन् कोही आएर रिसाउँछन् के गर्ने भन्ने बारे जलन सोच्छ । ऊ घर जान्छ सेनाले केही गरेन भनी आमाबुवा सोध्नुहुन्छ । ऊ नगरेको बताउँछ । जलन र बुवा दिउसो दाउरा बोकी आउँदा बन्दुक पड्केको आवाज आउँछ । घरमा आउँदा छिमेकी लौकेलाई सेनाले मारेको र

भक्तिदाइलाई पक्रेको हल्ला फिजिन्छ । सेनाले क्याम्प नै खडा गरी दुई दिन बस्दा गाउँमा रुवावासी चल्छ । सेना त्यहाँबाट हिंडे पछि मात्र माआवादीले लौकेंको दाहसंस्कार गरेर सहिद घोषणा गरे । दुई दिनपछि समाचार सुरक्षा फौजमाथि सकेट वम प्रहार गरी भाग्दा एक माओवादीको घटना स्थलमै मृत्यु भई केही कागजात बरामत गरियो भन्ने सुनिन्छ । कतिपय निर्दोष व्यक्तिलाई मारेर दोहोरो भिडन्तमा मारिएका भन्ने कपोल कल्पित समाचार पनि नसुनिएको होइन । भने मानसिं र टेम्केले चन्दा उठाएर पार्टी नै त्यागेर भाग्छन् । जलनलाई पनि माओवादीले अपहरण गर्छन । त्यसपछि अमिसारिका पनि जागिर सरुवा मिलाई  जलनकै गाउँमा आउँछे जलनलाई अपहरण गरेको सुनी मुर्छित बन्छे ।

बीस दिनसम्म दिनमा आँखामा पट्टी बाँधेर राख्ने रात भर हिडाउने गरी जलनको आँखा खोलिदिए । जलनले संसार रातो र घुमिरहेको देख्यो । केही वेर आँखा चिम्लेर खोल्दा अलिअलि प्रकाश उग्रँदै ऊ संसार राम्ररी देख्न सक्ने भयो । ऊ लिङदेपको दिङला भन्ने ठाउँमा रहेछ  । वरिपरि जङगल वीचमा सानो वस्ती रहेछ । कसैलाई केही नगरी अपहरणमा पर्नुमा ती अज्ञानी मान्छेको कारण भएकाले ऊ ईश्वरलाई अपहरण गरेर यत्रो दुःख दिने अज्ञानीलाई ज्ञान देऊ भनी प्रार्थना गर्छ । ऊ आफूलाई ५/७ जना कमरेडहरूले घेरेको पाउँछ । त्यसमा एकजना चिरफार पनि थियो । ऊ ताप्लेजुङको क्षेत्रीय कमिटी इन्चार्ज रहेछ । ऊ जलनलाई लागेको आरोप मानसिंको खोजी, टेम्केको पक्राउ र लौकेको मृत्युमा सुराखी गरेको बताउँदै अव रिहा गरिएको र दुःख दिएकोमा माफ माग्छ ।

जलन मानसिं र टेम्केलाई बचाउन प्रयास गरेको, उनीहरूले गलत काम गरिरहेको कुरा पार्टीमा नै राखेको र लौके मारेको कुरा मारेपछि मात्र थाहा भएको बताउँछ । चिरफार आफ्ना कार्यकर्तालाई जलनलाई घर पुऱ्याउन लगाउँछ । रातको ११ बजे घरमा पुग्दा बुवा, आमा र अमिसारिका निराश भई अगेनाको वरिपरि बसेको पाउँछ । अचानक ऊ घरमा पुग्दा  खुसीको सीमा नै रहन्न । धेरै वेरसम्म कुराकानी गरी अन्त्यमा अब पैसाकमाउन मुङलान जाने, घर छेउमा एउटा प्रा.वि. खोल्ने आफ्नो इच्छा सुनाउँछ । त्यो त उसका वाबुको पनि आन्तरिक  इच्छा भएकाले सबैले सकारात्मक ठान्छन् । अमिसारिका पनि घरमा रेखदेख गर्दै गर्ने, अब जागिर यतै सरुवा भएको बताउँछे ।

हिजोको आतंककारी माओावदीहरू आज गाउँका प्यारा साथी वा एम.वि.का नामले पुकारिन थाल्छन्। गाउँमा विकृति विसंगति घटेको छ । गाउँमा हप्काएर खान छाडेका छन् । कुनै कुनै व्यक्ति मात्र गाउँमा आइ माओवादी बन्ने, सदरमुकाम गई सेना प्रहरीसंग रक्सी मासु खाने वा  जतै ठिक्क हुने, यताको कुरा  उता सुनाउने गर्दछन् । बरु सुरक्षा फौज पो गाउँमा आई आतंक मच्चाउन थालेका छन् । त्यसैले गाउँमा युवा छैनन् । कोही विदेश, कोही मदेश, कोही त एम.बि.नै भएका छन्

अमिसारिकालाई जलनको यादले सताउँछ । फोटो हेरेर चित्त बुझाउदै जलनको घरतिर लाग्छे । बाटोमा माझघरे जेठी आमाकी बुहारी छोराले विदेशबाट पठाएको नब्बेहजार रुपैँया च्वाट पारी काखको नानी छाडेर पोइला गएको सुन्दा वैदेशिक रोजगारीको विकृति बढेको ठान्दै माझ घरे जेठी आमालाई सम्झाउँछे ।

गरिवीको कारण वाध्य भएर विदेशिएको जलन त्रिभुवन विमानस्थल काठमाण्डौंबाट हवाइजहाज चडी मलेशिया जानेक्रममा धेरै नेपालीहरू माओवादी अपहरण, दोहोरो भिडन्त जस्ता कारण वाध्यताले निन्याउरो मुख लगाई विदेश गएको पाउँछ । एक जनाको त बाबु विदेशमै मरेको पनि हुन्छ तर पनि नेपालमा बस्ने वातावरण नहुँदा बच्न गएको हुन्छ । त्यहाँ कुरा गर्दा नेपालको सवै ठाउँमा उस्तै पीडा भएको थाहा पाउँछ । एक घण्टामा ढाका विमान स्थल पुगी विमान परिवर्तन वोर्ड पास लिन जान्छ । त्यहाँबाट साढे तीन घण्टामा मलेशियामा पुग्छन् । मलेशिया पुग्दा दलालहरूले झुटो आश्वासन दिएर गैह्रकानूनी रूपमा त्यहाँ पुऱ्याएका नेपालीको विजोग देख्छ । ऊ नेपालबाट लगेको खाजा चिउरा र चाउचाउ ती भोका सडकमा सुतेका नेपालीलाई दिन्छ । सवै उसको प्रशंसा गर्छन् । ऊ चाहिँ राम्रो कम्पनीमा परेछ । पैसा राम्रो कमाउन थाल्यो । दुई महिनापछि उसलाई चिट्ठा पर्छ ४ लाख पचास हजारको । साथीहरू बधाई दिन्छन् ऊ पनि खुसीसाथ पार्टी दिन्छ । यही खुसीको उपलक्ष्यमा घरमा चिठ्ठी लेख्छ । पैसा ५ लाख पठाउँछ र घर छेउको टारमा विद्यालय खोल्न, बुवा, आमा र अमिसारिकालाई आग्रह गर्दछ ।

स्कूलको शिलान्यास हुन्छ । गाउँलेहरू पनि ज्यादै खुसी हुन्छन् । अमिसारिका जलनका बुवाआमाकोमा जाँदै आवश्यक सहयोग गर्ने गर्छे । शिलान्यासको दिन ऊ जलनको भावुक प्रेममा विलुप्त हुन्छे । पत्र नपठाएकोमा अनगिन्ती प्रश्न गर्छे । उता जलन पनि आमाबुवा र अमिसारिकालाई सम्झन्छ । अमिसारिकाले यतिलामो समय सम्म पत्र नपठाउँदा के भनिन् होला भन्दै उसको प्रेममा भावुक बन्छ । नौडाँडा पारी दुई प्रेमी प्रेमिका एक अर्काको तस्विर चुमेर चित्त बुझाउँछन् । आज भक्तिदाइ पनि जेलबाट छुटेर आउँछन् । उनको शरीर क्षिण भएर गइरहेको थियो । खोक्दा रगत आउन थालेको थियो । अमिसारिकाको जिज्ञासामा उनी जेलमा पाएका दुःखकष्ट सवै सुनाउँछन् । जुन ज्यादै हृदय विदारक हुनाले दुवै भक्कानिएर रुन्छन् । उनी पटकपटक मृत्युको मुखमा परेर फर्केको बताउँछन् अर्थात जेलमा सेनाले अमानवीय यातना दिएको हुन्छ । कुरागर्दागर्दै प्रहरी र सेनाको एक समूह जलनलाई खोज्दै आउँछन् । उसका बुवाले आफ्नो परिचय दिई ऊ मलेशिया गएर पैसा पठाउन थालेको बताउदा पनि ती सेनाहरू पत्याउदैनन् । पुनः पक्रन आउने बताउदै जान्छन् । सवैको हित चिताउने जलनलाई सेनाले यसरी खेदो गरेकाले अमिसारिका चिन्तित हुन्छे ।

जलनको कम्पनीमा आगलागी हुन्छ । मालिक भाग्छ । सवै कामदार साथी तितरबितर भए ऊ भने विरामीका कारण एक्लै हुन्छ । पैसाको नाममा आर एम २५० मात्र बाँकी थियो । त्यहाँ काम नपाएपछि ऊ जोहारवारु भन्ने ठाउँमा जान्छ र एक कम्पनीमा काम गर्छ । पारिश्रमिक माग्दा मालिकले

पुलिस लगाउँछ । उल्टो २० आर.एम खर्च हुन्छ । बाटोमा डाका लाग्छन् । डाकालाई कुटेर भाग्छ र कुलिम भन्ने ठाउँमा जान्छ । त्यहाँ रमेश र रामलाल भन्ने ऊ जस्तै अलपत्र परेका नेपाली भेट्छ । अव तीनै जना भई लुकीछिपी क्वालालम्पुर पुग्छन् । त्यहाँ एकदुई दिन काम गरेपछि निकालिन्छन र फेरि पेराकतिर लाग्छन् । त्यहाँ वीस सेन तिरेर टण्डास गई दिसापिसाव गर्छन् । त्यही दुईजना नेपाली पकेटमार भेटी भकुर्छन । त्यहाँ प्रहरीले समाउँछ । प्रहरीलाई ५० आर एम दिइ फुत्किन्छन् । त्यसपछि ताइपिङ गई काम गर्न थाल्छन् । त्यहाँ प्रहरीले पुनः पक्रन्छ र जेल चलान गर्छ । त्यो जेलबाट छुट्याउन आफ्नो मान्छे चाहिन्छ । जलन मुगाधन भन्ने एक नेपाली साथीलाई सम्झी फोन गर्छ र उसकै सहायताले जेलबाट छुटी नेपाल फर्कन्छ । मलेशिया एक खुल्ला देश भएकोले कतिपय नेपाली त्यहाँका केटीहरूसँग लागी नेपाल भुलेको पाउँछ । काननुलाई व्यक्तिले हात लिने गरेको पाउँछ । त्यहाँका जेलमा इण्डोनेशियन, वंगाली, भियतनामी, चिनीयाँ, फिलिपियन, इण्यिन , थाइ नेपाली आदि देशका नागरिक पनि कैदी बनी एकै घरमा कहिले झगडा गर्दै, कहिले सामान्य ढंगमा दिन विताएको पाउछ । जेलमा असाध्य थोरै खाना, खाजा खाएर बस्ने व्यवस्था भएको पाउँछ ।

माओवादीको अनिश्चितकालीन नेपाल बन्दका कारण अमिसारिका स्कूल गइनन् । समाचारमा पनि सेना र माओवादी दोहोर भीडन्तमा दर्जनौ माओवादी घटनास्थलमै हताहत भएको केही सेनाले वीरगति प्राप्त गरेको सयौं घाइते भएको केही कागजात वरामद गरेको मात्र दोहोरिन्छ । ऊ जलनलाई सम्झेर एउटा गीत गुन्गनाउछे ।

“छुन खोजें माया सुम्सुम्याउनु खोजें

भेट्न सकिन आफैसँग गलें ।”....................(पष्ठ ९१)

ऊ जलन कहाँ होला ? भन्छे त्यसै वेला जलन झट्ट आइ पुग्छ । ऊ खुसीले अत्तालिन्छे । ऊ थाहा नदिइ आएकोमा गुनासो गर्छे । एउटा सामान्य व्यागलिएर आएको जलनलाई ऊ विद्यालय देखाउँछे । ऊ खुसी हुन्छ । यसलाई फलाउन सवैको सहयोग चाहन्छ । ऊ मातृवचन अनुसार हिंडेकाले सफल भएको ठान्छ ।

घरमा बुवा आमा पनि उसको आगमनमा आश्चर्य चकित बन्छन् । अवेरसम्म गफ गरी बस्छन् तर ऊ मलेशियामा पाएको यावत दुःख बुवाआमालाई सुनाउन सक्तैन । यस्तैमा अमिसारिकाको नाममा उसकी साथी नूतनको विवाहको निम्तो सहितको पत्र आउँछ । पत्रमा नूतले जलन र अमिसारिकाको विवाहको कामना, दुवैजनलाई यही पत्र मार्फत निम्तो दिएको हुन्छ । अमिसारिकाको खुसी झन उर्लिन्छ । दुःख सुखका कुराकानी हुन्छन् । त्यसै वेला ३ जना माओवादी कार्यकर्ता जलन विदेशबाट आयो भनेर चन्दा असुल्न आएका रहेछन् । उसको विचार, अवस्था नबुझी जबरजस्ती चन्दा असुल्ने प्रवृत्ति प्रति विरोध गर्छन् ।

जलन र अमिसारिका नुतनको विवाहमा निम्तो मान्न सम्दु (तेह्रथुम) तिर जान्छन् । जलनका बुवाआमा उनीहरूलाई बाटोमा सेना र प्रहरीदेखि जोगिन अह्राउँछन् । केहीवेर ओह्रालो हिडेर तमोरको झोलुङगे पुल तरी उकालिन्छन् । बाटोमा एक पागल महिला अस्तव्यस्त लुगा र केश भएकी वर्वराउदै आउछे । उसकी एकमात्र सन्तान छोरी बाख्रा चराउन जाँदा मारिएकी हुन्छे । त्यसपछि उक्त महिला मन अड्याउने ठाउँ नभएर पागल बनेको  कुरा एक जना व्यक्तिले बताउँछन् । उनीहरूलाई माओवादी भनी शंका गर्छन्, डराउँछन् तर उनीहरूले वास्तविकता बताएपछि खुसी हुन्छन् । चुहानडाँडा माथिको चौतारामा बसी आराम गर्दा एक निराश वृद्ध उनका दुई छोरा मध्ये जेठा पहिले नै सेनामा लागेको र पछि कान्छो माओवादी बनेको कुरा बताउँछन् । त्यसैगरी एक युवतीको विहा गरेको पर्सिपल्ट धरापमा परी श्रीमान् मरेको जस्ता द्वन्द्वका कथा व्यथा बताउँछन् । उनीहरू बाटोमा गिरफ्तार, अपहरण चन्दा आतङ्क, विदेशमा पाएको दुःख आदिका बारेमा कुरा गर्दै सम्दु (अमिसारिकको घर भएको गाउँ) पुग्छन् । भोलिपल्ट नूतनको भव्य वैवाहिक कार्यक्रममा पुग्छन् । त्यहाँ इलामबाट क्याम्पस प्रमुख आकाशसर पनि आउनु भएको हुन्छ । क्याम्पसजीवनको स्मरण हुन्छ । त्यहाँ सबैमा खुसीको सीमा नाघ्छ । विवाहमा पप गीतलाई माओवादीले रोक लगाएको बुझिन्छ । त्यहाँ उपस्थित सबै नूतनलाई उपहार दिन्छन् । नूतन पनि क्याम्पस चिफलाई दाजु मानेकीले भन्छे कि, आज म मेरो आदरणीय दाजुलाई एउटा उपहार दिन चाहान्छु । भन्दै एउटी अधवैंशे आईमाई उहाँको अगाडि उभ्याउछे । आकाशसर भन्दै उक्त आइमाई रुन थाल्छे भने चिफसर (जो उनकै वियोगमा तड्पिनु भएको थियो) पनि चन्द्रमा, तिमी ? भनी अगाल्नु हुन्छ । नूतनले भरखरै गाडीमा (काठ्माडौंमा)  भेटेकोले विवाहकै अवसरमा भेट गराएको खुलासा हुन्छ  । सवै छक्क पर्छन् ।

**उपकर्ष**

जलन र अमिसारिका प्रेमको महत्व तथा आकार बारे भावुक बनी एकान्तमा बसी छलफल गर्छन् । एकान्तमा बसी केटा र केटी छलफल गर्दा माओवादीले कारवाही गर्ने भयले त्यहाँबाट आफ्नो घर तथा कोठातिर लाग्छन् । फेरि एक्लाएक्लै मायाको जालोमा जेलिन्छन् । अमिसारिका आफूलाई प्रेमको युद्धले खोसिसकेको ठान्छे । जलनका बुवाआमा पनि उसलाई गिज्याउन थालेका थिए । त्यसैले अव विवाहको इच्छा बढ्न थालेको थियो । ऊ “सपनाको फूल फुलाऔं युगौं युग पुऱ्याउने नाताले” भन्ने गीत गुन्गुनाउन थाल्छे । माओवादीको अनिश्चितकालीन बन्दको घोषणाका कारण अमिसारिका घर जान चाहन्छे । बुवाआमा होसिसार भएर घर जान सम्झाउँछन् कि जताततै माओवादी र सेनाको सर्च अभियान बढेकाले जलन उसलाई माथि गाउँसम्म पुऱ्याउन गयो । छुट्ने वेलामा तल सल्लाघारीवाट लालसेना र माथि गाँउतिरबाट शाहीसेना आइरहेका देखिए  । जलन र अमिसारिका दुवै डरले आकुल हुन्छन् । एक्कासी दुबैतर्फबाट गोली पड्कन्छ । निर्दोष प्रेमका पुजारी

ती दुई प्राणी गोलीका सिकार हुन्छन् । रगतको आहाल जम्छ । दुवै चिच्याउँछन् एक अर्काको नाम लिएर । एक छिन दोहोरो फायरिङ पछि वन्दुक पड्कन छोड्छ । उनीहरू चिच्याएको सुनी दुवै तर्फका कमाण्डर (जलनको साथी विरेन हुन्छ र लालसेनाको कमाण्डर चिरफार) त्यहाँ आउँछन् । दुवै कमाण्डर चिनेका र असल मित्र भएकाले दुवैले महान गल्ती गरेको दुईजना असल व्यक्तिहरू गुमाएकोमा क्षमा माग्छन् । चिरफार भन्छ जलन जी तपाईले बताउनु भएको हाम्रो पार्टीका व्यक्ति साँच्नी नै फटाहा भएकाले ती मानसिं र टेम्केलाई पार्टीले कारबाही गर्ने निर्णय गरेको सुनाउछ । दुवै आँसुका धाराले श्रद्धाञ्जली दिन्छन् । उता जलनको घरमा गाउँभरीका मानिस भेला भई रुँदै कराउदै थिए । भेलाभएका मानिस पनि ती दुई प्रेमीको प्रेम यद्धले खोस्यो भनी चर्चा गर्दछन् । यस उपन्यासको दुखान्त कथानक यही टुङ्गिन्छ ।

## ५.१०.२. पात्र वा चरित्र चित्रण

युद्धले खोसेको प्रेम उपन्यास नेपालको १० बर्षे जनयुद्धको पृष्ठभूमिमा तयार गरिएको चरित्र प्रधान उपन्यास हो । उपन्यासमा थुप्रै पात्रहरूको चित्रण गरिएको छ । समाजको यथार्थ चित्रण गर्ने उपन्यासकारको उद्देश्य अनुरुप उपन्यासमा समाजमा रहेका धेरै खाले पात्रहरूले स्थान पाएका छन् । हत्या, हिंसा, आतङ्क र स्वार्थी समाजको यथार्थ चित्रण गर्ने लक्ष्य अनुसार उपन्यासमा विभिन्न पात्रको चित्रण गरिएको छ । यसमा चित्रित पात्रका अनुसार मझौला आकारको बहुपात्रीय उपन्यासको कोटिमा राख्नु पर्ने हुन्छ । उपन्यासमा चित्रित पात्रको आधारमा, घटनाक्रमको आधारमा, द्वन्द्वयुक्त सामाजिक राजनैतिक उपन्यासका रूपमा यो उपन्यास रहेको देखिन्छ । उपन्यासको लक्ष्य अनुरुप समाजका निम्न माध्यम वर्गका पात्रहरूमा सशस्त्र द्वन्द्वले पारेको प्रभावको चित्रण समावेश छ । उपन्यासमा सत् असत् दुवै किसिमका पात्र समेटिएका छन् । यस उपन्यासको कथानकमा घटना र चरित्रको वेजोड तालमेल पाइन्छ । उपन्यासमा पात्रहरू कुनै न कुनै घटनामा सम्बन्धित रहेका छन् । यस उपन्यासमा पनि प्रमुख पात्र सहायक पात्र र गौण पात्रको चित्रण निम्नानुसार गरिएको छ ।

**जलन :**

जलन यस उपन्यासको प्रमुख पुरुष पात्र (नायक) हो । उपन्यासको शुरुदेखि अन्तिमसम्म सकारात्मक ढंगले अघि बढेको जलन एक इमान्दार, परोपकारी समाजसेवी र सच्चा प्रेमी पात्र हो । जीवन चेतनाका आधारमा आधुनिक सोच, विचार र कार्यमा संलग्न नयाँ पुस्ताको प्रतिनिधि पात्र हो । ऊ यस उपन्यासको केन्द्रीय चरित्र हो । उपन्यासमा शुरुदेखि अन्तिम सम्म ऊ मञ्चीय पात्रका रूपमा देखा परेको छ । ऊ उपन्यासको कथावस्तुबाट कुनै क्षण पनि छुट्टिएको छैन । उसका माता पिताको समाजसेवी, परोपकारी गुणबाट प्रभावित जलन उपन्यासको शुरुमानै समाजमा फैलिएको झाँडापखालाको औषधी खोज्न साथी विरनेसँग ताप्लेजुङ्गको थुकिमाको लेकमा जान्छ । बुवाले बताए

अनुसार औषधी लिएर घर फर्की गाउँका झाडा पखालाका रोगीलाई निःशुल्क औषधी बाँड्दै सरसफाई गरी आफ्ना नानीहरूलाई स्कूल पठाउन जनचेतना जगाउँछ । उसको यो कार्यको सबैले प्रशंसा गर्छन तर छिमेकी मानसिं उसको प्रशंसा सहन नसकी ईर्ष्याले त्यहाँबाट उठ्छ । मानसिंले प्रहरी चौकीमा अनावश्यक आरोप लगाई पक्रन उसको घर जाँदा सबैले प्रतिकार गरी बास्तविकता जनाई प्रहरी फर्काउछन् । क्याम्पस पढ्दादेखि नै अमिसारिकालाई पवित्र प्रेम गर्ने जलन उसलाई नयाँ विद्यालय तिरिङगे प्रा.वि. सम्म पुऱ्याउन, डेरा खोज्न जान्छ । साथी विरेनको पढाइमा गाइडको भूमिका निर्वाह गरिरहेको जलन आमाको जिज्ञासामा अमिसारिकालाई प्रेम गर्ने गरेको स्पष्ट गर्छ । माओवादी शसस्त्र जनयुद्धलाई आलोचनात्मक समर्थन गर्दै ऊ माओवादीको सकारात्मक कार्य नीतिमा खलल पुऱ्याउने चोर, डाका, फटाहा व्यक्तिको घुसपैट मन पराउँदैन । गलत व्यक्ति माओवादी पार्टीमा प्रवेश गरी उल्टो ज्यादती सच्चाइएको प्रति चिन्तित बन्दै माओवादी प्रतिकार समितिको कार्यक्रम पनि अनियन्त्रित बन्नबाट जोगाउन जान्छ । माओवादीका भाटेकार्वाही तथा जाँड, रक्सी, जुवातास, गलत फेसन र दादागिरी प्रतिका कारर्वाहीहरू सकारात्मक भए पनि गलत व्यक्तिको इसारामा चलेकाले यसले उठाएका समस्याप्रति ऊ चिन्तित बन्छ र पीडितलाई सान्तवना दिन्छ । पटक-पटक माओवादी अपहरणबाट बच्न बाँसघारी, काभ्रोको रुख, तथा घरमा लुकेर बसे पनि एक पटक अपहरणमा परी माओवादी कार्यक्रममा जान्छ र त्यस पार्टीप्रति अझ सकारात्मक बनेर फर्कन्छ । आफ्नो काम गरी खाएको जलन घरि माओवादी त घरि सेनाको सर्च अभियानबाट जोगिदै अघि बढ्छ । तर एक दिन माओवादीको बीस दिन लामो अपहरणमा परी दिनभर आँखामा पट्टी बाँधी बस्नुपर्ने र रातभर हिँड्नु पर्ने जस्तो कारवाही भोग्छ । जुन कारवाही मानसिं र टेम्केको प्रतिकार गरेको र लौके मार्न सुराकी गरेको अभियोग लागेकाले भएको हुन्छ । तर अन्त्यमा ऊ निर्दोष सावित भई छुट्कारा पाउँछ ।

गरिबीका कारण आफ्नो गाउँमा विद्यालय स्थापना गर्ने उद्देश्य पूरा गर्न नसक्ने भएकाले र देशमा आर्थिक उन्नति हुने कुनै काम गर्ने वातावरण नभएकाले ऊ मलेशिया जान्छ । मलेशिमा दलालले ठगेर बेहाल भएका नेपालीलाई आफूसँग भएको खाजा खुवाउँछ । राम्रो कम्पनीमा काम पाएको जलनलाई चार लाख पचास हजार चिठ्ठा पर्छ । घरमा रु ५ लाख पठाउन सफल हुन्छ । त्यही पैसाले उसको उद्देश्य अनुरुप विद्यालय स्थापना गर्न बुवा आमा र अमिसारिकाले सहयोग गर्छन् । उता यसको कम्पनीमा आगलागी हुँदा त्यहाँबाट विभिन्न कम्पनीमा गैर कानुनीका रूपमा काम गर्दा जेल नेल समेत भेग्दै एक नेपाली कामदार मुगाधनले छुटाई नेपाल आउन सफल जलन अनिश्चित कालीन बन्दमा घर जान चाहने अमिसारिकालाई माथि गाउँसम्म पुऱ्याई फर्कन लाग्दा शाही सेना र माओवादी सेनाको दोहोरो भिड्न्तमा परी अमिसारिकासँगै ज्यान गुमाउँछ । ज्यान गुमाएर पनि दुवै

तर्फका कमाण्डर आइ माफी  माग्दै पश्चाताप गरेकाले ऊ निर्दोष, इमान्दार, कर्तव्यपरायण, चरित्रका रूपमा देखिएको छ ।

**अमिसारिका**

अमिसारिक यस उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ एक शिक्षित युवती हो । पेशाको हिसावले पनि बालबालिकाको भविष्यप्रति चिन्तितहुने एक सफल शिक्षिका हो । सामाजिक उपन्यास लेखनको आधारमा ऊ अनुकूल चरित्र हो । जीवन चेतनाको आधारमा आधुनिक विचार शैलीकी प्रतिनिधि पात्र हो । क्याम्पस पढ्दादेखि नै जलन सँगको प्रेममा फसेकिले उपन्यासको शुरुमा जलन सपनामा अमिसारिका भन्दै चिच्याएको र सपनाको वारेमा जलन र बिरेनले कुरा गरेको पाइन्छ । जागिरको क्रममा ताप्लेजुङको तिरिङ्गे जाँदा जलनको घरसम्म एक्लै र त्यस पछि जलनलाई लिएर स्कूल पुगेकी अमिसारिका उपन्यासको शुरुदेखि अन्तिमसम्म चर्चामा आएकी मञ्चीय पात्र हो । ऊ निडर , स्वतन्त्र , स्वाभीमानी एक सुशील नारी पात्र हो । शुरुमा जलनको घरमा पुग्दा मानसिंको इसारामा आएका प्रहरीलाई यथार्थ कुरा बुझाई फर्काउन सफल एक स्पष्टबक्ता हो । हृदयदेखि नै जलनलाई सच्चा प्रेम गर्ने एक आदर्श प्रेमिका भएकोले जलनको घरमा जस्तोसुकै समस्या पर्दा पनि साथ दिनुका साथै जलनको सच्चा सल्लाहकारका रूपमा पनि देखिन्छे  । माओवादी लडाकुले चन्दा वुकमा नाम लेख्न सोध्दा सरकार र माओवादीको द्वन्द्ववाट बच्न चम्पाचमेली नाम वताउने अमिसारिका आफ्नो सुन्दरताको गलत प्रयोग नगर्ने सच्चा पात्र हो

श्रीमान् वैदेशिक रोजगारमा गएका वेला काखको नानी चटक्क छाडेर परपुरुषसंग लाग्ने, पोइलाजाने माझघरे जेठीआमा तथा लाहुरेनी वोजूकी वुहारी जस्ता महिलाप्रति चिन्तित बन्दै पीडित जेठीआमा र बोजूलाई ऊ सान्त्वना दिन्छे । आफ्नो जागिर जलनकै गाउँमा सारी जलनको अनुपस्थितिमा बुवाआमालाई छोरीका रूपमा विभिन्न सहयोग पुऱ्याउछे । जलनको इच्छामुताविक विद्यालय स्थापना गर्न उसको महत्वपूर्ण देन छ । युद्धका निहुमा जनसेना र शाही सेनाको दोहोरो मारमा परी जीवन गुमाएकाप्रति ज्यादै संवेदनशील अमिसारिका जलनको प्रेमको गोलीले आफ्ना शरीर छियाछिया बनाएको र उसको प्रेमको युद्धले खोसिसकेको ठान्दै अब चाँडै नै ऊसँग विवाह बन्धनमाबाँधिन चाहन्छे । विद्यालय अनिश्चित कालीन बन्द भएको मौकामा घरगई बन्दोवस्त मिलाउने योजनाका साथ घरतिर लागेकी अमिसारिका जलनसँगै सशस्त्र द्वन्द्वको सिकार बनी जीवनलीला समाप्त गर्दछे  । केटा र केटी वीचको प्रेम जीवन प्रति शंका गर्ने, राम्रो नठान्ने नेपाली समाजमा अनुकरणीय प्रेम आदर्श प्रस्तुत गर्न सफल अमिसारिका एक आदर्श नेपाली नारी पात्र हो ।

**विरेनः**

विरेन यस उपन्यासको एक सहायक पात्र हो । उपन्यासको शुरुमा चार परिच्छेदसम्म नायक जलनसँगै देखा पर्ने, उसको हितैषी छिमेकी, उमेरमा भाइ, लवजले एक आत्मीय साथी कक्षा १० मा अध्ययनरत विद्यार्थी र अन्तिम अङ्क २० मा ऊ एक शैनिक कमाण्डर हो । उपन्यासको शुरुमा जलनसँग गाउँमा फैलेको झाडापखालाको औषधी (जडीबुटी) खोज्न जाने, ऊसँगै ट्युसन पढी एस.एल.सीं पास गर्ने, विरेन यसपछि गायव हुन्छ । उसको कतै चर्चा सम्म नगरी उपन्यासको अन्त्य गराउने प्रमुख कारकका रूपमा सैनिक कमाण्डर भई रहस्यमय ढंगमा देखा परेको छ । माओवादी जनसेनासँग युद्ध गर्न हानेको गोलीको सिकार बनी उसकै आत्मीय  मित्र जलनको प्रेमजोडी कै जीवनरथ चुडिई उपन्यासको अन्त्यको कारक भए पनि विरेन इमान्दार, कर्तव्य निष्ठ, सतपात्रका रूपमा प्रस्तुत भएको छ ।

**चिरफारः**

चिरफार यस उपन्यासको अर्को सहायक पात्र हो । नेपाली समाजको संरचनामा आमूल परिवर्तन अपरिहार्य ठानी सशस्त्र भूमिगत राजनीतिमा आवद्ध चिरफार निष्ठावान् राजनीतिक कार्यकर्ता हो । आफू कसैलाई जवर्जस्ती आफ्नो संगठनमा नहोम्ने, अरुले जर्वजस्ती ल्याएका मानिसको पनि सहजै चित्त बुझाउने, अरुलाई नबिझाउने एक महान् नेता हो । आफ्नो उद्देश्यमा दृढ साहसी र भूलवश गल्ती भएमा क्षमायाचना गर्ने चिरफार आफू त्यो राजनीतिक संगठनमा आवद्ध नभएपनि नायक जलनको मन जित्न सफल व्यक्ति हो । जलनले गलत ठहऱ्याएका मानसिं, टेम्के जस्ता व्यक्तिको गल्ती पत्ता लगाई आवश्यक कार्यवाही गराउन सफल चिरफारकै कारण निर्दोष जलन र अमिसारिकाको ज्यान गएपछि उनीहरूसंग माफी माग्ने चिरफार आफ्नो राजनितिक सिद्धान्त प्रति प्रतिवद्ध एक आर्दश राजनेता हो । उपन्यासका धेरै अनुच्छेदहरूमा सक्रियरूपमा देखापरेको चिरफार मञ्चीय र वद्ध तथा सत्पात्र हो ।

**जलनका बुवाआमा**

यस उपन्यासमा जलनका बुवाआमा जलनलाई परोपकार, समाजसेवाको बाटो देखाउने महान विचारधारा भएका सत्पात्र हुन् । उपन्यासको शुरुदेखि अन्त्यसम्म उही प्रवृत्तिमा देखा परेका उनीहरू स्थिर पात्र हुन । अन्याय अत्याचारलाई नसहने, कर्तव्यप्रति सचेत सामाजिक सत्पात्रका प्रतिनिधि, मञ्चीय आवद्ध पात्र हुन् ।

**मानसिं र टेम्के**

मानसिं र टेम्के यस उपन्यासका जाली, स्वार्थी, दुष्ट प्रवृत्तिका असत् पात्र हुन । इर्ष्या द्वेष भाव राखी काम गर्ने आफ्नो स्वार्थ पूरा गर्ने जनताबाट सजिलो हुन्छ त्यतै लाग्ने मानसिं र टेम्के जुन राजनीतिक व्यवस्था बलियो छ त्यतातिर लागी अरुलाई सताउन खोज्ने, आफू पानी माथिको ओंभानु बन्न खोज्ने मौसम अनुसार रङग बदल्ने छेपारो तथा चम्चे प्रवृत्तिका (प्रतिनिधि) पात्र हुन । आफ्नो दुनो सोझ्याउने, अरुलाई धोका दिने समाजका जुका हुन् ।

जलनले औषधी (जडीवुटी) खोजेर ल्याई समाजमा बाँड्दा सबैले जीवनदान दिने देवता सरह मान्दा ईर्ष्याले जली प्रहरीमा जडीबुटी बेच्ने अभियोग लगाई पक्राउन खोज्ने, गाउँमा माओवादी शक्तिशाली हुँदा त्यतै प्रवेश गरी चन्दा आतङक मच्चाउने, आफूलाई मन नपरेका व्यक्तिलाई भाटेकारवाहीं गराउने, पर्याप्त पैसा उठाई फरार हुने जस्ता घृणित, आपराधिक कार्यमा संलग्न मानसिं र टेम्के मञ्चीय, आवद्ध, स्थिर र असत् पात्र हुन् ।

**गौणपात्रहरू:**

युद्धले खोसेको प्रेम उपन्यासमा थुप्रै गौणपात्र छन् । उपन्यासमा कति पात्र त नाम समेत नखुलेका छन् । समाजमा रहेका विभिन्न वर्गका पात्रहरू समावेश गरी उपयुक्त गतिविधिलाई समायोजन गरेको पाइन्छ । हरेक घटनामा गौणपात्रले पनि भूमिका निभाएका छन् । यस उपन्यासमा बूढो मान्छे एउटा  छोरा शाही सेना र अर्को छोरा जनसेनामा लागी 'वल्लो घाट न पल्लोतिर' भएको पात्र हो । समाचार सुन्दै विरक्तिएर बाँचेका बूढोमान्छे सरल, नम्र र इमान्दार व्यक्ति हो । त्यसैगरी क्याम्पस चिफ विद्वान्, विवेकी, कर्तव्यपरायण व्यक्ति हुन । अज्ञात व्यक्तिले श्रीमती अपहरण गरे पश्चात वियोगको वेदनाले ग्रस्त भए पनि नूतनलाई चेली मानी भाइटीका ग्रहण गर्ने, जलन र अमिसारिकाका आदरणीय गुरु हुन् । नूतनको विवाहमा इलामबाट तेह्रथुमको सन्दु पुगेका चिफ सर नुतनले अप्रत्यासित रूपमा आफ्नी वेपत्ता श्रीमती हात लगाई दिदा कृतज्ञता ज्ञापन गर्दछन् । मतानघरे बाजे पनि यस उपन्यासमा झाडापखालाले परिवारका सवै सदस्य गुमाई एक्लो जीवन विताएका अरुको भलो चाहाने, परोपकारी एक सत् पात्र हुन् । त्यस्तै लौके माओवादी भएको आरोपमा शाही सेनाले ज्यान लिएको व्यक्ति हो । उपन्यासमा अन्य कुनै भूमिका छैन । रातमाटे कान्छी दिदी पनि चिट्ठी पुऱ्याउने एउटा भूमिका मात्र भएकी जलनको छिमेकी सत् पात्र हुन् । सुकमती बोजु भने बाढी पहिरोमा सवै परिवार गुमाई जाँड रक्सीको भट्टी सञ्चालन गरी जीवन गुजारा गर्ने निरीह, असहाय पात्र हुन् । माओवादीले जाँड रक्सी बहिष्कार गर्ने कार्यक्रममा उनको ड्रमका ड्रम जाँड खोल्सामा फालिदिँदा बेहाल अवस्थामा जलनले सान्त्वना दिएको थियो । त्यसै गरी पुष्पाञ्जली काकी, फोनवाला व्यापारी हुन् । भक्ति दाइ माओवादी भएको आरोपमा शाही सेनाद्वारा

गिरफ्तार भएको व्यक्ति हुन् । मुगाधन, रमेश, रामलाल, विरेन बैदेशिक रोजगारमा जलनसँगै विदेशिएका नेपाली हुन् । रमेश र रामलाल जलनसँगै मलेशियामा थुनामा पर्दछन् । भने मुगाधन जलनको अभिन्न मित्र जसले थुनाबाट छुटाई नेपाल पठाइदिन्छ । अनि नुतन अमिसारिकाकी छिमेकी तथा साथी हो । ऊ जलन र अमिसारिकाको प्रेममा सहयोगी पात्र हो । यसको अतिरिक्त माओवादी सेना कार्यक्रममा सहभागी सयौं मानिसहरू माओवादी प्रतिकारमा उत्रेका दुई/तीन सय गाउँले मलेशिलयाका पकेटमार नेपाली आदि नाम नखुलेका गौण पात्र हुन् ।

### ५.१०.२.३ परिवेश/देशकाल/वातावरण

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान समय र वातावरण अथवा घटनाहरू घटित हुने बस्तु जगतलाई परिवेश भनिन्छ । परिवेश भित्र देशकाल र वातावरण दुई तत्वहरू पर्दछन्। यसमा सम्पूर्ण पर्यावरण समाविष्ट हुन्छन् । अर्थात उपन्यासमा चरित्रले जुन धरातलमा रहेर कार्य गर्दछ त्यसैलाई परिवेश भनिन्छ ।  प्रस्तुत 'युद्धले खोसेको प्रेम' उपन्यासको स्थानगत परिवेशकोरूपमा विभिन्न ठाउँहरू लिएको छ । जसमा पाँचथर जिल्लाको अमरपुर, भालुचोक, ताप्लेजुङका दोखु , ताप्लेजुङ वजार हाङदेवा, हान्द्रुङ, रामद्वाली बजार, खोक्लिङ थुकिमा, तेह्रथुमका चुहानडाँडा , सङ्क्रान्ती, सम्दु, ह्यात्रुङझरना  तमोर नदी, काठमाण्डौ, त्रिभुवन विमान स्थल आदि स्वदेशी परिवेशको उल्लेख गरिएको छ । यसैगरी यस उपन्यासको नायक विदेशिदा मलेशियाका विभिन्न स्थानहरू : क्वालालाम्पुर, जोहोवा , कुलिम, पेराक, ताईपिङ जस्ता ठाँउको परिवेश उल्लेख, गरिएको छ । विदेशमा उसले काम गरेको जुन तान थिङ रोडा कम्पनी , उसले जेलजीवन भागेको काजाङ जेल ऊ नेपाल फर्कंदा हवाइजहाज चढेको सेपाङ एयरपोर्ट आदि शहरी क्षेत्र, औद्योगिक क्षेत्र, पर्यटन क्षेत्रको परिवेश उल्लेख गरिएको छ । यहाँ नेपालको साँस्कृतिक परिवेशका रूपमा निशानमेला, दशैंतिहार जस्ता चाडपर्व उल्लेख गरिएका छन् । यस उपन्यासले उभ्याएको मुख्य परिवेश भनेको द्वन्द्वकालीन नेपालको राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक तथा साँस्कृतिक परिवेश हुन् । यहाँ कोही विद्यालय खोल्नु पर्छ भन्ने त कोही बन्द गर्ने, कोही कमाएर खाने, कोही चन्दा माग्ने, राजनीतिक कारणबाट देशमा बस्ने वातावरण नहुँदा तथा गरिवीका कारण विदेशिनु परेको परिवेश यहाँ समावेश गरिएको छ । सामाजिक परिवेश पनि कोही हृदयदेखि नै माया गर्ने त कोही हृदयदेखि नै घृणा गर्ने व्यक्ति तथा परिवेशको प्रयोग यहाँ पाइन्छ ।

### ५. १०.२.४ भाषाशैली

भाषा र शैलीको संयुक्त रुप नै भाषाशैली हो । भाषा, साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषाले उपन्यासका सवै तत्वहरूलाई संगठित गर्दछ । भाषा उपन्यासकारको घटना प्रस्तुत गर्ने अर्थात विचार व्यक्त गर्ने माध्यम हो । शैली यसलाई प्रस्तुत गर्ने तौर तरिका हो प्रस्तुत 'युद्धले खोसेको प्रेम'

उपन्यासको भाषाको माध्यम नेपाली भए पनि अङग्रेजी मलेशियन भाषाका साथै अन्य विविध भाषाका शब्दहरूको प्रयोग भएको छ । खास गरी नेपाली भाषामा ठेट नेपालीमा सरल सहज र बोधगम्य भाषाको प्रयोग गर्दै केही आलंकारिक, भावुक शब्दहरू पनि प्रयोग भएको पाइन्छ । यसका साथ बोलीचालीका अङग्रेजी शब्द र नेपाली भाषामा कँही कतै नसुनिएका मलेभाषाका केही शब्दको संयोजनले रोचकता छाएको छ । केही मात्रामा भए पनि उखान टुक्काको प्रयोगले सुनमा सुगन्ध थपिएको छ। यसै गरी यस उपन्यासमा गीत, नृत्य आदिको प्रयोगले साङ्गीतिकता थपिएको छ। यस उपन्यासमा प्रयोग भएका अंग्रेजी शब्दहरू पिस, क्यानटिन, कलेज, पेस्तोल, क्याम्पस चिफ, पिकनिक, इलिगल, आर.एम, बाइक, हेलमेट, लजिङ फुडिङ, सिभिल ड्रेस, ब्यान्ड आदि हुन । यसै गरी मलेशियन भाषाका केही शब्दहरू तेरीमा काँसी (धन्यवाद) टण्डास (चर्पी) रेला (प्रहरी) आदिको पनि प्रयोग पाइन्छ ।

उपन्यासकार के.पी. राई 'सिर्जन शिरीष' का अन्य उपन्यासमा झैं यस उपन्यासमा पनि पात्रहरू गीत, मुक्तक आदिमा रमाउने गरेको पाइन्छ । माओवादी कार्यक्रममा जनकलाकारहरू द्वारा प्रस्तुत गीत यस प्रकार छ :

हात देऊ, साहारा ऊ

हातमा जे छ

शत्रुको छातीमा प्रहार गरीदेऊ................(पष्ठ ५५)

## ५.१०.२.५. उद्देश्य/जीवन दर्शन

उद्देश्य उपन्यास लेखनको कारण वा प्रयोजन हो । प्रस्तुत युद्धले खोसेको ‘प्रेम’ उपन्यासको मुख्य उद्देश्य नेपालको १० बर्षे जनयुद्ध र त्यसको प्रभावको विश्लेषण गरी गौतमवुद्धको देश नेपाल, विश्वका अधिकांश मुलुकले स्वीकारेको ‘शान्ति क्षेत्र’ अब कहिल्यै अशान्तिको अखडा बन्नु नपरोस भन्नु नै हो । देशमा प्रजातन्त्र ल्याउन तर निश्चित परिवार केन्द्रित् शासन वा शताब्दीऔं पुरानो राजसंस्थाको जरो उखेली बास्तविक प्रजातन्त्र वा लोकतान्त्रिक गणतन्त्र प्प्तिका लागि भएको सशस्त्र क्रान्तिमा देखिएका कमि कमजोरीका कारण भड्किएको शान्तिलाई  यथास्थानमा प्रतिस्थापित गर्नु यस उपन्यासको कामना रहेको छ। यस जनयुद्धलाई सुन्ने, देख्ने र भोग्नेको पीडा फरक भएको ठान्दै यस कृति मार्फत सवैलाई समान भोगाइको अपेक्षा गरिएको छ । नेपालआमाका सन्तान एक जागिरका लागि शाही सेनामा र अर्को प्रजातन्त्रका लागि जनसेनामा लागी आपसमा युद्ध गर्दा देशमा रगतको भल बग्यो । युद्ध गर्नेहरू मात्र नभएर सर्वसाधारणको ज्यानको पनि सुरक्षा भएन । खेतमा काम गरिरहेको व्यक्ति, ओछ्यानमा सुतीरहेको व्यक्ति, स्कुलमा पढाई रहेको व्यक्ति, गाईवस्तु

चराइरहेको व्यक्ति, निर्दोष वटुवा, दिनभरी भारीबोकेर बेलुका परिवारको मुखमा माड लगाउने भरिया, मजदुर, ज्यामी जस्ता व्यक्ति पनि कोही अन्जानमा त कोही गलत व्यक्तिको इसारामा दुवै पक्षको गोलीको सिकार बन्नु पर्दा कतिका काख रित्तिए, कतिका सिउँदो पुछिए, कति असहाय तथा अनाथ बने यसको लेखाजोखा नै नभएको परिप्रेक्ष्यमा यथार्थ  जानकारीद्वारा जनचेतना जगाई स्थायी शान्ति कायम गर्न प्रत्यन्न गर्नु यसको  अर्को उद्देश्य हो । सत्ता परिवर्तनका लागि विकाश निर्माण ठप्प पार्ने, विद्यमान भौतिक संरचना ध्वस्त पार्ने, सोझा सिधा जनतालाई गलत आश्वासन दिने जस्ता कार्य प्रति बङ्ग्य प्रहार गर्दै जस्तासुकै उद्देश्य  पनि जनचेतना  जगाई शान्तिपूर्ण ढङ्गले  सम्पन्न  गर्न सकिने, हिंसा भड्काउनु वा शान्ति खलबल्याउनु नहुने, तथा विथोलिएको शान्ति यथास्थितिमा ल्याउन झन कठिन हुने, अशान्तिका कारण सम्पूर्ण जनशक्ति विदेश पलायन भएको जनशक्ति त्यहाँ पनि विकृति, विसङ्गति र अन्यायमा रुमलिनु पर्ने जसका कारण कोही रित्तो हात फर्कनु पर्ने त कसैको मायाजाल पनि फाट्ने जस्ता जीवन दर्शन यस उपन्यासमा पाइन्छ ।

## ५.१०.२.६. कथोपकथन/संवाद

युद्धले खोसेको प्रेम उपन्यासमा पात्रपात्रहरूबीचको आपसी संवादले उपन्यासको कथानकले गति पाएको छ । उपन्यासमा पात्रको मनोविश्लेषण गर्न सफल संवाद र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवाद प्रयोग भएका छन् । संवादका माध्यमहरू प्रत्यक्ष भेटघाट टेलिफोन, चिठीको प्रत्युत्तर तथा विना कुनै माध्यम श्वैरकल्पनात्मक ढंगले मलेशिया र नेपालमा रहेका नायक नायिका उही समयमा एक अर्का प्रतिका भावना  अभिव्यक्त गर्दा प्रत्यक्ष कुराकानी गरे झैं गरी उल्लेख गरेर कथोपकथनमा नयाँ आयाम पनि यहाँ पाइन्छ । उपन्यासलाई गति प्रदान गर्न आत्मालाप वा मनोवादका साथै दोहोरो संवादको पनि प्रयोग भएको पाइन्छ  । कुनै ठाउँमा छोटा  छोटा त कुनै ठाउँमा लामा लामा संवाद  प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा समाजका यथार्थ घटनामा काल्पनिक पात्रको उपस्थिति गराई संवाद  तयार गराएकाले यसको कथोपकथन जीवन्त र व्याव हारिक झै  प्रयोग भएको छ । संवादमा प्राय: नेपाली भाषा र यदाकदा मलेभाषाको प्रयोग पाइन्छ । अधिकांश पात्र निम्न बर्गका र अशिक्षित भएकाले भाषा सरल सहज र ठेट  भएको पाइन्छ  । केही संवादको अंशहरू निम्नानुसार हेर्न सकिन्छ ? “भविष्यको गर्भमा कस्तो समयको बच्चा  हुर्कन्छ, त्यो अहिले नै कहाँ देखिन्छन र टुकुटुक हिडेर यौवन कालीन स्वरहरू सुसेलीमा ओह्राली उकाली गरेको”

“त्यो त हो जलन । ऊ त्यहाँ हेर म  त्यो  कुहिरोको आकृति अनि त्यो पहाडपारि पट्टिको ठूलो सेताम्मे हिउँपरेको डाँडा, कति मिलेर बसेको हैं ।”

“बाजे बजू ! घरमा को हुनुहुन्छ ? कुकुर छ कि ?

“कुकुर छैन है छैन, को होला”

“हामी परदेशी बास पाइन्छ कि भनेर बाजे” !

“बसु नानीहो बसुँ ।”

“हे ईश्वर यो के भइरहेछ ? आफ्नै देशमा आफ्नै दाजुभाइ लडेर”

“खै बाजे हाम्रो विरेन पनि गएको छ , के हुन्छ ।”

“हेलो ! नमस्कार, चिन्नु भो ?

“कति पटक नचिनौं म आफ्नै ढुकढुकीलाई तिमीहरू घर जाओ ।”

“अब पचास भाटा हान ।”

“अबदेखि जुवा तास नखेल्नु तिमीहरू घर जाओ ।”

उपन्यासमा राजनीति, आर्थिक, सामाजिक, प्रेम, विकृति आदिका बारेमा संवाद पाइन्छ । जुन उपन्यासका अन्य पक्ष झैं सबल, सशक्त र प्रभावकारी छ ।

## ५.१०.२.७. कौतूहल

उपन्यासको कथावस्तुमा भएको कौतूहल नै उपन्यास सफल वा असफलताको कसी हो । कथावस्तुमा जति सबलव कौतूहलको संयोजन गऱ्यो, उपन्यास त्यति नै सफल मानिन्छ । र लोकप्रिय पनि हुन्छ । प्रस्तुत युद्धले खोसेको प्रेम उपन्यासमा कौतूहलको उचित संयोजन पाइन्छ । उपन्यासको शुरुमा जलन र विरेन ताप्लेजुङ जाँदा जङ्गल हिड्दा हिँड्दा रात परि सक्दा गाउँ आउँछ त्यहाँ उनीहरूले बास बस्नु पर्ने भएकाले एउटा घर तिर लाग्छन यहाँ धेरै मानिस बास बसेका हुन्छन् । ती को होलान, कहाँ हिडेका होलान भन्ने कौतुहल उत्पन्न हुन्छ । गाउँमा झाडापखालाले महामारीको रुप लिंदा जलन र विरेन गाउँलेलाई जडीबुटी बाँड्छन् । त मानसिं जुरुक्क उठेर बाटो लाग्छ । त्यहाँ किन एक्लै बाटो ततायो भन्ने कौतूहल उत्पन्न हुन्छ । विरेनले एस.एल.सी परीक्षा दिएर घर आउँदा अव ऊ पास हुन्छ कि हुदैन भनी कौतूहल थपिन्छ । त्यसैगरी एक दिन आमाले जलनलाई बोलाई “म एउटा कुरा सोध्छु भन्छस् कि भन्दैनस भनी वाचा बधाउनु हुन्छ त्यति बेला आमाले के सोध्नु होला ? त्यस्तै एक दिन एउटा केटाले फोन आएको जानकारी दिन्छ तर कसको भन्ने थाहा कुराले जलन लगायत सवै गाउलेमा कौतूहलता जगाउँछ । यसैगरी विदेशमा नेपालीको वेहाल देख्दा कसरी यस्तो भयो, घरबाट भारी पैसा कमाउने आशामा विदेशिएका नेपालीको भन्ने जिज्ञासा

उत्पप्न्न हुन्छ भने माओवादीका हरेक क्रियाकलाप विशेषतः कौतूहलमय हुन्छन् । त्यसैले यो उपन्यास पढ्दा कैतूहल प्रशस्त भेटिन्छ ।

### ५.१०.२.८. द्वन्द्व

पात्रहरूबीच हुने वाह्य द्वन्द्व र पात्रको मनमा उत्पन्न हुने आन्तरिक द्वन्द्वले कथावस्तुलाई गति प्रदान गर्दछ । प्रस्तुत उपन्यासमा आन्तरिक र वाह्य द्वन्द्वको संयोजन पाइन्छ । यस उपन्यासमा निश्वार्थी, परोपकारी तथा समाजसेवी सत् पात्रहरू र स्वार्थी ईर्ष्यालु तथा कृतघ्न असत् पात्रहरूबीच स्पष्टरूपमा बाह्य द्वन्द्व देखापर्दछ । त्यसैगरी चिरफार जस्ता निश्वार्थी राजनीतिक व्यक्तिहरू र आफ्नो दुनो सोझ्याउन राजनीति गर्ने मानसिं, टेम्के र  लौके जस्ता व्यक्तिहरूबीच  पनि वाह्य द्वन्द्व देखिन्छ । खास गरी यो उपन्यास १० बर्षे जनयुद्धले निम्त्याएको राजनीतिक द्वन्द्वको  पृष्ठभूमिमा लेखिएकाले द्वन्द्व नै यस उपन्यासको मुख्य विशेषता मान्न सकिन्छ । द्वन्द्वकै कारण शाहीसेना र लालसेनाको दोहोर भीडन्त भई हजारौंको ज्यान गएको,  कैयौ घाइते भएको त कतिपय वेपत्ता रहेका छन् । माओवादी क्रियाकलाप अस्वाभाविक बन्दा गाउँघरमा द्वन्द्व बढी प्रतिकार समिति समेत बनेको छ । माओवादीले प्रत्येक घरबाट एक जना जनयुद्धमा जानुपर्ने ह्विपजारी गरेपछि जनतामा भय, त्रासका साथै  आन्तरिक द्वन्द्व फैलन्छ कि, लालसेनामा लाग्ने कि नलाग्ने ? लागौं शाही सेनाले मार्छ नलागौं माओवादीले यो वा त्यो बिषयमा दुःख दिन्छन् । नभए कि त धेरै चन्दा माग्छन् कि त मार्छन नै । यसबाट बच्न घर छाडेर परदेश लाग्नु पऱ्यो । विदेश जाँदा पनि कति ठगिएका छन् । कतिको त ज्यानै गएको छ । फेरि घरमा बुढाबूढी केटाकेटी मात्र । खेतवारीमा काम कसले गर्ने ? जस्ता समस्याले द्वन्द्व  चरमचुलीमा पुगेको पाइन्छ ।

### ५.१०.२.९. दृष्टिविन्दु

उपन्यासमा पात्रको स्थान वा भूमिका लाई दृष्टिविन्दु  भनिन्छ ।  उपन्यासमा केन्द्रीय पात्रको स्थान कुन स्थानमा छ, त्यसै आधारमा दृष्टिविन्दु छुट्याइन्छ । प्रस्तुत युद्धले खोसेको प्रेम उपन्यासमा सम्पूर्ण पात्रको गतिविधिलाई उपन्यासकारले नजिकवाट नियालेका मात्र छन्  । आफू उपन्यासभित्र नपसी पात्रहरूको केन्द्रीयतामा नै यो उपन्यास तयार भएकाले यसमा तृतीय पुरुष वाह्नय सर्वर्दशी दृष्टिविन्दु पाइन्छ । यस उपन्यासमा नायक जलन, उसको साथी विरेन, नायिका अमिसारिका तथा सम्पूर्ण पात्रहरू प्रत्यक्ष सहभागी भएर कथावस्तुलाई अधिबढाउने काम भएको तथा यसमा उपन्यासकारको हस्तक्षेप नरहेको पाईन्छ । यसर्थ यस उपन्यासको दृष्टि विन्दु वाह्य सर्वदर्शी तृतीयपुरुष दृष्टिविन्दु  रहेको छ ।

### ५.१०.२.१० कथाको आधारमा  'युद्धले खोसेको प्रेम' उपन्यासको वर्गीकरण

कथानक उपन्यासको महत्वपूर्ण तत्व प्राण नै हो । यसको योजना र प्रधानताको आधारमा प्रस्तुत युद्धले खोसेको प्रेम, उपन्यास घटना चरित्र, मिश्रित उपन्यास हो । चरित्र प्रधानझै भए पनि घटनाको उपस्थिति पनि कम छैन नेपाली इतिहासको एक अविश्मरणीय काल खण्ड वा घटनामा आधारित यो उपन्यासमा चरित्र चित्रण अझ, सवल छ । उपन्यासमा कतै घटनाको संगठित वर्णन र विस्तार कतै चरित्र चित्रणमा वढी जोड दिएको छ । त्यस्ता उपन्यासलाई घटना चरित्र मिश्रित उपन्यास भनिन्छ । घटना र पात्रको समान उपस्थिति तथा पात्रको मानसिक विश्लेषण भएका उपन्यासलाई घटना चरित्र मिश्रित उपन्यास भनिन्छ । यस आधारमा यस उपन्यासको पात्रगत गठन प्रक्रियामा पात्रको भूमिका सक्रिय रूपमा देखिन्छ । उपन्यासका प्रमुख पात्रहरू जलन, विरेन, अमिसारिका चिरफार, जलनका बुवाआमा उपन्यासको शुरुदेखि अन्त्यसम्म सक्रिय रहेका छन् । उपन्यासको शुरु हुनु भन्दा पहिले नै प्रेमको बन्धनमा बाँधिएका जलन र अमिसारिकाको  विवाह नहुदै मृत्युको मुखमा परी उपन्यास दुःखान्त बनेको छ । शिक्षित तथा योग्य नायक नायिका बीचको पवित्र प्रेमले कहिले वैवाहिक वैधानिकता पाउला भन्ने कैतूहल शुरुदेखि अन्तिमसम्म नै कायम रही विवाहको कुरा चल्ने वित्तिकै मृत्युको मुखमा पर्दा पाठकको सुखद दाम्पत्य जीवनको कथा पढ्ने धोको कहिल्यै मेटिदैन । यद्यपि एक महान व्यक्तिको मरणझैं सम्मान पाउन सफल हुन्छन् । त्यसै गरी प्रमुख सत्ता तथा शक्तिको भरमा आफ्नो स्वार्थ पूरा गर्ने, अरुलाई सधै आफ्नो वंशमा पार्न खोज्ने ईर्ष्यालु प्रवृत्तिको मानसिं र टेम्के अन्त्यमा पार्टीबाट पैसा कुम्ल्याई फरार भएको, उनीहरूलाई पार्टीले कारवाही गर्ने जस्तो प्रसङ्ग वा सत्यको जीत र असत्यको हार देखिएकोले आदर्शवादको छाँया पाउन सकिन्छ ।

## ५.१०.२.११ शैलीका आधारमा 'युद्धले खोसेको प्रेम' उपन्यासको वर्गीकरण

शैली उपन्यासको निजी पहिचान हो । आधुनिक उपन्यासको विकाससँगै उपन्यास लेखनमा नयाँ-नयाँ शैली देखा परेका छन् । प्रस्तुत 'युद्धले खोसेको प्रेम' उपन्यास वर्णनात्मक शैलीमा संरचित मान्न सकिन्छ । यस्तो शैलीमा उपन्यासकारले घटना पात्र र परिवेशलाई सिलसिलावद्ध रूपमा वर्णन गरिएको हुन्छ । यस्ता उपन्यासमा घटनाहरू इतिहासमा जस्तै सरल रूपमा प्रस्तुत गरिन्छ । यस्ता उपन्यासमा चरित्रको चित्रण, उपन्यासकारको विचार आदिको प्रत्यक्ष वर्णन हुन्छ । यस उपन्यसमा पनि घट्ना पात्र, परिवेशलाई सिलशिलावद्ध रूपमा वर्णन गर्नुका साथै कहीँ प्रत्यक्ष रूपमा त कहीँ अप्रत्यक्ष रुपमा संवादमा पात्र सहभागी भएकाले कताकता नाटकीय शैली पनि अवलम्बन गरेझैं लाग्दछ । विशेष  रूपमा भन्ने हो भने यस उपन्यासको शैली वर्णनात्मक नै मानिन्छ ।

## ५.१०.२.१२ विषयवस्तुको स्रोतका आधारमा वर्गीकरण

बिषयवस्तु उपन्यासको कच्चा सामग्री हो । प्रस्तुत उपन्यासमा वस्तुको स्रोतका आधारमा सामाजिक तथा ऐतिहासिक उपन्यासका रूपमा देखिन्छ । समाजका आर्थिक, राजनैतिक सत्य तथ्य

घटनाहरूलाई बिषय बस्तु बनाएर लेखिनुको साथै नेपाली इतिहासको १० बर्षे जनयुद्ध (२०५२-२०६२) कालमा घटित घटनाबाट बिषयवस्तु लिएर लेखिएको हुनाले यसलाई सामाजिक तथा ऐतिहासिक उपन्यास भनिन्छ । यस उपन्यासमा तत्कालिन समाजको ग्रामीण परिवेश शैक्षिक तथा आर्थिक अवस्थालाई समेटिएको छ । यस्तो उपन्यासमा ग्रामीण परिवेशको सामाजिक अवस्था यथार्थ रूपमा प्रस्तुत गरी आदर्श समाजको परिकल्पना समेत गरिन्छ । सामान्यतया समाजमा घटेका घटनाले ऐतिहासिक रूपमा यस उपन्यासमा प्रधानता पाएको छ । सामाजिक धरातल, ग्रामीण परिवेश, निम्न मध्यमवर्गीय पात्र उपस्थित गराई स्वार्थी र निस्वार्थी पात्र वीच द्वन्द्व तथा राजतन्त्रवादी र गणतन्त्रवादी वीच द्वन्द्व पनि प्रस्तुत गरिएको छ । यस उपन्यासमा नायक र नायिकाले उही समयमा एउटै र उस्तै सपना देख्नु तथा विदेशमा भएको नायक र स्वदेशमा भएकी नायिका विना कुनै माध्यम उस्तै मनोवादको प्रश्नोत्तर गरेको स्वैर कल्पनाले यस उपन्यासको बिषय वस्तुमा रोचकता थपिएको छ । यस उपन्यासका सवै पात्र मानवीय मात्र रहेका छन् । समाजको वर्ग विभेद, राजनीतिक द्वन्द्व, यसका कारण र प्रभावले समाजमा ल्याएका विकृति र विसङ्गति समाजबाटै यस उपन्यासमा टिपिएका छन् । त्यसैगरी मानवीय प्रेम प्रसङ्गलाई पनि आदर्श रुप दिइएको छ । यो उपन्यास ऐतिहासिक घटनामा आधारित भए पनि ऐतिहासिक व्यक्ति पात्र नभएकाले पात्रहरू समाजबाट टिपिएका नारी पुरुषहरू छन । उपन्यासको अन्त्यमा भने नायक नायिकाको दुःखद अन्त्य भए पनि सम्मान योग्य भएकाले आदर्शसमाजको कल्पना निहित रहेको पाइन्छ ।

## ५.१०.२.१३ शीर्षक सार्थकता

उपन्यासकार के.पी. राई 'सिर्जन शिरीष' ले आफ्नो तेश्रो औपन्यासिक कृतिको नाम 'युद्धले खोसेको प्रेम' जुराएका छन् । यो उपन्यासको शीर्षक तीन शब्दको वाक्यात्मक छ । उपन्यासको अर्थ सिधा अर्थमा प्रेममय वातावरण युद्धले खोसेर त्रासपूर्ण वातावरण बनेको भन्ने लाग्छ । त्यसै अर्थमा पनि यो उपन्यास शीर्षक सार्थक छ कि गौतम बुद्धको देश नेपाल एक समय विश्वले शान्तिक्षेत्र घोषणा गरेको स्थल आज आएर भाइभाइ हिंसात्मक कार्यमा लागी नेपाल, आमालाई आफ्नो रतगले रङ्गाई रहेछन् । तर यस उपन्यासको शीर्षक खास गरी अलिक लाक्षणिक रहेको छ । जुन नायक जलन र नायिका अभिसारिका वीचको पवित्र प्रेम तपस्याबाट प्राप्त भएझैं थियो । यो आदर्श प्रेमको धेरै शुभ लक्षणहरू थिए । सुखद दाम्पत्य जीवनको तपस्या भने सरकार माओवादी सेनाको दोहोरो गोलीको सिकार वनी दुवै जनाको जीवनरथ चुडिइ सपना चकनाचुर भएको थियो । अर्थात जलन र अमिसारिकाको प्रेम जनयुद्धले खोसेको छ भन्नु नै यस उपन्यासको शीर्षकको आसय हो जुन सार्थक छ । यसरी यो उपन्यासको शीर्षक दुवै अर्थमा सार्थक भएको पाइन्छ । अझ विस्तृत अर्थमा हेर्ने हो भने युद्धले कसैलाई प्रेम गर्दैन । प्रेम र युद्ध विपरीत कुरा हुन । यो संसार युद्धमा होइन प्रेममा मात्र सजाउन सकिन्छ । युद्धले त घात प्रतिघात, वदलाको भावना, हिंसा, लुटपाट, आतङ्कजस्ता दुःखद्

लक्षणमात्र निम्त्याउँछ । नेपालमा भएको १० बर्षे जनयुद्धले पनि त्यस्तै दुःख, पीडा र वेदनाको अमिट छापहरू छोडेको छ  भन्ने भएकाले यस अर्थमा पनि प्रस्तुत युद्धले खोसेको प्रेम उपन्यास सार्थक छ ।

## ५.११ के.पीं राई 'सिर्जन शिरीष'को औपन्यासिक प्राप्ति र मूल्याङ्कन

उपन्यास विधा साहित्यको कान्छो विधा हो । आधुनिक नेपाली उपन्यासको इतिहास एक शताब्दी पुरानो पनि छैन । वि.सं. १९९१ भन्दा अघि लेखिएका नेपाली आख्यानहरू पूर्णतः उपन्यास बन्न सकेका थिएनन् । उपन्यास लेख्ने प्रयासहरूबाट आधुनिक नेपाली उपन्यासले पृष्ठभूमि प्राप्त गऱ्यो । विधागत सचेतता र मौलिक रुप भएका उपन्यास आउन समय लाग्यो । मौलिकता र नवीन मूल्य मान्यतामा देखिएका उपन्यासहरू रुद्रराज पाण्डेको 'रुपमति' (१९९१) र विष्णुचरण श्रेष्ठको 'सुमती' (लेखन १९९१ प्रकाशन १९०९३) ले आधुनिक नेपाली उपन्यासको सुत्रपात गऱ्यो ।

उपन्यासको यो आधुनिकताको थालनीबाट नेपाली उपन्यासले हालसम्म विभिन्न मोड, धारा र प्रवृत्तिहरू प्राप्त गर्दै विकास भएको पाइन्छ । नेपाली आख्यानको ऐयारी, तिलस्मी, जासूसी परम्पराबाट माथि उठेर यो 'रुपमती' र 'सुमती'को प्रकाशन भएपछि एउटा छुट्टै विचारद्वारा औपन्यासिक संरचनाको स्थापना भयो । रुपमतीलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास मानियो । त्यसपछि उपन्यासमा पश्चिमी शैलीको स्वच्छन्दतावादी प्रवृत्ति लिएर 'भ्रमर' (१९९३) देखा पऱ्यो । रुपनानारयाण सिंहको 'भ्रमर' उपन्यास पूर्ण संरचनामा यो स्वच्छन्दतावादी प्रवृत्ति बोकेर नेपाली साहित्यको पहिलो आधुनिक उपन्यासको रूपमा स्थापित भयो । यसै गरी सामाजिक यथार्थवादी प्रवृत्ति लिएर सर्वप्रथम लैनसिंह वाङ्देल वि.सं. २००४ मा 'मुलुक बाहिर' उपन्यास प्रकाशन गर्न पुग्दछन् । नेपाली उपन्यासको श्रृङखलामा नयाँ नयाँ विचार समेटेर उपन्यास लेख्ने क्रम जारी भइरहेको अवस्थामा वाङदेलले नै यथार्थवादी प्रवृत्ति भित्र्याउदै लङ्गडाको साथी (२००८) उपन्यास प्रकाशनमा ल्याई समाजमा रहेको यथार्थको हु-बहु चित्रण गरिएको छ । यस उपन्यासले नयाँ लेखन परम्परालाई स्थापित गऱ्यो ।

मनका तहहरूको विश्लेषण गर्दै लेखिएको उपन्यास 'पल्लोघरको झ्याल' (२०१६) का लेखक गोविन्दवहादुर मल्ल 'गोठाले'ले मनोविश्लेषणात्मक उपन्यास लेखन परम्पराको थालनी गरे । विजय मल्लको 'अनुराधा' (२०१८), विश्वेश्वर प्रसाद कोइरालाको 'तीनघुम्ती' (२०२५) जस्ता उपन्यासले यसै परम्पराको विकासमा जोड दिएको पाइन्छ ।

इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) उपन्यासले विसङ्गतिवादी उपन्यासका रूपमा पारिजातको 'शिरीषको फूल' (२०२२) ले आलोचनात्मक यथार्थवादी तथा समाजवादी प्रवृत्तिको प्रारम्भ गऱ्यो । ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात चौथो अन्त्य' (२०४८) एउटा प्रयोगवादी उपन्यासका रूपमा स्थापित भएको हो । मदनमणि दिक्षितको 'माधवी' जस्तो भीमकाय बनौट भएको उपन्यास र लीलबहादुर क्षेत्रीको सूक्ष्म बनौट भएको 'बसाई' (२००४) जस्ता उपन्यासहरू पनि नेपाली उपन्यास परम्परामा देखा परेर वृहत् चर्चामा रहेका कृतिहरू हुन ।

शङकर कोइरालाको आञ्चलिक उपन्यास 'खैरेनीघाट' डी.पी. अधिकारीको 'आशमाया' (२०२५) आलोचनात्मक यथार्थवादी प्रवृत्ति भएका उपन्यासहरू नेपाली उपन्यास परम्परामा देखिएका छन् । ऐतिहासिक यथार्थवादी प्रवृत्ति भएको डायमण्ड शम्शेरको 'बसन्ती' (२००६), उत्तर आधुनिक स्तरको मानिएको उपन्यास नारायण वाग्लेको 'पल्पसा क्याफे' कृष्ण धरावासीको लीला लेखनको सफल प्रयोग भएको 'राधा' जस्ता उपन्यास नेपाली उपन्यास परम्पराका महत्वपूर्ण प्राप्ति हुन । यसै श्रृङखलामा पूर्वी नेपालको पाँचथर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने अमरपुर गा.वि.स. वार्ड नं. २ निवासी के.पी. राई 'सिर्जन शिरीष' तीनवटा उपन्यास 'आवेग' (२०५९) 'निर्दोष कैदीको रहस्य' (२०६१) र 'युद्धले खोसेको प्रेम' (२०६४) लिएर देखा परेका छन् । उनका उपन्यासहरू समाजमा विद्यमान विकृति, विसंगति, अनाथ किशोर किशोरीहरूको आवेगको निर्णय र त्यसले पार्ने असर तथा १० बर्षे सशस्त्र द्वन्द्वको प्रभावको चित्रण गरेको पाइन्छ । संरचनाका दृष्टिमा उनका उपन्यास माध्यम आकारका छन् । अङ्क विभाजन गरी लेखिएका उनका उपन्यासहरू चरित्र प्रधान तथा घटना चरित्र मिश्रित रहेका छन् । 'सिर्जन शिरीष'ले उपन्यासमा सामाजिक यथार्थवादी दृष्टि, यर्थार्थको नग्न चित्रण, पात्रहरूको अन्तरमनको चित्रण, लाहुरे जीवनको सामान्य चित्रण, राजनीतिक द्वन्द्वको अन्त्य र दिगो शान्तिको कामना रहेको पाइन्छ । उनले दैवी विपत्तिमा घर परिवार तहस नहस भई बाँचेका किशोर किशोरीहरूले भोग्नुपरेका दुःख, पीडा तथा उनीहरूले आवेगमा गरेका निर्णय, सामाजिक विकृति, विसङ्गतिको आधार, सामन्तवादी क्रियाकलाप, बलत्कार, हत्या आतङ्क, तथा राजनैतिकद्वन्द्वले निम्त्याएको सामाजिक, आर्थिक दुरावस्थाको चित्रण आफ्ना कृतिमा गरेका छन् । यसरी हेर्दा के.पी. राई 'सिर्जन शिरीष'को उपन्यासकारिताले कुनै नौलो प्रवृति भित्र्याउन नसके पनि परम्परागत मूल्य मान्यतामा आधारित भई सामाजिक यथार्थवादको चित्रण गर्न सफल भएका छन् । उनलाई नेपाली उपन्यास परम्परामा मध्यम स्तरका उपन्यासकार मानेर मूल्याङ्कन गर्न सकिन्छ ।

# छैटौं परिच्छेद

## उपसंहार

के.पी.राई 'सिर्जन शरीष' को जन्म एउटा निम्न माध्यम वर्गीय परिवारमा भएको थियो । उनको वाल्यकाल स्नेहपूर्ण सुखद वातावरणमा बित्यो र उनले शिक्षा हाँसिल गर्ने प्रारम्भिक कार्य पनि यही अवस्थाबाट शुरु गरे । उनले औपचारिक शिक्षा कक्षा १० सम्मको मात्र लिएका भए पनि अनौपचारिक रूपमा स्वाध्ययनबाट आफ्नो बौद्धिक स्तर माथि उठाएका छन् । उनले जीवनमा हाल सम्म नोकरी, व्यापार, कृषि व्यवसायका साथै वैदेशिक रोजगारमा समय विताए पनि सिर्जनाको कार्य समेत सँगसँगै अघि बढाएका छन् । हाल उनको एकल परिवारमा, उनी सहित १ जना श्रीमती, १ छोरी र एक छोरा रहेका छन् ।

के.पी. राई 'सिर्जन शरीष' को आर्थिक अवस्था निम्नमध्यम स्तरको भए पनि उनले पेशा व्यवसायका अतिरिक्त सामाजिक जनजीवनबाट अनुभव बटुलेर साहित्य सिर्जना र समाजसेवाको क्षेत्रमा धेरै समय अर्पेको छन् । उनको शारीरिक व्यक्तित्व आकर्षण छ । गहुँ गोरो वर्णका उनी सरल, स्वभाविक, विनम्र र असल स्वभावका छन् । छलकपट मन नपराउने, उनी मृदुभाषी र तल्लो वर्गप्रति विशेष सहानुभूति राख्दछन् । ब्यापारपेशा विशेष मनपराउने 'सिर्जन शरीष'साहित्यको सिर्जना, समाजसेवा तथा विभिन्न साहित्यकार तथा विद्वानका कृति अध्ययन गर्ने साधाजीवन विताउन, र सामान्य खाना खान रुचाउँछन् ।

के.पी. राई 'सिर्जन शिरीष' बहुमुखी प्रतिभाका धनी देखिन्छन् उनका प्रमुख व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व, जसमा कवि, गीतकार, गजलकार, उपन्यासकार, कथाकार, मुक्तक आदि व्यक्तित्व समाहित भएको पाइन्छ । यसैगरी साहित्येत्तर व्यक्तित्वमा समाजसेवी, राजनीतिक, व्यवसायिक आदि व्यक्तित्वका रूपमा लिन सकिन्छ । दुवै किसिमको व्यक्तित्वमा उतिकै देखा परेका के.पी. को साहित्ययात्रा दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । जसमा पुर्वाद्ध चराण २०५८ सम्म र उत्तरार्द्धचरण २०५९ देखि हाल सम्म मानिन्छ । उनको पूर्वाद्ध चरण साहित्य यात्राको आधारभूमि हो । भने त्यसैको पृष्ठभूमिमा २०५९ मा प्रथम कृति आवेग उपन्यास क्रमशः निर्दोषकैदीको रहस्य (२०६१) तथा युद्धले खोसेको प्रेम (२०६४) प्रकाशित गर्नुका साथै विविध गीत, गजल, कविता, मुक्तक, कथा आदि लेखरचना प्रकाशन गर्नु पुगेका छन् । उनको साहित्य लेखनमा खासगरी वुवा आमाको र साथीभाइ इष्टमित्र , गुरुजन अग्रज साहित्यकारहरूको प्रभाव र प्रेरणा मिलेको पाइन्छ । उनको प्रथम उपन्यास 'आवेग' समाज प्रतिको पहिलो दृष्टिकोण हो । यसमा समाजमा किशोर किशोरीहरूको दिनचर्या सोचाइ, बुझाइ र कामगराईलाई नजिकबाट नियाल्ने प्रयास गरिएको छ । उनीहरूमा उत्पन्न सकारात्मक र नकारात्मक भावना केही मात्रामा नियाल्न सफल

भएको यो कृतिमा  प्राकृतिक प्रकोप, सामाजिक विकृति आदिले अनाथ टुहुरो बनेका वालवालिकाहरू अपरिपक्व सोचाई निर्णय र कर्मले निम्त्याएको वियोग वेदना मुखरित भएको पाईन्छ । बाढी पहिरोको कारण आमा बुवा गुमाई अनाथ टुहुरा भएका  बालबालिकाहरू माथि गाउँका सामन्तहरूले  मौकाको फाइदा उठाई धनसम्पति जफत गरी बेहाल बनाइ दिएर उनीहरूले वाल्यकालमै बाँच्नका लागि कुल्ली बन्नु परेको बरु उनीहरू जस्तो  बालबालिकाहरूले सक्दो सहयोग गरी खाने बस्न व्यवस्था गरिदिएको उल्लेख गर्नुका साथै किशोर अवस्थामा अरुलाई सबैले राम्रो भनेको, माया गरेको र आफूलाई कसैले वास्ता नगरेको आवस्थामा ऊ राम्रो मानिएको व्यक्ति प्रति ईर्श्या गर्न पुग्छ । बदला लिने भावनाले ग्रसित हुन्छ । र मौका पर्दा अनावश्यक बदला लिई त्यो सुन्दर प्रेम जोडीको प्रेम वन्धन पनि चुडाइ दिन सफल हुन्छ । यस्तो  दुःखद परिस्थिति निम्त्याउन सफल भएकोमा गर्व गर्छ । अरु सवै रुँदा ऊ हाँस्छ भन्ने जस्ता विषय वस्तुको उठान गर्दै बाल मनोविश्लेषण गर्न पुगेका छन् ।

सिर्जन शिरीषको दोस्रो औपन्यासिक कृति निर्दोष  कैदीको रहस्यमा समाजका  गरिव तथा निमुखा वर्ग जो श्रमजीवी छन् । उनीहरूलाई सकारात्मक पक्ष र धनी मानी  सामन्त वर्ग (जो अरुसंग श्रमशोषण गर्दछन्) लाई नकारात्मक पक्षका रूपमा प्रस्तुतगरी सोझा सिधा  निमुखा जनतालाई  धन, धाक, र रवाफका प्रभावले थिची मनपीरी गर्ने सामन्ती प्रवृतिको  अवश्य अन्त्य हुने कुराको संकेत गर्दै त्यस्ता प्रवृतिको घर समाज सवैतिर विरोध हुने आदर्शवादी दृष्टिकोण यस कृतिको रहेको पाइन्छ । सत्पात्रले जस्तो सुकै दुःख पीडा भोग्नु परे पनि अन्त्यमा असफलता पाएको र असत् पात्रले जस्तो सुकै मोज मस्ती गरे पनि अन्त्यमा असफल बनी ‘सत्य डग्दैन झुटो टिक्दैन’ भन्ने उखान चरितार्थ गर्न खाजेका छन् । उनको  तेस्रो  औपन्यासिक कृति युद्धले खोसेको प्रेम, अघिल्ला कृति भन्दा केही पृथक र परिष्कत देखिन्छ । घटना चारित्र मिश्रित उपन्यसका रूपमा रहेको यस उपन्यासमा १० वर्षे सशस्त्र जनयुद्धताका शाहीसेना र जनसेना वीचको द्वन्द्वले निम्त्याएको करुण कहानी प्रस्तुत गरिएको छ । सर्वसाधारण जनता जनयुद्धको दोहोरो मारमा पर्दा गाउँवस्तीवाट युवावर्ग पलायन भएको, वृद्धवृद्धा र बालवालिकाको जीवन कष्टकर बनेको, अनाथ, टुहुरा,  विधवाको सङख्या दिनदिनै बढेको उल्लेखगर्दै समाजका शोषक सामान्त पनि उक्त जनयुद्धमा संलग्न भई  कारवाहीवाट बच्ने गरेको यथार्थ चित्रण यसमा पाईन्छ । आफू पानीमाथिको ओभानु बन्ने र आफूलाई मन नपर्ने व्यक्तिलाई झन थिचोमिचो गर्ने तथा महानक्रान्ति सफल पार्ने जवर्सजस्ती चन्दा असुली पैसाको पोको बोकी फरार हुने ती शोषक वर्गले जस्तो सुकै परिवेशमा पनि रुप बदली आफ्नो कालो धन्दा सफल बनाएको र क्रान्तिको उपहास गर्नुका साथै पवित्र प्रेमका पूजारी वा प्रेम जोडीको प्रेमरथ युद्धले पल्टाइ दिएको तथ्य उजागर गरेको छ । यसरी यस उपन्यासमा ‘सिर्जन शिरीषले’ समाजमा आमूल परिवर्तन, राजसंस्थाको अन्त्य र विकसित विकृति विसङ्गतिको समूल नष्ट गराउने उद्देश्यले अघि बढेको माओवादी जनयुद्धमा गलत प्रवृतिका मानिसको अस्वभाविक प्रवेश र राजसंस्थाबाट शान्ति

सुरक्षाका नाममा सेनाको प्रयोगले जनता दोहोरोमारमा परी हत्या, हिंसा, बलत्कारमा वृद्धि भएको, जनताले शान्तिको श्वास फेर्न नपाएको यथार्थ व्यक्त गरेका छन् ।

प्रजातन्त्र, मानव अधिकार, विधिको शासन, स्थायी शान्ति र पवित्र प्रेमका उपासक के.पी. राई 'सिर्जन शिरीषले' सामाजिक विकृति विसङ्गतिप्रति असहमत छन् र सानैदेखि साहित्य सिर्जनामा लागेका राईमा साहित्यकै माध्यमबाट आफ्नो अभीष्ट पूरा हुने कुरामा विश्वस्त भई समाजमा साहित्यिक माहोल सिर्जना गर्नु पर्ने, स्रष्टाका सृष्टिलाई सरकारले प्रकाशन गर्न सहयोग गर्नु पर्ने, यो सुन्दर मानवजीवन सार्थक पार्न परोपकार तथा मानवहित  हुने कर्म गर्नुपर्ने  जस्ता धारणा पाइन्छन् र यी उत्तम विचार पूरा गर्न उनले आफ्ना कृतिमा सामाजिक विकृति विसङ्गति अन्याय, शोषण, दमन, हत्या, हिंसा, अन्धविश्वास तथा मानवीय खराब आचरणको पर्दाफास र आफ्नो आदर्शको विजय गराएका छन् ।

निष्कर्षमा भन्नु पर्दा के.पी. राई सिर्जन शिरीष सामाजिक यथार्थवादको वैचारिक पृष्ठभूमिमा आफ्नो सिर्जनाको जग निर्माण गरी कतै मनोविश्लेषण, कतै आदर्शवादी स्वरुप त कतै स्वैरकल्पनात्मकताको आभास दिने साहित्यकार हुन् । सामाजिक वर्ग भेद र सामन्तीसोचका विरोधी, स्वच्छ राजनीतिक वातावरणका हिमायती हुन । घटना वर्णन भन्दा चरित्र चित्रणमा जोड दिने, ग्रामीण परिवेशको यथार्थ चित्रण गर्ने, समुन्नत समाजको निर्माणमा सवैले ध्यान दिनु पर्छ भन्ने सन्देश आफ्ना कृति मार्फत प्रस्तुत गर्ने साहित्यकार हुन् ।

◆◆◆

# जिज्ञासुहरुका लागि शोध शीर्षकहरु

के.पी. राई 'सिर्जन शिरीष'का सम्बन्धमा अन्य विशेष जानकारीका निमित्त भाषा, साहित्य र साहित्यको इतिहासकार एवम् जिज्ञासुहरुलाई निम्न लिखित सम्भावित शीर्षकहरुमा शोधकार्य गर्न सकिने परिकल्पना गरी यो निर्देश गरेको छु ।

१, के.पी. राई 'सिर्जन शिरीष'को उपन्यासकारिता

२, के.पी. राई 'सिर्जन शिरीष'को उपन्यासमा पात्रविधान

३, आधुनिक नेपाली उपन्यासमा के.पी. राई 'सिर्जन शिरीष'को परिवेश चित्रण

# सन्दर्भ सूची


१, प्रधान कृष्णचन्द्र सिंहः नेपाली उपन्यास र उपन्यासकारहरु, ललितपुर साभ्रा प्रकाशन २०६१

२, बस्नेत कृष्ण बहादुर : आधुनिक नेपाली उपन्यास, काठमौडौं : दीक्षन्त पुस्तक प्रकाशन २०६१

३. बराल कृष्णहरि, एटम नेत्र : उपन्यास र उपन्यास, सिद्धान्त : ललितपुर साभ्रा प्रकाशन २०५२

४. बराल ईश्वर : नेपाली साहित्य कोश, काठ्माडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५

५. शर्मा वसन्त : नेपाली शब्द सागर, काठमाडौं, भाभा पुस्तक भण्डार २०५८

६. सुवेदी राजेन्द्र : नेपाली उपन्यास परम्परा र प्रवृत्ति, भूमिका प्रकाशन, वाराणसी २०५३

७. के.पी. राई 'सिर्जन शिरीष' आवेग, विर्तामोड न्यू पाथीभरा छापाखाना २०५९

८. के.पी. राई 'सिर्जन शिरीष''निर्दोष कैदीको रहस्य' बिर्तामोड सुशील स्क्रिन प्रिन्टिङ प्रेस, २०६१

९. के.पी. राई 'सिर्जन शिरीष' 'युद्धले खोसेको प्रेम'

## परिशिष्ट-क



दशैंको अवसरमा बुबाआमा, दाजुहरूका साथ शोधनायक



तिहारको अवसरमा दिदिबहिनी तथा दाजुभाइका साथ शोधनायक

परिशिष्ट-ख




शुभ विवाहको आफन्तहरुका साथ शोधनायक



परिवारका साथ शोधनायक

परिशिष्ट-ग

## पाँचथरको नक्सा

